१०० दिन

माओवादी कब्जामा

नारायण सुवेदी

प्रकाशक : पब्लिकेसन नेपा~लय,
कालिकास्थान, काठमाडौँ
फोन : ०१-४४३८७८६
इमेल : publication@nepalaya.com.np
www.nepalaya.com.np
© लेखक
संस्करण : पहिलो, सन् २०१२
१
आवरण : जे.एन.आर. डिजाइन
मुद्रक : जगदम्बा प्रेस, हात्तीवन, ललितपुर
ISBN :978-9937-8290-7-6
SAYA DIN a memoir by NARAYAN SUBEDI

यो पुस्तकमा अभिव्यक्त धारणा र विचारहरू
लेखकका निजी हुन् ।

पुनर्जीवनपछि

एकाध घण्टामा फर्काइहाल्छौँ भनेर २०५८ साल वैशाख २८ गतेको साँझ माओवादीले मलाई घरबाट लगेका थिए। आफू अपहरित भएको रहेछु भन्ने निकै पछि थाहा पाएको थिएँ।

साँझ परेपछि भोलिको बिहान र बिहान भएपछि साँझ देख्न पाइने हो वा होइन भन्ने अविच्छिन्न त्रास अनि एउटा बन्दीगृहबाट निकालिएपछि अर्को बन्दीगृहमा पुऱ्याइने हो कि होइन भन्ने निरन्तरको भय र भोगाइलाई केही दिनपछि मैले अक्षरहरूमा रूपान्तरण गर्न थालेँ। देखे सिध्याउलान् कि भन्ने डर भएकोले साना अक्षरमा खाँदीखाँदी लेख्ने गर्थें। कथङ्दाचित् म मारिएँ भने पनि कुनै न कुनै रूपमा मेरा अक्षर जीवितै रहलान् र भविष्यमा कालो अतीतको केही झलक देखाउलान् भन्ने विश्वासले मलाई हात बाँधेर

बस्न दिएन ।

यो पुस्तक अपहरण र मुक्तिबीचका तिनै एक सय दिनका अनुभूतिहरूको फेहरिस्त हो । द्वन्द्व दशक (२०५२-६३) मा विद्रोही र राज्य पक्षबाट आम नेपालीले भोग्नुपरेका अन्याय र अत्याचारको आँखीझ्याल पनि हो यो ।

पातला दुई वटा कापीमा सूत्रात्मक रूपमा लेखेको दैनिकीलाई मैले पछि आवश्यकता अनुसार विस्तार गरेको हुँ । पेशागत जिम्मेवारी र समाज सेवामा प्राय: व्यस्त रहने मलाई भाइ देवेन्द्र सुवेदीले पटक-पटक नघचघच्याएको भए ती कापीको धूलो टकटकिने थिएन । यसको प्रकाशनमा सधैँ उत्साह दिइरहने भाइबुहारी गोमा सुवेदी, आत्मीय अच्युत र सीमा लुइँटेल दम्पती तथा ज्वाइँ अमर अधिकारी पनि धन्यवादका पात्र छन् ।

प्रकाशनको अभिभारा लिइदिने नेपालय अनि मेरो

लिखतको सुन्दर सम्पादन गरिदिनुहुने पारसप्रकाश नेपालको भारबाट मुक्त हुन कस्तो शब्द संयोजनले सकिएला र !

अपहरण कालमा मेरो गार्ड बसेका कामरेड प्रतीक र कामरेड मुक्ति पनि मैले बिर्सन नहुने व्यक्तिहरूको पङ्क्तिमा छन् । 'जनयुद्ध चाँडै सकिए घरपरिवारसँग रमाउन पाइने' सपना साँचेका प्रतीक र माओवादीको शासनाबाट उन्मुक्ति पाउन ज्यान माया मारेर भागे पनि फेरि त्यही फन्दामा परेका मुक्ति द्वन्द्वकालमै तराईमा भएको भिडन्तमा मारिएछन् । हार्दिक श्रद्धाञ्जली !

अन्त्यमा, देवीराम शर्मा (प्युठान) र रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) प्रति समेत उच्च सम्मान व्यक्त गर्दछु ।

नारायण सुवेदी

१

२०५८ वैशाख २८, आइतबार

म दलानको खाटमा बसेर रेडियो नेपालको 'परिवेश' कार्यक्रम सुन्दै थिएँ। आमा र मेरी श्रीमती कमला घरधन्दामा थिए। वैशाखका दिन लामा हुने भएकोले रात परिसकेको थिएन। तापनि, सङ्कटकालका कारण सातदोबाटे ब्यारेकबाट पटक-पटक गस्ती आइरहने तथा गस्ती नभएको बेला माओवादीहरू प्रायः देखा परिरहने गरेकोले हाम्रो गाउँ दलङ्गा मात्रै होइन, पूरै गजुल गाविस समसाँझै सुनसान हुँदै थियो।

हाम्रो घरभन्दा अलि पारि ठाँटी चौतारीमा पनि चहलपहल निखिन-निखिन लागेको थियो।

एकाएक हाम्रो घरको सामुन्ने मूल बाटोमा तीन जना अपरिचित युवा देखा परे। एक त आजकल हाम्रो गाउँघरमा बेला-कुबेला माओवादीबाहेक नयाँ-

नौलो मानिसको प्रायः आवतजावत नै हुँदैन, त्यसमा पनि ती अपरिचित तीन जनामध्ये दुई जनाले बन्दुक, अगाडि शायद ग्रिनेडको पोका भएको झोली र पछाडि ठूलो झोलासमेत बोकेका थिए। त्यो देख्नेबित्तिकै ममा तिनीहरू माओवादी हुन् भन्ने त्रास र शङ्का एकै चोटि जन्मियो। बन्दुक र झोला केही नबोकेको अर्को पच्चीस वर्षजतिको युवकले वैशाखे गर्मीमा पनि सुइटर लगाएको थियो। उसको उक्सिएको कम्मरले त्यहाँ बमको पेटी रहेको आभास दिइरहेको थियो। ऊ र एउटा बन्दुकधारी युवक बाटामै उभिए। सत्र-अठार वर्षको लाग्ने अर्को बन्दुकधारी चाहिँ सरासर आँगन नाघेर हामीतिर आयो। 'के अप्ठ्यारो पार्न आँटे !' भनी छाती ढक्क भयो। नजिक आएर त्यसले मलाई भन्यो, "सर, तपैँ एक चिन उता बाटोमा हिन्नुस् तो, यौटा गोप्पे कुरा च।"

"मलाई गोप्य कुरा मन पर्दैन बाबु, कुरा के हो

यहीँ भन्नुस् ।" मलाई यिनीहरू माओवादी नै हुन् भन्ने पक्का भइसकेको थियो ।

"हैन, गोप्पे च, एकै चिन आ'नुस् न ।" उसले रूखो स्वरमा भन्यो ।

राजाको अगाडि बाबुको दुहाई ! बन्दुकको अगाडि प्रतिवादको के काम ! म उठेँ । हल्का कपडा र रबरका चप्पल मात्र लगाएर बसेको थिएँ । त्यही अवस्थामा म उसको अघिअघि बाटोमा गएँ । ती तीनै जना अलि तल खोल्सो जस्तो परेको बाटोमा झरे । तिनले मलाई बीचमा पारेर उभ्याए ।

बन्दुक नबोक्नेले मलाई भन्यो, "हाम्रा जिम्मेदार कामरेडले तपैँलाई भेट्न खोज्नुभा'को च, एक चिन जानुपरो सर ।"

सधैँ अप्ठ्यारा कुरा मात्र लिएर आउने माओवादी अहिले के भन्न आएका होलान् भन्ने सोचिरहेको थिएँ, यस्तो कुराले झन् सशङ्कित बनायो ।

"म राति हिँड्ने गरेको छैन बाबु । भोलि भेट

गर्न भनिदिनुस् ।" मैले भनें ।

"हैन, आजै भेट्ने भन्नुभा'को च । एक चिन हो, जानैपर्च ।" उसले जोड गऱ्यो ।

"म राति आँखा राम्ररी देख्दिनँ । मेरो विश्वास गर्नुस्; भोलि बिहान भेटौंला ।"

"दश-पन्ध्र मिनेटको बाटो हो । एकाध घण्टाभित्र फर्किसक्नुहुन्च । भेटेर छलफल गर्नुस् अनि आ'नुस् ! नलिई नआ'नू भन्ने आदेश च, ढिलो नगर्नुस् ।" उसले भन्यो ।

मैले भोलि भेट गर्न भनी धेरै बेर अड्डी लिएँ । तर नलगी नछोड्ने उसको अडान रहिरह्यो । कुनै सीप नलागेपछि मैले कमलालाई बोलाएँ र भनें, "उहाँहरू मलाई एक छिन कतै लैजाने भन्दै हुनुहुन्छ ।"

उनले प्रतिवाद गरिन्, "हुँदैन, यस्तो राति ! भोलि लैजानुहोला ।"

तर उसले पटक्कै सुनेन । झन् कडा कुरा गर्न थाल्यो ।

दिक्क भएर कमलाले भनिन्, “त्यसो भए म पनि उहाँसँगै जान्छु ।”

यो माओवादी रुन् रिसायो । “त्यस्तो कुरा नगर्नुस् म्याडम । तपैँलाई लैजाने आदेश चैन, बलजफ्ती नगर्नुस् । हाम्ले अप्ठेरो निर्णय गर्न नपरोस् ।”

कमलाले पनि हार मानिनन् । “तपाईंहरूले कहाँ लैजाने हो, किन लैजाने हो ! उहाँ एक्लै हुनुहुन्छ, हेरविचार गर्नु पनि त पर्‍यो । म उहाँसँग नगई छोड्दिनँ ।”

उसले धम्क्यायो, “तपैँ जान पा’नुहुन्न भनेको सुन्नुहुन्न ? तपैँलाई ल्या’नू भन्ने आदेश चैन । जबरजस्ती गर्नुभो भने बल प्रयोग गर्नुपर्ला नि !”

ठीक यही बेला हाम्रो घरमाथि हाम्रै गाउँका दुई जना माओवादी देखा परे । तिनलाई देखेपछि मलाई अब यिनले छोड्ने होइनन् भन्ने पक्का भयो । मैले कमलातिर फर्केर भनेँ, “ठीकै छ । दश-पन्ध्र मिनेटको बाटो हो, एक-दुई घण्टाभित्र फर्किने भन्दै हुनुहुन्छ,

म जान्छु ।"

कमलाले माओवादीलाई सोधिन्, "कहिले फर्काउनुहुन्छ नि ?"

त्यही युवकले भन्यो, "छलफल गर्दा एक-दुई घण्टा जान सक्च । नौ-दश बज्च ह'ला ।"

गलफत्ती गर्दागर्दै रात पर्न थालिसकेको थियो ।

जेजस्तो परे पनि सहुँला भन्ने दृढ निश्चय गरी मैले भनेँ, "लौ, हिँड्नुस् त ।"

"प्यान्ट ला'नुस् सर ।" उसले भन्यो, "हिन्दा अप्ठेरो ह'ला ।"

"तपाईं दश-पन्ध्र मिनेटको बाटो भन्नुहुन्छ, त्यति नजिकलाई के प्यान्ट लगाउने ? गर्मी मौसम छ, यतिले भैहाल्ला नि !" मैले रिसाएर जवाफ दिएँ ।

एक-दुई घण्टामै फर्काइने विश्वासमा भेस्ट, लुङ्गी र चप्पलको भरमा म हिँडेँ । एउटा छापामार मेरो अघि लाग्यो, अरू पछि लागे । आमालाई जानकारी दिने त परै जाओस्, मसँगै बसेर रेडियो सुनिरहेका

यमबहादुर दाइलाई समेत केही भन्ने मौका मिलेन ।

म केही नबोली ती तीन जनाको बीचमा परेर ओरालो झर्न थालेँ । हामीभन्दा केही पछि अरू स्थानीय माओवादीहरू देखा परे । तीमध्येको एउटासँग कमला शायद अझै बाझिरहेकी थिइन् ।

अँध्यारो बाक्लिन थाल्यो । मेरो अघिअघि हिँड्ने छापामार अझै ओरालो झर्दै गजुल खोला जाने बाटोतिर लाग्दै गयो । यतै कतै गाउँतिरै लैजान आँटेका होलान् भन्ने सोचिरहेको थिएँ, अब चाहिँ सुर्ता लाग्न थाल्यो । निस्पट्ट अँध्यारो भएपछि स्याहालकोटको रानीवनछेउ पुऱ्याए । एउटाले एक छिन बस्न भनेपछि म कान्लामा टुक्रुक्क बसेँ । एउटा बन्दुके मछेउ उभियो; अर्को अलि पर गयो । हाम्रो पछिपछि आइरहेका विजय त्योसँग गोप्य गर्न थाले ।

माओवादीले मलाई खोलापारि मनगाड गाउँमा लैजान खोज्दै छन् जस्तो लाग्यो । रोल्पा जिल्ला

जनसरकारका उपप्रमुख किमबहादुर थापा 'सुनील' को घर त्यही गाउँमा छ। उनी २०४३ सालदेखि २०४८ सालसम्म गजुल गाविसकै जनज्योति माविमा शिक्षक थिए, जहाँ म २०४३ सालदेखि नै प्रधानाध्यापक छु। २०४६ सालसम्म खासै राजनीतिक संलग्नता नभएका र रोल्पाका एक जोशिला र अनुशासित खेल शिक्षक मात्र नभई राम्रा खेलाडीको रूपमा समेत चिनिएका उनी बहुदल आगमनलगत्तै संयुक्त जनमोर्चा (नेकपा मशाल) का सक्रिय कार्यकर्ता भए। तर्कशील तथा कर्तव्यपरायण उनमा राजनीतिक क्रियाशीलता बढ्दै गयो। राजनीतिक प्रतिशोधका अनेक झूटा मुद्दाका कारण उनी २०५० सालदेखि स्कुल छोडेर भूमिगत भए र माओवादी बन्न पुगे। अत्यन्तै स्पष्ट स्वभावका, कुशल सङ्गठनकर्ता, योजना निर्माण र कार्यान्वयनमा निपुण यी भूतपूर्व शिक्षकले राजीनामा दिँदा ममाथि अनेकन् मिथ्या आरोपहरू लगाएका थिए। त्यहाँदेखि उनीसँग मेरो भेट भएको

छैन। उनी माओवादीका भूमिगत कार्यकर्ता भए पनि उनका श्रीमती र छोराछोरीहरू घर-व्यवहारमै थिए। २०५६ साल असोजतिर उनकी श्रीमती र जेठी छोरीलाई गजुल प्रहरीले पक्रेर तीन साताजति थुनेको थियो। उनीहरू हाम्रै पहलमा तारीखमा रिहा भएका थिए। त्यसलगत्तै उनकी श्रीमती पाँच छोराछोरीसहित भूमिगत भएकी थिइन्। विजय उनकै छोरा हुन्। किमबहादुरका सबै छोराछोरी भूमिगत हुनुअघिसम्म हाम्रै स्कुलमा पढ्थे।

'जिम्मेदार कामरेड' भनेका तिनै किमबहादुर थापा होलान् र उनैसँग भेट गराउन लैजान लागेका होलान् भन्ने मलाई लाग्यो।

विजय र बन्दुकेबीच गोप्य वार्ता चलेको पन्ध्र मिनेटजति हुँदै थियो। म 'जिम्मेदार कामरेड' ले किन भेट्न खोजेका होलान् भनी सोच्दै थिएँ। यत्तिकैमा छिमेकी दुई भाइ मोहराहरू त्यहाँ टुप्लुक्किए। खेतबाट फर्केका उनीहरू राति हुँदो मलाई त्यो

अवस्थामा देखी तर्सिए र भने, “यो बेला कहाँ जानुहुन्छ र !”

मैले भनें, “खै, यी बाबुहरूले कहाँ लैजानुहुने हो, थाहा छैन !”

एक छिनसम्म हताश भएर उभिरहेका उनीहरूलाई मैले “रात परिसक्यो, जानुस्” भनें । उनीहरू दिक्क मान्दै र आशङ्कित हुँदै हिँड्ने तरखर गर्न लागे । विजयले उनीहरूमध्ये एक जनालाई बोलाएर केके भने अनि पठाए ।

गोप्य वार्ता सकिएपछि “लौ हिँडौं सर” भनी एउटा अघि लाग्यो । अरू मेरो पछिपछि । खोलातिर झर्ने बाटो नलागेर ऊ फेरि ठाडो बाटो लाग्न थाल्यो । त्यसको दुई-तीन मिनेट उकालोमा माओवादी सैन्य सदस्य नरेश थापाको घर पर्छ । मैले सोचें– आजको छलफल यहीँ होला । तर अघिअघि हिँड्ने छापामारले त्यो घरतिर नलागी मूल बाटोमा निस्केर मनगाड जाने बाटो समात्यो ।

आकाशमा बादल डम्म थियो। लेकतिर पानी परेझैं थियो। त्यसमा पनि आज त झन् औंसीको रात रहेछ। म आँखा कम देख्ने मानिस। अँध्यारो जङ्गलबीचको बाटो ! मलाई कठिनाइ भइरहेको थियो। अघिअघि हिँडिरहेको छापामारको चाल हेर्दै म हिँडिरहँ।

पछिपछि आइरहेका विजयसँग मैले सोधेँ, "यस्तो अँध्यारोमा हिँड्दा पनि टर्च बाल्न हुन्न कि क्या हो ?"

"एक त सुरक्षाको दृष्टिकोणले, दोस्रो खर्च जोगाउन हामी सकेसम्म टर्चको प्रयोग गर्दैनौँ। अँध्यारोमा हिँड्ने बानी नै भइसक्यो। तर टर्च सबैसँग हुन्छ।"

छामछाम-छुमछुम गर्दै गजुल खोलाको पुलमा पुगियो। पुल तरेपछि त्यो अगुवा किमबहादुर थापाको गाउँघर जाने खेतैखेतको बाटो नलागी सीधै उकालोतिर लम्क्यो। खेतहरूको बीचबाट जानुपर्ने भएकोले मैले चप्पल खोलेँ। त्यति बेला विजयले

सोधे, “खाना खाइसक्नुभएको हो सर ?”

“कहाँ खानु बाबु !”

आकाश बादलले डम्म थियो । गर्मी असाध्यै थियो । त्यसमाथि उकालो चढाइ ! बाटो खेत, कुलो, कान्ला भएर निकै माथि गडकुलो भन्ने सिँचाइ कुलोमा निस्क्यो । यो कुलो पनि हो र मनगाडतिर जाने मूल बाटो पनि । मलाई लाग्यो– अब यही कुलोको डिलैडिल किमबहादुरको घर वा मनगाड गाउँतिर लैजान्छन् । तर मेरो सोचले फेल खायो । अगाडि-अगाडि हिँडिरहेको छापामार कुलो नाघेर उँभोतिर लाग्यो । त्यसपछि मलाई काट्ने गाउँ लैजान्छन् होला भन्ने लाग्यो । काट्ने त्यहाँबाट पाँच-सात मिनेट माथि पर्छ । त्यहाँ अर्का माओवादी नेता जोखबहादुर महराको घर छ ।

जोखबहादुर महरालाई हामीले २०४४-४५ सालतिर हाम्रै स्कुलमा अङ्ग्रेजी शिक्षकमा नियुक्ति गरेका थियौँ । उनी दाङ क्याम्पसमा पढ्दैदेखि तत्कालीन

नेकपा मशालमा पसिसकेका रहेछन् । तर पञ्चायती शासनका कारण गुप्त रहेछन् । २०४६ सालमा जनआन्दोलन शुरू हुँदा अन्य रोल्पाली कम्युनिस्ट नेता र कार्यकर्ताहरू जस्तै उनी पनि चुपचाप रहिरहे; आफ्नो पहिचान देखाएनन्; कुनै सहभागिता पनि जनाएनन् । बहुदल प्राप्तिपछि देखा परेका कुनै पनि रोल्पाली कम्युनिस्टले त्यो आन्दोलन अवधिभर जनतालाई आफ्नो राजनीतिक अस्तित्व बोध गराएनन् । सुरेन्द्र हमाल, लेखनाथ, कुलचन्द्र, माधवप्रसाद आदि नेपाली काङ्ग्रेस समर्थक युवाहरू मात्र त्यो आन्दोलनमा होमिए, थुनिए । उनीहरू बहुदल आएपछि छुटेका थिए ।

तर २०४६ साल चैत २६ गते राति जब बहुदलको घोषणा भयो, जोखबहादुर महरा पनि अन्य रोल्पाली कम्युनिस्ट नेताहरू जस्तै सक्रिय भएर जागे । किमबहादुर थापा लगायत गजुलका धेरै युवालाई जोखबहादुर महराले नै मशालवादी बनाए ।

२०४८ सालपछि उनी विद्यालयबाट पलायन हुँदै गए। २०५० सालपछि भूमिगत भए र स्कुल शिक्षकबाट राजीनामा दिँदा उनले पनि ममाथि अनेकन् मिथ्या राजनीतिक आरोपहरू लगाएका थिए।

जोखबहादुर महरासित पनि २०५३ सालपछि मेरो भेट भएको छैन। उनी माओवादी पार्टीको माथिल्लो तहमा छन् रे भन्ने सुनिन्छ। 'जिम्मेदार कामरेड' भनेका उनै हुन् कि? यस्तै सोच्दै हिँड्दै थिएँ, अघिल्लो बन्दुकवाला छापामारले त्यो गाउँतिर जाने बाटो छोडेर जङ्गल र खोल्सोको बाटो लियो। पछिपछि लाग्नु र अब कहाँ लैजाँदै छन् भन्ने सोच्नुबाहेक विकल्प थिएन।

मेरो पछिपछि अर्को छापामार र विजय मात्र रहेछन्। अरू कस बेला कता लागे, थाहा भएन। हामी डेढ-दुई घण्टाको बाटो हिँडिसकेका थियौँ। त्यो खोल्साको भिरालो खोँचमा पुगेपछि वियजले भने, "एक छिन बसौँ।"

म थाकेर लस्त, पसिनाले निथ्रुक्क भएको थिएँ। बिहान नौ बजेयता मुखमा केही नपरेकोले भोकले ग्रस्त थिएँ। म त्यही भिरालोमा आधा लुङ्गी ओछ्याएर पल्टिएँ। दुवै छापामारहरू बन्दुक ठड्याएर मेरो सिरानतिर बसे। झोलाबाट टर्च झिकेर मधुरो बाल्दै विजय चाहिँ काट्ने गाउँतिर लागे जस्तो लाग्यो।

निष्पट्ट अँध्यारो र खोँच भएकोले यताउति केही देखिँदैन। उत्तरतिर पानी परेझैँ छ। खोल्साबाट कुलकुल ध्वनि आइरहेको छ। मलाई असाध्यै तिर्खा लागिरहेको छ, तर उठेर पानी खान जान सक्तिनँ। भाग्न लाग्यो भन्ने निहुँ पारेर ड्याम्म हानिदिन के बेर !

जीउमा पसिना ओभाएर चिसो हुन थाल्यो। समयको सम्झना आयो, तर अँध्यारोमा घडी हेर्न सकिँदैन। साढे नौभन्दा त बेसी नै भयो होला। रातभरि छलफल, बहस भए पनि भोलि बिहान घर फर्कन पाइएला कि भन्ने सोचेँ।

करीब पन्ध्र-बीस मिनेटपछि विजय हातमा एउटा थाल लिएर आए। त्यो मतिर बढाउँदै उनले भने, "लौ सर, भात खानुस्।"

दालभात रहेछ।

म उठेँ; विजयले बालेको टर्चको उज्यालोमा बिस्तारै खोल्सामा झरेँ; हातमुख धोएँ र फेरि साबिक ठाउँमा आएँ। अँध्यारोमै एउटा हातले थाल अँठ्याएँ र खान थालेँ।

केही खासखुसपछि एउटा माओवादी निस्क्यो, शायद बन्दुक त्यहीँ छोडेर।

भात धेरै थियो। तर अनिश्चित भोलिको कल्पना गरेर बडो मुश्किलले भए पनि खाइसकेँ। टर्च देखाइमागेर फेरि खोल्सामा झरेँ; पानी थापेर पिएँ; थाल माझेर आएँ। त्यतिन्जेल अघि निस्केको छापामार आइसकेको थियो र दोस्रो त्यसरी नै कतै गइसकेको थियो। ती पनि पालैपालो शायद कतै भात खानै गएका थिए।

केही बेरमै दोस्रो छापामार आइसकेपछि "लौ हिँडुम् त सर" भन्दै एउटा मेरो अघि लाग्यो। अर्को पछि लाग्यो। विजय चाहिँ शायद थाल पुऱ्याउन गए। उनी दुई-तीन मिनेटपछि हामीलाई भेट्न उकालोमा आइपुगे।

मनगाड पनि र काट्ने गाउँ पनि नभएपछि मलाई माथिल्लो गाउँ मन्घामा मसँग छलफल गर्लान् भन्ने लाग्यो। मन्घा पनि माओवादीहरूको पकड भएको गाउँ हो। यतिन्जेल चुपचाप हिँडिरहेको मैले निश्चिन्त हुन सोधेँ, "विजय बाबु, अब कति टाढा हो जाने ? अघि त दश-पन्ध्र मिनेट मात्रै टाढा हो भन्थे !"

"मलाई पनि थाहा छैन सर। तर अब धेरै टाढा नहोला।"

भन्ने र थाहा पाउने मान्छे पनि नहुँदा अब के सोध्ने ? मेरो यो सम्बन्धी प्रश्नको जरोबुटो नै हरायो। गुमसुम हिँड्दै केही माथि उक्लेपछि फेरि

"एक छिन बसौँ" भने, बस्यौँ । त्यसै अवधिमा मैले माओवादी जनयुद्धको औचित्य र देशमा शान्तिको आवश्यकताको बारेमा कुरा उठाएँ । विजयले जनयुद्धको अपरिहार्यताबारे यस्तो व्याख्या गर्न थाले कि, म चकित परेँ । उनको भनाइको सार थियो– राजतन्त्रसहितको संसदीय व्यवस्था विश्वबाट लोप हुँदै गइरहेको सामन्ती व्यवस्थालाई भरथेग गर्ने नाटक मात्रै हो । राजा वीरेन्द्र उदारवादी र माओवादीहरूसँग मिलेर जान तयार रहेका हुनाले अमेरिकी गुप्तचर संस्था सीआईएको योजनामा ज्ञानेन्द्र राजाले उनको समूल वंश नाश गरेका हुन् । वर्तमान शासन व्यवस्थालाई ध्वस्त नपार्दासम्म जनयुद्ध रोकिन्न । जहिले नौलो जनवादी व्यवस्था लागू हुनेछ, त्यसै बखत शान्ति हुनेछ ।

पोहोर-परारसम्म जसलाई मैले पाठ्यपुस्तकका ज्ञान दिने गरेको थिएँ, त्यही कलिलो पूर्वविद्यार्थीले अहिले मलाई नै विश्वको वर्तमान परिस्थिति, नेपालको

मौजुदा स्थिति, मार्क्सवादी दर्शन तथा माओवादी पार्टीको लक्ष्य र कार्यनीतिबारे लेक्चर दिँदै थियो ! मैले विजयसँग माओवादी जनयुद्धबारे आफ्ना असन्तुष्टि र असहमतिहरू व्यक्त गरेँ । उनी पनि मसँग पूर्ण असहमत देखिए ।

हामी पुनः प्रस्थान भयौँ । तर मन्घातिर नलगी त्यो गाउँको छेवैछेउ जङ्गलको बाटो हिँडाए । गाउँ निखिएर एकै चोटि थाप्लोमा निस्कियौँ । कुन ठाउँबाट हो, हाम्रो टोलीमा दुई-तीन जना अरू हतियारधारी छापामार थपिएछन् ।

पन्ध्र-बीस मिनेट हिँडेपछि पछाडिपट्टिको छापामारले 'सुइय्य' गऱ्यो । अगाडिपट्टिको छापामार रोकियो । म पनि रोकिएँ । पछाडिकाले अगाडिकाको ठाउँ लियो । मेरो अघिअघि हिँडिरहेको छापामार पछिल्तिर गयो ।

उकालो चढ्दाचढ्दा शरीर पसिनैपसिना भएको छ । लुङ्गीले पसिना पुछ्दै हिँड्दै छु । आधा घण्टाजतिको

उक्लाइपछि दुई छापामार डचुटीमा बसेका भेटिए। मलाई एक छिन उभ्याए। एक-दुई जनाले अलि पर गएर खासखुस गरे। फेरि हिँडाए। डचुटीमा बसेको टोली त्यहीँ बस्यो कि फेरियो, मैले थाहा पाइनँ। हाम्रो टोलीमा अहिले पनि छ-सात जना छँदै छन्। तर सबै चुपचाप हिँडिरहन्छन्, केही सल्लाह गर्नुपर्ने भए मलाई रोकिन भन्छन्। एउटा मेरो छेउमै उभिन्छ, अरू अलि पर गएर खासखुस गर्छन्।

हामी अरु माथि आयौँ। शायद त्यहाँ पनि दुई जना छापामार छन्। हामीलाई रोकिन भनियो। साह्रै थाकेकोले म एक छिन बसेँ। गत फागुन वा चैतमा गस्तीमा आएको सेना र माओवादीबीच यतैतिर भिडन्त भएको थियो। रेडियोले तेह्र छापामार मारिएको खबर फुकेको थियो। तर पछि गाउँलेहरूले भने अनुसार, मारिनेहरूमध्ये केही त जौ काट्न, बारीमा मल बोक्न आएका त्यही मन्घा र

दाङसिवाङका महिला र केटाकेटी थिए रे ।

यहाँ माओवादी-माओवादीबीच निकै बेर गोप्य छलफल चल्यो, एकपछि अर्कोसँग गरेर । अँध्यारै भए पनि त्यो समूहमा रहेको मोटो होचो कदको मान्छेतिर मेरो ध्यान गयो । त्यो कहाँबाट मिसिएको हो, मलाई थाहा भएन । त्यसले र विजयले बन्दोबस्ती झोला मात्रै बोकेका रहेछन् ।

पुनः हिँडाइयो । उही गति, उही चालमा हिँड्दै जाँदा बल्लतल्ल फगाम लेकको टुप्पोमा पञ्चीवाङ भन्ने ठूलो बाँझोमा पुगियो । यहाँ पनि दुई जना ड्युटीवाला रहेछन् ।

यो ठूलो बाँझो राम्रोसँग बनाउने हो भने सानोतिनो हवाई मैदान बन्ने खालको छ । यो ठाउँसँग मेरो भावनात्मक सम्बन्ध छ । उहिले हामी केटाकेटी छँदा हाम्रो गाउँघरका मानिसहरूले गाई-बाखाको गोठ सार्ने क्रममा जेठ-असारमा यही बाटो भएर माथि लेकतिर लैजान्थे । साउन-भदौमा मकै पाकेपछि

गाई-बाखा लिएर ती गोठालाहरू गाउँमा रुर्थे ।

म बाह्र-तेह्र वर्षको हुँदा हाम्रो गोठ बस्ने कान्छी आमाहरूलाई खाद्यान्न (खर्च) लिएर जाने एक जना गाउँलेसँग म पनि यहाँ आएको थिएँ । शायद असारको महिना थियो; तर कुइरोले कतै केही नदेखिने ! बाटो र दिशा पत्ता लगाउन नसकेर हामी धेरै बेरसम्म यही चौरमा 'कुइराको काग' बनेका थियौँ । मेरो अवस्था अहिले पनि फरक छैन ।

यहाँ पनि एक छिन रोकिने भनियो । उनीहरू अलि पर गएर गोप्य गर्न थाले । मैले आफ्नो गाउँठाउँ भएको दिशातिर हेरेँ । हाम्रो गाउँघरको डाँडाको थुम्को देखियो; अँध्यारोका कारण घरहरू देखिएनन् । अनुमान लगाएर मैले आफ्नो घरतिर हेरेँ, बत्ती बलिरहेको छ कि भनेर । उहिले स्काउट तालीम गर्दा गाएको गीतको याद आयो :

होम अगेन, होम अगेन

ट्वेन स्याल आई सी माई नेटिभ ल्यान्ड

आई नेभर फर्गेट माई होम ...

यहाँबाट उत्तर-पूर्वतिरका सबै डाँडाकाँडाहरू अँध्यारो र कुइरोमा हराएका छन्; अन्सारै लगाउन सकिन्न । यहाँबाट पूर्वतिर फगाम गाउँ पर्छ । यो पनि माओवादीहरूको पकड रहेको गाउँ हो । फगामसहित उत्तर-पूर्वका प्रायः गाउँमा मगर जातिकै बाहुल्य छ । वर्षौंवर्षदेखि अशिक्षा, दरिद्रता, अन्धविश्वास तथा शोषणमा जकडिएका यहाँका बासिन्दाहरूको जीवनस्तर र चेतनास्तर अत्यन्त न्यून छ । यो क्षेत्रको भूबनोट पनि असाध्यै विकट र बिहड छ । मेरा पिताजी खडानन्द सुवेदी २०१५-१७ सालमा प्रथम जननिर्वाचित संसद्को सांसद हुनुभएको थियो । उहाँले त्यति बेला आफ्नो क्षेत्रमा पन्ध्र वटा प्राथमिक विद्यालय स्थापना गर्न निकासा गराउनुभएको थियो ।

तीमध्ये एउटा फगाममा २०१७ सालमा स्थापना गरिदिनुभएको थियो । त्यति पहिलेदेखि सञ्चालनमा आए पनि लामो समयसम्म त्यो विद्यालयबाट पाँच

कक्षा उत्तीर्ण गर्ने विद्यार्थी पनि निस्केनन् । फगामलाई पञ्चायती शासन कालमा मेरा काकाका छोरा रेगबहादुर सुवेदी दाइले राजनीतिक कार्यथलो बनाउनुभएको थियो । त्यही अवधिमा यो प्रावि निमाविमा परिणत भयो; खानेपानीका धारा बने; बाटो बन्यो; फगाम खोलामा पुलहरू बने । तर पनि युगौंदेखिको घोर अचेतनता, शोषण तथा अत्यधिक श्रमको बोझले पीडित यहाँका गरीब बासिन्दाहरू यथास्थितिबाट अघि बढ्न सकेनन् । बहुदलको आगमनसँग उदाएको संयुक्त जनमोर्चा पार्टीले यहाँका असन्तुष्ट युवाहरूलाई सङ्गठित गऱ्यो । उसले पञ्चायतकालीन प्रधानपञ्च, मुखिया, जिम्वाल आदिलाई अति कडा शारीरिक, मानसिक र आर्थिक कारबाही गऱ्यो । त्यो मोर्चा माओवादी बनेपछि पनि यो क्रम जारी रह्यो । गरीबी, अशिक्षा, पछौटेपनको बोलबाला रहेको यो भेगका बासिन्दाहरू २०५२ सालदेखि प्रहरी तथा माओवादी दुवै पक्षबाट खूब घोचपेचमा परे । रोल्पाका

चौवालीस ठाउँमा स्थापित प्रहरी चौकीहरू २०५८ साल चैतमा सदरमुकाममा केन्द्रित गराइए। त्यसपछि यो क्षेत्र माओवादीको स्वतन्त्र इलाका जस्तो बन्यो।

निकै बेर बिसाइयो। रातको साढे एघारजति बज्यो कि ! अब फगाम गाउँ लैजान्छन् कि भनेर सोच्तै थिएँ, "लौ हिँडौँ" भन्दै त्यही मोटो होचो छापामार अघि लाग्यो। तर ऊ फगाम जाने बाटोतिर नगई उत्तरतर्फ पो लाग्यो। कालो हाफप्यान्ट, कालै भेस्ट वा कमिज लगाएको, पिठ्यूँमा ठूलै बन्दोबस्ती झोला बोकेको उसले मूल बाटो छोडेर लेकतिर जाने जङ्गली बाटो समातेझैँ लाग्यो। साँझतिर यता पानी परेको रहेछ, बाटो हिलो र चिप्लो थियो। खाल्टाखुल्टीहरू पानीले भरिएका रहेछन्। त्यो मोटो होचो छापामारका चाल अनुसरण गर्दै म केही पर मात्रै पुगेको थिएँ, चप्पल चिप्लियो। अडिन प्रयत्न गर्दागर्दै लडेँ। चप्पलको फित्ता चप्पलको चोक्टासँगै चुँडिएर आयो। अब खत्तम भयो।

एउटा चप्पल मात्र लगाउन भएन; फाल्न पनि सकिनँ । भोलि घर फर्कंदा खुटेर गाँसेर भए पनि लगाउन मिल्ने त बनाउनैपर्ला भन्ने सोचेर दुइटै चप्पल बोकेर नाङ्गै खुट्टा हिँड्न थालेँ । माओवादीहरूले वास्तै गरेनन् ।

हिलो, चिप्लो, ढुङ्गेनी बाटोमा जुत्ता-चप्पलबिना हिँड्नुपर्दा पैताला असाध्यै बिझाउन थाले । पीडा झन् थपियो । बाटो जङ्गलैजङ्गल जस्तो लाग्छ, कतै झ्याम्म परेको अन्धकार, कतै भीर जस्तो त कतै ओडार जस्तो । म त्यही अगुवाको भरमा हिँडिरहेँ । उसले एक-दुई पटक पछाडिकोसँग स्थान साटफेर पनि गऱ्यो । तर फेरिएपिच्छे बाटो राम्ररी ठम्याउन नसकेर अगुवा भड्खालोमा खस्ने र म पनि लड्न पुग्ने हुन थाल्यो । यसैले त्यही मोटे अगुवा अघि लाग्यो ।

पछिल्लाहरू हामीभन्दा पछि नै रहन्थे; बीचबीचमा कताकताबाट प्रकट हुन्थे; फेरि हराउँथे ।

यिनीहरूले चाहने हो भने मलाई यहीं सिध्याउन सक्तैनन् र ! यस्तो भीरको बाटो ! यस्तो घनघोर जङ्गल ! भीरबाट घचेटिदिए पनि भयो; एक सट बन्दुक पड्काइदिए पनि भयो । यो विकट ठाउँमा कसले खोज्ने ! कसले भेट्ने ! मनमा यस्ता तर्कनाहरू उठ्दै रहे ।

मेरा पैताला फुट्लान् जस्तो भइरहेको छ । निकै समयसम्म कष्टसाथ हिँडेपछि जङ्गलछेउ भिरालो खोरिया जस्तो ठाउँमा पुग्यौं । त्यहाँ दुई जना बन्दुके भेटिए; एक जना जागै बसेको, अर्को उँघिरहेको । सँगै आएको एक जनाले अलि उता गएर केके कुरा गर्न थाल्यो । म भने थकित, गलित, हैरान भएकोले एउटा ढुङ्गामाथि टुक्रुक्क बसेँ ।

लगत्तै विजय र अर्को छापामार पनि आइपुगे । उनीहरूसमेत गोप्य गर्नमा तल्लीन भए । एकान्त कुरापछि पहिले त्यहाँ बसेकाहरूसमेत चार-पाँच जना तलतिर झरे । विजयले मछेउ आएर भने,

“अब धेरै ढिलो भैसक्यो सर । आधा रातभन्दा बढी भैसक्यो होला । यो बेला गाउँमा जान पनि खतरा हुन्छ; जिम्मेदार कामरेड पनि भेटिनुहुन्न होला । यसैले आज यहीँ बस्छौँ ।”

मैले के भन्न सक्थेँ र ! तर छक्क परेँ– न गोठ न घर छ, जङ्गलको बीचमा कहाँ कसरी बस्ने ! उनीहरू अलि पर माथिपट्टि झ्याम्म परेको रूखमुनि सरे । आ-आफ्ना बन्दोबस्ती झोलाबाट एउटा-एउटा कम्बल झिके र भुइँमै ओछ्याए । मेरो दाहिनेतिर त्यो मोटो होचो मान्छे र विजय सुत्ने भए, देब्रेतिर अन्य दुई जना । हिँडाइ, बसाइ यी सबैदेखि हैरान भएको म बीचमा सुताइएँ । मैले लुङ्गीलाई ओढ्ने बनाएँ ।

“तपाईंको ओढ्ने के छ ?” विजयले सोधे ।

“के हुनु ! यही लुङ्गी छ; यही ओढ्छु ।” मैले भनेँ ।

“जाडो होला, यो मेरो सल ओढ्नुस् ।”

मलाई पनि गुनै पऱ्यो, उनले दिएको ऊनीको बर्को खपाएर पल्टिएँ ।

रातको दुई-तीन बज्यो होला ।

निद्रा पर्ने कुरै छैन । जीउ दुखिरहेको छ । गोडा ऱुमऱुमाएर यताउता गर्नै नसक्ने भएका छन् । मन व्यथित भइरहेको छ ।

चारैतिर अन्धकार !

हामी चार जना लाशझैँ पल्टिरहेका छौँ, बन्दुक अँठ्याएर बसिरहेको एउटा छापामारबाहेक ।

२

२०५८ वैशाख ३०, सोमबार

म ब्यूँझिँदा अलिअलि उज्यालो थियो। छेउका दुई जना आ-आफ्ना झोला कस्दै रहेछन्। हिजो हामी सुत्ने बेला बन्दुक समात्ने भरखर उठ्दै थियो र हिजो सुत्ने चाहिँ बन्दुक समातेर बसेको रहेछ। राम्रोसँग हेरेँ– दुइटै बन्दुके हिजो मलाई घरमा पक्रन जानेहरू रहेछन्। त्यो मोटे चाहिँ हाम्रो गाउँनजिकैको खुमेल गाउँको गुन्जे रहेछन्। पहिले जेल पनि परेको गुन्जे माओवादी भएपछि 'गोन्जालो' भएका छन्। हामी कहिले कसो भेट्दा 'गोन्जालो' नै भन्ने गर्छौं।

"अहो ! हिजो राति त्यस्तो अप्ठ्यारो बाटोमा होशियारीपूर्वक ल्याउने त गोन्जालो पो हुनुहुँदो रहेछ त !" मैले हाँसेर भनेँ, "धन्यवाद है !"

अट्टहास गर्दै उनले भने, “के गर्ने सर ! पार्टीको आदेश पालना गर्नैपर्‍यो ।”

मैले बर्को फिर्ता दिन चाहेँ । तर विजयले अहिले ओढ्नुस् भनेकोले ओढेँ र लुङ्गी लगाएँ । कम्बलहरू उठाइसकेपछि झोला बोक्दै विजयले भने, “अहिले हामी जाँदै गर्छौं । तपाईंहरू दश-पन्ध्र मिनेटपछि आउनुहुनेछ ।” यिनीहरूको दश-पन्ध्र मिनेटमा यत्रो लामो र कठिनतम यात्रा गर्नुपरेकोले र यस्तो कच्चघानमा पर्नुपरेकोले मलाई विजयको कुरामा कत्ति विश्वास लागेन । एक छिन आफूआफूबीच गोप्य गरेपछि गोन्जालो र विजय ओरालो लागे ।

बिहान छचाङ्ग हुँदै गयो । हामी जङ्गलबीच खर्क जस्तो ठाउँमा रहेछौँ । हिउँदमा गाईगोठहरू राख्ने ठाउँ जस्तो । शायद केही पहिलेसम्म यी बारीहरूमा खेतीपाती गरिन्थ्यो; अहिले बाँझै देखिए । ती बारीको बीचबीचमा बाह्र-पन्ध्र हातको फरकमा आठ-दश हात अग्ला घोचाहरू गाडिएका रहेछन् । सुरक्षा

फौजले हेलिकप्टर बसाल्न नसकोस् भनेर यस्ता ठूला र समथर बारीहरू, मैदानहरूमा यसरी घोचा गाडिएका होलान् भन्ने लाग्यो । ठाउँ कुन हो, मैले अनुमान गर्न सकिनँ ।

मेरा गोडाहरू सुन्निएछन् । भुइँमा टेक्दा झमझम गर्ने । निद्रा नपुगेकोले होला, जीउ पनि आलस्यले भरिएको र टाउको गह्रौँ जस्तो भएको छ । अब जाने फेरि कता हो ! यी दुइटा बन्दुकेहरू चुपचाप छन् । मैले केही सोधुँला र जवाफ दिनुपर्ला कि भनेर तर्सेतर्से जस्तै गरी अन्यत्र हेर्दै टोलाइरहेका छन् । पारिपारिका शैलशृङ्खलामा अहिले पनि कुइरो र बादलको जमघट छ । आकाश रिसाएझैँ कालोनीलो छ ।

मैले भगवान् गणेश, शिवजी र दुर्गा माताको स्मरण गरेँ । आज घर फर्कन पाइयोस् भनी मनमनै प्रार्थना गरेँ । सँगसँगै आमा, श्रीमती, छोराछोरीहरू, दिदी, बहिनी, भाइ आदिको सम्झनाको

शृङ्खला शुरू भयो ।

"लौ जाम् सर !" बीस-बाइस वर्षको अग्लो माओवादीले उठ्दै भन्यो । घडी हेरेँ– छ बजेको रहेछ । ऊ अगाडि, म बीचमा, पछिल्तिर अर्को गरेर ओरालो लाग्यौँ । मेरो पछि आउने माओवादी सत्र-अठार वर्षको छ, गोरो ।

चप्पल हातमा झुन्डचाएर ओरालो निकै झरियो ।

एक-दुई ठाउँ एक-दुई युवती भेटिए । उनीहरूले "सलाम" भन्दै हात उठाउँदै, मुठी कस्दै र हात मिलाउँदै गरे । एक-दुई कुरा गरे । यस्तै प्रकारबाट निकै हिँडेपछि कुनै गाउँको सिमानामा पुग्यौँ । वरैबाट ठ्याम्म परेको ठूलो रूख र त्यसमा एउटा मान्छे झुन्डिएको देखियो । शुरूमा त म झसङ्ग भएँ । तर पुतला रहेछ; कोट-प्यान्ट लगाएको, टोपी डटेको तर घाँटीमा पाशो लगाएको ।

चौतारोमा गाउँले खालको एउटा मान्छे उभिएको रहेछ । मसँग आउने दुइटैले त्योसँग सलाम आदान-

प्रदान गरे र हात मिलाए। पछि अग्लो बन्दुके चाहिँ त्योसँगै अलि पर गयो। उनीहरूको एकान्त वार्ताको बेला पनि त्यो गाउँलेले मलाई शिरदेखि पाउसम्म खूब गहिरिएर हेर्दै रह्यो। हातमा छिनेको चप्पल बोकेको, धर्के बर्को ओढेको, लुङ्गी लगाएको म त्यही चौतारोमा बिसिएँ।

केही बेरपछि त्यो मान्छे आयो र "लौ जाऔँ" भन्दै अघि लाग्यो। त्यही गोरो केटो मात्रै मेरो पछि लाग्यो; अग्लो बन्दुके चाहिँ त्यहींबाट ओझेल पऱ्यो। मकै बारी हुँदै उसले एक-दुई घर छिचोली तल झऱ्यो। एउटा घरको आँगनमा हामीलाई बस्न भनेर त्यो गाउँले मान्छे भित्र पस्यो। मैले घडी हेरेँ– बिहानको सात बजेको रहेछ। हामीहरू शायद त्यो गाउँको छेउमा थियौँ। गाउँको सानो भाग मात्र देखियो। बान्की र बनोट नमिलेका पुराना रैथाने ढाँचाका दुई तलाका पर्वते घरहरू। भद्दा ढुङ्गाहरूले छुवाइएका।

त्यो मानिस बाहिर निस्क्यो र “यहाँ भएन, मास्तिर जाऔँ” भन्दै अघि लाग्यो। त्यो गोरो बन्दुके र म माथिल्लो घरको आँगनको डिलमा बस्यौँ; ऊ भित्र पस्यो। घरको माथिपट्टि बारी रहेछ, जुन घनघोर जङ्गलमा टुङ्गिएको थियो। जङ्गल ठाडो अप्ठ्यारो पहाडमा फैलिएको देखियो।

घरको आँगन सानो रहेछ। आँगनको ढिकपट्टि मान्छे बस्न हुने गरी गारो उठाइएको छ। गारोमाथि च्याप्टा ढुङ्गाहरू ओछ्याइएका छन्। आँगन अगाडि खोरमा सुँगुरको पाठो पल्टिरहेको छ। पुरानो थोत्रो घरको बार्दली भत्किएको छ।

एक छिनपछि साठी-पैँसट्ठी वर्षकी महिला घरबाट निक्लिन्। साँघुरो दलानमा अडिएर उनी मलाई राम्रोसँग हेर्न थालिन्। भित्र पसेको मानिसले दलानभन्दा ठीक भित्र पस्ने ढोकामाथि कुनातिर केही स्याहारेझैँ लाग्यो। त्यो घर, दाँत झरेकी ती बूढी र तिनको पहिरनले घोर कष्टमय र नैराश्यपूर्ण अवस्था

दर्शाइरहेको छ। भेस्ट र लुङ्गी लगाएको, आधा कपाल फुलेको मलाई देखेर उनी अचम्भित भएझैँ लाग्यो।

यत्तिकैमा त्यो मानिसले मलाई बोलायो। म भित्र पसेँ। त्यही कुनोमा जौको छ्वालीको गुन्द्रीमाथि अर्धानो, पुरानो काम्लो (राडी) ओछ्याइएको रहेछ।

"लौ सर, यैँ बस्नुस्।" मलाई ल्याउने छापामारहरूले 'सर' भनेको सुनेकोले हो कि किन हो, उसले पनि त्यही सम्बोधन गऱ्यो। चप्पल बाहिर चेपमा कोचेर म त्यसैमा बसेँ। ऊ निस्क्यो र ढोकाको एउटा फल्याक लगाएर मलाई बाहिरी दृश्य देख्नबाट वञ्चित गरायो। घरभित्र पर कुनामा एउटा अगेनो, केही थाङ्ना, टिनको थोत्रो बाक्सा, दुई-तीन वटा माटोका डेहरी, थोरै सिल्पटे भाँडाकुँडा र अरू खत्र्याकखुत्रुकको बीचमा गरीबी हाँसिरहेको छ। म बसेको कुनामा दुई-तीन वटा माटोका डेहरी, एक-दुई वटा निगालोका रित्ता ठुइला

(अन्न राख्ने चोयाका भकारी) हरू छन्। म ओछ्यानमा पल्टिएँ। निदालभरि कोदालो, हँसिया, कोदालोको बिड, अनौ आदि कृषिजन्य र गृहस्थी सामग्रीहरू कोचिएका छन्। मेरो सिरानमाथि कुखुराका दुई-तीन वटा खोलेस रहेछन्। आङ सिकसिक गऱ्यो; तर के गर्ने !

मैले घाँटी तन्काएर टाउको निकाली सोधेँ, "जिम्मेदार कामरेड कता हुनुहुन्छ ? मेरो भेट कस बेला हुन्छ ? चाँडै गराइदिनुस् न।"

त्यो गाउँले जस्तो मान्छेले अनौठो मान्दै मलाई हेऱ्यो। शुरूदेखि नै त्यसले मलाई मन पराएको छैन जस्तो लागिरहेको छ। उसले रूखो स्वरमा भन्यो, "पैले सम्पर्क कामरेडसित भेट भए'सि था हुन्च। हाम्लाई था हुन्न।"

म अक्क न बक्क भएँ। 'जिम्मेदार कामरेड' भन्दाभन्दै यो फेरि को हो 'सम्पर्क कामरेड' भनिने ! "उहाँसँग सम्पर्क गराइदिनुस् न त्यसो भए।" मैले

भनेँ ।

"आ'नुह'ला । तपैँ बस्ने यैँ हो, बस्नुस् । आए'सि सम्पर्क ह'ला ।"

शायद यसपछि त्यो मान्छे उँभोतिर लाग्यो कि ! मेरो गार्ड गर्ने सँगै आएको त्यो गोरो केटो बाहिर दलानमा बन्दुक ठड्याएर त्यही भुइँमै पल्टेझैँ लाग्यो । दिक्क हुँदै र यो के हुन थाल्यो भन्ने सोच्दै म पनि त्यही काम्लोमा पल्टिएँ । धेरै बेरसम्म आफू र घर-परिवारको बारेमा सोच्दासोच्दै म निदाएछु ।

करीब डेढ घण्टापछि बाहिरको कल्याङमल्याङले ब्यूँझायो । 'सम्पर्क कामरेड' आए कि ! कान टाठा भए । ढोका घच्याक्क खुल्यो; दुई जना भित्र पसे । तीमध्ये हाम्रै गाउँका 'तारा' नामधारीलाई मात्रै मैले चिनेँ । तारा माओवादी कार्यकर्ता हुन्, शायद एरियास्तरका । साह्रै रूखो, पेलाहा र अव्यावहारिक भनेर गाउँमा धेरैले पिठ्यूँपछाडि उनको आलोचना गर्ने गर्छन् । मसँग त भेटै हुँदैनथ्यो; उनीहरू

भूमिगत माओवादी, म खुला प्रजातन्त्रवादी । 'सम्पर्क' र 'जिम्मेदार' भनिएका कामरेडहरू यिनै हुन् कि भनेर म उठेर बसेँ ।

"नमस्कार !" मेरा पूर्वविद्यार्थी, छिमेकी तथा नातामा सानो पर्नेसमेत भएकोले होला, ताराले हात जोडे । मैले "यता बस्नुस्, यता" भन्दाभन्दै पनि उनी मेरो सामुन्ने भुइँमै बसे । अर्को चाहिँ छेउमा बस्यो ।

"कस बेला आइपुग्नुभयो ?" उनले सोधे ।

"भरखरै, दुई घण्टाजति भयो होला ।"

"हाम्रा साथीहरूले बाटोमा कुनै दुःख त दिएनन् ?"

"अहँ । बाटो भने विकट नै रहेछ । म राति आँखा कम देख्ने मानिस, होशियारीपूर्वक नै ल्याए ।"

"त्यो त उनीहरूको जिम्मेदारी नै हो नि । अँ... तपाईंलाई उनीहरूले कहिले कब्जामा ल्याए ? कहाँ भेट्टाए ?"

'कब्जा' शब्दले मेरो ध्यान खिच्यो ।

"हिजो साँझ साढे सात बजेतिर घरैबाट ल्याएका हुन् । म अस्ति मात्रै नेपालगन्जबाट आइपुगेको थिएँ बाबु ।"

मैले 'बाबु' भन्दा उनले बडो अप्ठ्यारो महशूस गरे ।

अनि बडो गम्भीरतापूर्वक उनले उद्घोष गरे, "तपाईं अब हाम्रो नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को बन्दी हुनुहुन्छ । अर्थात्, कैदी हुनुहुन्छ । तपाईंले अब आफूलाई हेडमास्टरको रूपमा अथवा अरू केके पदमा हुनुहुन्छ, त्यस रूपमा नसोच्नुहोला । तपाईं अब सिर्फ नारायण सुवेदी । बुझ्नुभयो ?"

म त झसङ्ग भएँ । जीउ चिसो भयो । दिमाग शून्य भएझैं भयो । मलाई त अपहरण गरिएको पो रहेछ भन्ने बुझेर भित्रभित्रै काम छुट्टयो ।

"मैले के गरेको छु र तपाईंहरूको पार्टीले बन्दी बनाउनुपर्‍यो ? हिजो त जिम्मेदार कामरेडसँग एक

छिन भेट गर्नु छ, बढीमा एक-डेढ घण्टा मात्र हो भन्थे; आज कब्जाको कुरा गरिँदै छ !" म अलि उत्तेजित भएँ ।

मेरा कुराले तारा रिसाएझैँ देखिए । उनी चर्किए, "हाम्रो पार्टीले तपाईंलाई दुई महिनाअघि नै वारेन्ट काटेको थियो । तर तपाईं कहिले कता कहिले कता गइरहेकोले बच्नुभएको थियो । तपाईंलाई नेपालगन्जमा समेत हाम्रो पार्टीले सोधखोज गरी कब्जामा लिन खोजेको थियो ।"

"किन ?" म पनि जोशिएँ ।

"तपाईंहरू यो प्रतिक्रियावादी सरकारको पिट्ठु हुनुहुन्छ र आम मुक्तिकामी जनताको विरुद्धमा त्यही शासन सत्ता टिकाउन काम गर्नुहुन्छ ।"

"यो त आ-आफ्नो विचार हो बाबु । कुनै पनि मानिसलाई कसैको पनि समर्थन वा विरोध गर्ने अधिकार छ । तपाईंहरू जुन सोचविचार लिएर काम गर्नुहुन्छ, त्यो सबैले मान्नैपर्छ भन्ने बाध्यता

पनि त छैन नि ... !"

उनी झन् आवेशमा आए। मेरा कुरा काटेर उनले भने, "तपाईंहरू रूढिग्रस्त निम्न पूँजीजीवी, सङ्कीर्ण विचारले भरिएको मानिस हुनुहुन्छ। यसैले तपाईंहरूको सोच र व्यवहार सामन्तवादी र आफ्नै वर्गीय हितको स्वार्थले भरिएको हुन्छ। एउटा उदाहरण दिऊँ– मानिस नाताले ठूलो वा सानो हुँदैन, उसको चिन्तनको दायरा जति माथि उठ्यो, ऊ त्यतिकै ठूलो हुन्छ। हाम्रो गाउँमा हामीलाई छोरो, नाति, भाइ, भतिजा भनेर हेला गर्छन्; सङ्कीर्ण चिन्तनको परिणाम हो यो। कुनै पनि मान्छेलाई उसको चिन्तनको स्तर हेरी सम्बोधन गर्नुपर्छ।"

अहिले मलाई लाग्यो– उनलाई 'बाबु' भनेर गल्ती गरेछु। मैले केही प्रतिवाद गर्न खोजें; तर उनले बोल्नै दिएनन्। "हाम्रो गाउँका धेरै जनाले हामीलाई 'तिमीहरू त हिजोका फुल, आजका चल्ला त हौ नि; हाम्रो काखमा गुहु-मूत गर्दै खेलेबढेका,

हामीसँग के धाक लगाउँछौ !' भन्छन् । आफ्नो चेतनास्तर कति तल छ भन्ने तिनीहरूलाई थाहै छैन । तपाईंले बीए, एमए गर्नुभएको होला सर । तर तपाईंको चिन्तनको दायरा पनि त्यही हो । तपाईंहरूमा व्यक्तिगत स्वार्थ छ; वर्गीय स्वार्थ छ; त्यसको प्रतिविम्ब हरेक कुरामा हरेक व्यवहारमा देखाइरहनुहुन्छ । त्यसैको परिणामस्वरूप पनि तपाईं हाम्रो कब्जामा हुनुहुन्छ ।"

म उनका कुराले आश्चर्यचकित भएँ । एक छिन रोकिएपछि उनी फेरि बोल्न थाले, "म तपाईंलाई यही जानकारी दिन आएको हुँ । अर्को आदेश नआएसम्म तपाईं बस्ने यहीँ हो । यहाँबाट कतै जाने वा भाग्ने कोशिश नगर्नुहोला । हाम्रा कामर ेडहरूलाई गोली हान्ने आदेश छ; कैदी भागे वा दौडेमा ग्रिनेड वा बम प्रहार गर्ने अधिकार छ । तपाईंको ज्यान जान सक्छ ।"

"मैले त्यस्तो ठूलो गल्ती वा अपराध गरेकै छैन

भने किन भाग्ने ? म पनि आफ्ना कुराहरू राखुँला, गल्ती रहेछ भने सजाय भोगुँला, तर भाग्दिनँ ।" मेरो स्वाभिमान पनि जाग्यो ।

"ठीक छ, बस्नुस् । खाना-पानी यहीँ ल्याइदिनेछन्, तर घरको जस्तो मीठो पाउनुहुनेछैन । यहाँकाले आफू जे खान्छन् त्यही दिन्छन् । दिसा-पिसाब जानुपरे ती कामरेडहरूलाई भन्नुहोला ।" उनले बाहिर बसेकाहरूतिर औँल्याए ।

"तपाईंहरूले मसँग जे छलफल गर्नुपर्नेछ, जे स्पष्टीकरण लिनुपर्नेछ, छिटो गरिदिनुस् । आज ३० गते भैसक्यो । अस्ति चैत महिनामा लिवाङमा एसएलसीको परीक्षा चलाउँदाका बिल-भरपाई, कागजातहरू बुझाउने म्याद सकिन लागिसक्यो ।" मलाई अझै पनि सम्पर्क व्यक्ति यिनै हुन् र जिम्मेदार कामरेड त्यही अर्को हो वा नजिकै कतै छन् भन्ने विश्वास थियो ।

"त्यो तपाईंको खुशीले, तपाईंले भनेको बेलामा हुने हो र ?" उनी झर्किए, "तपाईंको समस्यासँग

हामीलाई के सवाल ? हाम्रा आफ्नै नियम-कानून, नीतिनिर्देशन हुन्छन्; आफ्नै कार्यक्रम हुन्छ । त्यसै अनुसार सम्पर्क कामरेडसँग भेट हुनेछ; जिम्मेदार कामरेडसँग पनि भेट होला ।"

"होइन, समस्या आआफ्ना हुन्छन्, तिनलाई बेवास्ता गर्नै हुँदैन । ई हेर्नुस्, एक-डेढ घण्टामै फर्कनुहुन्छ भनेकोले म यही लुङ्गी र भेस्ट मात्र लगाएर आएको छु; अर्को लुगा छैन; जुत्ता छैनन् । उता घरमा पनि यो थाहा छैन । उता त जिम्मेदार कामरेडसँग भेट गरी डेढ घण्टामा फर्किने भनिएको थियो । यसैले छिटोभन्दा छिटो भए ... ।"

"त्यो त हाम्रो तरीका हो । 'तपाईंलाई हामीले कब्जामा लिँदै छौँ, तपाईं हाम्रो बन्दी हो' भन्ने जानकारी दिने हो भने सजिलैसित को पो आउँछ र ! त्यसैले हाम्रा कामरेडहरूलाई त्यही सिकाइएको थियो, तिनले त्यही निर्देशन पालन गरे । पहिले नै जानकारी पाएको भए तपाईं अहिले कहाँ पुगिसकेको

हुनुहुन्थ्यो !" उनले टोकसे ।

"घर र स्कुलमा खबर पठाउनसम्म पाए त हुन्थ्यो नि !"

"सम्पर्क कामरेड नआएसम्म केही हुन्न । हामी त पार्टीको कारबाहीको बारेमा जानकारी दिन मात्र आएका हौँ ।" उनले उठ्दै चेतावनी दिए, "भाग्ने कोशिश नगर्नुहोला; साथीहरूले गोली हान्लान् ।"

उनको रूखो भाषाले मेरो पारो ऋन् चढायो । भनेँ, "भो, धन्दा नमान्नुस् । एक्लै छोडे पनि भाग्दिनँ । बरु मर्नुपर्ला तर आफूमाथि लागेका दोषहरू सुनेर, खण्डन-मण्डन गरेर वा सजाय भोगेर मात्र यहाँबाट जान्छु ।"

अनि दुई जनै बाहिर निस्के । बाहिर अर्को नयाँ छापामार देखियो, सोह्र-सत्रजतिको । उनीहरूबीच केही बेर खासखुस चल्यो ।

म ओछ्यानमा पल्टिएँ । यतिन्जेल वादविवाद जस्तै भएकोले राम्रोसित सोच्न नभ्याएका कुराहरू

दिमागमा एकै चोटि आए– अपहरण ... बन्दी ... दुई महिनादेखिको वारेन्ट ... निम्न पूँजीजीवी ... सङ्कीर्ण चिन्तन ... प्रतिक्रियावादी सरकारको पिट्ठु ...

अब मलाई प्रस्ट भयो– माओवादीले जिम्मेदार व्यक्तिले भेट्न खोजेको निहुँ बनाएर अपहरण पो गरेका रहेछन्। घडी हेरेँ– बिहानको दश बज्नै लागेको छ। चौध घण्टापछि मात्र मैले आफू अपहरणमा परेको थाहा पाएँ। हिजो माओवादीले फलानालाई अपहरण गरेर लगे रे भन्ने खबर सदरमुकाम लिवाङसम्म खबर पुग्यो कि पुगेन ! त्यहाँ कस्तो प्रतिक्रिया भयो होला ! यतिन्जेल घरमा के भइरहेको होला !

मन बुझाउन श्रीमद्भगवद्गीताका सार स्मरण गर्न थालेँ– जे हुनु छ त्यो भएरै छोड्छ, जे नहुनु छ त्यो हुँदैहुँदैन ...। तर मन पटक्कै स्थिर रहन सकेन।

साढे एघार बजेतिर चारपाटे जीउडाल भएकी भीमकाय युवती आँगनमा देखा परिन् र सरासर भित्र पसिन् । हातको ठूलो थालको मकैको आटो (ढिँडो) र तोरीको सागको तरकारी भाग लगाइन्, त्यही घरका तीन वटा थालमा ।

त्यो गोरो छापामारले "लौ सर, खाना खाऔँ" भनेर जर्किनमा पानी दियो । बाहिर निक्लेर हातमुख धोई भित्र आएँ । मेरो थालको ठूलो भाग आटो फिकेँ र सानो भाग मात्र राखेँ । त्यो देखेर ती तीन जना आपसमा मुखामुख गरेर हाँसे ।

बल्लतल्ल त्यो ढिँडो सकेँ । पानी थालमा खन्याएर टन्न पिएँ । थाल राम्रोसँग माझिनँ । एउटा छापामारले पानीले पखालेको मात्र देखेपछि मैले पनि त्यसै गरेँ । उब्रेको आटो अगेनोमाथि थालले छोपेर राखेपछि छापामारहरू बाहिर दलानमा गफगाफ गर्न थाले । म ओछ्यानमा पल्टिएँ, चिन्ताग्रस्त भएर ।

केही बेरपछि घरबूढी आइन् । उनीसँग तीस

वर्षजतिकी युवती पनि थिई। डोकामा दाउरा बोकेकी ऊ छापामारहरूलाई हेर्दै हाँस्दै गर्न थाली। लाटी रहिछ। भित्र पसेर कुनामा मलाई देखेपछि एक छिन घोरिई। घर र घरबूढीको अवस्थाले पहिलेदेखि मन कुँडचाइरहेको थियो, त्यसमाथि यो लाटी अनि यसको अर्धनग्नझैं अवस्था देखेर मलाई असाध्यै टीठ लाग्यो। आमा चाहिँले अगेनोमा धूवाँ पुत्याउन थालिन्; छोरी रित्तो जर्किन लिएर तिनै युवाहरूतिर हेर्दै हाहाहुहु गर्दै कतै लागी। शायद पानी भर्न गई।

माथिल्लो तलामा अर्को परिवार बस्दो रहेछ। ठाक्कठुक्क पारेको, मान्छेहरूले कुरा गरेको, बच्चा रोएको सुनियो। म सुत्न र थकित मनलाई एक छिन भए पनि विश्राम दिन चाहन्थेँ। खालि एक छिनको लागि भए पनि दिमाग खाली राख्न चाहन्थेँ। तर दिमागमा अपहरण ... बन्दी ... प्रतिक्रियावादी सरकारको पिट्ठु ... शब्दहरूले फन्को मार्न छोडेनन्।

निद्रा लागेन। उठेँ। चप्पल मरम्मत गर्न भनी दलानमा निस्केँ। गोरो छापामारले घरबूढीसँग मागेर ठूलो सियो र पुवाको धागो दियो। चर्को घाममा बसेर चप्पल सिउन थालेँ। गोरो छापामारले मद्दत गऱ्यो। पैतालाहरू अझै तातै थिए, हिँड्दा दुख्थे। म बाहिरै बसेर घाम ताप्न थालेँ।

कालो-कालो मोटो-मोटो नयाँ छापामारले त्यो अर्कोलाई "म एक चिन सेल्टरमा ग'र आन्चु है?" भनेर सोध्यो। अर्कोले अनुमति दियो। मैले पनि "सम्पर्क कामरेड आए-नआएको खबर ल्याउनू है बाबु" भनेँ। ऊ माथि उक्लेर कता ओझेल भयो, पत्तो भएन।

लाटी जर्किन हल्लाउँदै, बेढङ्गी चालाले हिँड्दै र हामीलाई हेरेर हाँस्दै आई। त्यो छापामारले उसको हिँडाइको नक्कल गरिदियो; ऊ झन् अग्घोर स्वरले हाँस्न थाली। भित्रबाट आमाले कराएपछि र छापामारले जाऊ भन्ने इसारा गरेपछि मात्र ऊ घरमा पसी।

त्यो छापामारले बन्दुक तताउन घाममा राख्यो । म आँखा चिम्लेर शान्त हुन कोशिश गर्दै रहँ । ध्यानस्थ हुन खोजेँ, पटक्क सकिनँ । भित्र पसेँ र त्यही खस्रो चाम्रो काम्लोमा पल्टिएँ । माथितिर कुखुराको खोलेस भएको सम्झनासाथ जीउ सिरिङ्ङ गर्न छोडेको छैन ।

पल्लो कुनामा ढिँडो पाकिसकेछ । शायद माऱ्या सागको तिउन उम्लँदै थियो । एकै छिनमा आमा-छोरीले सिल्पटे थाल-थालमा ढिँडो र माऱ्या सागको तिउन राखेर खान थाले । लाटीले बडो प्रसन्नतापूर्वक आफ्नी आमासँगै हाहाहुहु गर्दै र सङ्केतमा केके अभिव्यक्ति गर्दै थिई, आमा भने झर्को मानेर छिटछिटो खा भन्ने इसारा गर्दै थिइन् । म आमा-छोरीको क्रियाकलाप हेर्दै, माथिल्लो तलामा भइरहेको ढाकढुकतिर पनि ध्यान दिँदै आफ्नो ध्यान बाँड्न कोशिश गर्दै रहँ । तर पनि बिहानका कुरा र तिनै अनुहारहरू बराबर दिमागमा आइरहे ।

करीब आधा घण्टापछि त्यो कालो-कालो छापामार आयो र भन्यो "सम्पर्क कामरेड आ'का चैनन् ।"

मेरो आशा र पर्खाइ बेकार भयो । आमा र श्रीमतीलाई सम्झिएँ ।

दाजु रेगबहादुर सुवेदीको पनि सम्झना आउन थाल्यो । २०५६ सालको शुरूमा माओवादीले अपहरण गरेका उहाँ पचासी दिनपछि मुक्त हुनुभएको थियो । यो घटनाले उहाँलाई मुटु रोगी बनायो । धेरै खर्च गरेर ओपन हार्ट सर्जरी नै गराउनुपर्‍यो । अचेल रोल्पाबाट निर्वासित जस्तै हुनुहुन्छ । काठमाडौँमा औषधिको भरमा विस्थापित जीवन बाँचिरहनुभएको छ । मेरो पनि त्यही हालत गराउन चाहेका हुन् कि !

घरबूढी र लाटी आटो खाइसकेपछि डोको, नाम्लो र कोदालो बोकेर कता गए । मेरो निगरानी गर्ने तीन छापामारहरू दलानमा छन् । तीमध्ये गोरो केटो मलाई 'कब्जा' गर्न हाम्रो घरसम्मै पुगेको

थियो ।

मुश्किलले दिन बित्यो र रात पऱ्यो । फेरि कतैबाट ठूलै भाँडोभरि मकैको ढिँडो र तोरी सागको तिउन आयो । बिहान उब्रेको ढिँडो ती छापामारहरूले दिउँसै खाइसकेका थिए ।

गोरो छापामारले त्यही घरका भाँडा उठाएर हातैले थालथालमा आटो र साग हाल्न थाल्यो । आटो धेरै, तरकारी अलिअलि मात्र ।

छापामारहरूले खुर्सानी टोक्दै आटो खान थाले । म खुर्सानी नखाने र साग खान पनि पटक्क मन नपराउने मान्छे ! अब भने जोरी भेट्दै थिएँ । रेगबहादुर दाइको अपहरण भोगाइ सुन्दा जे पाइन्छ खान सक्नुपर्छ भन्ने बुझेको थिएँ । यसैले जति सकिन्छ खानुपर्छ, सागपात पनि खानैपर्छ भन्ने मनस्थिति बनाएँ ।

अब त जिम्मेदार कामरेडसँग भेट हुने कहिले हो कहिले, सम्पर्क कामरेडसँग भेट भएपछि बन्दी

हुनुको रहस्य खुल्थ्यो कि भन्ने सोचेर खाना ल्याउने व्यक्तिलाई सम्पर्क कामरेड आए/नआएको बारे सोधेँ ।

"आउँदै हुनुह'ला । तपैँ नआत्तिनुस् ।" उसले सीधा जवाफ दियो ।

आटो खाइसकेर ओछ्यानमा पल्टिएँ । छापामारहरूले कम्बल फिकेर बाहिर ढोकैनिर दलानमा ओछ्याए; भरेका बन्दुकहरू ठडयाए; सकेट बमका झोली फिकेर सिरानैमा राखे अनि गफ गर्न र हाँस्न थाले ।

भित्र पारि कुनामा घरबूढी ढिँडो मस्काउँदै थिइन्; छोरी अगेनोछेउ बसेर विद्रोह गरिरहेकी थिई । ऊ नबुझिने भाषामा कराइरहेकी थिई । झोँकको तोडमा हातले इसारा गर्न पनि बिर्सिरहेकी थिई । आमाले झन् रिसाएर केके भनेपछि कराउन त छोडी, तर अहिले नै निलुँलाझैँ गरी उनलाई घुर्न थाली ।

बूढीले तातै आटो र तिउन थालमा पस्केर ऊतिर हुर्र्याइदिइन् । त्यो लाटी एकाएक हाँसी; आमालाई कृतज्ञ भावले के इसारा गरी र प्रसन्न अनुहार लगाएर कपाकप खान थाली ।

बाहिर निष्पट्ट अँध्यारो भइसकेको छ । भित्र पनि अगेनोको निभ्दै गरेको आगोले अँध्यारो निम्त्याउँदै गरेको छ । साँघुरो दलानमा तीन छापामार छन् । टर्चको मधुरो प्रकाश भुइँतिर पारेर टाउकाहरू जुधाएर उनीहरू केही गर्दै छन् । शायद रातिको डचुटी बस्ने पालो बाँध्दै छन् । करीब पन्ध्र मिनेटसम्म उनीहरू टाउको जोडेर खासखुस गर्दै रहे; घरीघरी म सुतेको कुनोतिर हेर्ने प्रयास पनि गरिरहे ।

घडी हेर्न टर्चको उज्यालो लगाइमागेँ, नौ बज्न लागेछ । मलाई अपहरण गरेको, या माओवादी शब्दमा, 'कब्जामा ल्याएको' बल्ल चौबीस घण्टा बितेछ । अहो ! चौबीस घण्टा पनि कति लामो ! अरू कति वटा चौबीस घण्टा बिताउनुपर्ने हो यसरी

बन्दी भएर !

पिसाब फेर्न बाहिर निस्कैँ। बन्दुकसहित एक जना पछिपछि आयो। फर्केर आउँदा तीन जनामध्येको पाको चाहिँले भन्यो, "सर, राति बाहिर जानुपरे हाम्लाई कराउनुह'ला, एक्लै ननिस्कनुह'ला है। हामी पालो बस्चौँ, सुत्दैनौँ।"

"हुन्छ बाबु।"

काम्लो असाध्यै बिछाएकोले लुङ्गी ओछ्याएर विजयले दिएको बर्कोले लुमिएर सुत्ने प्रयत्न गर्न थालेँ। मन एकै ठाउँ अडिन सकेन।

मलाई माओवादीको नीति मन पर्दैन। म प्रजातन्त्रवादी। म नेपाल शिक्षक सङ्घमा आबद्ध, शिक्षक सङ्घ रोल्पाको अध्यक्ष। यही कारणले मलाई अपहरण गरेका होलान्। २०५२ सालमा माओवादीले 'जनयुद्ध' शुरू गरेयता धेरै शिक्षकहरू मारिएका छन्; अङ्गभङ्ग गरिएका छन्; अपहरण भएका छन्; आर्थिक र भौतिक सजाय पाएका

छन् । दुई महिनाअघि हाम्रै जिल्लाका दुई जना शिक्षक साथीहरू मारिए । ती दुवै शिक्षक सङ्घमै आबद्ध थिए । मलाई कब्जामा राख्नुको अरू के कारण हुन सक्छ ? रिस, ईर्ष्या, द्वेष ... ?

दिमाग यति अशान्त छ कि, कुनै विन्दुमा टिक्नै सक्तिनँ ।

घरबूढी र छोरीले पनि खाइसकेर भाँडा धोईपखाली राखे । मेरा गोडानिरैको ढोका बन्द भएको सुनियो । लाटी र उसकी आमा अगेनोको उता कुनामा भाङ्ग्रो ओछ्याएर पल्टिए । बाहिर पहरेदारी गरिरहेका माओवादीहरू चुपचाप भए । घरको माथिल्लो तलामा भने कचमच गरेको, हाँसेको र रेडियो बजाएको पनि सुनियो । शायद रेडियो नेपालको राति नौ बजेपछिको समाचार बजिरहेको छ । रेडियो सुन्ने लालसा तीव्र भयो । मेरो बारेमा पनि भन्यो कि ! तर रेडियो प्रस्ट सुनिएन; घ्यार्रघ्यार्र आवाज मात्र आइरह्यो ।

धेरै समय बित्यो, निद्रा लाग्दैलागेन । माथिल्लो तलाको कचपच, हाँसो तथा रेडियोको अस्पष्ट गीत, संवाहन चल्दै रह्यो । म यिनै कुराहरूमा दिमाग थकाएर निद्रा बोलाउने प्रयत्नमा लागिरहँ; तर केही सीप लागेन । कतिखेर निदाएँ थाहा भएन ।

एक छिनमा ब्यूँझिहालेछु । घडी हेर्न उज्यालो थिएन । माथिल्लो तला सुनसान थियो । बाहिर दलानमा मधुरो स्वर लोकभाकामा हराउँदै आउँदै गरिरहेको थियो । शायद पालो बसेको छापामार आफू जागै रहन तथा मलाईसमेत सचेत गराउन गुनगुनाउँदै थियो ।

जीउ सकसकायो । जुम्रा हो कि उडुस ! माथि कुखुराका दुई-तीन वटा खोलेस छन्, उपियाँ पो हुन् कि ! जीउ झन् चिलाउन थाल्यो । एक ठाउँ चिलाउँछ, त्यहाँ कन्यायो, अर्को ठाउँ चिलाउँछ । आङ कन्याउने काम शुरू भयो ।

बर्को पन्छाएर निकै बेर जीउ कन्याएँ । उपियाँ,

उडुस के हो, छामेर पत्ता लगाउने कोशिश गरिहेरँ। निकै बेरसम्म यो क्रम चल्यो। थाकेर कतिखेर निदाएछु। सपनामा म हिजो रातिको बाटोमा हिँडिरहेको थिएँ। कतै घोर अन्धकार थियो त कतै जङ्गल, कतै डरलाग्दो भीर।

कसैकसैको सपना र बिपना उस्तै हुन्छ रे!

३

२०५८ वैशाख ३१, मङ्गलबार

एक कप्टेरो ढोकाको प्वालबाट बाहिरको उज्यालो देखियो । माथिल्लो तलामा बच्चा रोएको, हप्कीदप्की अनि गनगन गरेको सुनियो । को बस्दो रहेछ त्यहाँ ?

घरबूढी दुवै ढोका उघारेर बाहिर निस्किन् । छापामारमध्येको पाको चाहिँ बन्दुक समातेर बसिरहेको रहेछ; साँघुरो दलानमा अरू दुई छापामार डल्लो परेर घुरिरहेका रहेछन् ।

उठेर काम के छ र ! फेरि अनुहार छोपेर सुत्ने प्रयत्नमा लागेँ । तर निद्रा के आउँथ्यो ! आफ्नो बन्दी जीवनको भविष्य, आफन्तलाई कस्तो भइरहेको होला भन्ने चिन्ता र 'सम्पर्क कामरेड' आज त पक्कै आउलान् भन्ने आशाले आँखा झिमिक्क हुन

दिएन ।

बाहिर ऋलमल्ल घाम लागेपछि उठें । उठ्नेबित्तिकै चर्पी जाने बानी छ । बाहिर हेरेर भनें, "बाबु, दिसा गर्न जानुपर्‍यो, जाऔं ।"

त्यही पाको खटियो । म अघिअघि, ऊ पछिपछि । उसको निर्देशनमा अलि परै ऋोप्रो जस्तोमा पुगें । बन्दुक समातेरै ऊ अलि ओऋेलमा उभियो ।

गिलासमा पानी लिएर गएको, हात धुन पनि पुगेन । फर्केपछि उसले जर्किनमा पानी ल्याइदियो । हातमुख धोएँ । साबुन हुने कुरो पनि भएन, भए पनि मैले पाउने कुरो भएन । लुङ्गीले हातमुख पुछें । भित्रै बस्न भने; गएर ओछ्यानमा बसें ।

साबिक अनुसार भगवान् गणेश, भगवती तथा भगवान् शिवको स्मरण गर्दै मनमनै स्तुति पाठ गरें । म आँखा चिम्लेर मौन बसेको देखेर त्यो पाकोले खूब ध्यान दिएर हेरिरह्यो ।

बिहानै चिया खाने मेरो बानी छ । घरतिर हुँदा

दिनभरिमा न्यूनतम सात-आठ कप रित्त्याउँथें । अहिले पनि असाध्यै तलतल लागेर आयो । अस्ति साँझदेखि नै चिया खान पाएको छैन भन्ने सोचेपछि त तलतल झनै बढ्यो । घरमा मैले चिया खाने चिनियाँ माटोको ठूलो मग छ, झन्डै एक माना जाने । पिताजी र मेरो लागि काठमाडौँबाट त्यस्ता मग ल्याएको थिएँ । बिर्कोसमेत भएकोले तिनमा चिया पन्ध्र-बीस मिनेटसम्म पनि सेलाउँदैन । पिताजी बितेपछि उहाँको कपको त्यति स्याहार भएन, एक दिन खसेर फुटेछ । अब मेरो मात्र बाँकी छ । अहिले मगभरि घरको चियाको सम्झना आयो; चिया खाने बेला आइपुग्ने चक्र दाइ, विवेक, टाकुरा कान्छा आदिको सम्झना पनि आयो । तलतल अझ बढ्यो । तर यहाँ चिया कसले खुवाउने, 'बन्दी' लाई !

पानीको जर्किन र एक अँगालो दाउरा लिएर बूढी भित्र पसिन् । "राति नामररी सुत्यु ?" उनले सोधिन् ।

"अँ बोई। पहिले त निद्रा लाग्यो; पछि त के चिलायो, केले टोक्यो, कन्याएको कन्यायै !"

उनी हाँसिन्, चाउरी परेको अनुहारमाऊ थोतो गिजा र एक-दुई पहेँलिएका दाँतहरू देखाउँदै। "उप्पे छ क्या, उप्पे ! रातभरि सुत्न दिन्न। हामी ता दिनभरिको कामले थाकिन्चम्, हट (त्यसपछि) सुतिजान्चम्। तिमी ता के गरी सुत्दा हौ र !"

"औषधि छर्दैनौ बोई ? औषधि पाइन्छ, उपियाँ-उडुस मार्ने।"

"केले किन्ने नाति, पैसा चैन।" बूढीले निराशापूर्ण स्वरमा भनिन्।

"छोराहरू छैनन् बोई ? म त कोही देख्दिनँ त ?"

"चन् बो (पो) नाति। जेठो छोरो छुट्टेर उपलताल (माथिल्लो तला) मा बस्च। उसका स्वास्नी, छुराछुरी त्यैं बस्चन्। अर्को छोरो लाउर गा' हो, दश वर्ष भैयो, की (केही) खबर आन्न। यै लाटी छुरी र म मात्रै चम् तो नाति।" उनले दीर्घ निःश्वास लिइन्।

"अनि बूढा नि बोई ?"

"उहिल्यै मरेको बो । लाटी स्यानस्यानी थी; यो घर बनाञु; हट नामररी बस्न बनि (पनि) नपार मरिगो नाति ।"

घरबूढीको कुराले मलाई धेरै कुरा बुझायो । लाटी अगेनोछेउ बसेर बासी आटो खाइरहेकी थिई । उसको अवस्था सम्झेर मलाई घोर पीडा भयो । यी बूढी अशक्त भइन् वा मरिन् भने यस्ती असहाय छोरीको संरक्षण कसले गर्छ ? छुट्टिएर बसेको दाजुले ? उसमा त्यस्तो कर्तव्यबोध भए त आफूलाई जन्म दिने आमा र लाटी बहिनीसँग छुट्टिएर किन बस्थ्यो र ! दश वर्षदेखि विदेशिएको छोरो पनि त्यसरी के हराउँथ्यो र !

घोर गरीबी, घोर दरिद्रता र त्यसैबाट सृजित अति निम्न व्यक्तिवादी चिन्तनका कारण यस्तो भएको हो ।

आमा-छोरी डोको, नाम्लो र कोदालो बोकेर

मकै खन्न, पिँडालु गोड्न भनेर बाहिर निक्लिए। छापामारहरूले पनि उठेर आ-आफ्ना कम्बल पटचाए र झोलामा राखे। जर्किनको पानीले हातमुख धोए; कपाल भिजाए। एउटाले झोलाबाट ऐना र काइँयो झिक्यो। सबैले पालैपालो कोरे; चिसो कपाल लर्काए। यतिखेर बन्दुक कालो चाहिँको हातमा रहेछ। एक छिनको खासखुसपछि शायद पाको चाहिँ कतै जान लाग्यो। मैले फेरि भनेँ, "बाबु ! सम्पर्क कामरेड आए-नआएको खबर ल्याउनुस् है।"

म ओछ्यानको गोडचानतिर बसेँ। गोली बारुद भरिएका, केप फिट गरेका दुइटा बन्दुक भित्तामा ठडचाएर, आफ्ना बन्दोबस्ती झोला कसकास पारेर बोक्न मात्र बाँकी राखेर ती दुई जना ढोकासामुन्ने दलानको खाली भुइँमा बसे।

गोरो छापामारको हातमा सानो नोटबुक रहेछ। उसले केही पढ्न प्रयास गर्न थाल्यो। गीत रहेछ, क्रान्तिकारी गीत। उसले लय हालेर गायो; अर्कोले

छोप्यो । बीचबीचका शब्दहरू पढ्न उसलाई अलि कठिनाइ पऱ्यो । यसैले एक पटक कनीकुथी पढेपछि त्यसलाई लय हालेर गायो अनि दोस्रो लहर कनीकुथी पढेपछि फेरि लय हाल्यो । गाउँगाउँका सामन्तहरूलाई खतम पार्ने भन्ने गीतको सार रहेछ । 'सामन्त' शब्द सुन्दा मलाई मजा लाग्यो । यो शब्दले कम्युनिस्ट चिन्तनलाई कसरी गर्ल्याम्म छोपेको छ !

समय बडो कठिनतापूर्वक घस्रिरहेको छ । प्रत्येक पटक घडी हेर्दा दुई-तीन मिनेटभन्दा बढी बितेकै हुँदैन । कहिले त्यही पुरानो काम्लोमा पल्टने, कहिले उठेर बस्ने गर्न थालेँ ।

मन फेरि उड्न थाल्यो– सम्पर्क कामरेडसँग सम्पर्क भएपछि शायद चाँडै जिम्मेदार कामरेडसँग छलफल होला । ऊसँग भेटघाट र सोधपुछपछि मैले फुर्सद पाउँछु होला । त्यसपछि घरमा, स्कुलमा र लिवाङ सदरमुकाममा तत्काल गर्नुपर्ने कामतर्फ लाग्नेछु । सर्वप्रथमतः अस्तिको एसएलसी परीक्षाका

बिल-भरपाईहरू बुझाई फछ्र्यौट लिनु छ । पैंतीसदिने म्याद दुई दिनपछि समाप्त हुँदै छ । भोलिसम्म यिनीहरूको कब्जाबाट मुक्त हुन पाए पर्सिसम्म लिवाङ पुग्नसकिन्थ्यो कि !

एघार बजेतिर झमझम पानी पर्न थाल्यो । रुझ्दै तिनै धम्मरधूस युवती ठूलो थालभरि आटो र लोटामा तिउन बोकेर आइन् । चौबीस-पच्चीसजतिकी, कपाल बाटेकी उनी माओवादी भन्न सुहाउने नै छिन् ।

मलाई अलि कम आटो हालिएको थाल दिइयो । तर त्यसबाट पनि अलिकति झिक्नुपर्‍यो । लोटामा मार्‍या सागको तिउन रहेछ; झोल तिउन भएकोले आटो अलि खाएँ । तैपनि अलिकति उब्रियो ।

"त्यैं खनाइदिनुस् सर, सुँगुरले खान्च ।"

मैले आँगनअगाडिको सुँगुरको खोरमा आटो फ्याँकिदिएँ । भाँडो माझेँ । ती युवती मसँग बोलिनन् । उनीहरूसँग पनि बिस्तारै कुरा गरिन् । मलाई त

सम्पर्क कामरेडकै चासो छ, यसैले उनलाई सोधेँ ।

उनले मेरो जवाफ दिइनन्, छापामारहरूसित चाहिँ केके भनिन् कुन्नि, एउटाले भन्यो, "आ'नुभा'को चैन रे सर । आउँदै हुनुह'ला ।"

त्यो गोरो छापामारको नाम विकास रहेछ । हँसिला र फरासिला । कालोकालो परेका, सोह्र-सत्र वर्षका अर्का छापामार भट्टराई रहेछन् । पार्टीको नाम । उनी बडो अप्ठ्यारो खालका देखिन्छन् । यी तीनमध्येको पाको चाहिँ थोरै बोल्दो रहेछ । राप्ती नाम गरेका उनी बीचबीचमा कता आउने-जाने गर्छन् ।

विकासले मप्रति सम्मानजनक नै व्यवहार गरिरहेका छन्, 'सर' भन्छन् । भट्टराई भने रिसाहा छन्, सकारात्मक भावना पनि नराख्ने जस्तो ।

पिसाब फेरेर आई म त्यही कुनामा पल्टिएँ । झटापानी बिस्तारै कम हुँदै गयो । ती महिला भाँडाहरू लिएर गइन् ।

भट्टराई च्यादर ओछ्याएर पल्टेका छन् । विकास बन्दुक र ग्रिनेडहरू सहजग्राह्य स्थानमा ठड्याएर बसेका छन् ।

माथिल्लो तलामा कल्याङमल्याङ शुरू भयो । शायद कामबाट आए । दाउरा भँचाइ र हिँडाइको थर्कोले खाना पकाउन लागेको आभास भयो । मलाई बूढी आमा र लाटी बहिनीलाई यस्तो अवस्थामा छोडेर छुट्टिने, छुट्टिएर पनि छुट्टै घर बनाएर बस्न नसक्ने हुतीहारा छोराको अनुहार हेर्न मन लाग्यो ।

अलि बेरपछि, घरबूढी छोरीसहित आइन् । पानीले निथ्रुक्क भएका रहेछन् । डोकामा चिसा दाउरा र पिँडालुका पात, हातहातमा हिलैसितका कोदाला अनि जर्किनभरि पानी । भट्टराईले लाटीलाई शायद केही सङ्केत गऱ्यो, ऊ आफ्नै पाराले हाँस्न थाली । हाँस्दै छन्द न बन्दको चालमा घरभित्र पसी । एक त लाटी, त्यसमा पनि बेस्याहार लुगाहरू, त्यही पनि भिजेर निथ्रुक्क भएका र शायद हिँड्दा सजिलो होस्

भनेर अलि माथि खुम्च्याइएका लुगाहरूले उसको शरीर अरु नाङ्गिएको रहेछ। त्यो अवस्थाले मलाई घोर पीडा दियो। यो बिचरीलाई जुन 'वाद' आए पनि के काम !

"आटो खाऊ ?" चिसा लुगा घरभित्रकै डोरीमा सुकाउँदै र लुगा फेर्दै बूढीले मलाई सोधिन्।

बिहान कुरा भएपछि उनी मसँग बात मार्न इच्छुक देखिएकी छन्। म र मेरो स्थितिबारे उनलाई थाहा होला; म जस्ता अरू पनि उनको घरमा 'बन्दी' भएर बसे होलान्। शायद यसैले मप्रति उनको कुनै अपरिचित भाव छैन। उनको घरभित्र म बसेको लगातार दुई दिन भैसक्यो, तर कुनै शङ्का-उपशङ्कासम्म छैन। पुरानो जमानाकी मान्छे, नयाँ जमाना बुझ्न कठिनै होला।

"खाएँ बोई।" म उनको आत्मीय प्रश्नले खुशी भएँ। बिहान जस्तो घीनघीन लागेन। "पानीले निथ्रुक्कै रुझाएछ नि ?"

"अँ तो, पिनालु खन्न गा'को; पानी आइयो, रुऊइयो ।"

चिसा दाउरा अगेनोमा पुतपुत्याउन थाले । घरभरि धूवाँ भरियो । उकुसमुकुस पार्न थाल्यो । म शिरदेखि पाउसम्म लुङ्गीले छोपिएर सुत्ने प्रयत्न गर्न थालेँ । हिजो त थकाइले सुतियो, भरे राति उपियाँले सुत्न दिनेछैनन् । अहिले निदाउन सके राति कचमचिलो नीद नहोला । तर निद्रा लागेन । अस्थिर मनस्थिति, तल्लो र माथिल्लो तलाको पारिवारिक हल्लाखल्ला तथा बाहिर दलानका छापामारहरूको हाँसो र गुनगुनमा अलमलिइरहेँ ।

दिउँसोतिर अलिअलि घाम लाग्यो । "एक छिन म पनि घाम ताप्छु है?" भन्ने खबर गर्दै म बाहिर निस्केँ । हामी आँगनको डिलमा लहरै बस्यौँ । एउटा मानिसले सुँगुरको खोर मरम्मत गर्दै रहेछ । अहिलेसम्म साबुन-पानी नदेखेको लाहुरे कमिज र त्यस्तै मैलोधैलो प्यान्ट लगाएको, जिङरिङ्ङ कपाल

भएको, रबरका चप्पल लगाएको अन्दाजी चालीस वर्षको त्यो मान्छे नै घरबूढीकै जेठो छोरो रहेछ। ऊ विकाससँग बात मार्दै खोरको ढुङ्गाको छाना मिलाउँदै थियो।

"ठुलडसै (बडादशैँ) मान्न आ'को, डसै औँसी भैन (भएन) केर ह्याँ!" सिगरेटले पहेँलिएका दाँत देखाएर हाँस्दै उसले भन्यो, "मङ्सिर मैना उँध गा'को, चार-पाँच मैना बसेर आइएँ।"

विकासले लाहुरको कुरा फिकेर ऊसँग खूब हाँसोठट्टा गरे। मलाई भने आमाको, लाटी बहिनीको प्रसङ्ग लिएर न्याय, नैतिकता, कर्तव्यपालन आदिका कुरा गरूँगरूँ जस्तो लागेको थियो, तर त्यसको के अर्थ लाग्ने हो भनेर बोलिनँ। सुनी मात्र रहेँ। उसले पनि मेरो उपस्थितिको वास्ता गरेन।

त्यति बेलै माथिबाट, मलाई यहाँ बूढी आमैकहाँ राख्ने मानिस र राप्ती फरे। जिन्सको प्यान्ट र टाटे-पाङ्ग्रे आर्मी ज्याकेट लगाएको, कपाल चिटिक्क

बनाएको, हातमा खासा मेड सानो रेडियो बोकेका राप्तीबाट सैनिक र प्रहरीका आँखाले सजिलै धोका खान सक्छन् । अधिकांश सैनिक, प्रहरी तथा शहरियाहरूमा माओवादी भनेका फोहोरी, बेढङ्गी लुगा लगाएका, मोटाघाटा र पर्वते खालका हुन्छन् भन्ने सोच हुन्छ । आधुनिक, फेसनेबल र शहरी ढाँचाका माओवादीले नै माओवाद चम्काएका छन् भन्नेमा उनीहरूलाई झट्टै विश्वास हुँदैन ।

मेरो चिन्ता र त्यसको निदान त त्यही सम्पर्क कामरेड नै थियो । अतः उनीहरूको परस्पर अभिवादन नसकिँदै मैले प्रश्न गरिहालेँ । राप्तीसँग आएको मान्छेले मलाई बडो घृणापूर्वक, अनिच्छापूर्वक हेऱ्यो अनि तिरस्कारपूर्ण भावले टट-मम गर्दै भन्यो, "आउँडै हुनुह'ला । यो टपैँको थाउँ हैन । ह्याँ हाम्रो आफ्नै बेवस्ठा, नियमकानून हुन्चन् । खबर भा'को ह'ला, आउँडै हुनुहुन्छ ह'ला । कामरेदहरूका ढेरै जिम्मेडारी हुन्चन् । टपैँ आट्टेर हुँडैन । नआट्टिनुह'ला ।"

अब मैले धेरै कुरा बुझ्नुपर्ने भयो। यहाँको नियमकानून, व्यवस्था र आउने व्यक्तिका धेरै जिम्मेदारीहरूभित्र मेरो अस्तित्व फिका छ। तैपनि मैले भनेँ, "हेर्नुस्, मेरा लुगा भन्नु यिनै लुङ्गी र भेस्ट हुन्। मैलिइसके; फेर्ने लुगा, जुत्ता केही छैनन्। मेरा पनि आफ्नो स्कुल सम्बन्धी धेरै जिम्मेदारीहरू छन्। यसैले ...।"

उसले बीचैमा रोक्यो, "सम्पर्क कामरेद नआई क्यै बनि हुँदैन। कामरेद आए'सि जेजे कुरा राख्नुपर्ने हो, ह्वाँसँगै राख्नुह'ला। ह्वाँको आडेश नभै क्यै बनि हुँदैन।"

उसले यति भनेपछि मेरो कुराको मेसै सकियो।

राप्तीको हातको रेडियो विकासले लिए। रेडियो नेपाल बजिरहेको छ। मलाई अब रेडियोको तलतल लाग्यो; मागूँमागूँ जस्तो लाग्यो। घडीले तीन बजाउन लागेछ; समाचार आउने समय हुन थालेछ। मेरो बारेमा केही भन्छ कि भन्ने उत्सुकता जाग्यो। तर रेडियो सुन्न पाउने अधिकार छ कि छैन भन्ने प्रश्न

मनमा उठ्यो । म बाहिर बसिरहेको देखेर पनि त्यो मान्छेका आँखामा भाव परिवर्तन भइरहेको मैले अनुमान गरेँ । सोचेँ– यहाँ बसेर उसको मानसिक तनाव र मप्रतिको धारणा अरू खराब बनाइदिनु तथा आफ्नै मानसिक तनाव बढाउनुभन्दा जाती त आफ्नै कुनामा कोचिनु हुनेछ ।

म भित्र पसेँ र रेडियोको आवाज सकेसम्म सुनिन सक्ने ठाउँमा बसेँ । एक त सानो रेडियो, त्यसमा पनि दिउँसोको समयमा त्यसको स्वाँस्वाँ, अऊ ऊन् म एकापट्टिको कान बिलकुलै नसुन्ने मान्छे; खूब ध्यान लगाउँदा पनि केही बुझिनँ । समाचारप्रति उनीहरूको ध्यानै छैन, आफ्नै कुरा चर्काइरहेका छन् । घरबूढीको छोरोले शायद लाहुरको कमाइको हिसाब तथा आफूलाई तिर्न लगाइएको रकमबारे ती आगन्तुकलाई जानकारी गराइरहेको छ । ती दुई जना पैसाकै कुरामा कचकच गरिरहेका छन् ।

दलानतिर मात्र ढोका भएको त्यो घरभित्र फेरि म मात्र भएँ। आमा-छोरी डोको, कोदालो र जर्किन बोकेर कतै लागे। मेरो ध्यान रेडियोमै रह्यो। रेडियोसम्म भएको भए पनि यो घोर टेन्सनको बेला कति साथी हुन्थ्यो! शायद मेरो अपहरणबारे रेडियो नेपालले केही भन्यो कि! तर के बोल्थ्यो रेडियो नेपाल! सरकारी रेडियोले जनताका दुःखसुख, पक्ष-विपक्षमा कहिले पो बोल्ने गरेको छ र मैले आफूबारे आश गर्नु! सधैँ हैसियत खोज्ने रेडियो नेपालको लागि मेरो के हैसियत होला र! अरू केके घटना भइसके होलान् विश्वमा!

साँझ विकासलाई भनेँ, "बाबु, यहाँ त असाध्यै उपियाँ रहेछन्, सुत्नै सकिनँ। भरे उपियाँ नभएको ठाउँमा सरौँ न।"

"अरू ठाउँमा जान पाइन्न सर। उपल्लो तलामा अलि कम चन् कि, त्यैँ सुतौँला। म सोधेर आउँचु।"

अलि बेरपछि उनी माथिबाट झरे। मेरो ओछ्यान माथि सारियो। त्यहाँ पनि त्यस्तै रहेछ– अन्न राख्ने ठुइलाहरू, दाउरा, पर कुनामा दुइटा टिनका बाक्सा, बीचमा अगेनो। तल्लोपट्टि एउटा ढोका रहेछ। सामुन्ने अगाडिको ढोका कच्ची बार्दलीमा जोडिएको छ। बार्दली र कान्लाबीच एउटा फल्याक राखिएको छ, बाहिरफेर निस्कनलाई।

ढोकाको कुनामा जाँतोको सिरानी जस्तै बनाएर मेरो ओछ्यान लगाइयो। म बसेँ। तीनै जना छापामारहरू पनि माथि सरे। मेरो मुन्तिर भित्र-बाहिर गर्ने बाटो राखेर बस्ने-सुत्ने ठाउँ बनाए।

तल्लो तलामा बस्ने आमाको संसार छुट्टै, माथिल्लो तलामा बस्ने छोराको संसार छुट्टै। शायद उसकी स्वास्नी दोजिया छे। पन्ध्र र छ वर्षजतिका दुई छोरी तथा दश र दुई वर्षजतिका दुई छोरा रहेछन्।

घरबूढीको छोराको परिवारले साँझ सिस्नुको

तिउनसँग आटो खायो। हामीले पनि साबिकै अनुसारको खाना खायौँ।

साँझ अलि ढल्केपछि प्रेम विष्ट र रेगबहादुर विष्ट नामका मेरा पुराना विद्यार्थी आए। २०५८ सालसम्म हाम्रै स्कुलमा नौ कक्षामा पढ्दै रहेका तथा 'अखिल क्रान्तिकारी' मा लागेका उनीहरू एक जना आफन्तको हत्याको आरोपमा माओवादीको कारबाही भोग्दै रहेछन्। उनीहरू यहाँ सुत्न आउनु वा पठाइनुको कारण के हो? मलाई मानसिक दबाव दिन? या, हामी कुनै पनि अपराधीलाई छोड्दैनौँ भन्ने सन्देश दिन?

जे होस्, परिचितसँग भेट हुँदा खुशी लाग्यो। घर-परिवार र विद्यालयबारे मीठा कुरा भए।

राति तल्लो तलामा जस्तो जीउ चिलाएन। दश जना शिकार भएकोले उपियाँहरू शायद बाँडिए!

४

२०५८ जेठ १, बुधबार

घर-परिवारको खचपचले निद्रा खुल्यो। यसो टाउको उठाएर हेरेँ– कोही सुतेकै छन्, कोही उठेर बसेका छन्। मेरो पो के काम छ र ! फेरि टाउकोसमेत छोपेर सुतेँ। तर तत्काल निद्रा आएन। अपहरणको चार दिन भैसक्यो, घर तथा बाहिर कस्तो प्रतिक्रिया भइरहेको होला भन्ने चिन्तना र पीडामा निकै बेरसम्म रुमलिइरहेँ।

म उठ्दा मेरा पूर्वविद्यार्थीहरू थिएनन्। भट्टराई बन्दुक समातेर ढोकैमा बसेका रहेछन्। राप्ती र विकास चाहिँ उठेकै थिएनन्। सिल्पटे लोटामा पानी मागेँ। भट्टराईले शौचको लागि हिजोकै ठाउँमा लिएर गए। आज थाहा पाएँ, हामी बसेको घरबाट यो ठाउँ छचाङ्गै देखिँदो रहेछ।

दाँत नमाऱ्हेको तीन दिन भैसकेको थियो । मुख ह्वासह्वासी भइरहेको थियो । तीतेपातीको डाँठ भाँचेर दाँतमा रगडेँ । जर्किनको पानीले हातमुख धोएँ । राप्ती र विकास उठे अनि मलाई हिजोकै कुनामा सारे । मलाई तल्लो तलाभन्दा माथिल्लो तला नै राम्रो लागेको थियो । माथि भए आमा-छोरीको दयनीय अवस्थालाई नियालिरहनु त पर्दैनथ्यो । तर उनीहरूले "भरे सुत्ने बेलामा फेरि माथि जाम्ला नि" भन्दै तलै झारे । मैले प्रतिकार गर्न वा अवज्ञा गर्न मिल्दैनथ्यो । चुप लागेर कुनामा बसेँ । फेरि चियाको सम्झना आयो । चियासँगै कफीको कल्पना गाँसिएर आयो । हरेक साँझ सुत्ने बेला एक कप कफी खान मलाई बडो आनन्द लाग्थ्यो । तर यहाँ ...

बाहिर छ्याङ्ग घाम लाग्यो, न्यानो घाम । हिजो दिनभरिजसो बदली र वर्षात भइरहनाले चिसो लागेको थियो ।

राप्ती रेडियो स्वाँस्वाँ पार्दै कता लागे । हातमुख धोएर कपाल लर्काउँदै गरेका विकाससँग ऐना मागेँ । ऱ्यासऱ्यास्ती दाह्री, सेतै कपाल, भित्र पसेका आँखा, अरु कालो हुँदै गएको छालाको रङ्ग ! भेस्ट उस्तै फोहोर ! दिक्क भएँ । धेरै बेरसम्म ऐना हेर्न सकिनँ र फर्काएँ । मुख छोपेर ओछ्यानमा पल्टेँ, अस्तव्यस्त मन थाम्न र भगवान्को स्मरण गर्न ।

निकै बेरपछि बर्को पन्छाएर ढोकाबाट हेरेँ, घाम टाठै थियो । विकास र भट्टराई आँगनको डिलमा बसेर बाघचाल खेलिरहेका रहेछन् । यसैले एक छिन घाम ताप्ने निहुँले बाहिर निस्केँ । पारि त्यही ठूलो रूख र त्यसैको हाँगामा झुन्डिएको त्यही पुतला स्पष्ट देखियो । विरोधीलाई यस्तै बनाउँछौँ भनेर मनोवैज्ञानिक असर पार्न, तर्साउन, धम्क्याउन तथा आफ्ना कार्यकर्ता, समर्थकहरूको वाहवाही प्राप्त गर्न नक्कली मान्छे झुन्ड्याएका होलान् ।

विकास र भट्टराई बन्दुक सहज स्थितिमा राखेर तथा सकेट बम कम्मरमै झुन्ड्याएर खेल्नमा मग्न

थिए। उनीहरूको खेल सकिएपछि विकासले "खेल्नुहुन्च र सर ?" भनी सोधे। एकाएक मनमा आयो– खेल्नुपर्‍यो; जितेँ भने सम्पर्कसँग आजै भेट हुन्छ, हारेँ भने हुँदैन।

म तम्सिएँ। उनी बाघको चाल चल्न थाले। मैले बाख्रा लिएँ। पाँच-सात मिनेटमै मैले उनका बाघजति थुनिदिएँ। म अब बाघ लिएर खेल्न थालेँ, तर यस पटक जित्न सकिनँ। तेस्रो पटक बाख्रा लिएर खेल्दा फेरि जितेँ। मलाई पूर्वानुमान भयो, सम्पर्कसँग सम्पर्क हुन्छ।

फेरि उनीहरू दुई जना खेल्न थाले।

सम्पर्क कस्ता होलान् ? के सोध्लान् ? मैले के जवाफ दिउँला ? उनीसँग सम्पर्क भए आजै वा भोलिसम्म जिम्मेदार कामरेडसँग भेट होला। त्यसो भए शायद भोलि साँझसम्म कब्जाबाट छुटेर घर पुगिएला। माओवादी कब्जामा परेका कतिपय मानिस पाँच-सात दिनपछि मुक्त भएका छन्। मेरो पनि

त्यस्तै भाग्य होला कि !

यस्तै सोच्दै थिएँ, घाम चर्को भएर आयो । भित्र पसेँ ।

तिनै युवती साढे एघार बजेतिर खाना लिएर आइन् । मकैको ढिँडो र लिउरोको साग । त्यसै त म कम खाने मान्छे, त्यसमाथि ढिँडो (आटो) र साग भनेपछि छुँदै नछुने । तर 'जनताले दिएको' वस्तुमा नाकनिक गरेर हुँदैन । मलाई भोकै मर्नु पनि छैन ।

ती युवती भाँडाकुँडा लिएर फर्किन् । चुपचाप आफ्नै कुनोमा पल्टिरहेँ । अनगिन्ती विचारहरू आइरहे ।

दिउँसो दुई बजेतिर म बाहिर निस्केर घाममा बसिरहेको थिएँ । राप्तीसमेत तीनै जना छापामार र शुरूमा मलाई यहाँ ल्याउने व्यक्ति पनि बाहिरै थिए । एकाएक पारि त्यही रूखमुन्तिर पाँच-सात मान्छे देखिए । यताका राप्तीहरू केही सतर्क भए । तिनीहरू अस्ति हामी फरेको बाटो नभई अर्कै बाटो

तल झरे र हाम्रो नजिक आउँदै गरे। मैले नियालें– अगाडि कामरेड शक्तिमान, उनको पछि तारा, अर्को उनीसँग अस्ति आएको व्यक्ति, फगाम गाउँको जनसमिति प्रमुख, गजुल गाविसको हाम्रै वडाको जनसमिति सदस्य बिजुली। एउटा पाको मान्छे र चौध-पन्ध्र वर्षको केटो पनि त्यो समूहमा थिए। शक्तिमानलाई देखेपछि म खुशी भएँ। उनी मसँग राम्ररी परिचित छु। उनी गजुलको हाम्रो विद्यालयमा २०४० सालदेखि २०४८ सालसम्म शिक्षक थिए। २०५२ साल फागुन १ मा 'जनयुद्ध' घोषणा भएलगत्तै उनी भूमिगत भएका हुन्। उनी भूमिगत हुनुको पछाडि राजनीतिक प्रतिशोधका कारण सृजित झूटा मुद्दाहरू पनि जिम्मेदार थिए। त्यसपछि एक पटकबाहेक उनीसँग मेरो भेट भएको थिएन। यो अवधिमा उनी जिल्लास्तरको कमिटीमा गइसकेका छन् भन्ने सुनिन्थ्यो। उनी माओवादीले ठाउँठाउँ सञ्चालन गर्ने 'शिक्षकहरूको लागि प्रशिक्षण गोष्ठीहरू'

मा प्रशिक्षक हुन्थे रे र आफू जिल्लाको शिक्षा प्रमुख भएको जानकारी दिन्थे रे ।

कामरेड शक्तिमान र मबीच नमस्कार आदान-प्रदान भयो । हात मिलायौँ ।

"अहो सर ! धेरै पछि भेट भयो, हगि ?" उनले भने, "पोहोर तपाईंकै घरमा भेटिएका हौँ, हैन ?"

उनी गम्भीर देखिए; गफगाफ धेरै नगर्ने मनस्थितिमा भएझैँ । कालो सर्ट, कालो प्यान्ट र काँधमा हल्का झोला झुन्डयाएका उनी मसँग हाँस्न पनि गाह्रो मानिरहेको अनुभव गरेँ । म अहिले उनीहरूको पार्टीको कैदी भएकोले हो कि ! जेसुकै होस्, सम्पर्क वा जिम्मेदार कामरेड पक्कै यिनै हुन्, आजै फुर्सद पाउँछु भन्ने आशा र आकाङ्क्षा मभित्र अङ्कुराउन थाले ।

उनको उपस्थितिमा सबै मौन र सतर्क भए । तारा पनि गहुँको नलको गुन्द्री ल्याएर आँगनमा ओछ्याई छेउमा उभिए ।

“आउनुस्, बस्नुस् ।” शक्तिमानले गुन्द्रीमा आफू बस्दै भने । म छेउमा बसेँ । मेरो छेउमा तारा बसे र झोलाबाट ह्वाइट पेपर, डटपेन झिकेर लेख्न तयार भए । अरूहरू आँगनको डिलमा हाम्रो सामुन्ने बसे ।

“नारायणजी !”

शक्तिमान पहिलेपहिले मलाई ‘सर’ अथवा ‘हेडसर’ भन्थे । आज नामै किटेको सुन्दा लाग्यो– म पुरानो साथी होइन, माओवादी कामरेडको अगाडि छु; उनी पनि पुरानो हेडसरसँग होइन, आफ्नो पार्टीको बन्दीसँग वार्ता गर्दै छन् । मेरा आशा र आकाङ्क्षाहरू तत्काल भत्किए । विचार गरेँ– अब मैले हृदयले स्वीकार गरेको सत्य र तथ्य बोल्नुपर्छ, भलै मर्न किन नपरोस् ।

“म तपाईंसँग सम्पर्क गर्न पार्टीबाट खटिएर आएको छु । अब तपाईंको बयान शुरू हुन्छ । तपाईं हाम्रो पार्टीको गिरफ्तारीमा परेको जानकारी

हामीले अस्ति नै पाएका थियौँ। तर म निकै टाढा थिएँ, आउनै दुई दिन लाग्यो।" यति भनेर शक्तिमानले तारातिर हेरेर सोधे, "ठीक भयो?" ताराले स्वीकृतिसूचक टाउको हल्लाएपछि शक्तिमान मतिर सोझिए।

"तपाईं नारायण सुवेदी हो?"

"हजुर, हो।"

"तपाईं हाम्रो पार्टीको गिरफ्तारीमा कहिले पर्नुभएको हो?"

"२०५८ साल वैशाख २८ गते आइतबार, साँझ साढे सात बजेतिर।"

"तपाईंलाई गिरफ्तारीको जानकारी कसले दियो? कहाँबाट पाउनुभयो?"

"ताराबाट।"

"त्यसअघि कहाँ हुनुहुन्थ्यो?"

"म २०५८ साल वैशाख ३ गते नेपालगन्ज गएको थिएँ। ८ गतेसम्म रेडक्रस सोसाइटीको क्षेत्रीय गोष्ठी थियो। त्यसपछि तपाईंहरूको पार्टीले

गरेको पाँचदिने बन्दका कारण तत्काल फर्कन सकिएन । त्यसैले म र भिनाजु चिन्तामणि बर्दियाको गुलरिया गयौँ । भान्जा विष्णुको बिहे गर्नु थियो, त्यही काममा अलमलियौँ । २६ गते बल्ल नेपालगन्जमा बिहेको काम सकियो । २७ गते भालुवाङ आयौँ । २८ गते घर आइपुगेँ । २९ गते तपाईंहरूले अपहरण गरिहाल्नुभयो ।"

"तपाईं आफू बन्दी छु भन्ने कहिले थाहा पाउनुभयो ?"

"दोस्रो दिन बिहान आठ-नौ बजेतिर मात्रै थाहा पाएँ ।"

"तपाईं किन बन्दी बनाइनुभयो, थाहा छ ?"

"खै के थाहा ! म माओवादीको लेभी तिर्दिनँ, मलाई यो पार्टीको हत्या-हिंसाको नीति मन पर्दैन । मैले पोहोर चैत २९ गते लिवाङमा माओवादीविरुद्ध भाषण गरेको थिएँ । त्यही भएर त होला ।"

"गुम्चालको मानसिंह रोकालाई चिन्नुहुन्छ ?"

"गुम्चालका पहिलेका हेडमास्टर ? चिन्छु ।"

"उसलाई पार्टीले सफाया गरिसक्यो । किन सफाया भयो, थाहा छ ?"

"खै, के थाहा ! नेपालगन्ज जाने दिन मैले सुलीचौरमा सुनेको थिएँ, माओवादीले मानसिंहलाई खुकुरीले काटेर मारे भन्ने ।"

"पाटे गुम्चालमा सेनाले हाम्रा साथीहरू र धेरै जनता मारेको पनि त सुन्नुभयो होला । अँ, ऊसित तपाईंको कस्तो सम्बन्ध थियो ?"

"मानसिंह र मैले छ-सात कक्षा एउटै स्कुलमा पढेका हौँ । म फर्स्ट हुन्थेँ, उनी सेकेन्ड । यसैले उनी मलाई त्यही बेलादेखि मन पराउँदैनथे । आठ कक्षामा पढ्न उनी लिवाङ गए; त्यताबाट भागेर इन्डिया गए । उतैबाट बीए पास गरेर आएपछि उनी गुम्चाल निमाविको प्रधानाध्यापक भएका थिए । यसरी पेशागत हिसाबले हामी एकै हौँ । उनी पनि मझैँ शिक्षक सङ्घमा आबद्ध थिए । तर उनले मलाई

कहिल्यै सकारात्मक दृष्टिकोणले हेरेको जस्तो लाग्दैन । म शिक्षक सङ्घको अध्यक्ष भएको पनि उनलाई मन परेको थिएन ।"

"पछिल्लो पटक कहिले कहाँ तपाईं र मानसिंहको भेट भएको थियो ?"

"२०५७ सालमा शिक्षक सङ्घको जिल्ला अधिवेशनपछि म र उनीबीच गएको चैत २५-२६ गतेतिर लिवाङमा भेट भएको थियो । उनको छोरा एसएलसी दिँदै रहेछ, उसैसँग लिवाङमा रहेछन् ।"

यी प्रश्नहरूको उत्तर दिँदा म शक्तिमान र मानसिंहको विगत सम्झिरहेको थिएँ । दुवैका गाउँ एउटै लेकको पाखामा वर्तिर-पर्तिर पर्छन् । दुवै भारतबाट बीए पास, दुवै आ-आफ्नो गाउँका निमाविका प्रधानाध्यापक । तर दुवैले एकअर्कालाई मन पराउँदैनथे । शायद दुवैमा तीव्र अहंवादी टक्कर थियो । शक्तिमान माविस्तरमा गएपछि मानसिंहको डाह अरू बढ्यो । बहुदलपछि शक्तिमान जनमोर्चामा

गए; मानसिंह तत्कालै नेपाली काङ्ग्रेसमा लागे। यसले दुवैबीच वैमनस्य अरू बढायो। शक्तिमान बोल्न, सङ्गठन गर्न, तर्क-वितर्क गर्न र लडभिड गर्न मानसिंहभन्दा तगडा थिए। मानसिंह अगाडि कसैको विरोध गर्न सक्दैनथे, पिठ्यूँपछाडि कसैलाई गन्दैनथे। दुवै एकअर्काबारे पूर्ण जानकार थिए। शक्तिमानले मानसिंहबारे किन सोधेका होलान् भनेर म आश्चर्य मानिरहेको थिएँ।

"तिलक परियार भन्ने शिक्षकलाई चिन्नुहुन्छ?"

"तिलक केसी? हाम्रो सङ्घको पुरानो अध्यक्ष?"

"होइन, लिवाङको तिलक परियार। केही दिनपहिले त्यसलाई पनि हाम्रो पार्टीले रेउघामा सफाया गरेको थियो।"

"ए अँ, सुनेको थिएँ। तिलक परियार पनि हाम्रै शिक्षक सङ्घका सदस्य थिए; तर व्यक्तिगत रूपमा म उनलाई चिन्दिनँ। सामूहिक बैठक वा भेलामा देखेको भए बेग्लै कुरा!"

“तपाईंले हाम्रो पार्टीको विरुद्ध किन भाषण गर्नुभयो ?”

“हेर्नुस्, पहिले नै भनिसकेँ, मलाई हिंसा, हत्या र आतङ्कको राजनीति मन पर्दैन । त्यस्तै देखेर २०४८ सालमा मैले चित्त नबुझेर संयुक्त जनमोर्चा छोडेको थिएँ । यसै कारणले मैले भाषण गरेको हुँ । भाषण गर्ने म मात्र थिइनँ, कुलानन्द गिरी सरसहित अन्य पनि थिए । अर्को कुरा, हामीलाई भाषण गर्नुपर्छ भनेर प्रमुख जिल्ला अधिकारी (सीडीओ) को कार्यालयबाट चिठी आएको थियो । प्रशासकले पनि भनेपछि मैले माओवादीको विरोधमा बोलेको थिएँ ।”

“सीडीओले भनेपछि बोल्नैपर्छ ? हाम्रो पार्टीको नीतिनियम नबुझेर त्यसै असत्य भाषण गर्नु हुन्छ ?” उनी अलि रिसाए ।

“यहाँ तपाईंहरूले जे भन्नुहुन्छ म त्यही गर्न बाध्य भए जस्तै सेना, प्रहरी र प्रशासनको अगाडि पनि हाम्रो केही लाग्दैन ।”

"पुलिस र सेनाले गलत कुरा भन्न पठाए पनि भन्नुहुन्छ ?"

"हेर्नुस् सर। बन्दुकको अगाडि कसैको केही लाग्दैन। अर्को कुरा, मलाई माओवादीको आतङ्क, हत्या, हिंसा पटक्कै मन पर्दैन। यसैले भाषण गरेँ।"

मेरो जवाफले उनी आवेशमा आएको अघि नै अनुमान गरेको थिएँ; तर म निर्भीक भएर बोल्दै रहेँ। नबिराउनु नडराउनु! हृदयले खामेको सही र सत्य कुरा बोल्दा मारिएँ भने पनि कम्तीमा आत्मालाई सन्तोष त होला भन्ने लागिरह्यो।

"कुलानन्दले के भने नि ?"

"उनले पनि विरोधै गरे। त्यस दिन भाषण गर्ने वीणा मल्ल, लिवाङका हरिप्रसाद आचार्य, सल्यानका सांसद प्रकाश ज्वाला सबैले विरोधै गरे। तर मेरो भाषण चर्को थियो भन्ने कुरा मान्दछु। कुलानन्दले पनि तत्कालै बढी चर्को भयो भनेका थिए।"

"हेर्नुस् नारायणजी, तपाईंहरू निम्न पूँजीवादी चिन्तनले ग्रस्त अवसरवादी प्रवृत्तिका मान्छे हुनुहुन्छ। जता बलियो उतै ढलियो ! शक्तिको अगाडि झुक्ने, तर औसर आएको बेलामा घोर क्रान्तिकारी बन्ने र आफ्नै स्वार्थसिद्धिको पछि लाग्ने ! तपाईंहरूको यो वर्गीय स्वभाव हामीलाई थाहै छ। आफूलाई रोल्पा जिल्लाकै तथाकथित बुद्धिजीवी ठान्ने, बुर्जुवावादी शिक्षाको डिग्रीधारी तपाईं, कुलानन्दहरू भनेका हिलो माटो हुनुहुन्छ। हिलो माटो भनेको गिलो माटो। गिलो माटोले जग बनाउन सकिन्न; गारो लगायो भने पनि गारो नै ढल्छ।"

उनले वर्गीय विश्लेषण गर्दै लामो भाषण छाँटे। मैले चुपचाप सुन्दै गएँ। अन्त्यमा उनले भने, "तपाईंहरू मृत्युदेखि डराउनुहुन्छ र जता बाँच्न पाइन्छ भन्ने देख्नुहुन्छ, त्यतैतिर लुसुक्क छिर्नुहुन्छ। औसरवादी प्रवृत्ति ... !"

मलाई चित्त बुझेन र बीचैमा बोलिहालेँ, "हैन

सर, मान्छे होस् वा अन्य कुनै पनि प्राणी, जीवन सबैको लागि सबभन्दा महत्त्वपूर्ण कुरा हो। तपाईंहरू भूमिगत बस्नुको उद्देश्य जीवन रक्षा नै त हो नि ! मरेपछि जे व्यवस्था आए पनि के मतलब ?"

उनी फेरि आवेशमा आए। "हामीहरू जनताको मुक्तिको लागि बाँच्छौँ, बुझ्नुभो नारायणजी ? हामी तपाईंहरू जस्तो आफ्नै स्वार्थको लागि मात्र बाँच्दैनौँ। हामी संसारलाई परिवर्तन गर्ने लक्ष्य लिएर युद्ध क्षेत्रमा डटेका छौँ। तर समग्र राष्ट्र र आम जनताको मुक्ति र पूर्ण प्रजातन्त्र प्राप्तिको लागि बाँच्छौँ। हामी मर्दैनौँ; हामीले मृत्युलाई जितिसकेका छौँ। हामी लड्दालड्दै शहादत प्राप्त गर्छौँ; तपाईंहरू कुकुर मरे जस्तो मर्नुहुन्छ। हाम्रो मृत्यु मृत्यु होइन, शहादत हो। तपाईंहरूको मनमा हरघडी मौतको डर हुन्छ; जीवनमा ठक्कर खाँदै हजारौँ पटक कुत्ताको मौत मर्नुहुन्छ। यो प्रतिक्रियावादी शासन-सत्ताका ताबेदारहरूको मृत्यु हुन्छ। तर हामीहरू

शहीद बन्छौँ । हाम्रो मृत्यु सगरमाथाभन्दा उचो र गह्रौँ हुन्छ, बुझ्नुभो ?"

मैले निकै बेर यी र यस्तै कुराहरू सुनिरहँ । हामी कथित निम्न पूँजीजीवी वर्गका मानिसहरूको चिन्तन यस्तै हुँदो होला । तर यस्तो भाषण दिने र यस्तो वर्ग विश्लेषण गर्दै नेतृत्व गर्ने नेताहरू आफूलाई सर्वहारा भन्छन्, तर वास्तविक रूपमा उनीहरू जन्मे-हुर्के-बढेको वर्ग कुन चाहिँ रहेछ, भ्रम मात्र दिने यो कुन वर्ग रहेछ भन्ने सोच्दै रहँ ।

"लिवाङका नेताहरू को कस्ता लाग्छन्? उनीहरूको बारेमा तपाईंको के राय छ ?"

"को नेताहरू भन्नुभएको?" म प्रश्नले अलमलिएँ ।

"काङ्ग्रेस, एमाले, माले, राप्रपाका नेताहरू छन् नि !"

"यो विषयमा मेरो व्यक्तिगत राय मात्र भन्न सक्छु, यो औपचारिक वा सार्वजनिक राय होइन ... ।"

उनी बीचैमा बोले, "व्यक्तिगत नै हो । तपाईंको

सोच अनुसार भन्नुस् । जस्तै : काङ्ग्रेसका सुरेन्द्र हमाल, एमालेका कुमार दशौदि, राप्रपाका दलवीर आदि ।"

मैले प्रत्येकको बारेमा व्यक्तिगत तर भरसक निष्पक्ष दृष्टिकोण राखेँ । भन्दाभन्दै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का दलवीरको नाम छुटेछ । उनले दोहोऱ्याएर सोधे; मैले प्रस्ट पारेँ ।

"तपाईंहरूको सङ्घको भूतपूर्व अध्यक्ष तिलक केसीको बारेमा नि ?" मैले उहाँबारे बिनाकुनै पूर्वाग्रह आफ्नो राय दिएँ ।

निकै लामो सोधपुछ भयो । म मानसिक रूपले थाकेँ । केही समय मौनता छायो । शायद बयान लिपिबद्ध गर्ने काम भइरहेको थियो ।

लामो मौनतापछि उनले भने, "तपाईंको विरुद्ध गम्भीर प्रकृतिका आरोपहरू छन् । पार्टीले छानबीन गर्दै छ । ती आरोप प्रमाणित भए तपाईंले मृत्युदण्ड पनि पाउन सक्नुहुन्छ । मैले तपाईंको गिरफ्तारीको खबर अस्ति मात्र पाएँ र लगातार दुई दिनदेखि

हिँडेर हतार-हतार आइपुगेको हुँ। यो तपाईंको सम्पर्क हो। पछि तपाईंको बयान लिइनेछ, अनुसन्धान हुनेछ। तपाईंलाई हाम्रा कामरेडहरूले सुरक्षा घेरामा राखेका छन्। भाग्ने कोशिश नगर्नुहोला; उनीहरूले बन्दुक हान्नेछन्, ग्रिनेड प्रहार गर्नेछन्। भोलि अनुसन्धानपछि तपाईं अपराधमुक्त भई रिहा पनि हुन सक्नुहुनेछ, भाग्दा बेकारमा ज्यान जान सक्छ ...।"

"मैले ज्यानै सजाय हुने कुनै अपराध गरेको छैन, गल्ती गरेको छैन। यसैले म भाग्दिनँ।"

"ठीक छ। अनुसन्धानको काम लामो हुन सक्छ। यसैले तपाईंलाई केके चाहिन्छ, चिठी लेखेर घरबाट मगाउन सक्नुहुन्छ।"

"म यही लुङ्गी, यही भेस्ट र चप्पल लगाएको अवस्थामा यहाँ ल्याइएको हुँ। अर्को लुगा छैन; मैले लुगा मगाउनुपर्‍यो। अनुसन्धान कति चल्ला? छिटै हुने भए यसैले काम चल्छ।"

"यो अनुसन्धानको प्रक्रिया हो, न्यायिक कारबाही

हो, तपाईंहरूको अदालत जस्तै। लामै समय लाग्न सक्छ।"

तत्काल मलाई लाग्यो– सम्पर्क भने पनि जिम्मेदार भने पनि, सोधपुछ भने पनि यही होला। यसैले बढीमा बढी पन्ध्र दिन बस्नुपर्ला, बढी लुगा किन मगाउने? यसैले मैले भनें, "कमिज एउटा, ट्र्याकसुट, एउटा बर्को, जुत्ता, दाह्री फाल्ने सामान भए पुग्छ।"

"अरू केही?"

"अँ, मलाई रेडियो सुन्नुपर्छ। अनि चस्मा।"

"चस्मा हुन्छ। अँ, रेडियो चाहिँ ...।"

बोली नसक्दै शक्तिमान र ताराले आपसमा निकै बेर हेराहेर गरे। निकै बेरपछि "हुन्छ, मगाउनुस्" भने।

"मलाई बरु खाना नभए चल्छ, चिया चाहिँ नभई हुँदैन। चियाको व्यवस्था ...।"

"हेर्नुस् नारायणजी! जनताले हामीलाई जे खान दिन्छ, हामी जे खान्छौं, त्यही तपाईंलाई ख्वाउँछौं। तर चिया भने पार्टीले खुवाउँदैन। तपाईंले

पैसा मगाउन सक्नुहुन्छ र पार्टीले तपाईंको पैसाले चियाको व्यवस्था गरिदिन सक्छ ।"

"त्यसो भए पैसा मगाउँछु । पाँच सय रुपैयाँ ।"

"ठीक छ, लौ तपाईंले घरमा चिठी पठाउन पाउनुहुनेछ । यी सामान तपाईंकहाँ आइपुग्नेछन् । तपाईंहरूको प्रतिक्रियावादी सरकारको जस्तो हाम्रो स्थायी जेल छैन; मोबाइल जेल हुन्छ; तपाईंलाई त्यही मोबाइल जेलमा बन्दी बनाएर राखिनेछ । हाम्रा कामरेडहरूले तपाईंलाई मुभ गराइरहनेछन् । मोबाइल इम्प्रिजनमेन्ट ।"

यति भनेर उनी पहिलो चोटि हाँसे । म जेलमा थुनिन पुगेँ भनेर हो कि मोबाइल जेलको कुरा सम्झेर हो !

"तपाईं केके खानुहुन्छ ? केके खानुहुन्न ? हाम्रो पार्टीले नखानेलाई जोरजबरजस्ती गर्दैन ।"

"म खसी र कुखुराको मासु खान्छु; अरूको

खान्नँ । जाँडरक्सी केही खान्नँ । खाना त सबै खान्छु ।"

"जनताले दिएको खाने हो, त्यसैले जे हामी खान्छौँ, त्यही तपाईंले पाउनुहुनेछ । लौ, केही खबर गर्नुपरेमा तपाईंसँगै रहने हाम्रा साथीहरूसँग भन्नुहोला । तर भाग्ने कोशिश नगर्नुहोला । तपाईंले बडो आत्मविश्वासपूर्वक जवाफ दिनुभयो । त्यसले तपाईं अपराधी नै होइन कि भन्ने आभास दिएको छ । अनुसन्धानमा सफाइ पाए तपाईं रिहा हुन सक्नुहुन्छ ।" उनले तारा भएतिर औँल्याउँदै भने, "त्यो बयानमा सही गर्नुस् त ।"

ताराले बयान लेखिएको ह्वाइट पेपर मलाई दिएर "पढ्नुस्" भने । मैले "म सत्यमा विश्वास गर्ने मान्छे, मैले जे भनेको छु, तपाईंले त्यही त लेख्नुभएको होला, किन पढ्नुपर्‍यो र !" भन्दै कलम लिएर सही गरिदिएँ ।

त्यसपछि ताराले मलाई एक पाना ह्वाइट पेपर र एउटा डटपेन दिँदै चिठी लेखी सामान मगाउन भने । मलाई चिठी सेन्सर हुन्छ र आफूले चाहेजति लेख्न सक्तिनँ भन्ने थाहा थियो, तैपनि जिउँदै छु

भन्ने जानकारीसम्म होस् भनेर लेख्न थालेँ :

प्रिय कमला,

आजका मितिसम्म म सन्चै छु। मेरो कुनै चिन्ता नलिए। आमालाई पनि चिन्ता नलिनू भने। लिवाडमा छोरीहरूलाई पनि नआत्तिने, चिन्ता नगर्ने भने। म माओवादी पार्टीको बन्दी भएको छु। यसैले मलाई निम्नलिखित सामानहरू पठाइदिए–

१. ऊनी कमेज, २. ट्र्याक, ज्याकेट र ट्राउजर, ३. जुत्ता, ४. चस्मा, ५. दाह्री फाल्ने सेट, ६. सानो रेडियो र एक जोर साना ब्याट्री, ७. ऊनी बर्को र रु. ५००/-

अरू सबै ठीकै छ। मेरो चिन्ता नगर्नू।

मिति : ०५८/२/१

भवदीय

नारायण सुवेदी

मैले चिठी लेखिरहँदा बाबुलाल पुन, तारा तथा अन्य दुई जनाले एकान्त गरिरहे। मैले लेखिसकेर दिएँ। उनीहरूले चिठी पढे अनि "ठीक छ; तर मिति २ गतेको राख्नुस्" भने। मैले सच्याएर दिएपछि पटचाएर स्टिच लगाए। त्यत्तिकैमा फगाम गाजस प्रमुखले एउटा प्लास्टिकको थैलो मलाई देखाएर "लौ सर, तपाईंको सामान आएको छ" भन्यो। मैले नपाउँदै उनीहरूले त्यो थैलो लिएर हेरे।

"कसले ल्याएको हो यो?" ताराले अलि रिसाएर उसलाई सोधे।

उसले "हिजो गजुलबाट आ'को रैच र मैले ल्याइदे'को हुँ" भनेपछि ताराले "पार्टीको आदेश नभई त्यसै ल्याउनु नहुने" भन्दै मलाई दिए।

मैले भावुक हुँदै ब्याग खोलेँ। ऊनी कमिज, ट्र्याकसुट, एडिडास जुत्ता र मोजा तथा ऊनी टोपी रहेछन्। सबै सामान मेरै आफ्नै! मन हुँडलियो।

गह भरिँदै आए, भरिँदै आए। केही बोल्नै सकिनँ।

एक छिनपछि उनीहरूलाई दिएको चिठी मागी च्यातेँ र बाँकी आधा कागजमा अरू सबै बेहोरा साबिकै राखी "त्यहाँबाट पठाएको सामान पाएँ; अरू तलका सामानहरू पठाइदिए" भन्ने लेखी पुनः सेन्सर गराएँ। स्टिच गराएपछि त्यो चिठी बिजुलीको हातमा पुग्यो।

"चाँडै पुऱ्याइदिनुस् है। घरमा साह्रै आत्तिएका होलान्।"

"आज १ गतेदेखि ७ गतेसम्म एक हप्ता क्रान्तिकारी विद्यार्थी सङ्गठनको शिक्षण संस्था बन्द कार्यक्रम छ। ८ गतेसम्म पुग्ला।"

"सकेसम्म चाँडै गर्नुभए राम्रो होला। मेरो रिहाईको काम पनि चाँडै भए हुन्थ्यो। घरमा सबैलाई चिन्ता भएको होला।"

यतिन्जेल शक्तिमान, तारा र अन्य दुई जनाको गोप्य वार्ता समाप्त भइसकेको थियो। शक्तिमान

हिँड्ने तरखरमा लागे । मैले उठेर उनलाई नमस्कार गर्दै माथिको कुरा भनेँ ।

"हाम्रा कामरेडहरूले तपाईंसँग कस्तो व्यवहार गरेका छन् ? कुनै गिला, शिकवा, कम्प्लेन त छैन ?" उनले हात जोड्दै भने ।

"छैन । अनुशासन पालना देखेर म छक्क परेको छु । अनुशासनको मामलामा, पार्टीको निर्देशन पालनामा र गोपनीयताको बारे निकै पक्का ।"

"कुनै शिकायत भए तपाईंले माथिल्लो स्तरमा लेखिपठाउन सक्नुहुन्छ । लौ त, अहिले म गएँ ।" हात मिलाउँदै उनले भने ।

"हवस्, धन्यवाद सर ! सकभर वैज्ञानिक ढङ्गले तथा निष्पक्ष तवरले छानबीन गरी शीघ्र रिहाईको कोशिश गरिदिनुहोला भन्ने आशा गर्छु ।"

"तपाईंको जीवन-मरणको सवाल छ ।" पछिल्तिर आएका बिजुली प्याट्ट बोले, "छिटो भन्दैमा कहाँ हुन्छ र ?"

यो सुनेर म रुसङ्ग भएँ। रिस उठ्यो र चर्केर बोलेँ, "के हो यो जीवन-मरणको सवाल भनेको? मैले के अपराध गरेको छु र जीवन-मरणको सवाल हुने? गल्ती-कमजोरी भएको मान्छेले पनि सुधिने अवसर पाउँछ। गल्ती-कमजोरी रहेछ भने भोलि सुधिएर मैले राम्रो काम गर्न पनि त सक्छु नि! तर जीवन-मरणकै सवाल हुने अपराध मैले केही गरेको छैन। पटक-पटक किन यस्तो कुरा गरेको?"

"हो, तपाईंको केस गम्भीर प्रकारको छ र जीवन-मरणको सवाल पनि हुन सक्छ। शायद यो केस मैले नै हेर्नुपर्ने हुन्छ। छानबीन निष्पक्ष ढङ्गले हुन्छ; पार्टीको निर्णय अनुसार हुने हो। नआत्तिनुहोला। लौ लागेँ।" दोस्रो पटक हात मिलाउँदै शक्तिमान हिँडे।

"ल कामरेड, अहिले जान्छौँ।" तारासँगै अन्य पनि गए।

राप्ती साथै गएकोले म र ती दुई छापामार मात्र

बाँकी रह्यौं। उनीहरू गम्भीरतापूर्वक मेरो अध्ययन गर्न थाले। म भग्न मनस्थितिसाथ लुगाहरूको पोको लिएर आफ्नै कुनामा पसेँ। जीवन-मरणको सवाल, मोबाइल जेल, गम्भीर आरोप जस्ता शब्दावलीको सम्झनाले मन घोर व्यथित भयो। छातीमा अनेक ज्वारभाटा उठ्दै रहे। आफूलाई अलमल्याउन तिनै लुगा लगाउन थालेँ। मन झन् अमिलो भयो, झन् व्यथित भयो। ओछ्यानमा पल्टिएँ; बर्कोले मुख छोपेँ। चैन किन मिल्थ्यो र! सोचेँ– मलाई व्यक्तिगत रिस-इबीको कारण फसाएका हुन्। मेरो दमन गर्न, ममाथि हैकम चलाउन स्थानीयदेखि केन्द्रस्तरसम्म पुगेका रोल्पाका माओवादी नेता र कार्यकर्ताहरूकै स्वार्थपूर्ण खेलो हो यो। मलाई सखाप पारेपछि आफ्नो राजनीतिक चलखेल स्वतन्त्र रूपले अगाडि बढाउन पाइन्छ भनेर गरिएको षड्यन्त्र हो यो।

यत्तिकैमा तारा र अर्का छापामार फर्केछन्,

उनीहरूले दलानमा आएर मलाई बोलाए। म शान्त र संयत रहने चेष्टा गर्दै बाहिर निस्कँ र दलानको भित्तामा अडेस लागेर बसँ। सोचेँ– यिनीहरू पनि मलाई फसाउने षड्यन्त्रकारी नै होलान्। उनीहरूप्रति घोर घृणा पैदा भयो। तर त्यो अभिव्यक्त गर्नु मनासिब हुँदैनथ्यो, यसैले चुपै बसँ।

"हाम्रो पार्टीका साथीहरूको व्यवहार कस्तो पाउनुभयो ?"

"तपाईंको पार्टीका धेरै साथीहरूसँग मेरो के सङ्गत भएको छ र! जोसँग सङ्गत भइरहेछ, उनीहरू खुब आदेशपालक, अनुशासित रहेछन्। मलाई पिसाब फेर्न पनि एक्लै जान दिन्नन्।"

"त्यही अनुशासनमा त हाम्रो सिङ्गो पार्टी अडेको छ। अनुशासन नभई पार्टी सङ्गठन कहाँ अड्न सक्छ र!"

तारा बडो उत्साहसाथ नानावली व्याख्यानमा लागे। पार्टी अनुशासनबाट शुरू भएका उनी हाम्रै

गाउँका कतिपय व्यक्तिको वर्ग विश्लेषण, व्यक्ति विश्लेषण गर्दै नेपालका मौजुदा पार्टीहरूप्रतिको दृष्टिकोणसम्म पुगे। जनयुद्धको अपरिहार्यता र यसको अवश्यम्भावी विजयसम्मका कुरा उठे। मेरो मनमस्तिष्क आन्दोलित थियो, असन्तुष्ट थियो, यसैले उनका कतिपय कुरा मैले बुझिनँ। बीचबीचमा भएका प्रश्नोत्तर पनि असान्दर्भिक र अन्योलग्रस्त नै रहे। पूर्वचेलालाई पूर्वगुरुसामु आफ्नो विशिष्ट विद्वत्ता, प्रतिभा र क्षमता देखाउनु थियो र उनी रुसीदेखि चिनियाँ मोडलसम्मका क्रान्तिका कुरा बुझाउन सङ्घर्ष गर्दै थिए। यसै क्रममा मार्क्सदेखि माओसम्मका कुरा पनि आए। स्टालिनको कुरा उठ्दा मैले उनले आफ्नो शासन कालमा रुसमा गरेका हत्याको प्रसङ्ग निकालेँ।

उनको जवाफ थियो, "हाम्रो पार्टीले कामरेड स्टालिनलाई शत प्रतिशत सही मानेको छैन। उनको नीति तथा कार्यशैली साठी प्रतिशत ठीक र

चालीस प्रतिशत गलत छ भन्ने ठहर गरेको छ। एक र एक जोड्दा एकै हुन्छ, कहिल्यै दुई हुँदैन भन्ने उनको ठहर गलत थियो।"

उनको प्रवचनबाट छुटकारा पाउन मैले भनें, "अहो ! खूब धेरै अध्ययन गर्नुभएको रैछ !"

"के अध्ययन गर्नु ! तपाईंहरू जस्तो हामीलाई फुर्सदै हुन्न। यसो राति कहिलेकाहीँ फुर्सद हुँदा अध्ययन गर्ने हो।"

"हामीले पो के फुर्सद पाउँछौँ र ! घर-व्यवहार, स्कुल; कहिले लिवाङ त कहिले कता ! अब फुर्सद पाइन्छ कि ?" म हाँसें।

"पाउनुहुन्छ, तपाईंले हाम्रो पार्टीका पत्रपत्रिका, हाम्रा नियम-कानून पढ्न पाउनुहुन्छ।"

"ममाथि लागेका गम्भीर आरोप र यसको सजायबारे पनि पढ्न पाउँछु ?"

"किन नपाउनु ? कुन अपराधलाई केकति सजाय दिने भन्ने हाम्रो पार्टीको निर्देशन छापिएको छ।"

साँझ पर्दै आयो । आँगनमा निस्केर ताराले भने, "हुन्छ त सर । आज कामरेडहरूले तपाईंलाई अर्कै ठाउँमा लैजान्छन् । अघि शक्तिमान कामरेडले भनेको सुन्नुभएकै छ, मुभिङ जेल भनेर । तर तपाईंलाई अब आँखामा पट्टी बाँधेर हिँडाउँछन् ।"

"आँखामा पट्टी ? किन ?"

"सुरक्षाको लागि । भोलि तपाईं रिहा हुनुभयो र मलाई फलानो-फलानो ठाउँ लगे भनेर *कान्तिपुर* पत्रिकामा भँगेराटाउके अक्षरमा छाप्नुभयो भने के हुन्छ ? सुरक्षा सैनिकहरूले तपाईंबाट यो जानकारी पाए भने के हुन्छ ?"

उनी र अर्को चाहिँ त्यहाँबाट निस्के । यो दिन मेरो जीवनकै बडो अपशकुनी, कुलच्छिनको रहेछ भन्ने सोच्दै भित्र लागेँ र ओछ्यानमा थ्याच्च बसेँ ।

केही बेरमै खाना आयो– आटो र माऱ्या सागको झोल । दिउँसो आएको होचोहोचो कदको पाको

व्यक्ति र राप्ती पनि आए ।

आज अर्को ठाउँमा जाने भन्ने निर्देशन भइसकेको छ । कति टाढा हो ! अरु आँखामा पट्टी बाँधेर ! खान पाइने हो कि होइन ! यस्तै सोच्दै खाना जबरजस्ती कोचार्ने कोशिश गर्दै रहें । तर मन उद्वेलित, आरोपित र पीडित भएकोले भनेजति खान सकिनँ ।

भाँडा बुझाउन गएका राप्तीसँग एउटी महिला पनि आइन् । कम बोल्ने, बोल्दा असाध्यै ढिलो र तौलेर बोल्ने त्यही पाको व्यक्तिले मेरो लागि एउटा बलियो र झन्डै मैजति अग्लो लट्ठी बनाइदियो । मेरा सामानहरू राख्न लगायो । सामान त के थियो र ! एउटा लुङ्गी, एउटा बर्को र चप्पल प्लास्टिकको झोलामा राखेपछि राप्तीले त्यो आफ्नो बन्दोबस्ती झोलामा हाले । निष्पट्ट अँध्यारो भइसकेको थियो ।

"लौ अब हामी हिँड्छौँ ।"

मलाई आँगनमा ल्याए । ठूलो रातो रुमाल दोहोरो-

तेहरो पारेर पटचाई मेरा आँखाहरू टम्म ढाकिने गरी कसेर बाँधिदिए। अब झन् घोर निष्पट्ट अँध्यारो भयो। हातमा त्यही लट्ठी समात्न दिए। त्यसपछि फनफनी चार-पाँच चक्कर घुमाए। अब म कुन दिशातिर फर्केको छु भन्ने आभास नै रहेन। राप्तीले मेरो देब्रे नाडीमा दरिलोसित अँठ्याए र हिँडाए।

उसै त अँधेरी रात, त्यसमाथि आँखामा पट्टी!

हातको लट्ठी र डोऱ्याउनेको चाल पछ्याउँदै म हिँड्ने प्रयास गर्न थालेँ। केही बेरसम्म तेर्सोतेर्सो हिँडेझैँ लाग्छ, अनि ओरालो, उकालो, अनि फेरि तेर्सो! घाल्चाङघुल्चुङ गर्दै, ठक्कर खाँदै, गोडा र लट्ठीले सकेसम्म अगाडिको जमीनको स्थिति पत्तो लगाउने कोशिश गर्दै बडो कठिनाइसित हिँड्दै गएँ।

खोलो जस्तो ठाउँमा पनि पुगियो। त्यहाँ केही बेर बसेर पानी खाएपछि अघि बढ्यौँ। एक ठाउँमा

पहरो जस्तो रहेछ। त्यसमा ठक्कर लागेर मेरो टाउको ऋम्म पाऱ्यो। तर हेर्ने र छाम्ने अवसर थिएन।

हाम्रो टोलीमा छ-सात जना थिए कि ! एउटी महिला पनि थिइन् जस्तो लाग्छ। डोऱ्याउने मानिस पटक-पटक फेरिइरहेकोबाट मलाई यो अनुमान भएको हो।

कति हो कति हिँडेपछि, एक ठाउँमा "अलि घोप्टो पर्नुस् सर, ढ्वाक्क लाग्ला" भनेपछि शायद रूख वा पहरो होला भन्ठानेर टाउको ऋुकाएँ। ढोकाको सङ्घार पो रहेछ। घरभित्र पसेका रहेछौँ। समात्नेले हात छोडऱ्यो र एक छिन उभिन भन्यो। त्यहाँ निकै मान्छेहरू कुरा गरिरहे जस्तो लाग्यो। एक छिनपछि "बस्नुस्" भने र भुइँमा बसेँ, तर केही ओछ्याइएको रहेछ। अनि कसैले मेरा आँखाको पट्टी हटाइदियो।

एक छिनसम्म आँखा झिलमिल भएपछि यताउता

हेरेँ– लामो घरभित्र रहेछु । म अघि पसेको ढोकाकै कुनामा बसेको रहेछु; अर्को ढोका सीधै पारि दलानमा निस्कने रहेछ । बीचमा अगेनो पनि रहेछ । टुकी बलिरहेको थियो । अगेनो उतापट्टि भुइँमा तीन-चार मानिस सुतेका र चार-पाँच जना बसेका रहेछन् । कुनै गृहस्थीको घरमा मलाई बास बसाउन ल्याएका होलान् भन्ने लाग्यो । गर्मी भइरहेको थियो, टोपी र कमिज फिकेँ । ओछ्यान छामेको, बाँसको टाटी रहेछ, जसमाथि पुरानो भाङ्ग्रो ओछ्याइएको थियो । जुत्ता पनि फिकेँ । टोपी-कमिजको सिरानी बनाएर पल्टिएँ ।

एक छिनपछि उही कम बोल्ने, पाको व्यक्तिले स्लिपिङ ब्याग दिँदै भन्यो, "लौ सर ! यै ओढ्नुस् ।"

तिर्खाले प्याकप्याक भएको थिएँ, उसैले त्यहींको लोटामा पानी दियो । एकै सासमा घटघटी पारेँ । रातको साढे बाह्रभन्दा बढी बजिसकेको थियो । स्लिपिङ ब्यागभित्र पसेर लम्पसार परेँ । गोडाहरू

दुखिरहेका छन् र काछको दुखाइ बढेको छ ।

उनीहरू खासखुस गर्दै छन् । मभन्दा दुई हातजति पर राप्ती र पाको व्यक्ति आआफ्नो कम्बल ओछ्याएर सुत्ने तरखर गर्दै छन् । पाकोले मलाई भन्यो, "बाहिर हाम्रा सुरक्षा साथीहरू गार्ड बस्नुहुन्च । तपैँलाई राति बाहिर जानुपरो भने हाम्लाई उठाउनुह'ला । एक्लै जाँदा बन्दुकले हान्देलान् ।"

"हवस् !" भनेँ र मुख छोपेर सुतेँ । मलाई बाहिर जानु किन पर्छ र ! अलिअलि खाएको पानी पनि हिँडाइ र गर्मीले सोसिसकेको छ ।

टाउको छामेँ, टुटुल्को उठेको रहेछ; च्वास्स दुख्यो । काछ छामेँ, अलि उक्सिएझैँ लाग्यो ।

मलाई कहाँ लग्न आँटेका होलान् ? थवाङ ? जलजला ?

५

२०५८ जेठ २, बिहीबार

ढोकाको कर्काईबाट पसेको उज्यालोमा घडी हेरेँ– छ बजेको रहेछ। हिजो सुतेका-बसेका कोही देखिएनन्। अस्ति तारासित आएका त्यही शान्त युवक, त्यही पाको र राप्ती मुखामुख गरेर केही गोप्य सल्लाह गर्दै रहेछन्। चारैतिर हेरेँ– घर गृहस्थीको जस्तो देखिएन। यस्तै उद्देश्यको लागि बनाइएको होला। सके मोबाइल जेल नै होला। अथवा, माओवादीद्वारा विस्थापित कसैको जिन्दगीभरको कमाइ होला। पारि कुनामा गहुँको नल थुपारिएको रहेछ। त्यो रिमरिम उज्यालोमा गृहस्थीका कुनै साजसामान देखिएनन्।

मैले उठेर भनेँ, "बाहिर जानुपर्‍यो।"

उनीहरूको ध्यान भङ्ग भयो। राप्तीले मेरो

सिरानछेउको हिजोको रातो रुमाल अलिअलि भुइँ देखिने गरेर आँखामा बाँधिदिए। बन्दुक लिएर मलाई लैजान तयार राप्तीसँग भनेँ, "मलाई त पानी चाहिन्छ।"

हिजो पानी खाएकै लोटा भरेर उनले दिए। म राप्तीको सारमा पछिपछि लागेँ। उनले अलि बेर हिँडाएर एकान्त जस्तो ठाउँमा पुऱ्याए। उनी टाढा-टाढा हेर्न थाले; म अर्कोतिर फर्किएर टुक्रुक्क बसेँ। कुन ठाउँमा ल्याएछन् भनेर बुझ्न टाउको यताउता घुमाएँ, पट्टी र नाकछेउबाट जति देखियो त्यस अनुसार चारैतिर जङ्गल, डाँडो खोँच परेको निकै एकान्त ठाउँ जस्तो लाग्यो।

साबुनको काम तीतेपातीका पातहरूबाट लिएँ। त्यसैको डाँठले दाँत माझ्दै फर्केँ। राप्तीले पनि दाँत माझे।

मुख धुन पानी दिए। त्यही घरको बलेन्द्रीमा भित्तातिर मुख फर्काएर पट्टी खोलिदिए। मैले भित्तातिरै

फर्केरै हातमुख धोएँ र भित्र गएर आफ्नै कुनामा

बसेँ । ढोकाको एउटा फक्ल्याटो लगाइदिए ।

त्यो भद्र युवाले मलाई भन्यो, "तपाईंलाई केही आवश्यकता छ भने भन्नुस् सर । म अहिले जान लागेको छु ।"

"अरू सबै त हिजो घरबाट मगाएकै छु । चिया खाने व्यवस्था गर्न पाए हुन्थ्यो । मेरो पैसा आएपछि तिर्ने गरी एक किलो चिनी, चियापत्ती भए राम्रै हुन्थ्यो ।"

उनीहरूले फेरि गोप्य गरे । "हुन्छ । अहिले उधारो व्यवस्था गर्ने प्रयास गरौँला, पैसा आएपछि यतै हिसाब मिलाउँला ।" यति भनेर ऊ राप्ती र पाको व्यक्तिसहित निस्के । बाहिरबाट बन्दुकसँगै विकास पसे । उनलाई देख्न पाउँदा धेरै खुशी लाग्यो ।

"ए, विकास बाबु पनि आउनुभएछ नि !"

“म बनि हिजै तपैँसँगै आ’को त हुम् नि !”

“आँखा बाँधेर हिँडाउने रहेछन् । कोको आए, कोको आएनन्, कहाँबाट आइयो, मलाई के थाहा !”

“हाऽहाऽ ... म बनि था पान्नँ सर ।”

“रेडियो छैन विकास बाबु ?”

“मैले राप्तीको रेडियो किन्ने भा’छु सर । ऐले आउँच ।”

“ती अहिले निस्कने कोको हुन्, विकास बाबु ?”

“यौटो त्यो पुन्टे-पुन्टे च नि, त्यो ह्याँको सीएस, ह्याँको जिम्मेदार । अर्को शिखर कामरेड, गाजस उपप्रमुख हुन् ।”

“कुन गाजस उपप्रमुख हुन् ?”

“मलाई था चैन सर । हाऽहाऽ ... म ता ... मलाई था चैन ।”

“भन्न नमिल्ने होला । ठीकै छ नभन्नुस् । मैले तपाईंहरूलाई अप्ठ्यारो पार्न हुन्न । सीएस भनेको चाहिँ के हो नि ? को हुन् ?”

“सेल सेक्रेटरी हो सर। किशन कामरेड क्या, हाऽहाऽ ... ।”

उनीहरूले कतिपय कुरा थाहा भए पनि भन्दै नभन्ने रहेछन्। कतिलाई त थाहा पनि नहुँदो हो।

विकासले राप्तीको सानो रेडियो किन्ने भएका रहेछन्। “मलाई पनि सुन्न दिनुहोला है” भन्दा उनी अनकनाए। “मेरो रेडियो आइहाल्छ नि, हिजो सम्पर्क कामरेडले आदेश दिएको सुन्नुभएकै त हो नि” भनेपछि “समाचार मात्रै है नि” भनेर मौखिक सहमति गरे। हामीहरूले उनीहरूलाई ‘कामरेड’ भन्नुपर्ने रहेछ। उनीहरू चाहिँ आफूभन्दा माथिकालाई त्यस्तो सम्बोधन गर्दा रहेछन्। मैले आफ्नो उमेर तथा पेशागत हिसाबले पनि बानी परेको ‘बाबु’ भन्दा प्रायः सबै अप्ठ्यारो महशूस गर्दा रहेछन्। यस्तै शब्दहरूका कारण म ‘चेतनाको स्तर उठ्न नसकेको’ सामन्ती संस्कार र प्रवृत्ति भएको सङ्कीर्ण मानसिकताले घेरिएको निम्न पूँजीजीवी चिन्तन भएको

व्यक्ति ठानिएको रहेछु। 'कामरेड' भन्न सिक्न र प्रयोग गर्न मलाई निकै समय लाग्यो।

काम केही नभएकोले म लम्पसार परेँ। विकास पारि ढोकामा बसेर बन्दुक सफा गर्न थाले। अचानक बन्दुक पड्कियो। मलाई नै हान्न खोजेका हुन् कि भनेर म त डरले त्राहिमाम् भएँ। बन्दुकको आवाज सुनेर किशन, राप्ती हतारपतार त्यहाँ आए र विकासलाई हकारे। धेरै दिनदेखि जाम भएको बन्दुकको बारुद खोल्न लाग्दा पड्किएको रहेछ। धन्न, कसैलाई केही भएन !

मेरो जन्मथलो गजुल गाउँको इतिहास गजुले राजासँग जोडिएको छ। गजुलका सुवेदीहरूको जरो पनि त्यहीँ पुग्छ। पन्ध्रौँ शताब्दीतिर जाजरकोट, जक्तिपुरका तत्कालीन राजपुत्र आफ्नो राज्य त्याग

गरेर जोगी वेश गरी गजुल आइपुगेछन् र राजा भएछन् । उनलाई राजगुरु तथा पुरोहितको आवश्यकता पऱ्यो । उनका काजी, भाइभारदार घर्ती क्षेत्रीहरू त्यस्ताको खोजीमा लागे । उनीहरूले प्युठानको सेपुङ गाउँको वनमा बाख्रा चराउँदै चण्डी घोकिरहेको एउटा ब्राह्मणपुत्रलाई भेटेछन् र उसलाई गजुलमा ल्याएछन् । हाम्रो गजुले पुर्खाको इतिहास त्यहींबाट शुरू भएको हो । उनै गजुले प्रथम राजा तुथा सिन र उनकी रानी (रुकुमका राजा दाह्रे जैतुमकी छोरी) तुम्बावतीका सन्ततिहरूले बाइसेमध्ये एक गजुल राज्यमा राज्य गरे भने तिनै ब्राह्मणपुत्रले राजगुरु पद धारण गरेपछि उनका सन्ततिहरूले पनि त्यही समयसम्म राजगुरु पदको जिम्मेदारी वहन गरेका थिए ।

बहादुर शाहको नायबी कालमा अन्य राज्यहरूसँगै गजुल पनि नेपाल राज्यमा विलीन भएपछि सुवेदी ब्राह्मणहरूको राज सम्बन्ध पनि सकियो । सुवेदी

ब्राह्मणहरूको आजीविकाको प्रमुख स्रोत खेतीपाती भयो; यजमानी कार्य गौण हुन पुग्यो। सुवेदी

वंशजहरू गजुल तथा यसकै सेरोफेरोमा रहे।

तिनै सुवेदी वंशजका सन्तान हाम्रा पितामह मोतीलाल उपाध्यायका माइला छोरा खडानन्द सुवेदीले आफ्नै आमाबाट सद्व्यवहार र सद्गुणका पक्षहरू ग्रहण गर्नुभयो भने घुमन्ते जोगी, सन्न्यासी र ब्राह्मणहरूबाट केही शिक्षा प्राप्त गर्नुभयो। तीक्ष्ण बुद्धि भएका खडानन्द सुवेदी एक पटक सुनेको जस्तोसुकै कुरा वा मन्त्र वा श्लोक, कण्ठ भन्न सक्ने क्षमताको हुनुहुन्थ्यो। औपचारिक शिक्षा नपाए पनि अनौपचारिक ज्ञानको भण्डार हुनुहुन्थ्यो। औषधि-उपचार, तन्त्र-मन्त्रसमेतमा विज्ञ उहाँले त्यो समयमा सयौँ मानिसहरूको निःशुल्क उपचार गर्नुभएको थियो। जनसेवामा असाध्यै तल्लीन उहाँको सेवा कार्य २००० सालपछि अझ विस्तृत हुँदै गयो। उहाँ

कामविशेषले आफ्नो जिल्लाको अड्डा गौँडा भएको ठाउँ प्युठान खलङ्गा गएको बेला तत्कालीन युवा छात्र नेता अनिरुद्ध, हेमराज, मीनबहादुर आदिको

सङ्गतमा पर्नुभयो ।

त्यस बेला प्युठानका छ थुममध्ये उत्तर-पश्चिमका बाइसखुवा र कालशेष असाध्यै विकट र अन्धकारमय थिए । पहिले गजुले राजाकै राज्यभित्र पर्ने बाइसखुवा थुम 'बाइसखुवा गजुल' भनेर चिनिन्थ्यो । खडानन्द सुवेदीले अति कठोर भूबनोट भएका यी दुइटा थुमका अति गरीब, दुःखी, निमुखा, अशिक्षित मानिसहरूको सेवा गर्ने अठोट लिनुभयो । उहाँले त्यस बेलाको कठोर शासन व्यवस्था, अन्ध अवस्थामा पनि यी थुमका गाउँगाउँ जोड्ने बाटो बनाउन, काठे पुल निर्माण गर्न र जाली फटाहा, मुद्दा बोकाई जनतालाई दुःख दिने शोषक सामन्तहरूको विरुद्ध सङ्घर्ष गर्न शुरू गर्नुभयो । उहाँ भन्ने

गर्नुहुन्थ्यो, "जबसम्म जनता चेतनशील हुँदैन्, तबसम्म देश अगाडि बढ्न सक्तैन।" जनताप्रति सेवा भाव रहेका कारण उहाँको ख्याति प्युठानभरि फैलियो।

उहाँ २००० सालदेखि नै गुप्ती तवरले राणा शासनविरुद्ध मोर्चामा लागिसक्नुभएको थियो। २००६ सालमा उहाँ नेपाली काङ्ग्रेसको सदस्य बनिसक्नुभएको थियो। २००७ सालको क्रान्तिमा सहभागी भई प्युठान जिल्ला कब्जा गर्नेमा उहाँ पनि अग्रणी हुनुहुन्थ्यो। सात सालको क्रान्तिपछि नेपाली काङ्ग्रेस पार्टीले अख्तियार गरेको नीति-निर्देशन पालन गर्दै, कहिले थुनिँदै, कहिले भूमिगत हुँदै आफ्नो क्षेत्र बाइसखुवा, कालशेष तथा माडीखोलासमेतमा पार्टीको सङ्गठन बलियो बनाउन सफल हुनुभयो। २०११ सालका 'हलो जोत्ने बाहुन' २०१४ सालसम्म अति जुझारु, अति क्रान्तिकारी कर्मठ योद्धाको रूपमा अगाडि आउनुभयो। उहाँले पार्टीका कामकारबाही सफल मात्र गराउनुभएन, अपितु प्युठानको अड्डा

खलङ्गाबाट रातामाटा फर्ने अभियानमा अहं भूमिकासमेत खेल्नुभयो । अड्डा फर्ने आन्दोलनमा उहाँले उवा, गाम, थवाङदेखि पश्चिमी भेग थुनिकोटसम्मका चौध-पन्ध्र हजार जनतालाई जुलुशको रूपमा प्युठानको रातामाटामा उतारिदिनुभयो । त्यो समयमा तीन-चार दिनको बाटोलाई केही नभनी जाबीमा मकै-भटमासको खाजा र कोदाका ढोँसे रोटी बोकेर 'खडानन्द बाजे' को आह्वानमा उर्लिएका जोधाहा पर्वतेहरूको जुलुशदेखि तत्कालीन बडाहाकिम भयभीत भएर तुरुन्त अड्डा सार्न मन्जुर भए । तर अनेक षड्यन्त्रले अड्डा सार्ने आन्दोलन त्यत्तिकै स्थगित भयो । उहाँलाई गिरफ्तारीको वारेन्ट काटियो; उहाँ भूमिगत भई जनताबीच रहनुभयो, जनताको सेवामा लाग्नुभयो । आखिर त्यसको एक वर्षपछि उहाँ पक्राउ पर्नुभयो र सल्यान गौँडा चलान गरिनुभयो । तर, कुनै गल्ती नपाइएकोले उहाँले थुनामा बस्नुपरेन ।

२०१५ सालको प्रथम आम निर्वाचनमा उहाँले

तत्कालीन क्षेत्र नं. ८३ बाट नेपाली काङ्ग्रेसका तर्फबाट टिकट पाउनुभयो । जेलनेल भोगेका र सधैं जनताको पक्षमा उभिने लोकप्रिय नेता भएकै कारण अत्यधिक बहुमतले विजय प्राप्त गरी उहाँ सांसद बन्नुभयो ।

खाना साढे एघार बजेतिर आयो । त्यही मकैको ढिँडो (आटो), आलु र माऱ्या सागको तिउन । यो घरमा ल्याएपछि चाहिँ मलाई खाना खाएपछि थालैमा हातमुख चुठ्न लगाइरहेका छन्; बाहिर निस्कन, भाँडा माऊन दिँदैनन् । पिसाब फेर्न जाँदा आँखामा पट्टी लगाइदिन्छन् । सामुन्नेको ढोकाको एउटा फक्ल्याटो सधैं बन्द गरिरहन्छन्, जसका कारण बाहिर केही देख्न पाउँदिनँ । साथीहरू उनै राप्ती, विकास र भट्टराई छन् । पालैपालो सतर्क भएर बन्दुकसहित

मछेउ बसिरहन्छन् । पालो नहुनेहरू बाहिर-भित्र गरिरहन्छन्; एक-दुई घण्टा कताकता हराउँछन् पनि । किशन कामरेड प्रायः नजिकै रहन्छन्; उनीहरूलाई केके निर्देशन दिइरहन्छन्; आफू पनि

पटक-पटक बाहिर-भित्र गरिरहन्छन् । दश-पन्ध्र मिनेट, बीस-पच्चीस मिनेट कतै जान्छन्, आउँछन् । यी सबै कार्य खुसुखुसु भइरहन्छन् । हामीबीच खासै संवाद हुँदैन ।

मलाई चियाको तिर्सना लाग्यो । नखाएको पाँच दिन भइसकेछ । आज साँझसम्म व्यवस्था गर्लान् कि !

हिजोका आरोप-प्रत्यारोपको सम्झनाले मन फेरि दुःखित भयो । म अपहरित ! बन्दी ! बाहिर न्यानो घाम छ; तर म ताप्न जान पाउने होइन !

हाम्रो घरबाट पारि ठाँटी चौतारी प्रस्ट देखिन्छ । त्यहाँ सात-आठ वटा बाटा मिसिन्छन् । गजुले राजा र गजुले थापाहरूको इतिहाससँग जोडिएको यो चौतारो राजनीतिको साक्षी पनि हो । हामी केटाकेटी हुँदा २०१५-१७ सालतिर यही चौतारोमा नेपाली काङ्ग्रेसका सभा, बैठक, भाषण हुन्थे । २०१५ सालको निर्वाचनमा नेपाल कम्युनिस्ट पार्टीको प्रचारमा गएका निर्मल लामाहरूलाई हाम्रा पिताजी खडानन्द सुवेदीले यही चौतारोमा आम सभाको चाँजोपाँजो मिलाई श्रोताहरूको व्यवस्थासमेत गरिदिनुभएको थियो । त्यस बेला कम्युनिस्टको बीउसम्म नभएको क्षेत्रमा पिताजीले नेपाली काङ्ग्रेसका कार्यकर्ताहरू र सर्वसाधारण तिनका कुरा सुन्न जुटाइदिनुभएको थियो ।

पञ्चायत व्यवस्थामा पनि ठाँटी चौतारी राजनीतिक क्रियाकलापको साक्षी बन्यो । बहुदल आएपछि यो चौतारो संयुक्त जनमोर्चा, काङ्ग्रेस, राप्रपाको सभास्थल

बन्यो। २०५२ सालपछि यो थलो माओवादीको पकडमा पुग्यो। अहिले त्यहाँ समय अनुकूल माओवादीका सुराकी, गुप्तचर वा कार्यकर्ताहरू बस्छन् र पूरै गाउँका रिपोर्ट, कार्यक्रम सञ्चालन गर्छन्।

म अपहरणमा पर्नुभन्दा एक दिनअघि घर पुगेको थिएँ। अर्थात्, वैशाख २८ गते। घर पुगेको केही बेरमै एक-दुई जना दाजुभाइ जम्मा भएर गफ गर्न थालेका थियौँ। हाम्रा छिमेकी र नातेदार प्रहरी टोपबहादु केसीको वैशाख २१-२२ गते गाम ब्यारेकमा माओवादी आक्रमणमा परी मृत्यु भएको रहेछ। अघिल्लो दिन साँझ सातदोबाटेमा उनको शव बुझी वैशाख २८ गतेकै बिहान सद्गत गरिएको रहेछ। म घर पुग्दा कमला टोपबहादुरका वृद्धा आमा, कुष्ठग्रस्त बाबु र श्रीमतीलाई सम्झाइ-बुझाइ गर्न गएकी रहिछन्। उनी फर्केको केही बेरमा एक शिक्षक आइपुगे। एक छिन यताउताका बातचित भइसकेपछि उनले एकाएक मलाई भने, "सर, तपाईं

भोलि नै लिवाङ जानुस् ।"

"म भोलि त जान्नँ, पर्सि जान्छु ।" उनको ठाडो भनाइप्रति आश्चर्य मान्दै मैले सीधा जवाफ दिएँ ।

"हैन, भोलि नै जानुस् ।" उनले फेरि त्यस्तै पाराले अह्राए ।

"म स्कुलमा हाजिर नभएको झन्डै एक महिना हुन लाग्यो । यसैले भोलि हाजिर हुन्छु, पठनपाठन हेर्छु, वार्षिक योजना बनाउनु छ; अनि पर्सि जान्छु ।"

"म हिजो खोलापारि (मनगाड, काभ्रा) गएको थिएँ, माओवादीले कस्ताकस्ता बम, बन्दुक ल्याएका रैछन् ।" उनले विषय परिवर्तन गरे ।

"गाममा धेरै सैनिक सखाप पारे रे, त्यहींबाट ल्याएका होलान् नि !"

उनले किन लिवाङको प्रसङ्ग ल्याए भन्नेबारे मैले ध्यानै दिइनँ । केही थाहा पाएका थिए कि ! उनी यत्तिकै चुप लागे । अरू कुरा गर्दैमा रात पऱ्यो; अनि सबै घर-घर लागे ।

भोलि पल्ट हामी स्कुल गयौँ। स्कुलमा नयाँ शैक्षिक सत्र, पठन-पाठन, समय तालिका, नतीजा प्रकाशन, भर्ना आदिबारे छलफल भयो। विद्यालय सामान्य रूपमा चल्दै रहेछ। म यिनै विविध पक्ष र आगामी वर्षको वार्षिक कार्य योजना निर्माणमा दिनभरि व्यस्त भएँ।

अपराह्न चार बजे घरतिर लाग्यौँ। ठाँटी चौतारी पुग्दा चार-पाँच जना स्थानीय माओवादीसहित विजय र बिजुली तिनै गामका मृतक टोपबहादुरका दाजुभाइसँग विवाद गरिरहेका देखिए। मलाई उनीहरूको बीचमा पर्न मन लागेन। सरासर टोपबहादुरको घरमा गएँ। वृद्धावस्थाका आमाबाबुको रोदन-क्रन्दन, तरुनी श्रीमतीको विलाप-सराप, भरखरका छोराछोरीको असहायपन देख्दा मन खिन्न भयो। तिनलाई सम्हालेर सहानुभूति दिनु कठिनतम कार्य थियो। तैपनि हरसम्भव सान्त्वना दिँदै एक घण्टाजति बसेर म घर फर्कें। चिया खाँदै कमला र म रेडियो

नेपालबाट प्रसारित दूर शिक्षा कार्यक्रम अन्तर्गतको 'आजको पाठ' सुन्दै थियौँ, तोयाराम माइला दाइ आए ।

उनी र म दलानको खाटमा बसेर कुरा गर्न थाल्यौँ । विषय माओवादीको चपेटाबाहेक अरू के हुन्थ्यो र ! पारि ठाँटीमा चहलपहल सकिइसकेको थिएन । तोयाराम त्यही विवाद सामसुम पारी आएका रहेछन् । टोपबहादुरका दाजुभाइ तथा अन्य केहीले लाटासोक्ष जनता, प्रहरी र सेनाका सिपाही मारेर माओवादीको व्यवस्था आउँदैन भनी आवाज उठाएका रहेछन् । माओवादीहरूले भने प्रतिक्रियावादी र सामन्त सरकारका पछि लाग्ने सबैले त्यही र त्यस्तै परिणाम भोग्नुपर्छ भनेर धम्क्याएछन् । दुवै पक्ष निकै आक्रोशित भएका रहेछन् । तर पीडित पक्षभन्दा पीडक पक्ष रिसाए झन् ठूलो समस्या आइपर्ने यथार्थ बोध गरेर तोयारामले मध्यस्थता गरिदिएछन् ।

हामीले ठूलो प्रयास गरेर दुई वर्षअघि गाउँमा

बिजुली ल्याएका थियौँ। तोयारामले त्यसैबाट धान कुट्ने, पिस्ने, पेल्ने मिल चलाएका थिए। तर, २०५८ साल चैत १२ गते माओवादीले ठिमरुक विद्युत्गृहमा बम आक्रमण गरेपछि प्युठान र रोल्पामा बिजुली बन्द भएको छ। डिजेल जेनेरेटर ल्याएर मिल चलाउने कि भनेर सल्लाह गर्न उनी आएका रहेछन्। यही विषयमा कुरा भइरहँदा यमबहादुर दाइ आउनुभयो।

दलङ्गा सिँचाइ कुलोको उपभोक्ता समितिका अध्यक्ष यमबहादुर दाइको आफ्नै समस्या रहेछ। त्यो सिँचाइ कुलोको योजना सञ्चालन गर्दा सबै उपभोक्ताबाट गरी तीस हजार रुपैयाँ उठाइएको थियो र सरकारी नियम अनुसार त्यो रकम सिँचाइ कार्यालयको खातामा जम्मा गरिएको थियो। ठेकदार, कार्यालय र उपभोक्ता समितिबीच मनोमालिन्यका कारण त्यो योजना रोकिएको थियो। हामीले गत वर्ष सक्रिय रूपमा लागेर योजना सम्पन्न गराएका थियौँ।

गाउँमा सिँचाइ शुरू भएको थियो। अब अहिले आएर माओवादीहरूले सिँचाइको खाताको रकम एक हप्ताभित्र आफूलाई बुझाउन धम्क्याएका रहेछन्।

एक त जनताको पैसा, त्यसमाथि सरकारी खातामा रहेको! कसैलाई दिन मिल्ने कुरा थिएन। माओवादीलाई पैसा दिँदा प्रशासनले मार्ने डर, नदिँदा माओवादीले बाँकी नछोड्ने त्रास ! यस्तो चेपुवामा पर्नुभन्दा उपभोक्ता समितिको अध्यक्ष पदबाट राजीनामा दिने सल्लाह भयो।

यतिन्जेल साँझको सात बजिसकेको थियो। रेडियो सुन्दै र पुनः चिया खाइसकेर तोयाराम दाइ घरतिर लागे। म र यमबहादुर दाइ खाटमै बसेर गाउँघरका कुरा गर्दै रह्यौँ। ठाँटीको चहलपहल केही मत्थर हुँदै थियो।

साढे सात बज्यो। रेडियो नेपालमा 'परिवेश' कार्यक्रम भरखर शुरू भएको थियो, एकाएक हाम्रो घरको सामुन्ने मूल बाटोमा ती तीन जना अपरिचित

युवा देखा परेका थिए ।

□ □ □

"हामीले त सिस्नुको तिउन खायौँ; तपाईं खान सक्नुहुन्न होला भनेर तपाईंको लागि मात्रै यो निगुरो टिप्न पठाएको ।" किशनले साँझको खाना आटोमा थोरै तिउन राखिदिँदै बिस्तारी भने ।

यतातिर तिउन थोरै तर अन्न धेरै खाने चलन रहेछ । थालभरिभरि आटो हुन्छ; त्यसको चुचुरामा साग टीका जस्तो हुन्छ । सागको एक त्यान्द्रो मुखमा हाल्यो अनि तीन गाँस आटो कुप्लुक्क निल्ल्यो ! मलाई एक त तरकारी धेरै चाहिने, त्यसमा पनि ढिँडो-आटो नरुच्ने । त्यही भएर तिउन तरकारी जे पाइन्छ बढी नै खानुपर्छ भन्ने मानसिकता बनाएको छु, तर त्यो मानसिकतामै सीमित भइरहेको छ ।

"अँ, केटाकेटी बेलामा सिस्नुको तिउन एक-दुई पटक खाएको थिएँ, पटक्क मीठो लागेन । त्यसपछि कहिल्यै खाएको छैन ।" मैले भनें, "तर हाम्रा पिताजी वर्षको कम्तीमा दुई पटक सिस्नुको तरकारी खानुपर्छ भन्नुहुन्थ्यो, पेट सफा गर्छ, भिटामिन हुन्छ भनेर । तर हामीले फेरि कहिल्यै खाएनौं ।"

"अहिले यस्तै भयो ।" किशन उसै गरी बिस्तारै बोले, "हाम्रो नौलो जनवादी व्यवस्था आयो भने मीठो खाऔंला नि सर !"

"नौलो जनवादी व्यवस्थामा मीठै खान पाइला र ? धेरै सङ्घर्ष, धेरै कठिनाइ भोग्नुपर्ला नि त्यो व्यवस्थामा पनि ?"

"किन नपाइएला ? अहिलेको सामन्ती, शोषक राज्य व्यवस्थाले धनीहरूलाई मात्र मीठो खान दिएको छ । नौलो जनवादी व्यवस्थामा त हामी सबैले हक अधिकार पाउँछौं नि !" उनले उत्साहित हुँदै भने ।

खानापछि किशन बाहिर लागे । विकास कतैबाट प्रफुल्ल भएर आए । उनको हातमा सानो रेडियो स्वाँस्वाँ गरिरहेको थियो ।

"सर, हेर्नुस् तो ! मैले यो रेडियो किनेँ । पाँच सय भन्दै थो, साढे चार सयमा द्यो ।"

उनले मलाई दिए खासा मेड रेडियो, ओल्टाइपल्टाइ हेरेँ । बन्दुक समातेर बसेका भट्टराई पनि दङ्ग देखिए ।

"अब मैले समाचार सुन्न त पाउँछु हैन विकास कामरेड ?" कामरेड भनेपछि खुशी होलान् भनेर मैले भनेँ, "किनेर राम्रो गर्नुभयो । तर यसमा साना ब्याट्री लाग्छन्, पाउन गाह्रो हुन्छ ।"

"पाइन्च सर ! हाम्रा कामरेडहरूले मगा'नुहुन्च, पाइन्च ।"

विकास असाध्यै खुशी थिए । संसारै पाए जस्तो ! मैले पाँच दिनपछि समाचार सुन्न पाएँ । रेडियो नेपालले मेरो बारेमा पनि केही भनिहाल्छ कि भन्ने

आशा थियो, तर केही भनेन। रेडियोले सधैँझैं सुरक्षा फौजले यति आतङ्कारी मारे भनेर फुक्दा किशन, विकास, राप्ती र भट्टराई मजाले हाँसे।

"सुरक्षा फौजले गाउँका लाटासोझा, हलो जोत्ने किसान, घाँस काट्ने महिला, केटाकेटी मार्च, माओवादी मारो भन्च।" उनीहरूको भनाइ थियो, "माओवादी ता त्यसको बाउले पनि भेट्दैन। जनतालाई भ्रम पार्ने काम !"

संसद्को आकस्मिक बैठक बोलाइएको रहेछ, सङ्कटकालको म्याद थपबारे चर्चा गर्न। सङ्कटकाल थपेर के, नथपेर के! यो माओवादी क्षेत्रमा सङ्कटकालै छैन। काठमाडौँ र अन्य शहरी इलाकामा मात्र प्रभाव हुने सङ्कटकाल लगाउनुको अर्थ पनि एक छाक खानको लागि दिनरात पसिना बगाउन बाध्य गरीब, निमुखा, लाटासोझा जनतालाई झन् अप्ठ्यारोमा पार्नु न हो!समाचार सकिएपछि रेडियो पुनः विकासकै हातमा गयो।

साँझ आठ बजेतिर शिखर आए। उनले ढाडस दिए, “हाम्रो क्षेत्रमा चिनी, चियापत्ती कतै पनि पाइएन। यसैले लिनलाई टाढै पठाएका छौँ। नआत्तिनुहोला।”

साँझ नौ बजेतिर चहलपहल बढ्यो। पन्ध्र-सोह्र वर्षभन्दा माथिका लाग्ने दश-बाह्र जना युवायुवती कताकताबाट जम्मा भए। मैले थाहा नपाउने गरी उनीहरूले सल्लाह गरे। कोही डचुटी बस्ने भए; कोही त्यहीँ सुत्ने भए। केही युवती माथिल्लो तलामा उक्लिए; कोही बन्दुक लिएर बाहिर गए।

६

२०५८ जेठ ३, शुक्रबार

बिहान म ब्यूँझँदा किशन र शिखर गोप्य गर्दै थिए। साढे पाँच मात्रै बजेको रहेछ; फेरि मुख छोपेर सुतेँ। कचपच, खलबल भइरह्यो।

आधा घण्टाजति पछि उठेँ। मलाई आजदेखि पद्मासन बाँधेर भगवत् प्रार्थना गर्नुपर्छ कि भन्ने विचार आयो। ध्यान गर्दा समय पनि बित्छ, मन पनि स्थिर रहन्छ। बन्दी भएको छु भन्ने मात्र सोचिरहनाले चिन्ता झन्झन् बढ्न गई म पागल बन्न सक्छु; अवसादले ग्रस्त हुन सक्छु। तर धर्मलाई अफिमको नशा तथा ईश्वरलाई ढोँगी र शोषकको उपमा दिइने माओवादी संसारमा मैले जपतप गर्न सक्छु र !

बिहान-बेलुका आधाआधा घण्टा पद्मासन कसेर

मौन प्रार्थना गर्ने अठोट गरेँ। यसो गर्नाले मेरा मांसपेशीहरूमा रक्तसञ्चार हुनेछ; हातगोडाहरूको व्यायाम हुनेछ र ढाड दुखाइमा राहत मिल्नेछ। जबसम्म मलाई यस्तो गर्न हुन्न भनी ध्यान नगर्न बाध्य तुल्याइन्न, तबसम्म म गरिरहनेछु।

आँखामा पट्टी बाँधेर मलाई ट्वाइलेट पुऱ्याइदिए। हिजो दिउँसो किशनले राप्तीलाई निर्देशन दिँदै गरेको सुनेको थिएँ, "सधैँ गएकै ठाउँमा बारबुर पार्नू।" नभन्दै अलि पर बारीको ढिकमा अस्थायी चर्पी बनाएका रहेछन्।

हातमुख धोएपछि म ओछ्यानमा बसेँ। पद्मासन कसेँ। त्यस बेला त्यहाँ तीन जना छापामार मात्र थिए। उनीहरूको ध्यान रेडियोतिर थियो; तर म गोडा दोब्राएर सीधा तन्केको देख्दा उनीहरू मतिर आकर्षित भए।

पद्मासनबाट करीब पन्ध्र मिनेटपछि उठेर ओछ्यानमै लम्पसार परेँ, शवासनको लागि।

छापामारहरूका कौतूहलपूर्ण आँखाहरूप्रति वास्तै गरिनँ। विश्वका महान् व्यक्तिहरूको बलिदान स्मरण गर्दै समय व्यतीत गर्दै रहेँ। बेलाबेला चिया-कफीको झुल्कोले भने व्यवधान पुऱ्याइरह्यो।

बिहान नौ बजे एक छिन रेडियो सुन्न पाएँ। हिजोकै बासी समाचार– सङ्कटकालको म्याद थप र संसद् अधिवेशन।

खाने समय उही हिजोकै। खाना पनि उही– मकैको ढिँडो र माऱ्या सागको तिउन।

आज किन हो, किशन अलि बढी टेन्सनमा छन्, रिसाइरहेका छन्। शायद केही युवतीहरू मकै पिस्न घट्टतिर पठाइएका छन्। यही विषयमा उनी र राप्ती दलानमा कचकच गरिरहे।

एक छिनमा राप्ती र विकास पनि बन्चरो र नाम्लो बोकेर हिँडेका देखिए। दाउरा काट्न होला। अहिले डचुटीमा भट्टराई छन्, बन्दुक र सकेट बम लिएर।

किशन भित्र र बाहिर गर्दै रहे। पाँच-छ मिनेट बाहिर कतै हराउँदै, फेरि भित्र पसेर कम्बल ओछ्याइएको आफ्नो ओछ्यानमा बस्दै; कहिले आफ्नो झोला खोलेर त्यसमा प्लास्टिकको थैलाभित्र राखिएका केके कागजात हेर्दै, पढ्दै फेरि राख्दै गरिरहे। उनको र मेरो ओछ्यानबीचको दूरी पाँच-सात हात छ; उनी मतिर ढाड फर्काएर झोला खोल्छन्, पढ्छन् र राख्छन्। त्यसैले ती कागजातमा के छ भनी मैले चाल पाउन सकेको छैन। शायद उनको पार्टीका नीति-निर्देशनहरू होलान्। या, ती मसँग सम्बन्धित पनि हुन सक्छन्।

२०३६ सालको विद्यार्थी आन्दोलन रोल्पामा ढिलो आएको थियो। वैशाख १० गतेको घोषणापछि देशका अन्य भागमा आन्दोलन मत्थर भयो। तर रोल्पामा कुन्नि के कारणले हो, आन्दोलन जेठदेखि चाहिँ शुरू भयो। त्यस बेला म काठमाडौँमा थिएँ,

त्रिभुवन विश्वविद्यालयको केन्द्रीय क्याम्पसमा बीएड सेकेन्ड सेमेस्टर पढ्दै । त्यही आन्दोलनमा विद्यार्थीलाई उचालेका कारण लिवाङको बालकल्याण माध्यमिक विद्यालयका प्रधानाध्यापक मुख्यनाथ तिवारीको जागीर गएको थियो । उनीपछि म २०३६ सालको अन्त्यतिर प्रधानाध्यापक भएँ । त्यो बेला त्यो हाइस्कुलमा तीन वटा विद्यार्थी सङ्गठन अस्तित्वमा थिए– नेवि सङ्घ, अखिल (पाँचौं) र अखिल (छैटौं) । कृष्णबहादुर महराले नेपालगन्ज क्याम्पसबाट आईएससी गरिसकेका थिए । उनी लिवाङ हाइस्कुलमै विज्ञान शिक्षक हुन आइपुगेका थिए । उनको समर्थन अखिल (छैटौं) लाई थियो । गजुलमा २०३६ सालमै स्तरोन्नति भएर जनज्योति मावि शुरू भए पनि लिवाङ हाइस्कुल पुरानो भएका कारण त्यहाँ जिल्लाभरिकै विद्यार्थी हुन्थे । थवाङ क्षेत्र, पश्चिम राङकोट, पाछावाङ, थुनी क्षेत्र तथा लिवाङको मध्य क्षेत्रका अधिकांश विद्यार्थी कृष्णबहादुर महराद्वारा भित्री तवरले

निर्देशितसमेत रहेको अखिल (छैटौँ) मा संलग्न थिए। त्यसैले लिवाङ हाइस्कुलमा अखिल (छैटौँ) कै वर्चस्व थियो। दक्षिणी भेगतिरबाट आउने विद्यार्थीहरूमा अखिल (पाँचौँ) को प्रभाव थियो। मैले विद्यार्थी समस्या तथा जिल्ला प्रशासनको दबाव दुवैतिरबाट कठिनाइ झेलेर विद्यालय सञ्चालन गर्नुपर्थ्यो।

२०३७ सालको जनमत सङ्ग्रहमा रोल्पामा बहुदलको पक्षमा बाह्र हजार र निर्दलको पक्षमा अठार हजार मत परेको थियो। थवाङबाट लगभग पूरै मत बहुदलको पक्षमा खसेको थियो; त्यही कारण यो गाउँ निकै चर्चामा आयो। जनमत सङ्ग्रहको परिणाम घोषणा भएपछि 'सुधारिएको पञ्चायत व्यवस्था' को शुरूआत भयो। अब जिल्लाका नेताहरूलाई जनताको घरदैलोमा पुग्नुपर्ने अवस्था आयो। २०३८ सालको चुनावमा हामीले पिताजी खडानन्द सुवेदीलाई राष्ट्रिय पञ्चायत सदस्यमा स्वतन्त्र उम्मेदवार बनाउने योजना बुन्यौँ। पिताजीलाई

जिल्लामा व्यापक जनसमर्थन पनि थियो। तर यसो गर्दा २०२२ सालदेखि राष्ट्रिय पञ्चायत सदस्य हुँदै आएका बालाराम घर्ती मगरले हार्ने निश्चित थियो। रेगबहादुर दाइको राजनीति पनि छायामा पर्ने पक्का थियो। दुवै जनाले हाम्रो घरमा आई पिताजीलाई उम्मेदवारी नदिन अनुरोध गर्न थाले। उनीहरूले चुनावपछि पिताजीलाई श्री ५ बाट मनोनीत सदस्यको रूपमा राष्ट्रिय पञ्चायतमा पठाउने आश्वासन प्रधानमन्त्री सूर्यबहादुर थापा र राष्ट्रिय पञ्चायतका अध्यक्ष नवराज सुवेदीबाट समेत दिलाए। हामी विश्वासमा परेर बालाराम तथा रेगबहादुरका प्रचारक भयौँ। दुवैको लागि भोट माग्दै हामी रोल्पाको दक्षिणी भेग पूरै घुम्यौँ। बालाराम र रेगबहादुर दुवै विजयी भए। तर हाम्रो विश्वासमा कुठाराघात गरे। श्री ५ बाट बमकुमारी बूढा मनोनीत भइन्। त्यस बेला पावरमा पुग्न सक्ने माविका प्रधानाध्यापकहरूलाई करारमा जिल्ला शिक्षा

अधिकारीमा लैजाने रीत थियो र कैयौँ भएका पनि थिए। मलाईसमेत त्यस्तो आश्वासन दिइएको थियो। चुनावपश्चात् त्यो पनि छलकपटमै हरायो।

२०३८ सालको शुरूआतसँगै भएको शिक्षक हडतालमा म सक्रिय भएँ। हामीले झन्डै दुई महिना पठनपाठन बन्द गरायौँ। जिल्ला सदरमुकामकै मावि बन्द भएपछि बाहिरका विद्यालयहरू पनि बन्द हुँदै गए। हडताल तोड्न प्रशासनले मलाई खूब दबाव दियो। तर शिक्षक सङ्गठनका हामीहरू डटिरह्यौँ। हडताल पूर्ण रूपले सफल रह्यो। कति पटक सरकारी मानिसहरू विद्यालय खुलाउँदै जान्थे; पछिपछि शिक्षक साथीहरूले बन्द गर्दै जान्थे। यही हडतालमा दुई महिनाजति भूमिगत भएर काम गरिरहेका उक्त सङ्गठनका सचिव कृष्णबहादुर महरा पछि असारको शुरूतिर पक्राउ परे। पक्राउ परेको एक हप्तापछि नै के कारणले हो, उनले जेलबाटै हडताल बन्द गर्न निर्देशन जारी गरे। हामीलाई

शङ्का लाग्यो र म आफैँ उनलाई भेट्न र तथ्य पत्ता लगाउन सीडीओको कार्यालयमा गएँ। तत्कालीन सीडीओ शारदाप्रसाद दाहाल निकै कडा थिए। शिक्षक सङ्गठनको सचिवले हडताल रोक्न निर्देशन दिइसकेपछि तत्काल हडताल छोडी पढाइ चलाउन उनले मलाई दबाव दिन थाले। उनीसँग निकै बेर वादविवाद भयो। मैले कृष्णबहादुर महराले प्रशासनको दबावबिना आफ्नै निर्णयले उक्त निर्देशन पठाएको भनी आश्वस्त पारे मात्र हडताल रोक्ने अडान लिएँ र उनलाई भेट्ने अनुमति पाएँ। उनलाई सीडीओको कार्यालयमा ल्याइयो। हामी दुवैको कुरा भयो। उनले प्रशासनको करकापमा नपरी आफूले जिल्लाका वस्तुस्थिति तथा शिक्षकहरूको अवस्थासमेत बुझी हडताल रोक्न आह्वान गरेको बताए। मैले यसको लिखित प्रमाण दिन माग गरेपछि उनले यसै बेहोराको एउटा लिखतसमेत दिएका थिए।

प्रशासन तथा त्यो समयमा खुलेको समानान्तर

शिक्षक सङ्गठनमा संलग्न शिक्षकहरूको मद्दतले कृष्णबहादुर महराको आह्वानपत्र जिल्लाभर तत्काल पठाइसकिएको थियो। हडताल बन्द गर्ने जिल्ला सचिवको आह्वान तथा प्रशासनको कडा दबावका कारण कति विद्यालय खुल्दै गए। तर खास पठनपाठन चाहिँ केन्द्रमा सम्झौता भएपछि मात्र शुरू भयो।

२०४१ सालको शिक्षक हडतालको नेतृत्व गर्ने जिम्मा म र केशवराज श्रेष्ठमाथि आयो। यद्यपि हामी शिक्षक सङ्गठनका पदाधिकारी थिएनौँ, तथापि जिल्लामा यिनीहरूले नै नेतृत्व गर्न सक्छन् भन्ने ठहर केन्द्रले गरेको हुन सक्थ्यो। कृष्णबहादुर महरा त्यस बेला बीएड गर्न पोखरा गएका थिए। २०३६ सालदेखि २०३८ सालसम्म थवाङ माविमा प्रधानाध्यापक भई काम गरेका केशवराज श्रेष्ठ यो हडताल हुनुअघि जुगार माविमा सरुवा भएका थिए। तर विडम्बना, हडतालको कार्यक्रमको जानकारी प्रशासनमा पुगेछ। हडताल शुरू हुनुअघि नै उनलाई

प्रशासनले थुनिदियो । म लिवाङमा भएकोले प्रत्यक्ष निगरानी भइरह्यो । त्यस बेला सानुबाबु खत्री सीडीओ थिए । उनको कडा निगरानी र प्रयत्नका बावजूद साथीहरूसँगको सम्पर्कले हामीले साङ्केतिक हडताल सम्पन्न गर्‍यौँ । २०४१ साल चैत २१ गते जिल्ला शिक्षा कार्यालय घेराउ गर्ने केन्द्रीय कार्यक्रम थियो । त्यो दिन बिहान दश बजे जम्मा भई घेराउ गर्ने गोप्य सूचना जिल्लाभरका शिक्षकहरूलाई पहिल्यै भइसकेको थियो । जिल्ला प्रशासनले पूर्ण शक्ति प्रयोग गर्ने मनस्थिति देखायो । प्रहरीको ठूलो तैनाथीका बावजूद करीब चार सय शिक्षकहरूले दिउँसो एक बजेदेखि चार बजेसम्म जिल्ला शिक्षा कार्यालय घेरेरै छोड्यौँ । पचहत्तर जिल्लामध्ये रोल्पा र अर्को एक जिल्लाका शिक्षकहरू मात्र जिल्ला शिक्षा कार्यालय घेराउ गर्न सफल भएका थिए ।

गजुल हाइस्कुल २०४३ सालसम्म एकदमै नाजुक अवस्थामा पुग्यो । एकातिर शिक्षकहरूको आपसी

मनोमालिन्य र अर्कातिर हरसम्भव प्रयास गरेर विद्यालयको प्रगति गर्न खोज्दा पनि कतैबाट सहयोग पाउन नसकेका स्थापना कालदेखिका प्रधानाध्यापक सुवासचन्द्र लबट प्युठानमा सरुवा भइसकेका थिए। पठनपाठनमा उदासीनता, एसएलसीमा खराब नतीजा आदिका कारण कमजोर भइसकेको विद्यालयमा मलाई शिक्षा मन्त्रालयको विशेष तोक आदेशको आधारमा क्षेत्रीय शिक्षा निर्देशनालय, सुर्खेतको निर्देशनमा २०४३ साल भदौमा काजमा खटाइयो। मैले त्यसअघि यही विद्यालयबाट सरुवा भई लिवाङ हाइस्कुलमा पूरै दश वर्ष सेवा गरेको थिएँ। म काजमा आएकै वर्षको अन्त्यमा गजुल हाइस्कुलमा जिल्लास्तरीय वीरेन्द्र सिल्ड प्रतियोगिता भव्यतापूर्वक सम्पन्न गर्‍यौं।

२०४६ सालको जनआन्दोलनमा रोल्पामा खासै हलचल भएन। चैतसम्म पनि यहाँ 'ढुङ्गै पञ्चायत माटै पञ्चायत' जस्तो थियो। पञ्चायतले सारातिर खाएको थियो। २०३८-३९ सालको कुख्यात थवाङ

अपरेसन र घोर प्रशासनिक दमनका कारण २०४१-४२ सालसम्म यहाँका वामपन्थी नेतृत्वदायी व्यक्तित्वहरूमध्ये कति पञ्चायतमा प्रवेश गरेका थिए, कति प्रवेश गर्ने अवस्था सृजना भइरहेको थियो ।

रोटेसनको आधारमा २०४६ सालको वीरेन्द्र सिल्ड प्रतियोगिता नुवागाउँ माध्यमिक विद्यालयमा, जुन जिल्लाको छैटौँ मावि हो, चैत २० गतेदेखि भइरहेको थियो । जिल्लाभरका माविका प्रधानाध्यापकहरू, ठूलो सङ्ख्यामा शिक्षक-विद्यार्थीहरू, कतिपय पञ्चनेताहरू र प्रशासनिक प्रमुखहरूको त्यहाँ उपस्थिति थियो । २३ गते साँझसम्म 'पञ्चायत व्यवस्था अमर रहोस्' भन्ने नारा लगाइरहेकै थियौँ । रेडियो नेपालले प्रतिकारको समाचार फुकिरहेको थियो । त्यति चाँडै बहुदल आउला भन्ने कसैलाई विश्वास थिएन ।

तर एकाएक आइदियो । बहुदल घोषणाको दोस्रो

दिन चैत २७ गते नै सदरमुकाम लिवाङमा हलचल आयो । अहिलेसम्म नदेखिएका पार्टीहरू देखा परे । सुतेको मान्छे एकाएक उठाउँदा आफ्नो गन्तव्य थाहा नपाई जसरी भड्खालोमा खस्छ, रोल्पामा करीबकरीब त्यस्तै अवस्था भयो । प्रायः जनतामा राजनीतिक चेतना थिएन; २०१७ सालपछिको नयाँ पिँढीलाई बहुदल के हो, पार्टीहरू के हुन् भन्नेसमेत थाहा थिएन । खालि पञ्चायत गयो रे, पञ्चहरू सकिए रे तथा अब सबैले कुनै न कुनै एउटा पार्टी समात्नुपर्छ रे भन्ने सन्देश व्याप्त भयो । भूमिगत रूपमा रहेको, उत्तरपश्चिमी भेगमा बढी सङ्गठित रहेको तथा अत्यधिक शिक्षक-विद्यार्थीलाई आकर्षण गराउन सकेको नेकपा (मशाल) अन्य पार्टीहरूभन्दा अगाडि देखियो । चैत २६ गतेसम्म भूमिगत यो पार्टी बहुदल घोषणालगत्तै 'नौलो जनवादी मञ्च' को नाममा देखा पऱ्यो । तीव्र प्रचार र कुशल सङ्गठन, आक्रामक क्रियाकलाप र भीषण भाषणहरू,

युवा र जोशिला नेता-कार्यकर्ता, पञ्चहरू र प्रशासनलाई खेदो खन्ने र कारबाही गर्ने काम तथा शिक्षक-विद्यार्थीहरूमा पकडका कारण यो पार्टीले चाँडै जिल्लाभर व्यापकता पायो। विगतमा विभिन्न कारणवशात् पाखा पारिएका टाठाबाठा व्यक्तिहरू तथा महत्त्वाकाङ्क्षी युवाहरू पनि चाँडै यो पार्टीमा सामेल भए।

काङ्ग्रेसले ढिलो सङ्गठन शुरू गऱ्यो। नयाँ, त्यागी र जोशिला नेताहरू भएनन्; पुराना नेता-कार्यकर्ता जुटाउन समय लाग्यो। यसले काङ्ग्रेस तथा बीपी कोइरालाको नामले प्रभावित व्यक्तिहरू ऋट्टै जम्मा गर्न सकेन। आफ्नो प्रतिपक्षी संयुक्त जनमोर्चा (नेकपा मशाल) को सशक्त प्रतिरोध गर्न पनि सकेन। काङ्ग्रेसका नेताहरू सङ्गठन गर्नेभन्दा पनि आउँदो निर्वाचनमा संसद्को टिकट पाउने जुक्ति खियाउनतिर केन्द्रित भए। फलतः काङ्ग्रेस त्यति तीव्रतासित अघि बढ्न सकेन।

मालेको पकड दक्षिणी भेगमा रहेछ। यो पार्टी पनि

ती क्षेत्रहरूभन्दा अझ अगाडि बढ्न झट्टै सकेन ।

पूर्वपञ्चहरू त लुकेरै बसे । उनीहरू सहाराविहीन भएका थिए । आक्रामक शैलीमा प्रस्तुत भएको नौलो जनवादी मञ्चको कारबाहीबाट बच्नु उनीहरूको प्राथमिकता हुन गयो । उनीहरूको पार्टी पनि थिएन ।

□ □ □

म रोल्पामा सर्वप्रथम बीए पास गर्ने व्यक्ति हुँ । २०३० सालदेखि शिक्षण पेशामा लागेको म २०३६ सालदेखि लगातार माविको प्रधानाध्यापक रहिआएको छु । रोल्पामा सबैभन्दा वरिष्ठ प्रधानाध्यापकको मेरो पहिचान बनेको छ । मैले धेरैलाई पढाएको छु । नेपाली काङ्ग्रेसका जिल्ला सभापति माधवप्रसाद आचार्य, कृष्णबहादुर घर्ती, मनोज आचार्य, राप्रपाका जिल्ला नेता दलवीर पुन, परशुराम घर्ती आदि मेरै विद्यार्थी हुन् ।

सम्झनाको घेरा बढाउँदै जाँदा मेरा पूर्वविद्यार्थी तथा पछि लिवाङ माविका शिक्षक साथी कृष्णबहादुर महरा आए। अन्य पूर्वविद्यार्थीहरू खुमा सुवेदी, कुलप्रसाद केसी, नन्दकिशोर पुन, वर्षमान पुन, चन्द्रबहादुर चन्द, जयन्द्र चन्द हुँदै रुक्कुप्रसाद सुवेदी, किमबहादुर, जोखबहादुर जस्ता स्थानीय माओवादीहरू पनि त्यही लहरमा मिसिए।

पिताजीको सेवा कार्य अनुसरण गर्दै मैले २०३५ सालमा रोल्पामा नेपाल रेडक्रस सोसाइटीको शाखा स्थापना गरेँ। त्यसमार्फत अविच्छिन्न समाज सेवा गरिरहेको थिएँ, अपहरणमा पर्नुअघिसम्म।

दिन ढल्न थाल्यो। पद्मासन बाँधेर म तनक्क तन्किएँ। किशनले यसबारे बिहानै रिपोर्ट पाइसकेका रहेछन्, सोधे, "यो के गर्नुभएको हो?"

मैले स्पष्ट पारेँ, “यसलाई पद्मासन भनिन्छ। यसको योगाभ्यासमा ठूलो महत्त्व छ। योगाभ्यास भनेको व्यायाम नै हो। योगाभ्यासमा धेरै व्यायाम दिइएका हुन्छन्; ती सबैले शरीर र मन स्वस्थ राख्न र रोगमुक्त गराउन मद्दत गर्छन्। पद्मासनले ढाड र गोडा दुख्ने व्यथा सन्चो हुन्छ। मेरो ढाड दुख्छ। यसैले प्रतिदिन बिहान आधा घण्टा र साँझ आधा घण्टा यो आसन गरेँ भने मलाई आराम मिल्छ। साह्रै थाकेको बेला यो आसन र यसपछि शवासन गरे जीउ फुर्तिलो हुन्छ।”

उनलाई पनि मजा लागेछ; पद्मासनमा बस्ने कोशिश गरे। बडो मुश्किलले आसन बाँध्न त सके, तर दुई मिनेट पनि अडिन सकेनन्। म बीस मिनेटसम्म ध्यानमुद्रामा रहेँ।

राति शिखर कामरेड आए। उनले एक किलो चिनी र चियापत्ती ल्याइदिएछन्। अति खुशी लाग्यो।

चिया भोलिदेखि खाउँला। आज त खाना खाइसकिहालियो !

७

२०५८ जेठ ४, शनिबार

म ब्यूँझँदा शायद शिखर र विकास मात्र रहेछन् । शिखर पनि हिँड्ने तरखरमा थिए होलान्, उनले विकासलाई बिस्तारै दिँदै गरेको निर्देशन मेरा कानसम्म आइरहेको थियो, "टक्क दुई गिलास मात्र ! एक गिलास उहाँलाई दिनू; एक गिलास तिमीले खानू । टक्क दुई गिलास मात्र ! बिहान सात बजे, दिउँसो तीन बजे गरी दुई पल्ट । टक्क दुई गिलास मात्र है !"

मैले ढोकाको कर्काईबाट देखिरहेको थिएँ– शिखर जति पटक 'टक्क दुई गिलास मात्र' भनिरहेका थिए, त्यति नै पटक औँलाले थोरै अनुपात देखाइरहेका थिए । शायद चिनीको मात्रा सङ्केत गरिरहेका थिए । उनीहरूले म निदाएकै छु भन्ने ठानेका रहेछन् ।

शिखरले यो निर्देशन दोहोऱ्याए, तेहऱ्याए। "राम्ररी बुझ्यौ ?" भनेपछि चाहिँ उनी कतै हिँडे।

मलमूत्र विसर्जन र हातमुख धुवाइपछि पन्ध्र-बीस मिनेट पद्मासनमा बसेँ; प्रार्थना गरेँ। जप पनि गर्दा राम्रै हुन्थ्यो; तर आज शनिबार, भोलि आइतबार शुरू गर्नुपर्ला। गणेशजीको एक सय आठ पटक, भगवती माताको एक सय आठ पटक र भगवान् शिवजीको एक सय आठ पटक जप गर्नुपर्ला।

म शवासनबाट उठेपछि विकासले चिया ल्याए, सिल्पटका दुइटा बटुकामा। एक-एक सिसा गिलासजति चिया रहेछ। अलि धेरै चाहिँ मलाई दिए।

"विकास बाबु, आफूलाई किन थोरै राखेको, अलि खानुस् न !"

"खान्नँ सर। भैजान्च सर। हाम्रो त चा खाने बानी चैन सर।"

"किन ? चिया कहिल्यै खानुहुन्न र ?"

"खान्नम् सर। हामी जनयुद्धमा लागेकालाई चा

सधैं काँ पाइन्च र सर ! भेट्या बेला खान्चम् । त्यत्ति हो ।"

नभन्दै भट्टराईलाई चियाप्रति वास्तै छैन । उनी उदासीन भएर पारि बसिरहेका छन् ।

सात दिनपछि बडो सन्तुष्टिका साथ चिया पिएँ । कालो चिया । विकासले पत्ती धेरै हालेछन्, टर्रो भयो । रै पनि बडो आनन्द आयो । चियाले घर सम्झायो; चिया खाने कपको सम्झना आयो ।

"कालो चियामा नून हाल्नू बाबु, सानो नून । अनि मीठो हुन्छ । कालो चियामा पत्ती कम राख्नुपर्छ । दूध भए पो चियापत्ती बाक्लो चाहिन्छ ।" मैले विकासलाई बुझाउन चाहेँ, "यहाँ दूध कहीँ पाइँदैन बाबु ?"

"ह्याँ काँ पाउने सर ! यता पर्वततिरका गाउँमा भैँसी ता पाल्दैपाल्दैनन् । क्वैक्वैले पाल्चन् । छेत्री गाउँबाट ल्या'र काटेर मासु खाने मात्रै हो ।"

"गाई पाल्छन् कि पाल्दैनन् ?"

"गाई त घरघरै पाल्चन्। भए 'नि मलको लागि मात्रै। जाँजाँ बारी छ, त्याँत्याँ लैजान्चन्। बाख्रा पनि त्यै हो। दूधदही त देख्नै पाइन्न। हाम्रो गाउँमा त घरघरै भैंसी पाल्चम्। दूधदही खान पाइन्च।"

"काँ हो बाबु तपाईंको घर?"

"भन्दैन सर म त।" उनी खितखित हाँसे। अमिलो अनुहार भएका भट्टराई पनि हाँसे।

चिया सकेर विकास बाहिर निस्कँदा मेरो छेउको ढोकाको फग्लेटो अलि बढी खुला रह्यो। पारिको अग्लो लेकको जङ्गलैजङ्गलले भरिएको पाखो देखियो; गुराँस, वाँज, खर्सुको जङ्गल होला। आँखा शीतल भए। आँत चङ्गा भयो। मनभरि हरियाली छायो। मैले ठाउँ ठम्याउने कोशिश गरेँ, तर पटक्क सकिनँ। यो मेरो परिचित क्षेत्र होइन।

मैले बाहिर हेरिरहेको थाहा पाउनेबित्तिकै भट्टराईले ढोका बन्द गरिदिए।

□□□

२०४६ सालको त्यत्रो देशव्यापी आन्दोलन चलुन्जेल खासै हलचल नभएको रोल्पा राजा वीरेन्द्रको बहुदल घोषणालगत्तै असामान्य हुन पुग्यो । जिल्लाका कैयौँ युवा, शिक्षक र विद्यार्थी जस्तै म पनि बहुदलको बदलिँदो परिस्थितिमा अन्योलग्रस्त भएँ । शिक्षक सङ्गठनमा आबद्ध भएको हुनाले मलाई वामपन्थी खेमाले आफ्नै ठान्थ्यो । पारिवारिक संस्कारले म प्रजातन्त्रवादी थिएँ, राजनीतिक महत्त्वाकाङ्क्षाका कारण पञ्च । किङ्कर्तव्यविमूढको यो स्थिति धेरै समय रह्यो । आखिर मैले नौलो जनवादी मञ्चमा हाम फालेँ । राजनीतिक महत्त्वाकाङ्क्षा, प्रतिशोधको भावना तथा मार्गनिर्देशनको अभाव यसका मूल कारक थिए ।

मोर्चाका घोषित नेता कृष्णबहादुर महरा थिए । रुक्कुप्रसाद सुवेदी पनि नेता बनिसकेका थिए ।

पछि निर्वाचनमा भाग लिने गरी यो दल पनि 'संयुक्त जनमोर्चा' को नाममा निर्वाचन आयोगमा दर्ता भयो; हँसिया हतौडा र तारा चिह्न पायो ।

यसै अवधिमा कृष्णबहादुर महराको लिवाङस्थित घरमा रामबहादुर थापा (बादल) कामरेड आएका थिए । उनले हामीहरूको भेलामा पार्टी लाइन, चुनावी कौशल आदिबारे प्रशिक्षण दिएका थिए । लट्ठी र गुलेलीबाट शुरू गर्ने, हिर्काउने र भाग्ने शैलीको प्रारम्भिक चरणको उनको मौखिक प्रशिक्षणले बन्दुक बोक्न लालायित धेरै कार्यकर्तालाई निराश बनाएको थियो ।

संयुक्त जनमोर्चा निर्वाचन आयोगमा दर्ता भएपछि हामी पनि चुनाव प्रचारमा लाग्ने भयौँ । पूर्वी भेग क्षेत्र नं. १ को प्रचारको जिम्मा ममा आयो भने पश्चिम क्षेत्र नं. २ कुलानन्द गिरीको भागमा पऱ्यो । पार्टी र उम्मेदवारको प्रचार तथा सकेसम्म सङ्गठन विस्तारसमेत सँगसँगै गर्नु थियो । यो कष्टसाध्य

अभियानमा भाषण, गोष्ठी, सांस्कृतिक कार्यक्रम, भेटघाट, छलफल आदि सँगसँगै जान्थे । यस क्रममा मैले रोल्पाको पूर्वी क्षेत्रको पूरै भ्रमण गर्ने अवसर पाएँ । सांस्कृतिक टिम, प्रचार-प्रसार टिम लगायत पचास-साठी जनाको लर्को लिएर गाउँगाउँ पुगी अनेक चुनौती सामना गर्दै कार्यक्रममा दुई महिनाजति बितायौँ ।

संयुक्त जनमोर्चाले क्षेत्र नं. १ मा बर्मन बुढा र क्षेत्र नं. २ मा कृष्णबहादुर महरालाई टिकट दियो । यसै क्रममा प्रचार-प्रसारको स्थिति बुझ्न गाउँगाउँ गएको बेला गिरिराज योगी, मेघबहादुर सेन र मैले बडाचौर गाविसको सेवारमा तथा राजेश सुवेदीले गुम्चाल गाउँमा राप्रपाका कार्यकर्ताबाट कुटाइ खानुपर्‍यो । झोला र पैसा लुटे; टाउको फुटाइदिए । निर्वाचन अवधिभर म कृष्णबहादुर महराको अनि झक्कुप्रसाद सुवेदी बर्मन बुढाको प्रतिनिधि भएर लिवाङमा सक्रिय रह्यौँ । निर्वाचन अवधिमा काङ्ग्रेस

तथा राप्रपासँग यो पार्टीको द्वन्द्व, हिंसा तथा पेलापेलका थुप्रै घटना भए ।

संयुक्त जनमोर्चाले जिल्लाका दुवै क्षेत्रमा चुनाव जित्यो । विजयसँगै यो पार्टी अझ असहिष्णु, आक्रामक बन्दै गयो । अन्य पार्टीका कार्यकर्ता, समर्थक र शुभेच्छुकहरूप्रति शत्रुतापूर्ण व्यवहार गर्ने प्रवृत्ति बढ्दै गए । शक्ति र हिंसाको मद बढ्दै गयो । एक प्रकारले जिल्लाभर नै डर र त्रासको वातावरण बन्यो । यो देखेर म निराश भएँ ।

त्यही भएर दोस्रो वर्ष अर्थात् २०४८ सालको स्थानीय निर्वाचनमा म खासै सक्रिय भइनँ । एक त पार्टीको रवैया, त्यसमाथि पारिवारिक संस्कार र कार्य-व्यवहारबीच बेमेलका कारण म हताश भइरहेको थिएँ ।

संयुक्त जनमोर्चाले स्थानीय निर्वाचनमा पनि बहुमत प्राप्त गऱ्यो । रुक्कुप्रसाद सुवेदी जिल्ला सभापति भए । चुनावअघि मलाई सभापतिको उम्मेदवार

बनाउनेबारे राय-सल्लाह पनि भएको थियो। तर, यस्तो पार्टीको जिल्ला सभापति भएर काम गर्ने उत्साह मैले आफूमा पाइनँ। पार्टीको सिद्धान्त, नीति र क्रियाकलापमा असहमत भएकोले यसबाट निस्कने मनसाय थियो। अत: मैले सो प्रस्ताव सीधै अस्वीकार गरिदिएको थिएँ।

स्थानीय निर्वाचनलगत्तै मैले संयुक्त जनमोर्चाको कार्यकर्ताबाट राजीनामा दिएँ। शिक्षक सङ्गठनको रोल्पा जिल्ला शाखाको केन्द्रीय प्रतिनिधिबाट समेत राजीनामा दिएँ। त्यही वर्ष नेपाल शिक्षक सङ्घमा प्रवेश गरेँ। यसरी झन्डै अढाई वर्ष लामो एउटा उथलपुथल समाप्त भयो।

तर, अर्को उथलपुथलले पर्खिरहेको रहेछ।

म संयुक्त जनमोर्चामा एक्लै गएको थिएँ, एक्लै निस्केँ। मोर्चा परित्याग गरेकोमा धेरै साथीहरू रिसाए। अनेक प्रकारका धम्की पनि आए। २०५२ साल फागुन १ गते माओवादीले जनयुद्ध घोषण गरेलगत्तै संयुक्त जनमोर्चा पनि भूमिगत भयो।

देशमा युद्धको स्थिति उत्पन्न भयो। हिंसाजन्य घटनाहरू बढ्दै गए। भिन्न विचार राख्ने हामी जस्ता पेशेवर र सर्वसाधारणले अनगिन्ती कठिनाइ बेहोर्नुपर्न थाल्यो। २०५६ सालपछि त झन् हामीसँग चन्दा र लेभीमा जबरजस्ती गर्न थाले; भाषणबाजी र गोष्ठीमा बलजफ्ती लैजान थाले। प्रहरी र प्रशासनकहाँ यस्ता समस्या लैजाँदा उनीहरूले उल्टो शङ्का गर्ने, 'हामी सुरक्षा दिन सक्दैनौँ' भन्ने स्थिति आयो।

२०४८ सालमै शिक्षक सङ्घमा प्रवेश गरेपछि मप्रति संयुक्त जनमोर्चाको दृष्टि अझ आक्रामक र शत्रुतापूर्ण बन्न गयो। २०५२ सालमा माओवादीले हिंसात्मक जनयुद्ध शुरू गरेदेखि नै म त्यस पार्टीको त्यो नीतिको आलोचक रहेँ। २०४८ सालदेखि हालसम्म म उक्त पार्टीको कुनै पनि सभा, सम्मेलन, बैठक, प्रशिक्षण आदिमा सहभागी भएको छैन। मैले उनीहरूको अवज्ञा गर्ने क्रम तीव्र थियो।

२०४७ सालपछि रोल्पामा शिक्षाको स्तर दिन-प्रतिदिन गिर्दै गइरहेको थियो । शिक्षकहरू राजनीतिमा प्रत्यक्ष संलग्न हुनु हुन्न भन्ने मेरो दृढ धारणा थियो र छ । तर, जनवादी शिक्षाको अभ्यास गर्ने माओवादीहरूलाई मेरो दृढता सह्य हुने कुरा भएन । रोल्पामा शैक्षिक गतिविधि घट्नुको एउटा कारण माओवादी रहेको मेरो ठम्याइ थियो, अझै छ ।

म २०५७ साल पुसपछि शिक्षक सङ्घको जिल्ला अध्यक्ष भएको थिएँ । शिक्षक सङ्घ नै माओवादीहरूको दृष्टिमा गलत थियो, झन् त्यसको अध्यक्षलाई उनीहरूले गतिलो ठान्ने कुरै भएन ।

दिउँसो तीन बजे चिया आयो, एउटा बटुकोमा मात्र । मैले त्यहाँ उपस्थित किशनलाई पनि पकाइदिन भनेँ; तर किशनले मानेनन्, विकास पनि गएनन् । “हामी युद्धमा लागेकोले कहाँबाट चिया

खाने बानी गर्नु !" किशनले भने ।

ती दुई जना एउटै पत्रिका पढ्न थाले । मसिना अक्षरमा छापिएको क्वाटर साइजको त्यो पत्रिकामा शायद दाङ, देउखुरी, सतबरिया, लिस्ने र गाममा भएका माओवादी आक्रमणको विश्लेषण थियो । उनीहरू ती युद्धबाट प्राप्त हतियारहरूको हिसाब गर्न थाले । यो क्रम धेरै बेरसम्म चल्यो ।

बल्लतल्ल साँझ पऱ्यो । किशन टेन्सनमा देखिए । "आज पनि कुनै खबर आएन ।" उनी विकाससँग गुनगुनाए, "तीन दिन भैसक्यो ।"

शङ्का लाग्यो, मेरो बारेमै केही कुरा होला । तर सोध्ने अधिकार मलाई छैन ।

रात पऱ्यो । आटो र लिउरा (निगुरो) को साग आयो । आज पनि किशनले "हाम्रो व्यवस्था आएपछि ..." वक्तव्यसँगै मलाई खाना दिए । आफूले पनि खान थाले । राप्ती र भट्टराई माछा मार्न गएका रहेछन् । ती अझै नफर्केकोले माछाको झोल खान पाइएन भनी उनले गुनासो गर्दै रहे ।

राति दश बजेतिर मात्र राप्ती र भट्टराई अरूसँगै आए। माछा प्रशस्त मारेको तर आउँदाआउँदै ढिला भएको रिपोर्ट राप्तीले सुनाए।

लगत्तै उनीसँगै बाहिर निस्केका किशन एघार बजेतिर मात्र आए। यतिन्जेल जम्मा भएका र विभिन्न गफ गर्दै रहेका माओवादी युवायुवतीहरूको अनुहार हेर्न खोज्दै र कुरा सुन्न खोज्दै मेरो समय पनि बित्यो।

किशन आएपछि फेरि मुख जोडेर गोप्य गर्ने काम सम्पन्न भयो, अनि कोही कता लागे कोही कता। उनी मतिर पिठ्यूँ फर्काएर टुकीको उज्यालोमा केही लेख्न थाले।

राति उपियाँले धुरुक्कै पारे। यहाँ पनि उपियाँ छन् भन्ने थाहा नपाएको भए शायद यति टोक्ने थिएनन्। दिउँसो हामीकहाँ आइपुगेका लिवाङ, मेवाङका होचा मोहरा बाबुले यसको जानकारी दिएका थिए।

ती पनि भूमिगत भएर माओवादीमा लागेका रहेछन् !

८

२०५८ जेठ ५, आइतबार

बिहान साबिकै गयो। समाचार सुन्न पाएँ। सङ्कटकाल थप्नेबारे सरकार र पार्टीहरूबीच सहमति भएको छैन क्यारे ! पार्टी र सरकारबीच पनि झगडा भनूँ वा एक-अर्कासँग असहमति भए जस्तो लाग्छ। यहाँ यो विषयप्रति कसैलाई वास्ता छैन। यहाँ संसद्को सरकारको अस्तित्व नै छैन।

साबिक टाइममा खाना आयो। एक बटुको माछाको झोल र आटो। कैयौँ दिनपछि मीठो तरकारी खान पाइयो। आजैदेखि शुरू गरेको जपको प्रतापले पो कि ! भगवान्को जय होस् !

झोलसँग आटो अलि बढी नै खाएँ। माछा झन्डै पाँच धार्नी मारेका रे, खोलो फर्काएर। पछिको लागि केही माछा उल्याएर सुकाउँदा तथा सबैलाई

बाँड्दा थोरैथोरै भाग पऱ्यो रे । शायद खाने टोली ठूलो रहेछ । खोला थुनेर यतिका माछा मारेको कुरामा मलाई चाहिँ पत्यार लागेन ।

खाना खाइसकेपछि किशनले राप्तीलाई आज पनि माछा मार्न जान भने ।

"तर भरे चार-पाँच बजे आइहाल्नू । विशेष काम छ । ढिलो बिलकुल नहीँ ।" उनले सम्झाए । अनि मलाई भने, "आफू पनि कतै जानु छ । तपाईं बस्नुस्; बाहिर अरू कामरेडहरू छन् । यहाँ भट्टराई बस्छ ।"

उनले भट्टराईलाई बाहिर लगेर धेरै बेर निर्देशन दिए र विकासलाई साथ लिई हिँडे ।

दलानमा दुइटी युवती देखा परे । उनीहरू कहिले दलानमा त कहिले भित्र कुनातिर सर्दै आपसमा कुरा गर्दै ऊनीका झोलाहरू बुन्दै रहे । उनीहरू मेरो निगरानीको लागि राखिएका होलान् ।

भट्टराई अलि रिसाहा खालका रहेछन् । फुर्सद छ

र साथीहरू छन् भने लडाइँ-झगडा मात्र गर्छन् । हिजो बिहान विकाससित कस्तो लडे भने एक छिनसम्म विकास त हल न चल भए । राप्ती नभएका भए झगडा अझै बढ्ने थियो ।

२०५१ सालको आम निर्वाचनमा रोल्पाका कतिपय मतदान केन्द्रहरूमा माओवादीले चुनाव हुनै दिएनन् । तर तत्कालीन राष्ट्रिय पञ्चायत सदस्यहरूको प्रभाव रहेको क्षेत्र नं. १ का केही केन्द्रहरूमा छानीछानी राप्रपाका समर्थकहरूलाई मात्र भोट हाल्न दिए । नेपाली काङ्ग्रेस समर्थकहरूले भोट हाल्न पाएनन् । नाकानाकामा बसेर बिहान सात बजेदेखि साँझ पाँच बजेसम्म ढुङ्गामुढा गरिरहे । यसरी माओवादीहरूले रोल्पा क्षेत्र नं. १ बाट राप्रपाका उम्मेदवार बालाराम घर्ती मगरलाई विजयी हुन सहयोग पुऱ्याए ।

२०५२ सालयता रोल्पाका धेरै काङ्ग्रेसी कार्यकर्ता कुटिए, पिटिए र मारिए। राप्रपामा भएका दाजु रेगबहादुर सुवेदी २०५५ सालसम्म सुरक्षित हुनुहुन्थ्यो र राप्रपाकै राजनीति गर्नुहुन्थ्यो। २०५६ सालको तेस्रो आम निर्वाचनमा राप्रपाले आफूलाई अन्याय गरेको भन्दै उहाँ नेपाली काङ्ग्रेसमा प्रवेश गर्नुभयो। माओवादीले विभिन्न आरोप लगाएर २०५७ सालको शुरूमै उहाँलाई कान्छो छोरासहित अपहरण गरे। पचासी दिनपछि मात्रै मुक्त गरे।

२०५७ सालमा रोल्पाको भावाङमा आयोजित जिल्ला जनसरकार घोषणा सभामा अनिवार्य उपस्थितिको उर्दीको पालना नगरेपछि माओवादीले मलाई ऋनै नराम्रो मान्न थालेको थियो। माओवादीका ठूला नेताहरूसँग हाम्रो भेट कहिल्यै भएन। तल्लो तहका नयाँ कार्यकर्ताहरूसँग जम्काभेट भैरहन्थ्यो र प्रत्येक भेटमा उनीहरूले केही न केही अप्ठ्यारो पारिरहेका हुन्थे।

२०५७ साल पुसमा दाजु थिरबहादुर सुवेदीकी छोरी विश्वमाया तिनै माओवादीको एम्बुसमा परेर मारिइन् । २०५८ साल माघमा अर्का भतिजा अरुण सुवेदीलाई अपहरण गरी धेरै दिनसम्म दुःख दिए । उनी त्यो क्षेत्रतिर सेना गस्ती गएको मौका पारी भाग्न सफल भएका थिए ।

पिताजी खडानन्द सुवेदीद्वारा स्थापित स्वच्छ सेवाकारी राजनीतिको जुन धारले अहिलेसम्म जिल्लामा निरन्तरता पाइरहेको छ, त्यसलाई निमिटचान्न पार्न नै माओवादीले हाम्रो परिवारमा कुदृष्टि लगइरहेको मलाई स्पष्ट हुँदै आयो ।

मेरो अपहरण त्यसैको पछिल्लो कडी हो । म अपहरण हुनुभन्दा अघिल्लो साँझ मात्र नेपालगन्ज र बर्दियाको करीब एक महिना लामो बसाइपछि घर आइपुगेको थिएँ । वैशाख ३ गते घर छोड्दा ८ गतेसम्म फर्कन्छु भन्ने योजना थियो । तर १७-१८ गतेसम्म पनि नफर्कंदा आमा र कमला आत्तिनु

स्वाभाविकै थियो। मैले भान्जाको बिहेका कारण फर्कन ढिलाइ हुने खुलाउँदै १८-१९ गतेतिर सीधै घर पुग्ने मानिसको हात चिठी पठाएको थिएँ। तर त्यो चिठी २४-२५ गते मात्रै घरकाले पाएछन्। त्यसअघि त्यो चिठी हाम्रो घरको सट्टा लिवाङ पुगेछ। त्यहाँबाट कुनै शिक्षकले शाही सेनाको देउपुजे ब्यारेक पुऱ्याइदिएछन्। देउपुजे ब्यारेकमा त्यसै त माओवादी विदुषकहरूले मेरो विरुद्ध अनेक कुरा पुऱ्याउने गरिरहेका थिए, चिठी नै हात परेपछि ऊन् आशङ्का जन्माएछ।

अपराह्न चार बजेतिर किशन कतैबाट निकै थाकेर, धपेडिएर आए। मैले "थाकेको बेला चिया खाए आराम हुन्छ" भनेर बडो कर गरेपछि उनले अलिकति खाए।

उनीसँग चियापान तथा योग सम्बन्धी कुरा चल्यो। उनले आज पनि पद्मासनमा बस्ने प्रयास गरिहेरे।

केही बेरपछि राप्ती र विकास आए। माछा मरेनन् रे। रित्तै फर्केछन्।

साँझ खाना खाइसकेपछि कामरेडहरूले आआफ्ना बन्दोबस्ती झोला मिलाउन थाले। मलाई घर फर्काउने हुन् कि क्या हो! सम्भावित खुशीले शरीर तरङ्गित भयो। उनीहरू मसँग केही नबोली काममा लागिरहे। साढे सात बजेपछि "लौ सर, पाटीले हाम्लाई अर्को ठाउँ जान खटा'को च; तयार हुनुस्" भने। म खङग्रङ्ङ भएँ।

जुत्ता लगाएँ। अरू त के तयार हुनु थियो र! चप्पल, लुङ्गी भेटिनँ। कसैले झोलामा हालिदियो कि! अँध्यारो-अँध्यारो भैसकेपछि घरबाहिर ल्याए। आँखामा बाक्लो गरेर पट्टी बाँधिदिएर फनफनी घुमाई राप्तीको पछिपछि हिँडाए।

हिँडाइ निकै जोडतोडको थियो। किशन र विकास पनि साथै थिए। बीचबीचमा सुइय्य आवाज गरेर अगुवा परिवर्तन गर्दै हिँडेको हिँडचै गरे, ओरालो, तेर्सो, निकै कठिन जङ्गलको बाटो। खोला आएछ, उनीहरूको गफबाट मैले चाल पाएँ। मैले पनि जुत्ता खोलेँ। यही मौकामा विकासले आँखाको पट्टी अलि खुकुलो पारिदिए। सास फेर्न अलि सजिलो भयो। खोला ठूलो रहेछ।

पारि पुगेर पखेरा, बारी, कतै तेर्सो त कतै ठाडो बाटो छिचोलेपछि बल्लतल्ल जङ्गलको छेउतिर एउटा घरमा पुग्यौँ। बल गरेर आँखा डुलाउँदा त्यहाँ अरू सात-आठ जनालाई देखेँ। सबैले बन्दुक लिएका रहेछन्। म आँगनको ढिकमा बसेँ। अति गर्मी भएको थियो, पानी मागेर खाएँ। पानी खाँदा विकासले पट्टी अझै खुकुलो पारिदिए। मैले देखेँ– उनीहरूमध्ये कति गोप्य गर्दै थिए; कति मलाई घुर्दै थिए र कति त्यसै गफिँदै थिए। विकासले मलाई

रेडियो पनि दिए । बीबीसीमा नेपाली सेवा प्रसारण भइरहेको रहेछ । झन्डै डेढ घण्टा हिँडिएको रहेछ ।

ए, यहाँ बस्ने होइन रहेछ ! एउटा छापामारले आँखाको पट्टी टनक्क पारिदियो । त्यो होचो-होचो छापामार पहिल्यैदेखि बडो तुजुक देखाउँदै छ र मप्रति हेय भाव देखाइरहेको छ ।

उकालो अनि गाउँको बीचैबीच केही माथि पुगेपछि किशनले सबैसँग हात मिलाए, मसँग पनि । उनी छुट्टिने रहेछन् ।

अज्ञात स्थलतर्फ लगिइरहेको हुनाले घरतिरको आशा समाप्त भैसकेको छ ।

अबको बाटो पनि उकालो रहेछ, तर सिँढी भएको । माओवादीहरूले नै बनाएका होलान् । निकै बेर उक्लेपछि भन्ज्याङ जस्तो ठाउँमा पुगियो । बिसाउलान् कि भन्ने आश थियो, तर ओरालैओरालो लागिहाले । कहिल्यै नसिध्दिने जस्तो ओरालो ! म थाकेर चूर भइरहेको छु । 'एक छिन बसौँ है' भन्दा

मान्छन् कि ! तर भन्न पाइने हो कि होइन ! अगाडि-पछाडि बन्दुकधारीहरूको जत्था छ; म एक्लो आँखामा पट्टी बाँधेर जबरजस्ती हिँडाइँदै छु। अस्ति जस्तै काछमा कटकट खान थाल्यो। हर्नियाका कारण यस्तो दुखाइ भएको होला।

धेरै उकाली-ओराली गरेपछि शायद कुनै गाउँको पुछारमा पुग्यौँ। त्यही होचो-होचो छापामारले आँखा फेरि टम्म पारिदियो र हात समातेर हिँडाउन थाल्यो।

आठ-दश मिनेट हिँडाएपछि एउटा घरभित्र पसाए। मलाई बस्न भने। पट्टी बाँधिएकै हुनाले म छामछाम-छुमछुम गर्दै भुइँमा बसेँ। उनीहरूले गुनगुन गर्दै धेरै बेरसम्म भित्र-बाहिर गरिरहे। फेरि "लौ जाम्" भनेर एउटाले मलाई डोऱ्यायो।

ढिक, कान्ला हुँदै अलिकति हिँडेपछि फेरि अर्को घरभित्र छिराए अनि फेरि बस्न भने। म भुइँमा टुक्रुक्क बसेँ। कसैले पट्टी खोलिदियो। आँखा

झिमझिम भइरहे। केही छिनपछि प्रस्ट देखेँ– म कसैको घरको मझेरीको तल्लो खण्डमा रहेछु। घर साधारण छ। अगेनाको वल्लोपट्टि अधबैंसे आइमाई र पल्लोपट्टि पचास-पचपन्न वर्षजतिका लोग्नेमान्छे बिनातिउन आटोको गाँस हालिरहेका छन्। ती महिलाले बडो कौतूहलपूर्वक मलाई निर्निमेष हेरिरहिन्।

दश-बाह्र जना युवा रहेछन्। कोही बाहिर, कोही भित्र बसेका। सबै मोटाघाटा, तिघ्रे, पाखुरे! कुन ठाउँमा ल्याएछन्!

तिर्खा असाध्यै लागेकोले पानी मागेँ। घरबूढाले रित्तो जर्किन एकातिर मिल्काउँदै भने, "ह्याँ पानी चैन, अलि कस्न मात्रै च, हात चुठ्ने।"

"जौ, पानी ल्या'र आऊ।" कसैले कसैलाई अह्रायो अनि कोही त्यो जर्किन र बटुको टिपेर बाहिर निस्क्यो।

मैले निस्तो आटो खाइरहेका महिला र पुरुषलाई हेरिरहेँ। पुरुषले मलाई हेरेकै छैनन् भन्दा हुन्छ; महिलाले भने आँखा अन्त लगेकी छैनन्।

एउटा युवाले औँलाजत्रै तीन-चार वटा ससाना माछाहरू अगेनामा हाल्यो ।

"अघि नै देखा'को भा ता तिउन पकाने हुन्थो आटोसित ।" घरबूढाले उठ्दै भने ।

"यै दुइटा माछाको पनि के आश गर्चौ बाजे ! मस्तै (धेरै) भा ता हाम्ले पनि तिउन पकान्तिम् केर !" एउटा छापामारले भन्यो ।

त्यो होचो कालो छापामारले माछा आगोबाट निकालेर हातले चिमोट्दै सबैलाई बाँड्यो । मलाई पनि दियो; तर मलाई खानै मन लागेन ।

फेरि कोही भित्र कोही बाहिर गर्न थाले । मलाई कसैले वास्ता गरेको छैन । काछ दुखिरहेकै छ । आगोको उज्यालोमा घडी हेरेँ– रातिको साढे बाह्र बजिसकेछ ।

जीउ थाकेर लस्त छ । जुत्ता फिकेर कुनामा राखेँ ।

छापमारहरूमा मैले चिनेजानेको कोही छैन । सँगै आएका विकास र राप्ती त्यो हूलमूलमा कता

छन् वा फर्के, थाहा छैन । फर्केको भए मेरो चप्पल र लुङ्गी दिएर जानुपर्ने ! कतै रिपोर्ट दिन पो गएका छन् कि !

पानी लिन गएको छापामार झन्डै आधा घण्टापछि आइपुग्यो । "पानी रहिन्च । कुन्टो (मूल) सुक्या रैच । बल्लाबल्ला आधा जर्किन ल्याएँ ।"

उसले मलाई एउटा बटुकोभरि पानी दियो । पानी धमिलोधमिलो रहेछ । तैरिरहेको जङ्गली पात पन्छाएर सबै खाएँ । जीउ चिसो भयो ।

"लौ सुत । म उपल्लो तलामा सुत्चु ।" घरबूढाले भने ।

"यौटा ओछ्याउने क्यै दिउ तो बाजे । हाम्रो ता छ, ह्वाँको चैन ।" अघि माछा बाँड्नेले भन्यो ।

"चैन तो के दिम् ? मेरो ओछ्याउने यौटो काम्लो मात्रै च ।"

"यौटो गुन्द्रो भा 'नि मान्द्रो भा 'नि हुन्च ।"

कुनाको लिस्नुबाट ती बूढासँगै माथि उक्लेको छापामार अलि बेरपछि धूवाँ र मयलले पहेँलिएको

काम्लो लिएर ऋ्यो। तिनै बूढाले ओछ्याउने काम्लो हो कि !

"लौ सर, यै काम्लो ओछ्याएर सुत्नुस्, ह्यैं ति (यहीं)। ओढ्ने ता तपैंकै ह'ला।"

"राप्तीको झोलामा थियो कि! कता गए उनीहरू ?"

मेरो बोली सुनेर राप्ती र विकास भित्र आए। राप्तीले आफ्नो झोलाबाट चिया र चिनीको पोको, लुङ्गी र चप्पल निकालेर दिए।

"चिनी र चियापत्ती त्यहीं राख्नुस्, मैले कहाँ राख्ने ?" मैले भनें।

"हैन सर, त्यैं राख्नुस्।"

"तपाईंहरू कहाँ सुत्नुहुन्छ? आउनुस्, यतै सुतौंला। कि ठाउँ छ भने म पनि त्यहीं आउँछु।" अपरिचित ठाउँमा अपरिचित समूहबीच एक्लै सुत्न अप्ठ्यारो लागेकोले मैले भनें।

"हामी ता त्यै ढोका' मुखमा सुत्चम् सर। तपैं त्यैं सुत्नुस्।"

मैले काम्लो ओछ्याएँ। मेरो सिरानपट्टि तीन जना मसँगै सिरानी जोडेर सुते। माथि अगेनापारि दुई जना र अगेनावारि एक जनाले ओछ्यान बनाए। काम्लो साह्रै बिग्रिउने भएकोले लुङ्गी ओछ्याएँ; कमिज र ट्राउजर फिकेर सिरानी हालेँ; चिनी र चियापत्तीको पोको छेउमा राखेँ। बाहिर जाँदा दुई जना सँगसँगै आए र करेसापट्टि पिसाब फेर्न लगाए। आँगनमा छ-सात जना लहरै सुतेका र दुई-तीन जना पालो बसेका रहेछन्।

भित्र आएर म पनि लम्पसार परेँ।

दुख्ने ठाउँ छामेँ, सुन्निए जस्तै लाग्यो। हिँडाइले हो कि! अलिअलि तेल लगाउन पाए हुन्थ्यो, तर कहाँ पाउनु! गोडाहरू कटकटी खाइरहे।

त्यतिकैमा एउटा युवक आयो। घुँडासम्मको कालो हाफप्यान्ट र कालै भेस्ट लगाएको, तीस-पैँतीस वर्षको, गोरो छरितो जीउ, पातलो जुँगा भएको र हातमा सानो रेडियो लिएको उसले कालो

चेप्टो प्रहरीको बेल्टमा खुकुरी भिरेको रहेछ। उसले मलाई हेऱ्यो; ओछ्यानतिर चनाखा आँखा लगायो। लगत्तै बाहिर निस्की फेरि तुरुन्त भित्र आएर उसले मलाई धर्के ऊनी बर्को दिँदै भन्यो, "लौ, यो काम्लोमाथि ओछ्याउनुस्।"

मैले आदेश पालन गरेँ।

आगो मारेर सबै सुते।

म यो नौलो ठाउँ र आफ्ना बारे सोच्दै रहेँ। युवक माथिल्लो अगेनावारि एक जना सुतेकै ठाउँमा बस्यो। उसले चुरोट तान्न थाल्यो। यो युवक माओवादी हो कि होइन! असलै रहेछ। कम से कम एउटा बर्को त दियो! यसअघि कुनै माओवादीले चुरोट वा खर्से खाएको देखेको थिइनँ। यसले भने चुरोट निस्फिक्री तानिरहेको छ। बडो गज्जब! यो केटो माओवादी नहोला।

मेरो सिरानीतिर सुतेकाहरूले रातभरि पटक-पटक मेरो टाउको छाम्दै रहे। भाग्छ भनेर होला।

९

२०५८ जेठ ६, सोमबार

राप्ती र विकास मात्रै बाहिर देखिए। युवक सुतिरहेकै रहेछ। माछा बाँड्ने चाहिँ भित्र-बाहिर गर्दै छ। घरबूढा अगेनामा आटो पकाउँदै छन्।

बाहिर जाँदा माछा बाँड्ने युवक र विकासले मलाई आँखामै पट्टी बाँधेरै लगे, ल्याए। कस्तो ठाउँ हो, थाहा भएन।

म पद्मासनमा बसेर जप, प्रार्थना गर्न थालेँ। मैले जप नसक्दै त्यही माछा बाँड्ने युवकले सबैको लागि चिया ल्यायो। उनीहरूको लागि समेत चिया-चिनीको बन्दोबस्त रहेछ कि ! त्यो सुतेको युवक पनि उठ्यो। हातमुख धुन बाहिर निस्क्यो र आएर चिया पियो। त्यसपछि फेरि सुत्यो। सन्चो छैन कि क्या हो !

अगेनाको माथिल्लो भित्तामा हातले बनाएको सरस्वतीको राम्रो चित्र टाँसिएको छ । यस्तो ठाउँमा यस्तो चित्र बनाउने मान्छे को होला !

राप्तिले मेरा नयाँ एडिडास जुत्तासँग आफ्ना पुराना गोल्डस्टार जुत्ता साट्न कर गर्न थाले । मैले सीधै नकार्न सकिनँ; अपहरण मुक्त भएपछि पक्कापक्की साटौँला भनेर बल्लतल्ल मनाएँ ।

केही बेरपछि नै राप्ति र विकासले आफ्ना झोला, बन्दुक र ग्रिनेडसहित आएर भने, "लौ सर, अब हामी जान्चौँ ।"

उनीहरूले मलाई अर्को टोलीमा हस्तान्तरण गरिसकेका रहेछन् । उनीहरूको ड्युटी समाप्त भइसकेको रहेछ । मलाई भने उनीहरू मसँगै बसिरहलान् र पछि घरसम्म पुऱ्याउन जालान् भन्ने विश्वास थियो । सबैसँग हात मिलाउँदै नमस्कार गर्दै उनीहरू गए । विकास पनि अब टाढिने भए भन्ने वास्तविकताले नरमाइलो अनुभव गरायो ।

घाम झलमल्ल लाग्यो। म पूर्व-उत्तर सिरान गरेर सुतेको रहेछु। सकभर उत्तर सिरान नगर्नू भन्छन्। तर राति के थाहा पाउनु! आज बसिएछ भने भरे दक्षिण-पूर्व सिरान गर्नुपर्ला।

ओछ्यानमा पल्टेर घरबेटी र त्यही छापामारका कुरातिर कान लगाउन थालें। घरबेटीकी स्वास्नी सोह्र वर्षअघि नै मरेकी रहिछन्। उनी एउटी छोरी र तीन वर्षको छोरो हुर्काउँदै र गृहस्थी धान्दै बाँचेका रहेछन्। छोरीको बिहे दुई वर्षअघि गराइदिएका रहेछन्। २०५८ सालको दशैँपछि छोरी-ज्वाइँ बुटवलतिर गएछन्। छोरो बडाचौर स्कुलमा पढ्थ्यो रे। उसले आठ कक्षा पढ्ने बेला बिहे गरेछ। नौ कक्षामा फेल भएपछि ऊ पनि लाहुर गएछ। भित्ताको सरस्वतीको चित्र उसैले बनाएको रहेछ। बुहारी गोठमा गाई, बाखासँग बस्ने रहिछन्। बाबु चाहिँले घर-गोठ गरिरहनुपर्ने। हिजो दिनभरि मल बोकेर आएका रे। हिजो उनीसँग खाना खाने

आइमाई उनकी बहिनी रहिछन्। दाजुलाई मल बोक्न सघाउन आएकी रे। "आज ता एक्लै छु।" उनी भन्दै थिए, "तल-माथि सबैले मकै छरिसके, मेरो त्यस्सै च। एकुल्टे (एक्लो) मान्छे, के गरम्!"

"छोरोलाई लाउर जान नदिनुपर्ने!" छापामारले भन्यो।

"उस्क्यामा ... भागेर गैयोच, के गरम्! अस्ति चिठी पठा'थो, दशैँ मान्न आउँच कि! उस्क्यामा ...।" उनले फेरि पनि आमाचकारी गाली गरे।

"बिचरा फेल भएछ, त्यही पीरले गएको होला बाजे!" मभित्रको मास्टर नबोली रहन सकेन।

"हैन, जङ्गलमा लैजान्चन् भन्ने डरले।" उनले बिस्तारै भने, "म एकुल्टे मान्छी, खर्च पिस्ने, गोठ लग्ने सबै आफैँ गर्नुपर्च। आज मल बोकेर सक्नु च।"

म पल्टिरहेँ। त्यो युवक एक पल्ट उठेर कता गयो कुन्नि, निकै बेरपछि आयो र फेरि सुत्यो।

दुई-तीन जना बन्दुकधारी बाहिर हाम्रो नजरमै परिरहने गरेर बसउठ गरिरहे ।

दश बल्लतल्ल बज्यो । एउटा छापामारले कताबाट दुइटा थालमा मासु, भात र दाल ल्यायो । यत्ति धेरै दिनपछि दालभात र अरु मासुसमेत देख्न पाउँदा म दङ्ग परेँ । आजको दिन बडो राम्रो रहेछ । "बोकाको मासु हो, खानुहुन्च ?" भन्दै छापामारले एउटा थाल मलाई दियो । मेरो थालमा भात धेरै थियो, फिकेँ ।

"त्यत्ति खानुहुन्च ? भोकले मर्नुह'ला ए ! कि पीर मानेर हो ?" बिरामीफेँ देखिने त्यो युवकले आफ्नो थाल तान्दै सोध्यो ।

"मेरो आहारा यत्ति हो । धेरै खाने भए त म तपाईंहरू जस्तै हट्टाकट्टा हुने थिएँ, बलियो बाङ्गो ।" मैले हाँसेर भनेँ ।

"क्वैक्वैले ता पीरले खाँदैखाँदैनन् । दुई-तीन मैनाअघि याँ यौटा ठकुरी ल्या'का थे, लिवाङका । दुई-तीन दिनजति मसँग बसे । कत्ति नखाने ! असाध्य पीर

मान्ने । पछिपछि बल्ला खान लागे ।" उसैले फेरि भन्यो ।

भात खान पाए हुन्थ्यो भन्ने कति दिनदेखि लागिरहेको थियो । तर शुरूमै 'जनतासित जे छ त्यही खाने हो' भनिसकिएकोले मैले आशा गर्न छोडिसकेको थिएँ । आज भात बडो मीठो लाग्यो । मासु-भात केही बढी नै खाएँ ।

हात थालमै धुन लगाए । भाँडा माऊन पनि दिएनन् ।

फेरि ओछ्यानमा पल्टिएँ । खानापछि त्यो युवकले चुरोट सल्कायो । यतिसम्मको उसको अह्रोटपरोट र क्रियाकलापबाट ऊ यो टोलीको नाइके रहेछ भन्ने लख मैले काटिसकेको थिएँ ।

उसले झोलाबाट नाइलनको धागोको गुजुल्टो झिक्यो । माछा मार्ने जाल रे । बुन्न भरखरै शुरू गरेको रहेछ । उसले एउटा थाममा जाली बाँधेर चुरोट तान्दै बुन्दै गर्न थाल्यो ।

मलाई अघिदेखि ती लिवाङका ठकुरीका अरू कुरा जान्न मन लागिरहेको थियो। ऊ काममा रहेकोले कुरा गर्दा फरक नपर्ला भन्ने सोचेर मैले मुख फोरेँ, "कामरेड, अघि लिवाङका ठकुरीको कुरा गर्नुहुन्थ्यो नि ?"

"अँ, अपहरणमा परेर आ'का थे, मोटामोटा होचाहोचा चारपाटे थिए। चिन्नुहुन्च र ?"

"चिन्छु। लिवाङ, बाहीगाउँका पूर्णबहादुर ठकुरी हुन्।"

मैले ती ठकुरी पूर्णबहादुर नै होलान् भन्ने अनुमान गरिसकेको थिएँ। २०५८ सालको माघ-फागुनतिर उनको अपहरण भएको थियो रे। उनको घर लिवाङ जिल्ला प्रहरी कार्यालय र देउपुजे ब्यारेकबाट सामुन्ने पारि पर्छ। उनलाई अपहरण गर्न गएको बेला खूब हल्लाखल्ला र झगडा भएको थियो रे। त्यो हल्ला लिवाङ बजारमा प्रहरी र सेनासम्म पनि सुनिएको थियो रे, सबैले के भयो

भनेर हेरेका पनि थिए रे। तर ठकुरी परिवारले सेना र प्रहरी कतैबाट पनि सहयोग पाएनछ। उनी चाहिँ चैत अन्तिमतिर अपहरणमुक्त भए। मैले उनलाई लिवाङमै भेटेको थिएँ।

"कुन्नि, नाम ता के हो! हाम्रा साथीहरू ल्याउन ग'का त झगडा पो गरेचन्! पाटीको निर्देशन, नल्याई नहुने। आखिर दुई फायर गरेपछि बल्ल आएचन्।"

"नमानेर जबरजस्ती गऱ्यो भने बन्दुकले पनि हान्न पाइन्छ?"

"ज्यादै नमानेर अटेर गर्न लागे या साथीहरूको सुरक्षाको सवाल भो भने त्यो पनि हुन्च। पछि पाटीलाई यस्तोयस्तो कारणले गर्दा यस्तो गर्नुपरेको हो भनेर पुष्टि दिनुपर्च, हुन्च।"

"ए, मैले त्यस्तै गरेको भए मलाई पनि ठोक्थे?"

"हो नि ता। मलाई मेरो कान्छो बा पर्नेलाई गिरफ्तार गर्ने आदेश भो। उनी साह्रै प्रतिक्रियावादी

थे । गयौँ, सम्झाएँ, जाम् भनेको पटक्कै मानेनन्, उल्टो मसँग झगडा गर्न थाले । आखिरमा पट्काउँदै ल्याएँ । प्रहरी, सेना नजिकै छ भने गिरफ्तार गर्न ग'का साथीहरूलाई झन् खतरा हुन्च ।"

"मलाई त 'एकाध घण्टा मात्रै हो, नजिकै हो, जिम्मेदार कामरेडले भेटेपछि फर्किहाल्नुहुन्छ' पो भन्थे त !"

"तरीका त्यै हो । सम्झाउने, बुझाउने । अपहरण गर्न आ'का हौँ भन्ने हो भने त जानीजानी को आउँच र ! घर-परिवार, छरछिमेकी सबै लड्न आइहाल्चन् । त्यस्तो अवस्थामा लड्नु, कुट्नु र बन्दुकै पट्काउनु पनि पर्च ।"

"यी ठकुरी के कारणले अपहरणमा परेका हुन् ?"

"के हुन्थो ? लिवाङ बस्ने, सुराकी गर्ने । भत्ता खाने सुराकी ।"

"पछि के गरी छुटे ? बिचरा तिनले के गरी

सुराकी गर्दा हुन् !"

"पचास हजार धरौटी बुझा'र गए रे। याँ त मसित तीन-चार दिन मात्र रहेका हुन्।"

यो छापामारले मप्रति असहिष्णु भाव देखाएकै छैन। हिजो सुत्ने बेला ओछ्याउने बर्को दियो; अज मासुभात खुवायो। बुङबुङ चुरोट उडाएको उडायै गर्ने यो युवक रमाइलै जस्तो छ। माओवादी नै होइन कि !

ऊसँग कुरा गर्न म झन् हौसिएँ।

"सबैलाई धरौटी, सजाय हुन्छ ? मानसिहंलाई फेरि किन मारे ?"

"केस हेरेर हुन्च। मानसिंह र कर्ण रोका दुई जनाले त पाटे गुम्चालमा हाम्रा साथीहरूको हत्याको पूरै सुराकी गरेका थे नि ! उनीहरूले नै प्रशिक्षण च भनेर ठाउँ र मितिसमेतको सूचना सरकारलाई दे'का थे। यसैले दुइटै मारिए। अब दुइटा बाँकी चन्, तिनको पनि सफाया ह'ला।"

"मानसिंह रूखो, अप्ठ्यारो र घमन्डी व्यवहारका, आफ्नै दाइभाइको बीचमा पनि अलि पक्षपात गर्ने जस्ता भए पनि सुराकी गर्थे जस्तो मलाई लाग्दैन ।"

ऊ जाल बुन्न छोडेर बीचैमा बोल्यो, "तपैँलाई के था ! गजुल हैन तपैँको घर ? तपैँको बारेमा हाम्लाई था हुन्न, तर त्याँका कामरेडहरूले तपैँ कस्तो हो भन्ने सब बुझेका हुन्चन्, सबै रेकर्ड राखेका हुन्चन् । प्रतिक्रियावादीहरूका अनेक जाल हुन्चन्, पाटीले बुझिर'को हुन्च ।"

"यो मेरो व्यक्तिगत विचार हो । मलाई त्यस्तो लाग्थ्यो र भनेको । नत्र कहाँ गजुल कहाँ गुम्चाल ! हामीले कसरी थाहा पाउने ? मान्छे चाहिँ रूखो र घमन्डी हुन् ।"

"रूखो मात्रै हो र ! खराब पनि थो । हाम्लाई था च त्यो कस्तो मानिस थो भन्ने ।" "विकासेसित किन्या हुम् । मलाई उल्ले सय रुप्पे तिर्न थो; माग्दा चैन भनो; हट् भनेर यै रेडियो कटा'र ल्याएँ,

चार सय पचासमा । चार सय पचास ठीकै च, हैन र प्रतीक कामरेड ?"

जाल बुन्नेको नाम प्रतीक रहेछ ।

प्रतीकले रेडियो लिएर ओल्टाइपल्टाइ गर्दै भने, "अँ, ठीकै च । सुल्चौरमा यल्लाई पाँच सय पर्च ।"

मुक्ति प्रसन्न भए । प्रतीकको अह्रोट पालना गर्दै उनी पटक-पटक भित्र-बाहिर गर्दै रहे । एक छिनसम्म जाल बुनिसकेपछि प्रतीकले खल्तीबाट औषधि जस्तो केही झिकेर अनुहार बिगार्दै खाए । अनि ओछ्यानमा लम्पसार भए । पन्ध्र-बीस मिनेटपछि फेरि उठेर जाल बुन्न थाले, चुरोट तान्दै ।

"बिरामी हुनुहुन्छ कि के हो ?"

"अँ, कोखो दुख्च । मैनामा एक-दुई पटक कैलेकसो जाग्च । जाग्यो भने मरनताल पार्च । कस बेला जाग्च भन्ने ठेगानै हुन्न । आज ब्यानबाट जागेको हो ।"

"जँचाउनुहुन्न ? डाक्टरलाई जाँच्न लगाउने गर्नुस् न ।"

“हाम्रो पाटीका डाक्टरले जाँचेर औषधि दे’का हुन् । सन्चो भएन । पछि दाङ ग’र जँचाएँ, कार्की डाक्टरलाई । औषधि द्यो । दुई-तीन मैनासम्म सन्चो भो, तर फेरि उस्तै ।”

“यस्तो त पत्थरीले पनि गराउँछ । कि पत्थरी परेको छ कलेजोमा ? औषधिभन्दा पनि एक्सरे आदि गराउनुपर्छ भन्छन् ।”

“अब गर्नुपर्ला, भारततिर ग’र । नेपालगन्जमा पनि हुन्च भन्चन् । सङ्कटकालले क्यै अप्ठेरो हुन्च, त्यत्ति हो ।”

“सङ्कटकालमा साह्रै अप्ठ्यारो पर्दो होला तपाईंहरूलाई ।”

“खास क्यै पर्दैन । निधारमा माओवादी लेखेको हुन्न, हृदयभित्रको विचारलाई जो-तोले बुझ्न सक्दैन । हाम्रा साथीहरू सदरमुकाम, काठमाडौँ जाने-आउने गरिर’न्चन् । आजसम्म पुलिस र सेनाले बाटोमा कैँ समातेको था पाउनुभा’को च र ? खालि सुराकी,

सीआईडी लागे भने मात्रै हो। पुलिस र सेनाले त देखे पनि नदेखेझैँ गर्च।"

"होला र?"

"किन हैन त! म आफैँ कति पल्ट लिवाङ गा'को चु। सुल्चौर, सातदोबाटे, लिवाङ कैँ क्यै भा'को चैन। अलि होशियार हुनुपर्च र इमानदारीपूर्वक ढाँट्नुपर्च, त्यत्ति हो।"

"पुलिस र सेनाले त चिन्नुपर्ने, समात्नुपर्ने नि?"

"के समात्नु? उनीहरूका जहान परिवार गाउँमै हुन्चन्; उनीहरूलाई पनि ज्यानको माया हुन्च। लेभी, चन्दा त उनीहरूले नै पुराउँचन्।"

प्रतीकसँग यति नै कुरा भयो।

साँझ पनि भात-मासु खान पाइयो। खाँदै गर्दा रेडियोमा 'परिवेश' कार्यक्रममा शायद कुनै प्रसङ्गमा रेडक्रसकर्मीको अपहरणको कुरा आएझैँ लाग्यो। तर, पूरा सुन्नै नपाई मुक्तिले रेडियो बन्द गरे।

राति पौने नौ बजेतिर प्रतीक रेडियोमा बीबीसी

नेपाली सेवा लगाउने कोशिश गर्दै थिए, कसैले बाहिरबाट बोलायो । एक छिनपछि फर्केर उनले भने, “सर, तपैँको बयान गराउन कामरेड आ’नुभा’को च । पट्टी बाँध्नपरो ।”

उनले मेरा आँखामा बलियोसँग पट्टी बाँधिदिए । शायद सुत्ने तरखरमा लागेका अन्य छापामार पनि बाहिर पठाइए । मलाई लाग्छ, प्रतीकसम्म बस्न पाए हुन् । अलि बेरपछि दुई जनाजति मानिस भित्र पसेर ठीक मेरो सामुन्ने प्रतीक सुत्ने ठाउँमा बसेझैँ लाग्यो ।

निस्तब्धता छायो । शायद उनीहरूले मेरो भौतिक स्वरूप र अवस्थाको अध्ययन गरे । अलि बेरपछि खस्रो, अलि लेघ्रो तानिएको झैँ तर शुद्ध नेपालीमा दबावयुक्त खरो स्वरमा प्रश्न आयो । शक्तिमान आएनछन् भन्नेमा म स्पष्ट भएँ ।

“तपाईं नारायण सुवेदी हो ?”

“हजुर ।”

"तपाईं गजुल हाइस्कुलको हेडसर हो ?"

"हजुर, हो ।"

"त्यसबाहेक तपाईं अरू केके पदमा हुनुहुन्छ ?"

कुराकानी स्थगित भयो । उसले फेरि चुरोट सल्कायो । कसैले बोलाएकोले ऊ बाहिर गयो । कतैबाट चिठी आए जस्तो लाग्यो । ऊ निकै बेरपछि भित्र पस्यो ।

एक छिनपछि अर्को चाहिँ सानो रेडियो बजाउँदै आयो । रेडियो विकासको जस्तो लाग्यो ।

"कसको रेडियो हो मुक्ति ?" जाल बुन्नेले सोध्यो ।

हिजो माछा पोल्ने, मलाई काम्लो ल्याइदिने, अरु उता बाटोमा पट्टी टनक्क कसिदिने होचो कालो युवक यही थियो । नाम मुक्ति रहेछ ।

"म नेपाल शिक्षक सङ्घ, रोल्पाको अध्यक्ष हुँ; नेपाल रेडक्रस सोसाइटी, रोल्पा जिल्लाको सचिव

छु। शिक्षासित सम्बन्धित अरू धेरै समितिको

पदाधिकारी वा सदस्य हुँ।"

"तपाईं हाम्रो पार्टीको गिरफ्तारीमा कहिले पर्नुभयो ?"

"२०५८ साल वैशाख २८ गते साँझ साढे सात बजेतिर।"

"तपाईंले आफू गिरफ्तारीमा परेको कहिले, कोबाट थाहा पाउनुभयो ?"

"वैशाख ३० गते बिहान साढे आठ बजेतिर तपाईंहरूकै पार्टी कार्यकर्ता ताराबाट थाहा पाएँ।"

"अब आफूलाई म हेडसर हुँ, रेडक्रस सचिव हुँ अथवा शिक्षक सङ्घको अध्यक्ष हुँ आदि भनेर नसोच्नुहोला, बुझ्नुभयो ? तपाईं अब सिर्फ नारायण सुवेदी। के रे ? अँ, नारायण सुवेदी। तपाईं हाम्रो पार्टीको बन्दी हुनुहुन्छ, बुझ्नुभयो ? बन्दी ! कैदी !"

"बुझेँ।"

"तपाईंले कति पढ्नुभएको छ ?"

"एमएड गरेको छु ।"

"त्यो बुर्जुवा शिक्षा ! खालि प्रतिक्रियावादी, प्रतिक्रान्तिकारी बेरोजगारहरू उत्पादन गर्ने शिक्षाको के काम ! चाकरी र चापलुसीको भरमा जागीरमा बाँच्न बाध्य पार्ने शिक्षा हो त्यो । अँ, तपाईं कुन पार्टीको हुनुहुन्छ ?"

"पारिवारिक हिसाबले हाम्रा पिताजी नेपाली काङ्ग्रेस समर्थक हुनुहुन्थ्यो । म पेशालाई मान्यता दिने र पेशागत अनुशासनमा रहेको बेला राजनीति गर्नु हुँदैन भन्ने मान्यता राख्ने मानिस हुँ । त्यसभन्दा पनि म सेवामा समर्पित रेडक्रसकर्मी पनि हुँ र रेडक्रसकर्मीले कुनै पार्टीमा लाग्न मिल्दैन ।"

"रेडक्रस पनि अमेरिकी साम्राज्यवादीले खोलेको एनजीओ त हो नि !"

"होइन, यो शुद्ध मानवतावादी र विश्वव्यापी सङ्गठन हो । यसले युद्धकालमा सेवा पुऱ्याउने ... ।"

ऊ बीचैमा कड्कियो, “तपाईंले भनेर हुन्छ ? हामीलाई थाहा छैन ? यो प्रतिक्रियावादीहरूको संस्था हो । हाम्रो युद्धमा यसले अहिलेसम्म खै के गरेको छ ? हामीलाई थाहा छैन भन्ने ठान्नुहुन्छ ?”

“त्यसो त होइन ।”

“तपाईंको शिक्षक सङ्घ पनि त काङ्ग्रेस समर्थक हो नि ?”

“काङ्ग्रेसी भन्न त मिल्दैन; प्रजातन्त्र समर्थक हो । हामीहरू प्रजातान्त्रिक भने पक्कै हौं । म काङ्ग्रेसभन्दा पनि प्रजातान्त्रिक मूल्य र मान्यतालाई बढी मान्छु ।”

“त्यसमा काङ्ग्रेसी मात्रै हुन्छन् । काङ्ग्रेसी मास्टरहरूले खोलेको त हो नि त्यो !”

“प्रजातान्त्रिक विचारधारा बोक्ने जो पनि हुन सक्छन् । जस्तो, शिक्षक सङ्गठनमा एमाले, माले, मसाल र माओवादी पनि त ... ।”

ऊ बीचैमा बोल्यो, “तपाईंहरूको पूर्वअध्यक्ष के

रे? अँ, तिलक केसी पनि हाम्रो कब्जामा आइसकेको छ। थाहा छ तपाईंलाई? हाम्रा साथीहरूले गिरफ्तार

गरिसकेका छन् उसलाई।"

"होला।"

"तपाईंले गुम्चालको मानसिंहलाई चिन्नुहुन्छ?"

"चिन्छु। तर अब त उनी मारिइसके।"

"हो। हाम्रो पार्टीले सफाया गऱ्यो। त्योसँग तपाईंको कस्तो सम्बन्ध थियो?"

"सामान्य।"

"तिलक परियार नि?

"उसलाई त मैले चिनेकै छैन।

"तपाईंलाई मानसिंह रोकाले आफ्नो बयानमा पोलेको छ। बुझ्नुभो? पाटे गुम्चालको घटनामा तपाईं पनि संलग्न हुनुहुन्छ भनेर।"

"पाटे गुम्चालको घटना भैसकेपछि रेडियोको समाचारबाट मैले यस्तो भएछ भन्ने थाहा पाएँ। म

के-कसरी संलग्न भएँ ? त्यसै कसैले व्यक्तिगत कारणले, व्यक्तिगत रिसइबीले वा मर्ने बेलामा फलानालाई पोलेपछि उम्किन्छु कि भनेर भन्यो भन्दैमा संलग्न भैहाल्छ र? तपाईंहरू आफैँ अनुसन्धान गर्नुस्, खोजी गर्नुस् । मलाई त्यसै कसैले झूटो आरोप लगाउँछ भने म त्यसै सहने वा हो भन्ने पक्षमा आजसम्म पनि थिइनँ, अब पनि छैन ।"

"इन्टरोगेसनका अनेक तरीका हुन्छन् भन्ने तपाईंलाई थाहै होला । तपाईंमा सबै तरीका अपनाउन नपरोस् । बुझ्नुभो ?"

"सत्य-तथ्य कुराको लागि म पछि हट्दिनँ । तर असत्य कुरा, झूटो आरोपमा भने म इन्टरोगेसनबाट डराउनेवाला छैन ।"

"तिलक परियारले पनि आफ्नो बयानमा हरिकाटिनामा मारिएका हाम्रा साथीहरूको जानकारी सेनालाई दिनेमा तपाईं संलग्न हुनुहुन्छ भनेको छ ।"

"मैले अघि नै भनें, मानिसले सजायबाट बाँच्छु कि भन्ने आशाले आफ्नो अपराधको दोष अर्कामाथि हाल्छन् । यो कमजोरी अपराध गर्ने मान्छेको प्रवृत्ति

नै हो । यसैले सत्य-तथ्यबारे छानबीन गर्नुस् ।"

"सेनासँग तपाईंको सम्पर्क छ । तपाईं बराबर सेना क्याम्पमा आउने-जाने गरिरहनुहुन्छ । हामीलाई तपाईंको एकएक रिपोर्ट प्राप्त छ, बुझ्नुभो ?"

"सम्पर्क नै त होइन, तर पन्ध्र-पन्ध्र दिनको तारीख छ । शाही सेनाको आदेशले २०५८ साल पुस २८ गते मसहित अन्य शिक्षकलाई प्रहरीले हिरासतमा राख्यो । माओवादीसँग सम्पर्क भएको भनेर हो कि किन हो ! त्यसपछि लिवाङ आउँदा फर्कंदा मलाई ब्यारेकमा पस्नू भन्ने आदेश छ । त्यसैले जान्छु ।"

"प्रहरीसँग पनि तपाईंको साँठगाँठ छ, बुझ्नुभो ? तपाईं माघ १५ गते, फागुन ८ गते र १८ गते

प्रहरी कार्यालयमा जानुभएको हो कि होइन ? त्यहाँ तपाईंले केके भन्नुभयो भन्ने रिपोर्ट पनि छ हामीसँग ।"

"होला । त्यहाँ पनि मलाई पन्ध्र-पन्ध्र दिनको तारीख दिइएको थियो । पछि एसएलसी परीक्षा सञ्चालन गर्ने बेलामा त झन् हामी जिल्ला प्रहरी कार्यालयमा बराबर गइराख्यौँ ।"

"बुर्जुवावादी शिक्षाको सञ्चालन कसरी हुन्छ भन्ने हामीलाई सब थाहा छ । तर तपाईं सीडीओको कार्यालयमा पनि जानुहुन्छ । हामीलाई थाहा छ, तपाईं सेनाको प्रमुख योजनाकार हो । सीडीओ र प्रहरीको पनि प्रमुख सल्लाहकार तपाईं नै हो ।"

यो तर्क सुनेर मलाई हाँसो लाग्यो । हाँस्न त भएन, तर पनि मुस्काएर भनेँ, "म सेनाको प्रमुख योजनाकार हुँदो हुँ त आज तपाईंहरूको बीचमा कैदी भएर बसिरहेको हुन्थेँ? मेरो वरिपरि सुरक्षाकर्मीहरू हुन्थे; तपाईंहरूले मलाई समात्न सक्नुहुन्थ्यो र ?"

ऊ आवेशमा आयो, "तपाईंले भनेर हुन्छ ?

हामीलाई सब थाहा छ। लिवाङको सेनाको योजना बनाउने तपाईं हो। सीडीओ, प्रहरी सबको सल्लाहकार तपाईं हो। हामीसँग सब रेकर्ड छ।"

"यो सब गलत कुरा हो।" मैले दृढतापूर्वक

जवाफ दिएँ।

"तपाईंले हाम्रो पार्टीविरुद्ध किन भाषण गर्नुभो? किन गलत आरोप लगाउनुभो? तपाईंको त्यो भाषणको क्यासेट हामीलाई प्राप्त भएको छ, सुन्नुहुन्छ?"

"किन सुन्नुपर्‍यो? मैले नबोलेको, आलोचना नगरेको भए पो!"

"किन गर्नुभो?"

"मलाई माओवादीको हिंसा, हत्या र आतङ्कको राजनीति मन पर्दैन। अर्को कुरा, हामीलाई सीडीओले भाषण गर्नुपर्छ भनेर पठाएपछि बोल्नैपर्थ्यो।"

"सीडीओले भनेपछि बोल्नैपर्छ? जे भन्यो त्यही

मान्नैपर्छ ?"

"हेर्नुस् कामरेड !" यस पटक मैले नयाँ सम्बोधन गरेँ, "हामी तरबारभन्दा कलम बलियो भनेर भन्थ्यौँ । आज आएर बन्दुक सबभन्दा बलियो भएको छ । बन्दुकले जे पनि बोल्न लगाउँछ । तपाईंहरूसँग पनि बन्दुक छ; प्रशासनसँग पनि बन्दुक छ । मान्छे त्यसै मर्न चाहँदैन; यसै कारण बोल्नैपर्छ । रुन् त्यसमा पनि मैले त हत्या, हिंसा मनै पराउँदिनँ ।"

"को छ त्यहाँ सीडीओ ?"

"नाम कुन्नि के हो, मलाई आउँदैन ।"

"साला, हरेराम कि हरेकृष्ण उपाध्याय भन्ने होला । साला घर गएको बेला हामीलाई कति लेभी तिर्छ, यहाँ आएर मनोमानी गर्छ !"

मैले एक छिन सोचेँ– साँच्चै तिर्दा होलान् कि !

"तपाईंले लिवाङमा जासुसी नेटवर्क चलाउनुभएको छ रे । रोल्पाको सबै ठाउँको सूचना सङ्कलन गर्ने

नेटवर्क । हो ?"

"कस्तो गलत कुरा ! लिवाङमा सबै गाविसका मान्छेहरू शरणार्थी भएर बसेका छन् । प्रशासनले उनीहरूबाटै सबै कुरा र सूचना सङ्कलन गर्न सक्छ ।

त्यस्तो घृणित काम हामी गर्दैनौँ, बुझ्नुभो ?" म शान्त रहन प्रयत्न गर्दागर्दै पनि आवेशमा आएँ । मैले पानी मागेँ; कुन्नि कसले हो बटुकोमा दियो । घटघट पिएँ ।

"हामीलाई बच्चा बनाएको ? बच्चा बनाएर खेलाउन खोजेको तपाईंले?" ऊ रिसायो, "इन्टरोगेसनका अनेक तरीका हुन्छन्, बुझ्नुभो ? हामीले सामान्य सोधपुछ मात्र गरिराखेका छौँ, बुझ्नुभो ?"

"मैले खेलाउन खोजेको हैन । पहिले नै भनिसकेको छु, म गलत आरोप स्वीकार गर्दिनँ । छानबीन गर्नुस्, झूटो ठहरे सजाय भोग्न तयार नै छु ।" म पनि आवेशमा आएँ ।

"हामी बुझ्दै छौँ। इन्टरोगेसन गर्दै छौँ। तपाईंले अरू केके गल्ती-कमजोरी गर्नुभएको छ ?"

"मैले कुनै गल्ती-कमजोरी गरेकै छैन। लेभी, पैसा तिर्दिनँ। सङ्कटकाल लागेपछि तिरेकै छैन। म आजसम्म तपाईंहरूको सभा वा आम सभामा पनि

गएको छैन। त्यही हो।"

"लेभी नतिर्नु, सभामा नजानु ठूलो कुरो होइन, बुझ्नुभो ?" यति भनेर ऊ एक छिन चुप लाग्यो। अनि फेरि बोल्यो, "शिक्षा शाखामा पनि तपाईंले जे भन्यो त्यही हुन्छ, होइन ?"

"त्यस्तो त हुँदैन। मैले शिक्षकहरूको हित र शिक्षाको विकासको लागि जायज कुरा लैजान्छु।"

"अऊ अरू ?"

"अरू केही छैन। अँ, गत पुसमा हामीले शिक्षकहरूकै हितको लागि शिक्षक गोष्ठी गरेका थियौँ।"

"त्यो किन चाहियो ? किन गर्नुपरेको ?"

"धेरै साथी तपाईंहरूको जनसमितिमा बसेका रहेछन् । सङ्कटकाल लागेपछि उनीहरूलाई शाही सेनाले पकड्ने, थुन्ने, तारीख दिने गरी सताउन थाल्यो । उनीहरू आए, उनीहरूलाई बचाउनु मेरो कर्तव्य थियो । एकातिर शिक्षक सङ्घको अध्यक्षको नाताले, अर्कोतिर शिक्षक भएको नाताले । जिल्ला शिक्षा समितिको बैठकमा सल्लाह र निर्णय गरेर नै यो गरेका थियौँ । तर प्रशासनले गलत रूपले उपयोग गऱ्यो र साथीहरूमध्ये कतिलाई मर्का परेको छ । म स्वयं पनि मर्कामा परेँ ।"

"तपाईं काङ्ग्रेस समर्थक । सीडीओ, पुलिस र सेनाको मान्छे, के गरी मर्कामा पर्नुभयो ?"

"किन परिनँ त ? म जस्तो शिक्षक सङ्घको मानिस, माओवादी सिद्धान्त मन नपर्ने मानिसले समेत माओवादी भनिएर थुनिनुपऱ्यो । तारीख बोक्नुपऱ्यो । त्यही तारीख बोकेकै कारणले प्रहरी र

सेनामा जानुपर्ने बाध्यताले तपाईंहरूले यसरी यहाँ ल्याइपुऱ्याउनुभयो ।"

"लौ, ठीक छ । तपाईंको बयान अऱै हुन्छ । आफ्ना गल्ती-कमजोरी केके छन्, आत्मविश्लेषण गर्दै रहनुस् । म यो बाटो भएर जाँदै थिएँ, तपाईंलाई यहाँ राखेका छन् भन्ने रिपोर्ट पाएर पसेको । मेरो जिम्माको काम भएकोले ।"

"कहिले हुन्छ त सोधपुछ ?"

"हुन्छ नि, तीन-चार दिनपछि । तपाईंले भनेर हुन्छ ? लौ, विश्लेषण गर्दै गर्नुस् । गल्ती-कमजोरी भए स्वीकार्नुपर्छ, बुऱ्नुभो ?"

कामरेड रिसाएरै गए । जाँदाजाँदै "तपाईंले गर्दा हाम्रो शिक्षक संरचना सब ध्वस्त भयो" भनेर बरबराएको मैले प्रस्ट सुनें । मेरो छाती ढक्क फुल्यो ।

निकै बेर मौनता छायो । निकै बेरपछि प्रतीकले पट्टी खोलिदिए । आँखा तिरमिराए । रातको एघार

बजिसकेछ । घरबेटी पल्लो ओछ्यानमा मौन बसेर मतिर हेरिरहेका रहेछन् । प्रतीकले आफ्नो ओछ्यानमा बसेर चुरोट सल्काए ।

म ओछ्यानमा लम्पसार परेँ । दिमागलाई शान्त बनाउन कोशिश गरिरहेँ । केरकार गर्ने कामरेड रूखो रहेछ । शक्तिमान मेरा पुराना शिक्षक साथी भएकोले केही नरमपन देखाउलान् भनेरै कडा व्यक्तिलाई बयानको लागि पठाएका होलान् ।

दिमाग निकै बेरपछि केही हल्का भयो ।

भित्र सुत्नेहरूको घुइँचो हिजोजत्तिको छैन । प्रतीक, मुक्ति र म छौँ । बाहिर गार्ड बस्नेहरू कति छन् कुन्नि !

बडो मुश्किलले निद्रा लाग्यो ।

१०

२०५८ जेठ ७, मङ्गलबार

मेरो ओछ्यानको पुछारमै घरबेटीको पिस्ने चाँखी (जाँतो) छ। कसैले बिहानै चाँखी चलाएर मेरो निद्रा भङ्ग गरिदियो। लगत्तै फेरि निदाइहालेँ।

निकै बेरपछि ब्यूँझँदा पनि चाँखी चलिरहेकै रहेछ। घरबूढा मकै पिसिरहेका रहेछन्। पीठो मेरो ओछ्यानमा असरल्ल !

त्यो देखेर उनलाई भनेँ, "अहो बाजे, उठाएको भए त म ओछ्यान सार्ने थिएँ नि !"

"तिमी माउवादीहरूले के भन्ने हौ भन्ने डरले उठाइनँ।" बूढाले चाँखी घुमाउँदै भने।

घरबूढाले हिजो जस्तै प्रतीकसँग बिस्तारै "अलिकति खान्चु है" भनेर अनुमति मागेपछि सुटुक्क जाँड झिकेर आफ्नो सालो र घरबाहिर बसेका दुई-तीन

जना महिलाहरूलाई एकएक बटुका दिए। कुनामा लुकेर आफूले पनि सुटुक्क खाए। बाहिर बस्नेहरू दलित होलान्।

घरबूढा आज पनि साँचो र घरको जिम्मा दिएर गोठतिर हिँडे।

निकैपछि मैले प्रतीकसँग सोधेँ, "कामरेड, हिजो मेरो बयान कस्तो मान्नुभयो?"

"अँ, तपैँलाई ठूलै आरोप लागेको रैच। नत्र लेभी नतिरेको, सभा-बैठकमा नगा'को जस्ता कारबाहीको लागि तपैँलाई ह्याँसम्म ल्याउँदैनथे। त्यस्तो केस त गाजस इन्चार्जकै जिम्मा हुन्च।"

"मेरो केस कस्तो हो त?"

"तपैँको केस जिल्लाबाट आए जस्तो लागो। इलाका (एरिया) को भए एरियामै हुन्थो। जिल्लाबाट नभा'को भए यतासम्म आ'नुहुने थेन।"

"ती सबै आरोप गलत हुन्। रिसले लगाइएका हुन्। मेरो बयान कस्तो मान्नुभयो?"

"सकारात्मक च। सत्यतथ्य पाटीले छानबीन गर्दै ह'ला। सत्य कुरा नलुका'नुह'ला। मान्छेबाट गल्ती हुन्च। कामरेड प्रचण्डले भन्नुभा'को च– गल्ती नगर्ने मानिस हुन्न; तर गल्ती गरेर गल्ती स्वीकार पनि नगर्ने र नसुध्रिने पनि मानिस चैं मानिस हैन।"

"शिक्षक सम्मेलन गराउनेबारे मैले पहल गरेको थिएँ। हामीले माओवादीविरुद्ध भाषण पनि गरेका थियौँ। यी दुइटाबाहेक अरू सब आरोप गलत हुन्।"

"पाटीले सत्य-तथ्य छानबीन गर्च। तपैँको बयान सकारात्मक च। पाटीको ठहर बमोजिम हुने हो।"

उनले जाल बुन्ने काम गर्दै रहे। बीचबीचमा बाहिर कतै जाने-आउने पनि गर्दै रहे; चुरोट पनि तान्दै रहे। मेरो चिन्ताबाट उनी खासै संवेदित देखिएनन्।

साढे एघार बजेतिर खाना आयो। भात, दुई-

तीन चोक्टा मासु र झोल। अब मासु सकियो रे। "दाल पनि सकियो, भरेलाई मात्र च।" खाना ल्याउनेले प्रतीकलाई रिपोर्ट गऱ्यो।

यो ठाउँमा चामल हुँदैन होला। यसो बाहिर जाँदा-आउँदा देखेको, भू-बनोट साह्रै विकट छ। तर भात खाइरहेकै छौँ। यो चामल बजारिया होला। सङ्कटकाल लागेदेखि सेनाले रोल्पा जिल्लाभरि खाद्यान्न, चामल आदि ल्याउन दिएको छैन, उतै दाङ भालुवाङमै बन्द गरिदिएको छ। यिनीहरूले कसरी पाउँछन्! त्यस्तै, चिया पनि सबैले खाइरहेका छौँ। मेरो चिया-चिनी मात्रले सबैलाई पुगेको होइन होला। प्रतीक पनि चियाको शौखिन छन्; दिनमा तीन-चार पटक खान्छन्, खुवाउँछन्।

खाना खाइसकेर म फेरि पल्टिएँ। घर-परिवार, नाताकुटुम्बको सम्झना आइरह्यो।

बाहिर जान पाइँदैन। देख्नु-सुन्नु केही छैन। उनीहरू कता के खटनपटन गर्छन्, कता चिठी

पठाउँछन्, कता के खबर आउँछ, के चहलपहल छ ! म भने गुमसुम पल्टिरहन्छु ।

आजसम्म मेरो चिठी पुग्यो कि पुगेन ! के पुग्थ्यो, ७ गतेसम्म शिक्षण संस्था बन्द छ भन्थे ! कहिले पुग्ला ! कम से कम चिठीको मितिसम्म बाँचेकै रहेछ भन्ने सन्तोष होला, घर-परिवारमा ।

दिउँसो साढे तीन बजेतिर मलाई कालो चिया दिइयो । म चिया खाँदै थिएँ, अगाडिको ढोकाबाट देखिने उकालो बाटोबाट एक जत्था युवाहरू निस्केका देखिए । ठूलठूला बन्दोबस्ती झोला बोकेका, आफूखुशी पोशाक लगाएका र राइफल बोकेका सत्तरी-असी जनाको लस्कर माथितिर बढिरहेको छ । उनीहरूप्रति मेरो चासो बुझेर मुक्तिले बिस्तारै भने, "प्लाटुनका छापामारहरू ।"

मैले पनि सुटुक्कै सोधेँ, "के हो प्लाटुन भनेको ?"

"हाम्रो सेना । सदरमुकाम हान्ने, चौकी र ब्यारेक

हान्ने तिनी नै हुन् ।"

"ए, तपाईंहरू जानुहुन्न ?"

"जान्चौं जान त, तर खास लड्ने तिनी नै हुन् । हामी हतियार बोक्ने, खानपिनको व्यवस्था गर्ने काम गर्चौं ।"

"गामको लडाइँमा तपाईं जानुभएन ?"

"अहँ, हामी त यतापट्टिको सुरक्षामा थौं । लेकमा बसी हेरिरह्यौं । अहो ! हेलिकप्टर आउँच, बस्न सक्दैन, जान्च, फेरि आउँच, फेरि जान्च ... !"

प्रतीक भित्र पसेकोले मुक्ति बीचैमा चुप लागे । म पनि चुप लागेँ ।

मुक्तिलाई उनले अह्राए, "आज धेरै साथीहरू चैनन्; हामी छ-सात जना चौं; यतिलाई भात पकाउने भन । मासु सकियो भन्चन्; दाल पकाउनू; चार बज्न लाग्यो, छिटो गर ।"

उनी फेरि चुरोट तान्दै जाल बुन्न थाले । व्यक्तिगत प्रश्न सोध्न के होला र भन्ने ठानेर मैले

भनेँ, “मैले अरू कामरेडले चुरोट खाएको देखिनँ। तपाईं भने खाइरहनुहुँदो रहेछ।”

“तर खान पाइन्न।” उनले जवाफ दिए, “हामी पाटीमा लागेका र खास गरी अरु सैनिक क्षेत्रमा लागेकाले त रुनै पाइन्न। यो नियमले गर्दा नयाँ केटाहरू क्वै पनि खान्नन्, सकेसम्म। म २०५२ सालदेखि भूमिगत भा'को, त्योभन्दा पैलेदेखि नै खान्थेँ। छोड्न सकेको चैन। उपल्ला तहका कामरेडहरूले चेतावनी दिन्चन्, पटक्कै सकिन्न।”

“के गरेर तलतल रोक्नुहुन्छ त ठूला कामरेडसँग हुँदा ?”

“प्रशिक्षण, गोष्ठी, तालीममा धौधौ हुन्च। तैपनि पिसाब र दिसाको निहुँ पारेर खाइन्च। दुई-तीन पल्ट चेताउनी पनि पाइयो। तर जनयुद्धदेखि खटेका हामी, हजारौँ हन्डर पार गरेको भ'र ह'ला, न हाम्ले छोड्न सक्चम्, न उनीहरूले छोडाउन सक्चन्।”

“गाह्रै रहेछ।”

"सुरक्षाको हिसाबले चुरोट बढी खराब च। चुरोट खा'को ठाउँमा पन्ध्र मिनेटसम्म गन्ध रहिर'न्च। अनि पुलिस र सेनाले हाम्लाई पक्रन, समात्न मद्दत पुराउँच।"

"बढी टेन्सन र जिम्मेदारीले छोड्न नसक्नुभएको होला।"

"अँ, टेन्सन बढी च। साथीहरूलाई खटनपटन गर्नुपरो। माथिको निर्देशन अनुसार व्यवस्था गर्नुपरो।"

"एक दिनमा कति वटासम्म खानुहुन्छ?"

"ठेगान हुन्न। कैले दिनको एक बट्टासम्म खाइन्च, कैले डेढ बट्टासम्म। तर एक बट्टा त नभै हुन्न।"

"तपाईंले चुरोट खाएको देखेर मलाई पनि तलतल लाग्यो। शायद यसले मनको टेन्सन पनि कम हुन्छ कि!"

"मन साह्रै भा'को बेला यल्ले मद्दत गर्च नि! खानुहुन्च र?"

"खान्नँ। भनेको मात्रै हो।"

"खाने नै भए खानुस् । यस्तो बन्दी अवस्थामा मान्छेको मन धेरै आन्दोलित हुन्च । तर्कना धेरै उठ्चन् । तर ठम्याउनुपर्च । मैले हिजो भनेँ नि– गल्ती नगर्ने पनि मानिस हैन र गल्ती गरेर नसुध्रिने पनि मानिस हैन ।"

"भगवान्ले त गल्ती गर्छन् भने हामी मानिस हौँ । तर मलाई हिजो जुन आरोपहरू लगाइए, ती कुनै पनि ठीक छैनन् । मरिसकेको मान्छेले यसो भन्यो, उसो भन्यो भनेर हुन्छ र ?"

"भन्चन्, तर पाटीले त्यसको छानबीन गर्च । गर्दै ह'ला । मानसिंहको बारेमा हाम्लाई धेरै था च । उल्ले र अर्को कर्ण रोका भन्नेले जासुसी गरेर पाटे गुम्चालमा हाम्रा त्यत्तिका पैँतालीस-पचास जना साथीहरू मराए । पाटीले अनुसन्धानबाट त्यो कुरा पत्तो लगायो । उनीहरूलाई सफाया गर्न निर्देशन आयो । हाम्रा साथीहरू खटिएर उसको गाउँमा पुगे । त्यो बेला शाही सेना त्यै गुम्चालको डाँडामा

रैच । हाम्रा साथीहरूले उल्लाई हिँडाउन खोज्दा त उल्टै 'तिमीहरू ह्याँ काल खोज्न आ'का हौ, शाही सेनाले चारैतिरबाट घेरिसकेको च, अब मारिन्चौ' भनेर धम्क्याएच ।"

"साँच्चै शाही सेना त्यहीँ थियो र ?"

"थो नि, गस्तीमा आ'को ! त्याँको स्कुलमा बसेको थो ।"

"त्यसै सफाया गर्न पाइन्छ कि पार्टीको निर्देशन चाहिन्छ ? कि पुलिसले सुरक्षाको कारणले भने जस्तै हो ?"

"त्यस्तो हैन । पाटीको निर्देशन नभै गर्नै पाइन्न । आफैँमाथि आक्रमण गर्न आएमा घाइतेसम्म पार्न सकिन्च । तर त्यसको पाटीसमक्ष पुष्टि गर्नुपर्च ।"

"खुकुरीले काटेर मारेको हो रे, होइन ? मैले त सुनेको मात्रै हो ।"

"हैन, बन्दुकले नै हो ।"

"उसकी श्रीमती, छोराछोरी नि ?"

"उसकी स्वास्नी चे नि मास्टर्नी, अर्को दिन शाही सेना बसेको ठाउँमा उजुर गर्न गइच। शाही सेनाले त 'कैले हामीसित मिल्ने, कैले माओवादीसित मिल्नेलाई त्यस्तै हुन्च' भन्यो रे। देख्नुभो सेनाको चाल! त्यस्तो भए'सि को सेनाको पछि लाग्च?"

"त्यसै भनेका हुन् कि सेनाले यस्तो भन्यो भनेर?"

"उही मास्टर्नीले भनेकी हो केर!"

"बिचरा! मानसिंहले कहिल्यै कम्युनिस्टको समर्थन गरेनन्। उनी २०४६ सालदेखि नै यसको विरोधी थिए।"

"भएर के गर्ने? प्रतिक्रियावादी सरकार, सामन्ती शाही सेना सबको व्यवहार त्यै त हो नि। तपैँलाई पनि त्यस्तै आरोपहरू ह'लान्। तर, उल्ले तपैँलाई पनि गलतै दृष्टिकोणले हेर्च, यो पक्का मान्नुस्। सही-गलत छानबीन गरेर कारबाही गर्ने हाम्रो पाटी मात्रै हो।"

साँझसाँझ पर्दा तीन जना मान्छेहरू भित्र पसे। एउटाले "नमस्कार" भन्दै हात जोड्यो, अनि सङ्कोचसँगै हात मिलाउन आयो र मेरो अगाडि बस्यो। कामरेड हिमाललाई आफूअघि पाएर म केही अचम्भित भएँ। अर्कोले पनि नमस्कार भन्दै हात मिलायो र उनकै छेउमा बस्यो। तेस्रोले ढोकैबाट हात उठायो' त्यतै टाढै बस्यो। दोस्रो चाहिँ करेन्ट रहेछन्। तेस्रोलाई मैले चिनिनँ।

"कताबाट आइपुग्नुभयो करेन्टजी पनि?"

"हामी यतैबाट कतै जाँदै थियौँ, तपाईंलाई यहाँ ल्याएका छन् रे भन्ने सुनेर पसेका हौँ। के छ हालखबर?"

कुरा हिमालसँग भइरहेको थियो र कुराहरू उनै थिए– कहिले गिरफ्तार पर्नुभयो, साथीहरूले दुःख दिएका छन् कि छैनन्, हामी गरीब जनताको लागि लडिरहेका छौँ ...।

हिमालले सोधे, "के गल्ती-कमजोरी गरेको हुनाले

गिरफ्तार भएको ठान्नुभएको छ ?"

मैले "गल्ती भने पनि जे भने पनि लेभी नतिरेकोले, माओवादीविरुद्ध भाषण गरेकोले होला" भनेँ । हिजो एउटा कामरेडले बयान लिँदा मलाई मानसिंहले पोलेको, लिवाङको तिलक परियारको घटनामा संलग्न भएको, प्रहरी, सेना र प्रशासनमा संलग्न रहेको जस्ता आरोप लगाएको पनि मैले बताएँ ।

आफूहरू तीन जना मेरो आसपासको क्षेत्रकै भएका, मलाई राम्ररी चिनेका र यति जनाबीच कुरा गर्दा बाहिर नजाला भन्ने सोचले आएको हिमालले बताए । "तपाईं आफ्ना कमजोरी राम्ररी खोज्नुस् र पार्टीअगाडि स्पष्ट राख्नुस् । छानबीन गर्ने बेलामा हामी पनि हुन्छौँ; तर हामीलाई पनि बोल्ने ठाउँ हुने गरी सजिलो गरिदिनुहोला ।"

मैले भनेँ, "नभएका कुरा म कुनै हालतमा स्वीकार गर्दिनँ । तपाईंलाई थाहै छ, मैले आजसम्म

सकेसम्म गल्ती नगर्ने प्रयत्न गरेको छु र गरेको गल्तीलाई लुकाएको पनि छैन ।"

उनले "समस्या केही भए भन्नुस्" भने ।

मैले लुगा कम भएको, जेठ १ गते चिठीमार्फत मगाएकोमा आजसम्म नआएको सुनाएँ ।

"के-के मगाउनुभएको थियो ?"

मैले मगाएका वस्तुहरूको नामावली दिएँ ।

उनले भने, "सम्पर्क सीधै नभई विभिन्न च्यानलबाट जान्छ । यसैले केही ढिलो हुन सक्छ । केही पैसा राख्नुस् ।" उनले पैसा बढाए, मैले एक सय रुपैयाँ मात्र राख्न खोजेँ ।

"किन यति मात्रै ?"

मैले भनेँ, "हेर्नुस्, यो तपाईंहरूको पार्टीलाई पनि लाज लाग्ने कुरा हो । मैले ननुहाएको दश दिन भइसक्यो । यो लुङ्गी र भेस्ट दश दिनदेखि लगाएको लगायै छु । दाह्री नफालेको बाह्र-तेह्र दिन भइसक्यो । सय रुपैयाँ भए मलाई साबुन, टुथपेस्ट, ब्रस आदि

किन्न पुग्छ ।"

उनले दुई सय रुपैयाँ दिँदै भने, "अहिले यति नै राख्नुस् । तपाईंको पैसा आयो भने पठाइदिनुहोला । छिटो आएन भने चिनी र चियापत्ती पनि किन्नुपर्ला ।"

"तपाईंलाई कहाँ पठाइदिनु पैसा ?"

"यी कामरेडहरू जसलाई दिए पनि पार्टीको च्यानलबाट मकहाँ पुग्छ । 'कामरेड हिमालको पैसा' भनेपछि मैले पाउँछु ।"

"हुन्छ । तर सकभर छिटो गरिदिनुहोला ।"

"त्यो त पार्टीको छानबीन र प्रक्रिया अनुसार होला ।" उनले भने, "तपाईंको ओढ्ने, छातासाता केही छैन कि क्या हो ! एउटा प्लास्टिक किन्न पठाउनुहोला । बर्खामा हिँड्नुपर्छ, रुझिन्छ ।"

"त्यति लामो समयसम्म बस्नुपर्छ र !"

"चार-पाँच महिना लाग्न सक्छ ।"

मलाई गम्भीर झट्का लाग्यो ।

हिमालले उठ्दै भने, "ल, बस्नुस् सर । अर्को

ठाउँ पनि पुग्नु छ, जान्छौं। केही अप्ठ्यारो परे साथीहरूलाई भन्नुहोला।"

"हवस्।"

हात मिलाउँदै उनीहरू अँध्यारोमा निस्किए। म घोर आश्चर्यमा परेँ। चार-पाँच महिना! वैशाख, जेठ, असार, साउन, भदौ! अथवा, वैशाखको अन्तिममा कब्जामा लिएकोले असोजसम्मै! दशैँसम्म! मलाई घोर विषाद भयो।

केही बेरपछि प्रतीकभित्र आए र बत्ती बाले।

"कामरेड प्रतीक, मलाई एउटा चुरोट दिनुस् त?"

"खानुहुन्च र?" उनले कौतूहलका साथ दिए। मैले टुकीमा सल्काएर चुरोट तानेँ, तर भग्न मानसिकता शान्त के हुन्थ्यो!

प्रतीकले सोधे, "तपैँले ऐले आ'का कामरेडहरूलाई चिन्नुहुन्च सर?"

"दुइटालाई चिन्दछु। एउटा हिमाल र एउटा

करेन्ट । अर्कोलाई चिन्दिनँ ।"

"उतैका हुन् । धाँसी धवाङतिरका । के भन्चन् तपैँलाई ?"

"सबैको कुरो उही हुने रहेछ । गल्ती-कमजोरी के छ, तपाईंले हामीलाई सजिलो पार्ने गरिदिनुहोला आदि-इत्यादि । कुरा के हो, मैले त केही बुझ्न सकेको छैन ।"

"पाटीको नीति-निर्देशन अनुसारै हो । तपैँको कुरा अनुसार तपैँले गलत गरे जस्तो मलाई लाग्दैन । तपैँका धेरै शत्तुर रैचन् कि क्या हो !"

"होलान् त नि ! उहिले म पनि जनमोर्चामा लागेँ । कृष्णबहादुर महरा, बर्मन बूढाको चुनावमा कति प्रचार गरियो ! बडाचौरमा कुटाइ पनि खाइयो । दुई वर्षपछि त्यो पार्टीबाट मन भाँचियो, छोडेँ । त्यही रिस राखिरहेकाहरू कति छन् ! म इमानदार, सत्यनिष्ठ भएकोले मात्रै जोगिँदै आएको हुँ । नत्र मलाई फसाउन राप्रपा, काङ्ग्रेस, माओवादी

सबै लागेका थिए। एमालेले भने अहिलेसम्म त्यस्तो केही गरेको छैन।"

"हो। व्यक्तिगत रिसइबीको कारणले पनि हुन सक्च। तर पाटीले सत्य-तथ्य छानबीन गर्ला।"

नौ बजेतिर "लौ सर, आज हामी नयाँ ठाउँमा जान्चम्, पाटीले निर्देशन दे'को च" भनेर प्रतीकले लुगा उठाउन थाले। मेरो चियापत्ती, चिनी, चप्पल आदि मुक्तिको बन्दोबस्ती झोलामा हालिदिए। उनीहरू तयार भए। घरबेटी बूढा आइनपुगेकोले ढोकामा ताल्चा लगाइदिए र साँचो शायद अर्को छापामारलाई दिए।

आँखामा कसेर पट्टी बाँधेपछि मलाई डोऱ्याए।

निकै बाटो हिँडेपछि जङ्गलकै बीचमा एक छिन बसाए। त्यही जङ्गलमा २०५६ सालमा प्रहरीसँग प्रतीकको जम्काभेट भएको थियो रे। आफू कसरी भागेको थिएँ भन्ने उनले सुनाए।

हिँड्दा पट्टी केही खुकुलो भयो। म बाटो अलि

राम्ररी देख्न सक्ने भएँ। सल्लाका पातहरू (सल्ली कुसुम) मा चिप्लिनबाट जोगिँदै, कतै घोर अँध्यारो र खोल्सो, कतै ओडार र पहरा हुँदै निकै हिँडियो। दुई घण्टाभन्दा बेसी हिँडेपछि मेरा आँखा फेरि बलियो गरी छोपिदिए र एक ठाउँमा बसाले। सूचना दिन एक जना अगाडि गए जस्तो लाग्यो। ऊ पाँच मिनेटपछि फर्केर आयो।

मलाई डोऱ्याउँदै लगे र एउटा घरको बाहिर बसाले। घरभित्रबाट निकै गज्याङमज्याङको आवाज आयो। ठूलै परिवार रहेछ भन्ने लाग्यो। एक छिनपछि मलाई पाखुरामा समातेर घरभित्र पसाए। केही बेरको खत्र्याकखुत्रुकपछि पट्टी खोलिदिए। खुला कोठाको कुनामा मलाई बसाएका रहेछन्। परिवार माथिल्लो तलामा रहेछन्। अगेनाको एकापट्टि मलाई काम्लो ओछ्याइदिएका रहेछन्; "त्यसैमा बस्नुस् सर" भने। मैले त्यहीँ सरेर जुत्ता खोलेँ, मोजा फिकेँ। तीन-चार वटा जुकाले रगत चुसिसकेका

रहेछन् । अगेनाको आगो अलि बालेर हेरेको, जुत्ता र मोजामा दश-बाह्र वटा जुकाहरू ! तिनलाई टकटक्याएर, थुतेर आगोमा हालेँ । पल्लो ओछ्यानमा प्रतीकले आफ्नो कम्बल ओछ्याए । तल्लो पाखामा मुक्ति र अर्कोले ओछ्यान लगाउन थाले ।

"बाहिर जानुहुन्च सर ?" मुक्तिले सोधे ।

"जान्नँ । अघि बाटोमै पिसाब फेरिहालेँ ।"

"बडो सुबानीको हुनुहुँदो रैच सर त ! धेरै बाहिर जान नपर्ने । तपैँलाई पनि सजिलो, हाम्लाई पनि सजिलो ।" प्रतीकको कुराले मनलाई आनन्द दियो ।

"पानी खाए पो पिसाब आउँछ ! दुई पटक चिया खाइन्छ, अनि त्यही तिउनको झोल । यस्तो गर्मी मौसममा त्यति पानी त जीउले कहाँ सोच्छ कहाँ ! घरमा दिनको कम्तीमा छ-सात गिलास चिया खाइन्थ्यो । त्यसमाथि मोही र झोल तिउन हुन्थ्यो ।"

"घर जस्तो काँ पाउनुहुन्च र सर !" मुक्तिले

भने ।

उनीहरूसँग कुरा हुँदाहुँदै मैले अघिका हिमाल कामरेडलाई सम्झिएँ । उनले दुई सय रुपैयाँ किन दिएका होलान् ! किन चार-पाँच महिना भनेका होलान् ! मलाई आफ्नो पोजिसन देखाउन ! वा, डोमिनेट गर्न !

हिमालसँग मेरो पहिले नै तीन पटक झडप परिसकेको छ ।

पहिलो पटक २०५८ सालको असार २ वा ३ गते हो । म र स्रोतव्यक्ति कुलराज आचार्यले हाम्रो स्रोत केन्द्र अन्तर्गतका प्राथमिक विद्यालयका शिक्षकहरूको गोष्ठी सञ्चालन गरेका थियौँ । हामी त्यो एकहप्ते गोष्ठीको अन्त्यतिर थियौँ । त्यसै दिन मध्याह्न हिमाल र अर्को एक जना हाम्रो प्रशिक्षण कक्षामा आए, केही समय मागे । केही समय दिने सम्झौता शुरू दिनमै स्रोतव्यक्तिसँग भइसकेको रहेछ । माओवादीको पकड क्षेत्रमा उनीहरूलाई नै समय

नदिने हो भने कुनै कार्यक्रम चलाउन पाइँदैन । उनीहरूको पूर्वस्वीकृति लिनुपर्छ, अन्यथा कारबाही भोग्नुपर्छ ।

अन्तिम दिन धेरै काम सक्नुपर्ने भएकोले मैले उनीहरूलाई भाषण सकभर एक-दुई घण्टामै सक्न अनुरोध गरेँ । उनीहरू "यो हाम्रो प्रशिक्षण हो; राति बाह्र बजेसम्म पनि लैजान सक्छौँ" भनेर कड्किए । यो विषयमा निकै छलफल भयो । आखिर तीन घण्टाजतिमा सके । विषय उही– जनवादी शिक्षा, शिक्षकको आचार-व्यवहार, विद्यालयमाथि निगरानी र नियन्त्रण ... ।

उनीसँग दोस्रो अठ्याङ परेको थियो २०५८ असोज १८ गते । उनले मलाई प्रधानाध्यापक, जिल्ला शिक्षा समितिको सदस्य वा रेडक्रस सोसाइटीको रोल्पा जिल्ला सचिवमध्ये दुइटा पद कात्तिकभित्र त्यागिसक्न अल्टिमेटम दिएका थिए ।

तेस्रो झडप पोहोरकै माघ अन्तिमतिर भएको

थियो। प्रहरी र सेनाको तारीख बोक्ने हामी दलङ्गाका विद्यार्थी, शिक्षकसहित बीस-बाइस जनालाई यिनीहरूले एक साँझ नौ बजेतिर रित्तो घरमा जबरजस्ती जम्मा गरे। मैले माओवादीको घेराभित्र रहेर भाषण सुनेको त्यही पहिलो मौका थियो। त्यतिखेर पनि यिनै हिमालले हामीलाई तारीख छोड्न धम्क्याएका थिए। उनले भनेका थिए, "सेना र पुलिसको तारीख गर्ने हो भने हामी पनि दिन्छौँ, सात-सात दिनको। त्यहाँको सब रिपोर्ट हामीलाई बुझाउनुपर्छ। अर्को कुरा, दलङ्गाको कुनै घरमा सेनाले वाकीटाकी राखेको कुरा आएको छ। त्यही भएर दलङ्गामा भएको कुनै पनि माओवादी हर्कत एक-दुई घण्टाभित्र सेनामा पुग्ने गरेको छ। त्यो घरको मान्छे भेटे त्यसको सफाया हुन्छ।" तर उनका कुरामा कोही सहमत भएनन्। मुख्य रूपले तोयाराम र मैले बहस गर्‍यौँ। त्यही भेलाबाटै उनीहरूले नौ कक्षाको विद्यार्थी सूर्यबहादुर थापालाई अपहरण गरेका थिए।

११

२०५८ जेठ ८, बुधबार

बिहान चियापछि मलाई घरको माथिल्लो तलाको कुनामा लगेर थन्क्याए ।

यो घरका मान्छे शरणार्थी भएका होलान् । नत्र कोही न कोही त देखिनुपर्ने !

यहाँ बाह्र-पन्ध्र जना छापामार रहेछन् । तिनैमध्ये केही घरी तल घरी माथि गरिरहन्छन् । खटनपटन भइरहेकै छ । कोही पल्लो कोठामा मादल बजाई गीत गाउँदै छ ।

म रुट्ट देख्न नसकिने कुनोमा काम्लो ओछ्याएर पल्टिरहेको बेला प्रतीक आएर सोधे "तपैँलाई क्यै चीज मगा'नु च कि ?"

मैले कागज मागेँ । कापी-कलम आयो अनि लेखेँ– ब्रस, पेस्ट, साबुन, दाह्री काट्ने पत्ती, एक

किलो चिनी, चियापत्ती, एउटा डटपेन, एउटा मोटो कापी ।

उनले लिस्ट जाँचे र भने, "मोटो कापी त नपाइएला । किन चाहियो र तपैँलाई मोटो कापी ?"

"हिसाब टिप्न, केही लेख्न चाहिएला नि !"

उनले मोटामोटी अनुमान गरेर भने, "ऐले सय रुप्पे दिनुस् ।"

मैले दिएँ ।

शायद आठ बजेतिर मुक्तिहरू कतैतिर गए ।

सिस्नुको तिउनसँग आटो खान बडो मुश्किल भयो । कठिनाइसाथ अलिकति खाएँ, बाँकी फालेँ ।

हिजोको थकाइले होला, निद्रा लाग्यो । काम पो के छ र ! दुई-तीन घण्टै सुतिरहेँ । दिउँसो ढल्केपछि मुक्तिसमेत आठ-दश जना आए, युवा-युवती छापामारहरू । सब राइफलधारी !

मेरो सामान आएछ । ठूलो कापी पाइँदैन रे । सानो कापी पाए पनि ठूलो सन्तोष भयो । अब

भोलिदेखि लेख्नुपर्ला । के लेख्ने ! मनको भावना लेख्न नपाइने होला । हिसाब टिप्नुपर्ला । बन्दी भएपछि दिन-बारसमेत थाहा हुँदैन । एउटा क्यालेन्डर बनाउनुपर्ला । केही प्रमुख सम्झनायोग्य दिन भए सङ्केतको रूपमा टिप्नुपर्ला ।

साँझ पनि आटो रहेछ, तर तिउन माऱ्या सागको झोल । येनकेनप्रकारेण अलिकति खाएँ, बाँच्नुपर्छ । पकाउने काम तल्लो तलामै गरे क्यारे, महिला कामरेडहरूले !

खाएपछि एक-दुई जनाबाहेक अरू कतै गए, शायद प्रशिक्षण बैठक हुँदो हो । नौ बजेपछि आए ।

हिजो राति उपियाँले सुत्नै दिएनन् भन्दै बाहिर आँगनमा ओछ्यान लगाए । मलाई बीचमा सुताए । अरू आ-आफ्नो गफमा लागे । मैले रेडियो पाएँ । बीबीसी नेपाली सेवाले सङ्कटकाल नथप्ने निर्णय सांसदहरूले गरेको समाचार सुनायो ।

यो ठाउँमा सङ्कटकालको के अर्थ छ र !

□ □ □

२०५८ साल पुस २२ गते दाङ, घोराहीबाट लिवाङ जाने बसबाट सुलीचौरसम्म र त्यसपछि हिँडेरै साँझ साढे पाँच बजेतिर म घर आइपुगेको थिएँ। म प्राथमिक शिक्षक प्रशिक्षणको लागि प्रशिक्षकको रूपमा अन्य प्रधानाध्यापक तथा स्रोतव्यक्तिहरूसँग एक हप्तासम्म दाङ बसेको थिएँ। देश मङ्सिर ११ गतेदेखि नै सङ्कटकालमय थियो। एक त सङ्कटकाल, त्यसमाथि ऊन् सदरमुकामनिकट हामी जस्ता गाउँवासीहरूको मानसिक अवस्था सरकारी तथा माओवादी दुवै पक्षको पेलानबाट क्षत-विक्षत हुँदै थियो। म घर पुगेको एकै छिनपछि कताबाट हाम्रै माविको प्रावि तहका शिक्षक शालिकराम केसी आइपुगे। असाध्यै चलाख तथा क्रियाशील उनी

२०५८ सालमा शिक्षक सङ्घ, रोल्पाका क्षेत्रीय अध्यक्ष चुनिए। पहिले हामीसँगै जनमोर्चामा लागेका उनले मसँगै उक्त मोर्चा परित्याग गरेका थिए। पछि २०५८ साल असारतिर हाम्रो गाउँमा माओवादीको स्थानीय सत्ता गठन हुँदा उनी त्यसमा होमिएछन्। अन्य कतिपय शिक्षक जस्तै उनी पनि गाउँ जनसमिति सदस्य बनेछन्। फेरि लगत्तै उनलाई आफ्नो कमजोरी थाहा भयो र उनी त्यसबाट टाढिँदै गएका थिए।

२०५८ सालकै पुस १८ गते रेडियो नेपालले रोल्पाको गजुल इलाकाबाट तीन जना माओवादी आतङ्ककारीहरू पक्राउ परेको खूब प्रचार गरेको थियो। पछि दाङ जाँदा हामीलाई धेरै जनाले यसबारे सोधेका थिए। हामीले गजुलमा माओवादीका धेरै नेता-कार्यकर्ता भूमिगत भएकोले तिनैमध्ये केही पक्राउ परेको विश्वास गरेका थियौँ। तर पक्राउ परेकोमा हाम्रै विद्यालयको प्रावि तहका शिक्षकहरू शालिकराम केसी, अर्का शिक्षक हरि थापा र नौ

कक्षामा पढ्ने शोभा थापा रहेछन् ! हरि पनि शिक्षक सङ्घकै सदस्य थिए । शोभा थापा माओवादी समर्थक विद्यार्थी सङ्गठनमा थिइनन्, नेवि सङ्घमा थिइन् । सातदोबाटे ब्यारेकबाट अचानक पुगेको सेनाको गस्तीले विद्यालय घेरा हाली उनीहरूलाई समातेको रहेछ, त्यो समय ।

"हालखबर खत्तम छ सर ! मलाई माओवादी आतङ्कारी भनेर तीन दिनसम्म थुन्यो ।" शालिकराम केसीले भने, "पुस १८ गते लगेको २१ गते छोडिदियो । ऊन्डै मारेन त्यहाँको मेजरले । रेडियोले पनि हामीलाई आतङ्कारी माओवादी भनेर फुक्यो ।"

"अरूलाई के गऱ्यो ?"

"हरि दाइ र शोभालाई एक रात राखेर छोडिदियो । रातभरि छुट्टाछुट्टै राखेर राइफल देखाउँदै बयान गरायो रे ।"

"केके बयान गराएछ ?" मैले सोधेँ ।

"हामीलाई माओवादीका नेता भनेर धम्क्यायो ।

'तँ र तेरो हेडमास्टरले शुक्रबार-शुक्रबार शिक्षक-विद्यार्थीलाई तालीम गराउँछौ; पार्टीको कार्यक्रममा हिँड्छौ' भनेर कायम गराउन खोज्यो। 'सबै भन्ने भए भन्, नत्र यही पिस्तोलले अहिल्यै तेरो गिदी उडाइदिन्छु' भनेर रातभर छोडेन। अर्को दिन दिनभरि पनि मलाई एक्लै राखेर 'तँ कुन तहमा छस्, तेरो हेडमास्टर कुन तहमा छ, तिमीहरूको भूमिगत नाम के हो, तेरो स्कुलमा अरू कोको मास्टर र विद्यार्थी माओवादीमा लागेका छन्, तेरो गाउँका माओवादी कोको हुन्, तिमीहरूको अफिस कहाँ छ, तिमीहरूको सेनाले कहाँ तालीम गर्छ, सङ्ख्या कति छ, हातहतियार केके र कति छन् र अब तिमीहरूको के योजना छ' भन्ने जस्ता अनगिन्ती प्रश्न सोध्ने, जवाफ दिन नसके पेस्तोल कन्चटमा ताक्ने र मारेर फालिदिने धम्की दिइरह्यो। त्यो रातभरि मलाई त्यही सातदोबाटे डाँडामा जाडोमा कठ्याङ्ग्रिने पारेर राख्यो।"

"अनि तपाईंले के भन्नुभयो ?"

"मैले त शुरूदेखि उसका कुरा, उसका आरोप मान्दै मानिनँ। हामी माओवादीका विरोधी हौँ; हामीले २०५६ सालदेखि स्कुलमा शुक्रबारे कार्यक्रम गरेकै छैनौँ भने के पो प्रशिक्षण गराउने भनेर असहमति जनाएँ। हाम्रा प्रधानाध्यापक शिक्षक सङ्घका अध्यक्ष हुनुहुन्छ, हामी सबै शिक्षक सङ्घमा छौँ भनेर सत्य-तथ्य कुरा गरेँ। नभएको कुरा म गर्दिनँ, बरु मारे मार्नुस् भनेर कमिजको टाँक खोलेर छाती थापेँ। हामीलाई माओवादीले फसाउन यो जाल गरेका हुन् भनेर अड्डी कसिराखेँ। पटक्कै डगिनँ।"

"डर लागेन ?

"माओवादी भए पो डर ! हामीलाई उनको के थाहा छ र, जे छ सबैलाई थाहा भएको कुरो हो भनेँ।"

"के भनेर छोड्यो त ?"

"मैले तपाईं र ममाथिको कुनै आरोप स्वीकार गरिनँ । तीन दिनसम्म धम्क्याएको धम्क्यायै गऱ्यो । आखिरीमा एउटा कागज दिएर 'यसमा सही गर्' भन्यो, मैले त्यो पनि गरिनँ । आखिरीमा मलाई त मार्छ कि भन्ने लाग्न थाल्यो, सेतै फुलेकी आमाको मात्रै सम्झना आउन थाल्यो । तर सात-सात दिनमा त्यहाँ गएर तारीख लाउने गरेर छोडिदियो । 'तेरो हेडमास्टर डरले भागेको छ, आउनेबित्तिकै भेट्न पठाएस्' भनेको छ ।"

"हरि र शोभालाई के भन्यो रे ?"

"उनीहरूलाई पनि यस्तै आरोप लगाएछ । तर उनीहरू पनि माओवादी भए पो मन्जुर गरुन् ! तपाईंलाई माओवादीको नेता हो भनेर आरोप लाउँदा उनीहरूले 'उहाँ त पन्ध्र सालको एमपीको छोरा हो' भनेछन् । हरिलाई तारीख दिएनछ; शोभालाई भने 'पटक-पटक यहाँ पस्नू' भनेको छ रे । हामीलाई पकड्न आउने लेफ्टिनेन्टले स्कुलमा तपाईंलाई पनि

खोजेको थियो। तालीममा दाङ गएको भनेपछि 'आएपछि अवश्य पठाइदिनुहोला' भनेको थियो।"

मेरो विरुद्ध यस्तो षड्यन्त्र ! को हुन सक्छ यसको अगुवा! माओवादी दुनियाँसित चन्दा उठाउँछन्; सारा कर्मचारी, शिक्षक, प्रहरी, सैनिकसित लेभी उठाउँछन्; तर, मैले आजसम्म मौसमी चन्दा दिएको छैन; म आजसम्म उनीहरूको गोष्ठी, अन्तरक्रिया, सभा वा सम्मेलनमा गएको छैन, अनि मै कसरी माओवादी नेता भएँ ! को हुन सक्छ मेरो विरुद्ध चुक्ली लगाउने ! बीपी कोइरालाको 'शत्रु' कथामा जस्तै सयौँ व्यक्तिहरू मेरो शङ्काको घेरामा आए। गहन चिन्तन गर्दा त्यस रातभर निद्रा परेन। आखिर मैले 'ढिलायो कि बिलायो' भन्ने सोचेर भोलि नै सातदोबाटे जाने निर्णय गरेँ।

यद्भावे न तद्भावे भावेतेन्न तदन्यथा...

जे हुनु छ त्यो भएरै छोड्छ, जे नहुनु छ त्यो कदापि हुँदैन भाव बोकेको यो श्लोक मेरो मार्गदर्शक

बन्यो । श्रीमतीसँग यही सल्लाह गरेँ ।

सेनाले मारिहाल्ला भन्ने मलाई विश्वास थिएन । तर तीन-चार दिन राख्यो भने जाडोमा गाह्रो होला भनी हाइनेक, गरम कमिज, सुइटर, ट्राउजर, न्यानो प्यान्ट, गलबन्दी, ज्याकेट लगाएँ । झोलामा एक-दुई पत्रिका, कलम, डायरी बोकेँ र श्रीमतीसँग ठाँटीसम्म आएँ । बाँचे भेट होला जस्तो भावले श्रीमतीसँग बिदा भएँ । उनी स्कुलतिर लागिन् । म एक्लै घाममा हिँड्दै रहेँ । खुमेल पुगेँ । दाङमै चिसोको कारण बिरामी भएकोले छिटो हिँड्न सकिरहेको थिइनँ । मध्याह्नतिर लाखुरी पुगेँ । पारि डाँडामा सुरक्षा फौजका पालहरू देखिए । मनमा भीषण त्रास बढ्यो । सेनाको प्रमुखलाई भेट्न पहिलो चोटि जाँदै थिएँ ।

सातदोबाटे नपुग्दै बीच बाटोछेउमा तीन-चार जना प्रहरी र पाँच-सात जना सैनिक सशस्त्र बसेका थिए । मलाई देख्नेबित्तिकै एउटा प्रहरीले

बोलायो, “ए, कता जानुहुन्छ ?”

म उनीहरूतिर बढेँ । “मलाई यहाँ मेजर सा’बले बोलाउनुभएको छ रे, त्यसैले यहीँ आएको ।”

“ए, घर कहाँ हो ?”

“गजुल ।”

“ए, तपाईं हाइस्कुलको हेडमास्टर हो ?”

“हजुर ! म एक छिन बसूँ ?”

“बस्नुस् । खै, झोलामा के रहेछ ?”

मैले झोला दिएँ र छेउमा बसेँ ।

सबैका आँखा मतिर सोझिए । वाकीटाकीधारी प्रहरी, शायद असइ होला, अलि अलग्ग बस्यो ।

“ए, कपडा, पत्रिका रहेछ” भन्दै पत्रिका, डायरी निकाले र सबैले हेर्न थाले । झोला हेर्नेले हेरिसकेपछि फिर्ता दिँदै सोध्यो, “कति वर्ष हुनुभयो ?”

“अब पचास पुग्न एकाध वर्ष बाँकी छ ।”

“छोराछोरी कति छन् ? कहाँ छन् ?”

“एउटा छोरो छ, पोखरामा पढ्छ । तीन वटी

छोरी लिवाङमा पढ्छन् ।"

"अस्ति हामी तपाईंको गाउँघर र स्कुलमा गएका थियौँ, तपाईं हुनुहुन्नथ्यो ।"

"हजुर, म तालीममा दाङ गएको थिएँ । हिजो मात्रै आइपुगेँ । खबर पाएर आजै यता आइहालेँ ।"

मेरो जीउको तलाशी लिए । खल्तीको ब्याग झिकेर हेरे, फिर्ता दिए । यति गर्दा दश-पन्ध्र मिनेट गैसकेको थियो । वाकीटाकीधारीले अलि पर गएर शायद कन्ट्याक्ट गऱ्यो होला, आएर भन्यो, "जानुस् भित्र ।" अनि एउटा प्रहरीलाई लैजान अह्रायो ।

उसैको निर्देशन अनुसार म कान्लाकान्लाको बाटो अघि लागेँ; ऊ राइफल तानेर पछिपछि आयो । पाँच-सात मिनेट हिँडिसकेपछि डाँडाको खोँचमा आयौँ । तारबार रहेछ । अस्थायी फलामे गेटअगाडि एसएमजी बोकेको सैनिक रहेछ । म रोकिएँ । प्रहरीले मतिर औँल्याउँदै भन्यो, "उहाँ मेजर सा'बलाई भेट्न आउनुभएको, जाहेर भैसकेको छ ।"

“एक छिन अलि त्यतै बस्नुस्, म खबर गर्छु ।” सैनिकले भन्यो ।

म ढिकमा बसेँ । प्रहरी फर्कनै थालेको थियो, सैनिकले के भन्यो कुन्नि, ङिच्च गर्दै मेरै छेउमा उभियो । मैले उसको यो कुरा थाहै नपाए जस्तो गरिरहेँ; तर सैनिकले प्रहरीको नूर मेरो अगाडि गिराइदिएको थियो ।

केही बेरपछि माथिबाट कालोकालो मोटो भयलाग्दो व्यक्ति ऋऱ्यो । त्यो गार्डले गेट खोल्यो र मलाई बोलायो । प्रहरी फर्कियो । जीउ र झोला चेक भएपछि मात्र गेट काट्न पाइयो । मेरो ध्यान त्यही व्यक्तिमा पऱ्यो । सैनिक ड्रेस, कम्मरमा रिभल्भर, हातमा चुरोट र डायरी । यो मेजर साह्रै कडा, साह्रै खतरनाक छ भन्ने चर्चा व्यापक थियो ।

“सर नमस्कार !” जाँदै गर्दा मैले हात जोडेँ ।

उसले ऋर्दै सोध्यो, “तपाईंले केही गल्ती गर्नुभएको छ, मान्नुहुन्छ ?”

"हजुर, मैले केही गल्ती गरे जस्तो त मान्दिनँ।"

"होइन, गर्नुभएको छ। त्यो गल्ती मान्ने कि नमान्ने ?" स्वर झन् कडा सुनियो।

"गल्ती रहेछन् भने जसले पनि स्वीकार गर्नैपर्छ, सर।"

प्लास्टिकका दुइटा कुर्सी र एउटा टेबल भिरालो जमीन खनेर सम्म पारेको ठाउँमा रहेछन्। एउटा कुर्सीमा बसेर उसले मलाई भन्यो, "बस्नुस्।"

म अनुशासित तवरले झोला टेबलमुनि राखेर बसेँ।

"तपाईं हेडमास्टर होइन, नारायण सुवेदी? कति पढ्नुभएको छ?"

केरकार शुरू भयो। ममाथि पनि शालिकराम केसीहरूलाई जस्तै आरोप लगाइए। मैले संयुक्त जनमोर्चासँगको संलग्नता, त्यो पार्टी परित्याग गर्नुको कारण, त्यसअघि र पछि वामपन्थी राजनीतिबाट

दूरी जस्ता सबै कुरा राखेँ। ऊ सकभर अरूको कुरा सुन्दो रहेनछ। ऊ "हामीलाई यस्तायस्ता गोप्य रिपोर्ट प्राप्त भएका छन्" भनेर कायम पार्न खोज्थ्यो; मैले आफ्ना कुराहरू सप्रमाण र सिलसिलाबद्ध रूपमा गर्थें। उसलाई गजुलका माओवादीहरूका भूमिगत र यथार्थ नामहरू, उनीहरूको सङ्गठनको स्वरूप लगायत रोल्पाकै माओवादीको बारेमा पनि धेरै थाहा रहेछ। आफ्नो कुरा पुष्टि गर्न ऊ पटक-पटक डायरी हेर्थ्यो। तर पनि छलफल चल्दै गर्दा हाम्रो बारेमा उसलाई प्राप्त रिपोर्टहरू अस्पष्ट, गलत तथा षड्यन्त्रमूलक ढङ्गले प्रस्तुत भएको प्रस्टिँदै गयो।

छलफल र बहस करीब तीन घण्टा चल्यो। माओवादीलाई २०५८ साल असोजसम्म मासिक लेभी तिरेको र त्यही असोजको १८ गते गजुल माविको अखिल क्रान्तिकारीको घोषणा सभामा पदाधिकारीहरूलाई रातो टीका लगाइदिनुपरेको कुरामा

मात्र म सहमत भएँ। उसले पनि योभन्दा बढी प्रमाणित गराउन सकेन।

यो क्रममा उसले दुई पटक चिया खुवायो; एक पटक मेरै अनुरोधमा तातो पानी। कुराहरू सोध्दै जाँदा र यथार्थमा म माओवादी शुभेच्छुकसम्म पनि होइन भन्ने कुरा प्रमाणित हुँदै जाँदासम्म पनि घर फर्किन पाइने हो कि होइन भन्नेबारे केही थाहा थिएन। अपराह्न चार बजेतिर उसले भन्यो, "तपाईं भोलि तोयाराम र नैनसिंहलाई पठाइदिन सक्नुहुन्छ ?"

मलाई यो प्रश्नले ठूलो आशा जगायो। यसलाई उपयोग राम्ररी गर्नु थियो। "खै, सर ! चार बज्न लाग्यो, मलाई गजुल पुग्न दुई घण्टा लाग्छ, रात परिहाल्छ। सकभर कोशिश गर्छु; नभए भोलि बिहानै पठाइदिन्छु।"

"हुन्छ, भोलि एघार बजेसम्म भए पनि हुन्छ। बाह्र बजेभन्दा पछि नपठाउनुस्। फुर्सद छैन।"

“हवस्, हुन्छ।” म झोला टिप्न खोज्दै उठेँ।

“तपाईंलाई म मिति त दिन्नँ; तर लिवाङ जाँदा-आउँदा अवश्य पस्नुहोला, तारीखै हो।”

म रात नपर्दै गाउँ आइपुगेँ। ठाँटी चौतारीमा बसिरहेको एउटा माओवादी मलाई देखेर चकित भयो। शायद उसलाई म फर्कन्छु भन्ने विश्वास थिएन। आफ्नै गाउँको तर हामीलाई घोर दुश्मन ठान्ने त्यस माओवादीले “अहो सर! तपैँलाई सेनाले छोडिदिएछ तो!” भन्दै केके सोध्यो। यिनीहरूकै कारण फसाइएको हुँ भन्ने लागेकोले मलाई रिस उठिरहेको थियो, “किन नछोड्नु त? तपाईंहरूले गर्दा नै यस्तो भएको त हो नि!” भन्दै अरू कुरै नगरी घरतर्फ लागेँ। दिउँसोका सबै कुरा जान्न तथा त्यो साँझ हाम्रै घरमा खान आउने खबर गर्न उसले केहीपछि अर्को माओवादीलाई हाम्रो घर पठाएको रहेछ, सन्चो छैन भनेर मैले भेटै गरिनँ।

दोस्रो दिन स्कुलमा हाजिर भएँ। हिजो मेजर सा'बले स्टाफलाई सुनाउन भनेका सबै आदेशहरू सुनाएँ–

क) शिक्षक र विद्यार्थीले भित्रे-बाहिरे हुन छोड्नू। सुलसुले नहुनू। शिक्षक-विद्यार्थीले दोग्ला व्यवहार नगर्नू।

ख) माओवादीलाई चन्दा वा लेभी बिलकुलै नदिनू। दिएको थाहा पाए इन्क्वायरी गरिनेछ, जसमा एउटा गोली मात्र हुनेछ।

ग) माओवादीका सभा, जुलुश केहीमा पनि नजानू। विद्यालय वा गाउँघरमा कुनै क्रियाकलाप गर्न नदिनू। नसके सेनालाई शीघ्र सूचना पठाउनू। गलत काम गर्न र जोगिन पनि कसैले पाउनेछैन।

घ) कुनै पार्टीविशेषको संलग्नता नलिनू।

यसरी, २०४८ सालदेखि नै कुनै सम्बन्ध नरहेको, त्यसअघि पनि नेकपा (मशाल) को खुला मञ्च

संयुक्त जनमोर्चामा मात्र रहेको, त्यो पार्टीको भित्री तहमा प्रवेश नगरेको म जस्तो व्यक्तिलाई मशालसँग सम्बन्ध देखाएर सेनाले २०५८ पुसमा ठूलो दुःख दियो ।

□ □ □

सङ्कटकाल शुरू भएलगत्तै रोल्पाको सुरक्षा समितिले एउटा अनौठो काम गऱ्यो । उसले मङ्सिर २१ गतेदेखि अनिश्चित कालसम्मको लागि जिल्लाभरका विद्यालयमा पठनपाठन स्थगित गर्ने आदेश जारी गऱ्यो । पहिलेदेखि नाजुक जिल्लाको शैक्षिक स्थिति यो आदेशले झन् खलबल भयो । २०५८ सालमा शैक्षिक सत्रको गडबडीले भदौदेखि मात्र पढाइ शुरू भएको थियो, कात्तिकभर दशैं र तिहार बिदा भयो र भरखरै मङ्सिरको एक-दुई हप्ताजति पठनपाठनको जोहो हुँदै थियो, स्थगनको कर्फ्यु आइपुग्यो ।

रोल्पा जिल्लावासी, सचेत र शिक्षित नागरिक, जिल्लाकै एक जिम्मेदार प्रधानाध्यापक, जिल्ला शिक्षा समितिको सदस्य तथा प्रजातान्त्रिक विचार राख्ने शिक्षकहरूको सङ्घको अध्यक्ष भएको नाताले समेत मलाई यो समस्या हटाउन सक्रिय हुनु थियो। विद्यालय बन्द गर्नू भन्ने पत्र पाएलगत्तै म लिवाङ गएँ। यो अस्वाभाविक र अप्रासङ्गिक नीतिको विरोधमा जिल्ला शिक्षा कार्यालयमा कुरा उठाएँ। तर यस्तो संवेदनशील विषयमा पनि जिल्ला शिक्षा अधिकारी "यो सुरक्षा समितिको निर्देशन बमोजिम गरिएको हो; हामी सुरक्षा समितिको निर्णयबेगर केही गर्न सक्ने स्थितिमै छैनौँ; अहिले त सम्पूर्ण कुराको निर्णय र निर्देशन माथिबाटै हुन्छ" भन्दै अछटिए। "यो बरबादीको जिम्मेदारी भोलि शिक्षा कार्यालयले नै लिनुपर्छ, लिनुहुन्छ कि लिनुहुन्न ?" भन्ने मेरो प्रश्नमा उनी "म सरकारको नोकर हुँ, जिम्मेदारी लिनुपर्दैन" भनी पन्छिए। जिल्ला शिक्षा अधिकारी

यसरी गैरजिम्मेदार भई पन्छिएपछि मैले प्रमुख जिल्ला अधिकारी (सीडीओ) लाई पनि भेटेँ। अनिश्चितकालीन बन्दबाट पठनपाठनमा पर्ने घोर घाटाबारे मैले चर्चा गरेपछि उनले "सङ्कटकालमा जे पनि हुन सक्छ; पढाइमा यस्ता स्थगन कति हुन्छन् कति !" भन्दै थपे, "माडीचौरमा चार बजेपछि विद्यालय पोशाकमै माओवादीहरू जम्मा भई आम सभा गर्ने गरेका छन्। लिवाङमा सुरक्षा सेनामाथि विद्यार्थी पोशाकका माओवादीले आक्रमण गरेका छन्। विद्यार्थी र शिक्षकको वेशमा जिल्लाका धेरै ठाउँमा माओवादी सञ्चालन भएको रिपोर्ट आएको छ। तिनलाई कारबाही गर्दा विद्यार्थी र शिक्षकहरू नपरून्, नमरून् भनी यस्तो निर्णय गरिएको हो।"

"जिल्लाभर आठ कक्षादेखि दश कक्षासम्ममा कम से कम सात-आठ हजार किशोरकिशोरीहरू विद्यालयको शैक्षिक दायरामा छन्। अनिश्चितकालीन

बन्द कायमै रहे यसैलाई निहुँ बनाएर किशोर पुस्ता माओवादी जनयुद्धमा होमिने हुने खतरा रहन्छ। आधाजति यताउता पलायन भए पनि आधा शक्ति त्यता गए के हुन्छ?" मैले भनें, "उसै त पठनपाठनको कर्तव्यबाट सधैं कुनै न कुनै निहुँबाट पन्छिन मन पराउने हाम्रा कतिपय शिक्षक साथीहरूलाई के कर्तव्य पालनको आधारमा तलब-भत्ता खुवाउने ? विद्यालय बन्दको प्रतिरोधमा सदरमुकामवरिपरि केही नहोला, तर सरकारको पकड नभएका ठाउँमा माओवादीहरूले आफ्नै प्रकारको पठनपाठन तथा विद्यालय सञ्चालनको नीति लागू गरे भने सरकारले त्यो स्थितिमा नियन्त्रण गर्न सक्ला?" अवश्यम्भावी देखिएका यी समस्याहरू मैले उनीअगाडि तेर्स्याएँ।

शायद सीडीओको घैंटामा घाम लाग्यो। उनी मौन रहे; एक छिनपछि चिया मगाए र चिया तुरिँदासम्म सोचमग्न नै रहे। आखिरमा बक फोरे, "हेर्नुस्, तपाईंले केही जायज तर्कहरू दिनुभयो। यो

विषयमा म पनि संवेदनशील छु। तर सेनाबाट आदेश आएपछि हाम्रो केही लाग्दैन। ठीकै छ, एक पटक कर्णेल सा'बलाई भेट्नुस्।"

मैले भनेँ, "व्यक्तिगत रूपले उहाँलाई चिन्दिनँ। सेनासँग मेरो सम्बन्ध पनि छैन। मेरो पेशासँग सेनालाई मतलब हुँदैन। बरु म आफ्नै पहलबाट यसबारे सुरक्षा समितिले पुनर्विचार गर्नुपर्ने वातावरण बनाउन लाग्छु।"

त्यसको दोस्रो दिन मैले लिवाङ हाइस्कुलमा शिक्षक सङ्घ, सङ्गठन र परिषद्का अध्यक्षहरूको बैठक राखेँ। त्यसमा अन्य माविका शिक्षक तथा प्रधानाध्यापकहरू पनि उपस्थित भए। व्यापक छलफल भयो। विद्यालय बन्द फिर्ता गर्न अनुरोध गर्ने निर्णय सर्वसम्मत रूपमा पारित भयो। हाम्रो निर्णय उतार गरी आवश्यक कारबाहीको अनुरोध गर्दै एक-एक प्रति जिल्ला शिक्षा कार्यालय, प्रशासन कार्यालय, जिल्ला विकास समिति, प्रहरी कार्यालय,

देउपुजे ब्यारेक तथा जिल्ला सुरक्षा समितिलाई बुझायौँ ।

भोलि पल्ट जिल्लास्तरीय टेस्ट परीक्षा समितिको बैठकमा माओवादी जिल्ला कमिटीका सेक्रेटरी सिजलको हस्ताक्षरयुक्त पत्र सबै जिल्लाभरि पठाइएको छ भन्ने जानकारी आयो । सो पत्रमा सरकारी बन्दको विरोध गर्दै दश दिनभित्र स्कुलहरू खोली पठनपाठन सञ्चालन गर्न शिक्षकहरूलाई कडा निर्देशन थियो । दिउँसो शिक्षा कार्यालयमा समेत त्यस पत्रको एक प्रति पुगेको थाहा भयो । यसले कर्मचारी तन्त्रमा हलचल ल्याइदियो । स्वयं जिल्ला शिक्षा अधिकारी सो पत्र बोकेर सीडीओको कार्यालयमा कुदेको देखियो ।

तेस्रो दिन जिल्लाका पूर्वी भेगका शिक्षकहरूको ठूलो जत्था लिवाङ शिक्षा कार्यालयमा आएको देखियो । उनीहरूको भनाइ थियो, “शिक्षा कार्यालयले अनिश्चित कालको लागि विद्यालय बन्द गर्ने तर शिक्षकहरू भने विद्यालयमै उपस्थित हुनुपर्ने निर्देशन

पत्र पठाएको छ। उता माओवादीहरूले तुरुन्त विद्यालय सञ्चालन गर्ने भए गर, नत्र तिमीहरूमाथि नै कारबाही गर्छौं भन्छन्। यसैले उता बस्न नसकी यहीँ हाजिर हुन आयौँ।" नभन्दै साँझसम्म पश्चिम र दक्षिण भेगका शिक्षकहरूसमेत लिवाङ आउने क्रम बढ्दै गयो। अर्को समस्या थपियो। शिक्षक सङ्घको म, शिक्षक सङ्गठनकी श्रीमती बीना मल्ल र शिक्षक परिषद्का तिलबहादुर ओलीले हाम्रो मागलाई शिक्षकहरूका माझ पुऱ्याई कि बन्द फिर्ता लिनुपर्ने कि त शिक्षकहरूलाई शिक्षा कार्यालयमै हाजिर गराउनुपर्ने कुरा राख्दै आयौँ।

माओवादीको दशदिने म्याद सक्दै थियो। लिवाङमा जमघट बढ्दै थियो। साँझसाँझमा अघोषित कर्फ्युका साथै राति होटलहरू चेक गर्ने र एक-दुई जना शिक्षक पक्रने क्रम बढेको सुन्नमा आयो। यसबारे पछि हामीले सोधखोज गर्दा मादक पदार्थ सेवन गरी हल्लाखल्ला गरेकोले रातभरको लागि सुरक्षार्थ राखेको

जवाफ पाउँथ्यौं ।

चौथो दिन बिहानै हामीले आफ्ना मागबारे जानकारी लिन फेरि सीडीओलाई भेट्यौं । प्रशासनले स्थिति अप्ठ्यारोमा जाँदै गरेको देखिसकेको थियो । तर प्रशासन यति लुते र कमजोर भइसकेको थियो कि, सीडीओले सीधै सुरक्षा समितिको बैठक राखेर यो समस्या हल गर्न सक्ने हिम्मतै देखाएनन् । उनले भने, "दिउँसो सर्वदलीय मिटिङ छ । त्यसमा पार्टीका नेताहरूलाई यसबारे कुरा उठाउन लगाउनुस् । सुरक्षा समितिको बैठक बसाल्न माग गर्न लगाउनुस् अनि मात्र मैले भोलि सुरक्षा समितिको बैठकमा यो समस्या राख्न सक्छु । अब त्यो निर्णय फिर्ता लिनैपर्ने हुन्छ ।"

हामीले दौडधूप गर्दै जिविस सभापति, उपसभापति, नेपाली काङ्ग्रेस, एमाले, माले, जनमुक्ति पार्टीसमेतका जिल्ला नेताहरूलाई भेटेर दिउँसो हुने बैठकमा यो प्रस्ताव राख्न अनुरोध गर्‍यौं । यो स्थगनमा कुनै

पार्टीको सहमति थिएन। समस्या जटिल बन्दै गइरहेको थियो। अघिल्ला दिनहरूमा पनि उनीहरूसँग हाम्रो छलफल भएकै थियो। अत: उनीहरू सबै सहमत थिए।

दिउँसो जिल्ला प्रशासन कार्यालयमा बसेको सर्वदलीय बैठकमा यसबारे चर्को आवाज उठेछ र बैठकले सुरक्षा समितिलाई अनुरोध गर्ने निर्णय गरेछ। अब शायद समस्या समाधान होला भन्ने हामीलाई लाग्यो। तर सुरक्षा समितिको बैठक दोस्रो दिन नबसी तेस्रो दिन बस्ने भएछ। यस अवधिमा कति ठाउँहरूमा स्कुल खुलेका, कहीँ माओवादी कार्यकर्ताहरूले विद्यार्थी जम्मा गरी स्कुल चलाउन लगाएका र कतिपय स्कुलका शिक्षकशिक्षिकालाई कारबाहीको धम्की दिएका चर्चासमेत लिवाङमा आए। यी सबै कारणवश तथा अरू कुनै जिल्लामा यस्तो औचित्यहीन बन्द नभएकोले पनि होला, तेस्रो दिनको सुरक्षा समितिको बैठकले चौबीस दिनदेखि बन्द विद्यालय पुन: सञ्चालन

गर्न जिल्ला शिक्षा कार्यालयलाई निर्देशन दिने निर्णय गऱ्यो ।

सङ्कटकाल लागू भएपछि आतङ्ककारी क्रियाकलापमा प्रत्यक्ष-अप्रत्यक्ष संलग्न सबैलाई कारबाही हुने सरकारी घोषणाले हाम्रो जिल्लाका धेरै शिक्षकलाई अप्ठ्यारोमा पाऱ्यो । माओवादीले धेरै शिक्षकलाई स्थानीय जनसरकार आदि अङ्गहरूमा सम्मिलित गराएका थिए । कतिपय शिक्षकहरू चाहेर पनि माओवादीले छोड्न नदिएको गुनासो गर्थे । यो घोषणाले त्यस्तालाई झन् कठिन पाऱ्यो । यसको उचित निकास थिएन । माओवादी पत्रिका *जनादेश*ले जनसरकारमा सामेल भएकाहरूको नामावलीसमेत छाप्ने गरेको र ती नामावली प्रशासनमा पुगेका कारण यस्ता शिक्षकहरू न गुपचुप रहन सक्थे न त माओवादीमा पस्न सक्थे । यो पीडालाई समाधान गर्नु रोल्पाको शिक्षक नेताको नाताले हाम्रो जिम्मेदारी भयो । पुसको शुरूतिर मैले जिल्ला शिक्षा समितिको बैठकमा यो

समस्या राखेँ। यसमा बीना मल्ल र तिलबहादुर ओलीले समेत समर्थन गरे।

सीडीओले भने, "जिल्लाभरिका कतिपय शिक्षकलाई माओवादीले स्थानीय जनसरकारमा राखेको विवरण हामीसँग छ। कतिपयले छोड्न चाहँदा पनि माओवादीले नदिएको गुनासो म, डीएसपी सा'ब, सेनाका मेजर सा'ब र कर्णेल सा'बसित गरेका छन्। कुनै पनि शिक्षक वा कर्मचारीलाई राजनीतिक पद धारण गर्ने अधिकार छैन। यस्तो जानकारी पाएपछि हामीले कारबाही गर्नुपर्ने हुन्छ, जागीर खाइदिनुपर्ने हुन्छ। कर-बलले संलग्न भएकाहरूले जिल्ला प्रशासन कार्यालयमा एउटा निवेदन दिऊन् र ती स्वच्छ भएर बसून्। नत्र कडा कारबाही गर्नुपर्ने हुन्छ।"

सीडीओको सुझाव सामयिक थियो। हामीले मन्जुर गऱ्यौँ। साथै निवेदनमा अन्यथा पर्ने कुराहरू लेखाइन नहुने कुरा पनि राख्यौँ। तर यसरी निवेदन दिन आउँदा अप्ठ्यारो पर्ने भएकोले शिक्षक भेला बोलाएर

एकै पटक गर्दा राम्रो हुने निष्कर्ष आयो । यसरी जम्मा हुन आउने शिक्षकहरूलाई अनेक बहानामा बाटोमै थुन्ने वा छेक्ने जस्ता काम नगर्ने तथा सदरमुकाममा आइसकेपछि र फर्केर घर नपुग्दासम्म पनि थुन-छेक गर्न नपाइने कुरासमेत हामीले जोडदार रूपले राखेपछि सीडीओले त्यसको ग्यारेन्टी आफूले लिने बताए ।

एकै चोटि एकै दिन भेला गर्दा जिल्लाभरका करीब एक हजार शिक्षकशिक्षिका जम्मा हुने र व्यवस्थित रूपले लैजान नसकिने समस्या राख्दै जिल्ला शिक्षा अधिकारीले दुईदुई दिनको अन्तरमा स्रोतकेन्द्रस्तरीय भेला गर्ने, भेलामा आफ्नो क्षेत्रका शिक्षकहरूको उपस्थिति तथा भेला व्यवस्थापन सम्बन्धित स्रोतव्यक्तिले गर्ने सुझाव दिए । यो प्रस्ताव सर्वसम्मतबाट पारित भयो । प्रशासन वा सुरक्षा समितिले आफ्नै प्रकारले कारबाही चलाउँदा गत मङ्सिरमा विद्यालय बन्दको असफलता भोग्नुपरेको

कुरा सीडीओलाई स्पष्ट नै थियो र यस पटक सबैलाई मिल्ने प्रस्ताव आएको थियो। हामी पनि हाम्रा शिक्षक साथीहरूले सङ्कटकाल र सुरक्षा कारबाहीको नाममा अनाहकमा दुःख नपाऊन् भन्ने चाहन्थ्यौं।

यो भेलालाई सुरक्षा फौज र प्रशासनले हामीसँग गरेको सहमतिलाई धोती लगाइदिएर शिक्षकहरूलाई फसाउन उपयोग गर्ने योजनाको रूपमा लिएछन्। सङ्कटकाल लागेपछि नै जिल्ला प्रशासन कार्यालयको आदेशमा जिल्ला शिक्षा कार्यालयले कतिपय शिक्षकलाई चौबीसघण्टे पुर्जी काट्दै प्रशासन र प्रहरी कार्यालयमा हाजिर हुन पठाउँदै, थुनाउँदै र तारीख बोकाउँदै गरिरहेको थियो। यस्तो सजाय खास गरी ती शिक्षकहरूले भोगिरहेका थिए जसको नाम *जनादेश*मा छापिएको थियो वा प्रहरी र सेनाका सुराकीहरूले सुरक्षा समितिमा पुऱ्याएका थिए। जिल्ला सुरक्षा समितिले चाहे अनुसार फसाउनुपर्ने, थुन्नु-छेक्नुपर्ने

वा कसैको पहुँच, व्यक्तिगत रिस-इबी वा स्वार्थका कारणले सताउनुपर्ने शिक्षकहरूलाई एकमुस्ट समात्न यस्तो भेला बढी सहायक हुने भयो। शाही सेना हावी भएकोले उसैको दबावमा यस्तो योजना बनेको रहेछ। आफ्नो रिपोर्टमा परेका शिक्षकहरूलाई एकमुस्ट पक्राउने, थुनाउने र आवश्यक ठाने आफूले बयान लिने तर तारीख चाहिँ प्रहरी कार्यालयबाटै गराउने गरेर सेनाले आफू चोखो ठहरिने र दोष प्रशासनलाई दिने खेल गरेको रहेछ। प्रशासन र प्रहरी भन्नु कठपुतली शाही सेनको मात्रै !

पुस १४ गते शुरू भएको स्रोतकेन्द्रस्तरीय शिक्षक भेलामा यही रूप चलेछ। भेलामा प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख तथा अन्य केहीले माओवादी समस्या, सङ्कटकाल घोषणाको आवश्यकता तथा यो अवधिमा गर्न हुने-नहुने कामबारे बोल्दा रहेछन्। त्यसपछि जनसरकारमा सम्मिलित शिक्षकहरू कोही भए दोस्रो दिन प्रशासन कार्यालयमा कागज गर्न

आउन जानकारी गराइएपछि त्यहाँ रहेको सेनाको प्रतिनिधिले सीडीओलाई एउटा कागज दिँदो रहेछ। सीडीओले पनि "मैले अब उल्लेख गरेका शिक्षकहरू जोजो हुनुहुन्छ, यहाँबाट सीधै अहिल्यै जिल्ला प्रहरी कार्यालयमा जानुहोला" भनेर सो लिस्ट पढ्दा रहेछन्। यसरी लिस्टमा नाम आएका शिक्षकहरू प्रहरी कार्यालयमा गएपछि सुरक्षा समितिको खेल शुरू हुँदो रहेछ।

त्यो शिक्षा समितिको बैठकपछि प्रशिक्षण कार्यक्रममा दाङ गएकोले मलाई यी कुचक्रहरूको बारेमा जानकारी भएन। पुस २३ गते घर फर्केपछि माथि उल्लिखित सातदोबाटे ब्यारेकको चक्कर पऱ्यो। हाम्रो गजुल स्रोतकेन्द्रको शिक्षक भेला पुस २८ गते थियो। २७ गते घोडागाउँ मावि स्रोतकेन्द्रको शिक्षक भेलाबाट पक्राउ परेका शिक्षकहरूमध्ये इन्द्रबहादुर २८ गते देउपुजे ब्यारेकमा बयान गर्न लगिएको बेला ब्यारेकबाटै भागेका रहेछन्। यो घटनाले शाही सेना असाध्यै

आक्रोशित भएको तथा उसले आफ्नो बेइज्जती भएको महशूस गरिरहेको अवस्थामा दोस्रो दिन हाम्रो भेला भयो ।

पुस २८ गते सातदोबाटे ब्यारेकमा सम्पर्क गर्दै म अन्य शिक्षकहरूसँग लिवाङ पुगेको थिएँ । २८ गते दिउँसो दुई बजे शुरू भएको भेला सकिएपछि सेनाको एउटा गुप्तचरले दिएको लिस्ट पढ्दा सीडीओले सर्वप्रथम मेरो नाम लिए । त्यो लिस्टमा राजेश सुवेदी, शालिकराम सुवेदी, श्रीमती खुमा सुवेदी, कुलबहादुर थापा, प्रेमप्रसाद सुवेदी, खेमराज थापा, गङ्गालाल थापा र ओमप्रकाश विष्टको नाम पनि रहेछ ।

त्यस रात हामीलाई जिल्ला प्रहरी कार्यालयमै छुट्टाछुट्टै राखियो र लामोलामो बयान लिइयो । दोस्रो दिन माघ १ गते अत्यन्त कडाइका साथ देउपुजे ब्यारेक लगियो र बयान लिइयो । साँझ पाँच बजे फेरि त्यस्तै कडाइका साथ फिर्ता पठाएपछि जिल्ला

प्रहरी कार्यालयले नेपाली काङ्ग्रेसका रोल्पा जिल्ला सभापति माधवप्रसाद आचार्यको लिखित जमानीमा प्रत्येक पन्ध्र दिनमा तारीखमा हाजिर हुने, माओवादी ध्वंसात्मक काममा संलग्न नहुने तथा गोप्य सूचना प्राप्त भए जानकारी दिने कागज गराई हामी सबैलाई छोडिदियो ।

मेरो बारे कुनै गलत रिपोर्ट नभएको र म को हुँ भन्नेसमेत यथार्थ जानकारी भएका तत्कालीन सीडीओ र तथा जनसम्पर्क अधिकृतले समेत मेरो पक्षमा बोल्न नसक्नुले गृह मन्त्रालय कति निरीह रहेछ र मप्रति सेनाको कस्तो दृष्टि रहेछ भन्ने स्पष्ट भयो ।

त्यस बेला तत्कालीन डीएसपी महेशविक्रम शाह जिल्लामा थिएनन् । पछि उनले "म भएको भए तपाईंलाई पक्रन दिने थिइनँ; सेनाको आफ्नै पूर्वाग्रहको कारण यस्तो भएको हो" भने । उनले मेरो तारीख पनि खारेज गरिदिए । कतिपय साथीहरूले लामो

समयसम्म तारीख खेप्नुपर्‍यो; मानसिक कष्ट भोग्नुपर्‍यो । अरु कतिपयले सरकारी तारीख बोक्ने निहुँले सुराकी गरेको भन्ने माओवादी आरोप र कतिपयले कारबाहीसमेत भोग्नुपर्‍यो ।

शिक्षक भेलाको यो खेलबाट प्रशासनले खासै उपलब्धि पाउन भने सकेन । जिल्लाभरिबाट अनुमानित सय जनाजति शिक्षकलाई सातदिने वा पन्ध्रदिने तारीख, दुई-चार जनालाई केही समय थुना, राजेश सुवेदी लगायत केही शिक्षक र स्रोतव्यक्तिहरूलाई कैद सजायमा पारियो । दुवैतिरबाट चपेटामा परेका शिक्षकहरूलाई झन् बढी शारीरिक र मानसिक पीडा थप्ने काम मात्र भयो । पक्राउ पर्ने डरले उक्त भेलामा नआएका केही शिक्षकले जागीरसमेत छोड्नुपर्‍यो ।

□ □ □

२०५८ सालकै चैतमा एसएलसी परीक्षाको रोल्पा

केन्द्रमा म र कुलानन्द गिरी केन्द्राध्यक्ष थियौँ। यसअघि २०५८ साल फागुन १ मा देउपुजे र सातदोबाटे ब्यारेकबाट सेनाले गजुल, दलङ्गा र काभ्रा वडामा अपरेसन गर्दा कमान्डिङ गरेर गएका कर्णेल शमशेर ठकुराठीसँग मेरो परिचय भएको थियो। लिवाङ भएको बखत उनलाई भेट्न जानैपर्ने एउटा अघोषित तारीख जस्तै थियो। भेटैपिच्छे उनी कुलानन्द र मलाई "तपाईंहरू दुवै जनाले जनमोर्चामा लागी त्यो पार्टीलाई अहिले यो अवस्थामा पुऱ्याउन मद्दत गर्नुभयो; अब फेरि शान्ति स्थापनाको लागि जिल्लाभर अभियान चलाउनुस्" भन्थे। चैत २५ गतेको भेटमा उनले हामी दुवै जनासँग भने, "आगामी २८ गते सातदोबाटेमा बैठक छ। गजुलबाट किमबहादुर, तोयाराम, यमबहादुर, राजेश, हीराबहादुर सबैलाई बोलाएको छु। नारायण सर, तपाईं पनि जानुपर्छ।" मैले "भ्याएपछि जान्छु" भनेको थिएँ।

तर हामी परीक्षा केन्द्रमै व्यस्त भएको बेला २७

गते जिल्ला प्रशासन कार्यालयले चिठी पठायो। त्यसमा हामी दुवै जनालाई २८ गते बिहान स्थानीय टुँडिखेलमा आयोजना हुने आम सभामा अनिवार्य रूपले उपस्थित भई 'माओवादी समस्या र आजको आवश्यकता' विषयमा प्रमुख वक्ताको रूपमा बोल्नुपर्ने आदेश थियो। सम्पूर्ण परीक्षार्थी तथा निरीक्षकहरूलाई समेत आम सभामा अनिवार्य उपस्थित गराउन चिठीमा भनिएको थियो। म अप्ठ्यारोमा परेँ। सोही दिन सेनाले सातदोबाटे बोलाएको छ, यता प्रशासनले टुँडिखेल आइज भन्छ। परीक्षामा सुरक्षाको लागि आएका सैनिक क्याप्टेनलाई मेरो यो दोहोरो समस्या कर्णललाई सुनाइदिन अनुरोध गरेँ। तर दोस्रो दिन कुनै जवाफ आएन।

अलमलमा परिरहेकै अवस्थामा २८ गते बिहान साढे आठ बजे कुलानन्द र म टुँडिखेल मञ्चमा पुग्यौँ। कर्णेलको खबर डीएसपीमार्फत पाएँ, "नारायण सर, सातदोबाटे नआई त्यहींको कार्यक्रममा सरिक

हुनुहोला ।"

आम सभामा एसएलसी दिन आएका जिल्लाभरिका विद्यार्थी, शिक्षक, कर्मचारी तथा जिल्ला परिषद्मा भाग लिन आएका जनप्रतिनिधि आदि गरी करीब पन्ध्र सय जनाको जमघट थियो । खास आकर्षण एमाले सांसद प्रकाश ज्वाला थिए । वक्ताहरूमा जनमुक्ति पार्टीका शेरबहादुर बाठा, मसालका राजकुमार कक्षपति, राप्रपाका चन्द्रबहादुर पुन, शिक्षक सङ्गठनकी बीना मल्ल, एमालेका कुमार दशौदी र नेपाली काङ्ग्रेसका माधवप्रसाद आचार्य थिए । सबैले आ-आफ्नो ढङ्गले माओवादी अत्याचारको भन्डाफोर र आलोचना गरे ।

कुलानन्दले बडो संयमित भाषामा माओवादी क्रियाकलापको आलोचना र शिक्षकहरूमाथि परिरहेको दोहोरो मारको चर्चा गरे भने आफूलाई प्रशासनबाट माओवादी भनी लगाइने आरोपको खण्डन गर्दै सत्यताको लागि छाती चिरेर देखाउन नसकिने

विवशता प्रकट गरे। मैले आक्रामक शैलीमा माओवादीको चर्चा शुरू गरेँ। मैले आफ्नो भाषणको क्रमलाई पाँच बुँदामा विभाजन गरी व्याख्यासहित झन्डै आधा घण्टा बोलेँ। भाषणपछि कुलानन्दले मलाई भने, "अलि चर्को भयो, नेताको जस्तो। हामीले शिक्षा क्षेत्रभित्रै केन्द्रित रहनुपर्छ।"

राप्रपाकै दलवीर घर्ती बोलेपछि अन्त्यमा सांसद प्रकाश ज्वालाको पालो आयो। हामीले चर्को, रूखो र पेलाहा भाषाको अपेक्षा गरेका थियौँ, तर उनले त्यसो गरेनन्। तैपनि उनले माओवादीहरू सैद्धान्तिक तथा राजनीतिक हिसाबले नाङ्गिँदै गएको, गाम र थवाङ जस्ता ठाउँहरूमा सरकार पुन:स्थापित भएको, त्यो क्रम र जनविरोध बढ्दै गएको बताए।

यो आम सभाको आयोजना वास्तवमा सुरक्षा समितिबाट भएको रहेछ। हामी दुई शिक्षक र एक सांसदलाई मात्र बोल्न लगाउने योजना रहेछ। तर जिल्लाभरिका विद्यार्थी, शिक्षक तथा त्यसै बेला

भएको जिल्ला परिषद्को बैठकमा आएका गाउँघरका नेताहरूको अगाडि बोल्न को चाहँदैनथ्यो र ! यसैले वक्ता धेरै भए र समय कम भयो । यस कारण सीडीओ निकै रिसाए र कार्यक्रम संयोजकलाई केरकार गरे । देखावटी आयोजक 'समुदाय विकास सेवा' (जिल्ला प्रहरी कार्यालयद्वारा नियन्त्रित तथा सञ्चालित स्थानीय गैरसरकारी संस्था) थियो । यसका अध्यक्ष हरिप्रसाद आचार्य र सचिव बीना मल्ल थिए ।

हाम्रो भाषणको क्यासेट माओवादीकहाँ पुगेको रहेछ ।

टुँडिखेलको आम सभा समाप्तिपछि म घर फर्कने विचारमा लागेँ । एसएलसी परीक्षा चैत २८ गते नै सकिएको थियो । परीक्षा सञ्चालनका कागजातहरू पैँतीस दिनभित्र बुझाउन सकिन्थ्यो । मलाई रेडक्रसको क्षेत्रीय गोष्ठीमा सहभागी हुन २०५८ साल वैशाख ३ गते नेपालगन्ज पुग्नैपर्ने

थियो । गोष्ठी ८ गतेसम्म थियो । अतः त्यताबाट फर्केर कागजात बुझाउने विचारले बाँकी काम सहायक केन्द्राध्यक्षको जिम्मा लगाई म दिउँसो घरतिर लागेँ ।

मैले देउपुजे ब्यारेकमा कर्णललाई भेटी वैशाख २ गते नेपालगन्ज गोष्ठीमा जाने र त्यताबाट सम्भव भए १० गते, माओवादीको बन्द भए त्यसपछि मात्र फर्कन सक्ने जानकारी गराएँ । उनले मेरो भाषणको निकै प्रशंसा गर्दै अरू वक्ताहरूले स्पष्टसँग बोल्न नसकेको वा दोहोरो भाषामा बोलेको गुनासो गरे । साथै उनले सातदोबाटेको बैठक समाप्त भएको र त्यहाँ गजुलका प्रमुख व्यक्तिहरू, शिक्षकहरूको उपस्थितिमा उनीहरूलाई संलग्न राखेर माओवादी प्रतिकार समिति गठन गरेको समेत जानकारी गराए ।

म सातदोबाटे आउँदा पाँच बजिसकेको थियो । ब्यारेकबाहिरै भेटिएका मेजरले भने, “लौ नारायण

सर, आज एउटा बैठक भयो। बैठक तीन बजे नै सकियो। तपाईंको स्कुलका सर पनि आएका थिए। भोलि दश बजेदेखि ऱ्याली, आम सभा गर्ने कुरा भएको छ। तपाईं पनि आउनुहोला नि !"

"भोलि हामी स्कुलमा गएर आउँदा ढिलो होला कि ?"

"होइन, मैले राजेश सरलाई स्कुल बन्द गरेर आउन भनेको छु। सबै जनालाई आआफ्नो गाउँठाउँमा प्रचार-प्रसार गरी धेरैभन्दा धेरै जनसहभागिता जुटाउन भनेको छु।"

"हवस्। यहीँ पाँच बजिसक्यो, म घर पुग्दा सात बज्छ।"

गाउँमा भित्रभित्रै प्रचार-प्रसार भइरहेको रहेछ।

अर्को दिन हाम्रा गाउँलेहरू बिहान अँध्यारोमै हिँडिसकेछन्। माओवादीले रोक्छन् भनेर एक्लैएक्लै निस्केछन्। म, कमला र शिक्षक गिरिराजले नौ बजे खुमेल पुगेपछि मात्रै उनीहरूलाई भेट्यौँ। गजुल, दलङ्गा, पानीपोखा र कुवापानीका बासिन्दाहरू

प्रायः सबै आएका रहेछन् ।

लाखुरीमा जम्मा भएका गजुल, मिफ्ङि, खुमेल र लिवाङका केही वडा तथा खुग्री गाविससमेतका नेता, विद्यार्थी, शिक्षक तथा सर्वसाधारण गरी झन्डै दुई हजार जनाले सेनाको आदेश अनुसारको नारा लगाए । उनीहरू जुलुशसहित सातदोबाटे पुगे र आम सभामा बसे । त्यहाँ बोल्ने सबैले माओवादीको घोर विरोध गरे । मैले "शिक्षकहरूले राजनीतिक भाषण गर्नु उचित हुँदैन; हामीलाई भाषण गर्न लगाउनुहुन्छ भने प्रशासन र सेनाको जबरजस्तीले बाध्य भयौँ भनेर हामी पन्छिन सक्छौँ" भनेपछि मेजरले हामीलाई भाषण गर्न लगाएनन् ।

प्रतिकार सभा करीब तीन घण्टा चल्यो । त्यो समाप्त भएपछि मेजरलाई भेटी आफ्नो उपस्थिति देखाउन आतुर जनसमुदायको मनस्थितिबाट म छक्क परेँ । यद्यपि शुरूमै सेनाले त्यहाँ उपस्थित प्रत्येकको नाम, ठेगानासहित पूर्ण विवरण टिपेकै थियो । फर्कंदा मानिसहरू हताश र त्रस्त थिए । एउटा

त्रासदीको समाप्ति भयो; तर अर्को त्रासदी गाउँघरमा मौजुदै थियो ।

एसएलसी परीक्षा चलिरहेकै अवस्थामा चैत २६ गते दिउँसो कुलानन्द गिरीले मलाई सीडीओले आजै भेट्न चाहेको कुरा ल्याएपछि म गएँ । उनले मभन्दा अघि नै भेटिसकेका रहेछन् । म गएपछि परीक्षा सञ्चालन सम्बन्धी सामान्य कुराहरू भए । त्यसपछि सीडीओले भने "नारायण सर, मलाई रोल्पा जिल्लामा माओवादीको इतिहास, वर्तमान स्थिति तथा यसलाई समाधान गर्नुपर्ने उपायहरूबारे एउटा लेख चाहिएको छ । २८ गतेसम्म दिनुस् न ।"

मैले भनेँ, "म माओवादी इतिहासको ज्ञाता होइन । मैले २०४७ सालदेखि २०४८ सालसम्म संयुक्त जनमोर्चाको समर्थक रहँदाको अवधिका चुनावी गतिविधिहरूबारे सम्झेजति जानकारी दिन सक्छु । माओवादी समस्या समाधानका उपायहरू त गत साल गिरिजा बाबु रोल्पा आउँदा पनि दिएकै थिएँ ।

अस्ति रामचन्द्र पौडेल, राधेश्याम अधिकारीहरू आउँदा पनि दिएकै थिएँ ।"

उनले "हुन्छ, त्यति भए पनि दिनुस्, तर २८ गतेभन्दा अघि नै" भने । त्यसपछि गाम र थवाङको कुरा गरे । शायद चैत २५ गते नै हो, उनी लगायत सुरक्षा निकायका जिल्लास्तरीय उच्च कर्मचारीहरू, नेताहरूले हेलिकप्टरको सयर गर्दै गाम र थवाङ पुगी आम सभा गरेका थिए । केही दिनअघि ती दुवै ठाउँमा सैनिक तथा प्रहरीको क्याम्प खडा गरिएको थियो । साथै गाविस सचिव, वन, कृषि, स्वास्थ्य कार्यालयका कर्मचारीहरूलाई पनि त्यहाँ हेलिकप्टरबाटै पुऱ्याई पुनःस्थापना गर्ने चेष्टा भएको थियो । ती कर्मचारीहरूले सुरक्षा फौजको छातामुनि बसेर काम गर्नु थियो ।

सो आम सभा सुरक्षा फौजले नै आयोजना गरेको थियो होला । सीडीओले गामको आम सभामा तीन हजारजति जनताको सहभागिता रहेको, जनताले माओवादी अत्याचारको बखान गरेको, तर अब

सुरक्षा फौज त्यहाँ बसेकोले जनता अति उत्साहित र सक्रिय रहेको सुनाए। थवाङमा भने त्यस्तो सहभागिता थिएन रे। बूढाबूढी र केटाकेटी गरी चार-पाँच सय थिए रे। उनले यसको त्यति चर्चा गर्न चाहेनन्। तर बडो प्रसन्नताका साथ उनले भने, "थवाङ र गाम जस्ता संवेदनशील क्षेत्रमा सेना बसिसकेपछि अब माओवादीहरू सकिए। उनीहरूको हौवा मात्र रहेछ। बिनाकुनै सानो अवरोध सैनिक र प्रहरी पैदलै त्यहाँ पुगेर क्याम्प खडा गरी बसेका छन्। खै माओवादीको तागत?"

यो सुन्दा मलाई आश्चर्य लागेको थियो। थवाङ त नेपाली माओवादीको लागि चिनियाँ माओवादीको लागि चिङकाङशान जस्तै ठाउँ हो। त्यस ठाउँमा सेनाले क्याम्प राख्न सक्यो र माओवादीहरू भागेकै हुन् भने उनीहरूको लागि योभन्दा ठूलो नैतिक सङ्कट के हुन सक्छ!

अन्त्यमा सीडीओले भने, "नारायण सर, रुक्कु तपाईंको के पर्छ?"

"भतिजा ।"

"ऊसँग तपाईंको कत्तिको भेट हुन्छ ?"

"हुँदैन सर । २०५३ सालमा जेल परेर निस्केपछि शायद २०५४-५५ साल असार-साउनतिर उनी हाम्रो घर आएका थिए । हिँड्न सक्दैनथे । राजनीतिबाट तटस्थ बस्ने कुरा गर्थे । एमालेले उनको रिहाईमा ठूलो पहल गरेको थियो । त्यसै कारण उनी एमालेमा प्रवेश गर्छन् कि भन्ने हल्ला थियो; तर उनी एमालेलाई मनै पराउँदैनथे । त्यसको केही दिनपछि नै भूमिगत भए रे । २०५८ सालको भदौमा वार्ताको चर्चा चलिरहेको बेला अन्तिम पटक हाम्रो भेट भएको थियो ।"

सीडीओले एक्कासि भने, "सक्नुहुन्छ भने रुक्कुलाई आत्मसमर्पण गराउनुस् । उनको जीवन सुरक्षाको ग्यारेन्टी हामी लिन्छौँ । आत्मसमर्पण गरेको कुरा हामी प्रचारमा ल्याउँदैनौँ ।"

उनको कुरा सुनेर म एक छिन मुस्कुराएँ । अनि भनेँ, "सीडीओ सा'ब, रुक्कु लरतरो मान्छे होइनन् ।

एक छिन कुरा गर्न पाउने हो भने उनले तपाईंलाई समेत भूमिगत हुने बनाइदिन सक्छन्। त्यस्तो मान्छेले आत्मसमर्पण गर्ला भनेर कहिल्यै नसोचे हुन्छ, न त मैले कहिल्यै यस्तो नीच काम गरुँला।"

सीडीओले मेरो स्वाभिमानमा धक्का दिएकोले म अलि जोशिएको थिएँ।

केही लज्जित भएर उनले प्रसङ्ग बदले। शिक्षालयहरू अनिश्चितकालीन बन्द र त्यसमा मेरो भूमिकाबारे कुरा गरे।

एक छिनपछि म बिदावारी भएँ।

भोलि पल्टै हामीलाई आगामी २८ गतेको आम सभामा अनिवार्य वक्ताको रूपमा प्रस्तुत हुन आदेश आयो।

राति एघार बजेको समाचार सुन्न पाइएन।

१२

२०५८ जेठ ८, बिहीबार

सबेरै ब्यूँझिएलगत्तै दुई छापामारले ओछ्यान साबिककै ठाउँमा माथिल्लो तलाको कुनामा लगिदिए। एउटाले पट्टी बाँधेर चर्पीतिर लग्यो। मुख धुवाई, जप प्रार्थना सकेर चिया खाएँ।

दुई-तीन जनाबाहेक अरू रहेनछन्।

डटपेन र कापी झिकेर कापीको भित्री कभरमा कोठा कोरेँ। वैशाख अन्तिम हप्ता र जेठभरिको क्यालेन्डर बनाएँ। त्यहाँभन्दा बढी बनाउन मन लागेन। कति पो राख्लान् र!

यो क्यालेन्डर भविष्यको लागि सङ्केत सूत्र पनि हुन सक्छ। आफू बन्दी भएका दिनहरूलाई सङ्केत गर्न ती-ती गतेहरूलाई गोल घेराले बन्द गर्नुपर्ला। जुन दिन मलाई एक ठाउँबाट अर्को ठाउँ सार्छन्, त्यस दिनलाई पूरै गोल घेराले बन्द नगरी सानो

मुख खुला छोड्नुपर्ला, हतारमा घेरा लगाउँदा छुटे जस्तो गरेर। यसो गर्दा म सम्भावित शङ्का र रेकर्ड टिपोटको आशङ्काबाट बच्न सक्छु।

खाना खान फेरि सबै पन्ध्र जनाजति छापामारहरू हातहतियारसहित जम्मा भए।

मैले हिजैदेखि प्रतीकलाई भोलि त नुहाउन-धुन पाउनुपर्छ भनिरहेको छु। यहाँ आएदेखि मलाई प्रतीक बढी जिम्मेदार मानिस रहेछन् भन्ने लाग्दै छ। छापामार टोलीलाई उनी नै खटनपटन गर्छन्, आदेश र अनुमति दिन्छन्। चिठी लेख्छन्; आएका चिठी खै कता पठाउँछन्। उनलाई फुर्सदै हुँदैन। फुर्सद हुनेबित्तिकै जाल बुन्न थालिहाल्छन् र चुरोट खान शुरू गरिहाल्छन्।

खाना आयो। आटो र सिस्नु!

बिहान चियासँगै एउटा छापामारले मकै-भटमासको खाजा खुवाएको थियो। त्यसैले हो कि किन हो, सिस्नुको तिउनसँग आटो पटक्क मीठो भएन। मसँगै खाइरहेको हिजो हामीसँगै आउने छापामारले

पनि नमीठो मानेझैँ लाग्यो। मैलेझैँ उसले पनि सुटुक्क मिल्काइदियो। दुवै हाँस्यौँ, सुटुक्क।

सबैले खाना खाई नसक्दै कताबाट के खबर आयो कुन्नि, प्रतीक हतारिन थाले। त्यहाँ भएमध्ये युवायुवती छापामार गरी दश जनाजति कतै पठाइए। बन्दुकसँगै कसैले डोका बोके, कसैले नाम्ला। दाउरा गर्न गएका हुन् कि ! सोध्न नहुने !

मध्याह्न बाह्र बजेतिर नुहाउन जाने भनेकोले मैले लुगा, साबुन आदि बोकेँ। आँखामा पट्टी लगाइदिए। प्रतीकसहित चार जना अघिपछि लागे।

निकै हिँडाएपछि पट्टी खोलिदिए। साँघुरो खोल्सो जस्तो रहेछ, जङ्गलको बीचमा। बाँसको धारो रहेछ। दुई जना बन्दुक लिएर पालो बसे। प्रतीक, मुक्ति र म पहिले नुहाउने भयौँ।

यत्रो दिनसम्म मैले लुगै फेरेको थिइनँ। लुङ्गी धोएँ, सुकाएँ। भेस्ट फिर्केँ। उपियाँले टोकेर लागेका रगतका दागले रातै भएको रहेछ। धोएँ, सुकाएँ। कमिज पनि फिर्केँ। कमिजको बाहुला कुइनापट्टि

पातलिएर फाट्न-फाट्न लागेको रहेछ। ठूलो सावधानीका साथ माडेँ। ट्राउजर पनि धोएँ। लुगा धुन पाएकोमा बडो राहत भयो।

धराप नामक छापामारसँग ऐना र रेजर मागेँ। ऐनामा आफ्नो अनुहार देख्दा आफैँलाई साह्रै टीठ लाग्यो। ऱ्यासऱ्यास्ती दाह्री, जुँगा, कपाल। कालो घेरोभित्र पस्दै गरेका आँखा। मन भक्कानिएर आयो। मनलाई अरूअरू ठाउँमा डुलाउँदै लुगा धुने साबुनलाई सेभिङ क्रिम बनाएँ। दाह्री काटेँ। अनुहार बल्ल अलि राम्रो देखियो।

नुहाउन लुगा फिक्दा मेरो जनै देखेर प्रतीकले हाँसो गरे। मैले भनेँ, "यो जनैले के गरेको छ र ? यसैले म फाल्दिनँ।" जनै मुक्तिले पनि लगाएका रहेछन्।

"म पनि बाहुन हुम् नि, खत्री, ई मेरो पनि

च।" मुक्तिले जनै तान्दै भने, "यल्ले खान माग्दैन; जातको चिनो हो।"

उनको कुराले मलाई बडो आनन्द दियो ।

लुगा धुने साबुनले नुहाउने काम पनि दियो । शरीरमा निकै दलेर मिचेँ । मयल खूब परेको रहेछ । बीचबीचमा सुकाएको भेस्ट र लुङ्गी फर्काउन गइरहेँ । फेर्ने लुगा थिएन, यसैले त्यो सुक्दासम्म पर्खनैपर्थ्यो । नुवाइधुवाइ सकेर लुङ्गी फेरेँ । भेस्ट लगाएँ ।

मलाई आँखा छोपिदिएरै बन्दीगृहमा ल्याए । लुगाहरू बाहिर घाममा सुकाइदिए; मलाई सीधै उही माथिल्लो तलामा उकालिहाले । पहिलेको कुनामा असाध्यै धूवाँ हुने भएकोले मैले ठाउँ सार्न भनिरहेको थिएँ । यसैले अर्को कुनामा बसाले ।

प्रतीक ठाउँठाउँबाट आएका चिठीहरू बाँडफाँड गर्न थाले । मैले जिज्ञासा राख्दा "यो पाटीको च्यानल हो; तपैँले बनि पठाउने भए पठा'नुस्" भने ।

"एक ठाउँमा बस्ने भए पो पठाउने ? अस्ति १ गतेको जवाफ त आएको छैन !"

उनले भने, “विभिन्न च्यानलबाट आ’ने भा’कोले ढिलो भा’को ह’ला। लेख्नुस् न फेरि।”

उनले कागज दिए। मैले “के लेख्न पाइन्छ, के पाइन्न ?” भनेर सोधेपछि उनले जवाफ दिए, “तपैँको घर-व्यवहार, लिनादिनाको बारेमा लेख्न पा’नुहुन्च। क्यै मगा’ने भए पनि लेख्न पा’नुहुन्च। तर हाम्रो पाटी, पाटीका साथीहरूको बारेमा लेख्न पा’नुहुन्न। हामी लेखेको चेक गर्चौं र पठाउन मिल्ने भए पठाउँचौं।”

मैले कमलालाई सम्बोधन गरेर आफ्नो स्वास्थ्य स्थिति सामान्य छ, कसैले चिन्ता नगर्नू, माओवादीको आफ्नै शासन-सत्ता, अदालत र प्रशासन चलेको रहेछ आदि बेहोरा लेखेँ।

अस्तिदेखि एक-दुई खिल्ली चुरोट खान थालेको छु। चुरोटले मानसिक स्थिरता दिएको अनुभूति त मलाई पटक्क भएको छैन। एक खिल्लीले पाँच मिनेट समय खपत गराउँछ, बस त्यत्ति हो।

साँझ पर्दै गर्दा घर र परिवारजनको गहिरो

सम्झना आउन थाल्यो। आफ्नो बन्दी अवस्थाबारे चिन्तना हुन थाल्यो।

पावरवाला सानो चस्मा लगाएको, केही पढेलेखेकै जस्तो युवकले साँझ खाना खाँदै गर्दा मसँग वर्तमान राजनीतिबारे गफ गऱ्यो। आजै बिहान सात बजेको समाचारमा मध्यावधि निर्वाचनको घोषणा र संसद् विघटनको समाचार सुनेको थिएँ। त्यो उकुसमुकुस मैले कसैलाई सुनाउन पाएको थिइनँ। अहिले यही कुरा उठेपछि मैले प्रधानमन्त्री शेरबहादुर देउवाले गलत काम गरेको, पार्टी फुटाएको र पार्टीले आफूमाथि कारबाही चलाएको कारण देउवाले संसद् विघटन गरेको हुन सक्ने तर्क राखेँ। उसले बहुदलीय व्यवस्थाको पतन भएको र अब माओवादीले किटान गरे जस्तै देश क्रान्तिको सङ्घारमा बढ्दै जाने सम्भावना बढेको ठोकुवा गऱ्यो। उसले माओवादी पार्टीबारे मेरो धारणा माग्यो। मैले अनुशासनको पालनाबारे आफ्नो अनुभव सुनाएँ।

खाना सकेपछि हिँड्ने बेला त्यो युवकले मसँग

हात मिलाउँदै भन्यो, "दुई-चार दिनपछि भेट होला।" को रहेछ यो, मैले थाहा पाउनै सकिनँ। यद्यपि ऊ हिजो पनि एक-दुई पटक देखिएको थियो। उसको पछाडि-पछाडि एउटा मान्छे पेस्तोल जस्तो फलामे सामान बोकेर हिँडेको हुन्छ। *(पछि थाहा भए अनुसार, रिजाल रहेछन् यी।)*

राति साढे नौ बजेतिर प्रतीकले भने, "लौ सर, आज हाम्लाई पाटीले अर्को ठाउँमा जान आदेश दे'को च। तयार हुनपरो।"

मैले आफ्ना चिसा लुगाहरू पट्याएँ। प्रतीकले चिनी, चियापत्ती, लुगा लुङ्गीमा पोको पारे। उनले त्यो कुनै एक जनालाई बोकाइदिए। त्यसपछि पुरानो-पुरानो एउटा काम्लो र खासा उत्पादनको एउटा सस्तो कम्बल मलाई दिँदै भने, "यो बोक्नुस्। जैलेसम्म तपैँ बन्दी हुनुहुन्च, त्यस छिनसम्म यो तपैँको ओढ्ने-ओछ्याउने हो।"

कम्बल मैले काँधमा हालेँ; काम्लो उनले अर्को एक जनालाई बोक्न लगाए।

आँखामा पट्टी बाँधिएपछि म, उनी र अर्को एक जना तल ओर्लियौं । बाटो अप्ठ्यारो भएकोले लट्ठीले छाम्दै हिँड्नुपर्‍यो ।

करीब आधा घण्टा झरेपछि रोकिएर पट्टी खोलिदिए । हामी कसैको घरको आँगनमा रहेछौं । त्यसभन्दा माथि अर्को घर रहेछ । हामी उभिएभन्दा तल अर्को घर देखिएन ।

ढुङ्गा छाइएको यो दुईतले घरको तलपट्टि एउटा पाखो गाँसिएको छ । त्यसको बीचमा गारो उठाएर यता र उता दुइटा होचाहोचा कोठा बनाइएका रहेछन् । कामरेड प्रतीकले दुवै कोठाको निरीक्षण गरे । मूल घरको दलान भएर भित्र पस्ने ढोका छुट्टै, पाखो गाँसिएको भागमा पस्ने ढोका छुट्टै । उनले पाखो गाँसिएको भागको अघिल्लो कोठा बढार्न लगाए । त्यहाँ जौका चार-पाँच वटा थुन, दुई-तीन वटा बोरा रहेछन् । त्यो सब कुनातिर थन्क्याइयो ।

थुनको मुख ढाकेको गलेको फाटेको कम्बल फिकेर प्रतीकले ओछ्याइदिए। त्यसमाथि मलाई उपलब्ध गराइएको काम्लो ओछ्याइदिंदै उनले भने, "लौ सर, अब सुत्नुस्। बाहिर जानुपरो भने हाम्लाई बोला'नुह'ला।"

उनले सिसाको सानो टुकी त्यहीँ राखिदिए। बाहिरबाट ढोका तानिदिए र साङ्लो लगाए। अब म साँच्चै बन्दी भएँ, करीब पाँच हात लम्बाइ र तीन हातजति चौडाइको कोठामा। यसको तल्लो भित्तामा करीब एक हात लम्बाइ र एक हात उचाइ भएको सानो झ्याल रहेछ मजबूत काठको तर एउटा मात्रै डन्डी भएको। झ्याल खोलेँ; चिसो हावा आयो।

जुत्ता खोलेर हेरेँ– दुई-चार वटा जुका पसिसकेका रहेछन्। फिक्दै सलाई कोर्दै पोल्दै गरेँ।

काम्लो साह्रै खस्रो लाग्यो। आफूलाई ओढ्न दिइएको कम्बल पट्याएर त्यसैमाथि ओछ्याएँ।

लुङ्गी र बर्को खपाएर ओढ्ने बनाएँ। अब लुगा बचाउनु छ, त्यसैले ट्राउजर र कमिज पट्याएर सिरानमुनि राखेँ। आफ्नो सम्पति चिनी र चियापत्तीको पोको, साबुन, टुथपेस्ट आदि कुनामा राखेँ अनि पल्टिएँ बन्दी कोठामा एक्लै। बाहिर दलानबाट गुनगुन आवाज आइरहेको छ।

घरभित्र खास कचकच सुनिएको छैन। घर-जहान सुतिसकेका होलान्।

निकै बेरपछि म सुतेको कोठाको पल्लो कोठामा प्रतीक सुत्न आए, रेडियो बजाउँदै। माओवादीको कैदी भएको यत्रो दिनमा आजै नुहाउन, धुन पाएँ; आज एक्लै सुत्नुपर्‍यो। यसअघि म सुतेको कोठामा माओवादीहरू हुन्थे नै।

टुकी निभाएँ। अँध्यारोमा एक्लै सुत्दा कस्तो चिम्स्याट-चिम्स्याट लाग्यो ! अँध्यारो पार्दा मरेका मानिसका दृश्य आँखामा तैरिए। अस्ति माघमा झुन्डिएर मरेको खत्रीको लाश घुम्न थाल्यो।

१३

२०५८ जेठ १०, शुक्रबार

बिहान उठेर ढोका ढकढकाएँ। मुक्ति पालोमा बसेका रहेछन्।

आँगनमा तीन-चार जना छापामार सुतेका रहेछन्। असी-पचासी वर्षका एक बूढो साह्रै जीर्णशीर्ण सिरक ओढेर दलानमा पल्टिएका थिए।

एक त मलाई बिहान उठ्नेबित्तिकै ट्वाइलेट जानुपर्ने, हिजो ऋन् सिस्नुको तिउन खाएको ! यो कुरा भनेपछि मुक्तिले मलाई एक छिन रोके। पल्लोपट्टि कोठामा प्रतीकसँग सल्लाह गरी आएर उनले मेरा आँखामा पट्टी बाँधिदिए। उनी अघि लागे। चर्पी आँगनअगाडि रहेछ, नजिकै। ढुङ्गाको कच्ची चर्पी।

ट्वाइलेटमा बसेर मैले टाउको बाङ्गोटिङ्गो बनाउँदै

चारैतिर हेर्ने प्रयत्न गरेँ। ठाउँ साह्रै विकट रहेछ। ढुङ्गैढुङ्गा, पहरैपहराको बीचमा मकैका सुर्के बारीहरू अनि जङ्गल। तल गहिरोमा एउटा घर देखियो, त्यसभन्दा पर एउटा पँधेरो। बस त्यत्ति।

घाँसपातबाट ट्वाइलेट पेपरको काम लिएँ। फर्केर आएपछि एक लोटा पानी पाएँ। हात, मुख, दाँत सफा गरेँ। अनि कोठाभित्र बन्द!

बन्द कोठाभित्र पद्मासन, प्राणायम, प्रार्थना र जप गर्दै थिएँ, मुक्ति आए र चिनी-चियापत्ती लिएर गए। मैले ध्यानकेन्द्रित गरिरहेको बेला फेरि आए र चिया खान बोलाए।

म मूल घरभित्र पसेँ। अँध्यारोमा देखेँ– अगेनाको पारि तिनै बूढा बसेका रहेछन्। उनको मुन्तिर पचास-पचपन्नका अर्का मान्छे छन्; बाह्र-पन्ध्र वर्षको होचोहोचो केटो चिया माग्न बटुका थाप्दै छ। अगेनाको यतातिर बसेका प्रतीक र दुई-तीन जना छापामारलाई मुक्तिले चिया बाँड्दै छन्। मलाई

स्टिलको गिलासमा चिया दिइयो ।

अलि बेरपछि देखेँ– बूढाले लँगौटी र गाधो मात्रै लगाएका छन् । अर्का चाहिँले कमिज र टोपी लगाएका छन्, तल उही लँगौटी मात्र ।

"पुलिस हौ ? ए नाति ?" ती बूढाले सोधे ।

"हुइनम् बाजे, हामी ता पुलिस हुइनम् ।"

"ए नाति, पुलिस काँ गो ?"

"पुलिस त भाइ'यो (भागिगयो) ।" चिया बाँड्दै मुक्तिले भने ।

"काँ भागो नाति ? उँधै गैयो ?" बूढाले सोधे ।

"अँ बाजे, उँधै, टारै (टाढै) गैयो ।"

"उस्क्यामा ... !" हामी पुलिस होइनौँ भन्ने विश्वास भएर होला, बूढाले जोशपूर्वक आमाचकारी गाली गर्दै भने, "मेरो चार हज्जार लग्द्यो ... उस्क्यामा ... ।"

"कैले बाजे, कैले ?"

"अस्ति चैत मैना आ'थो नाति । त्यै बेला घर

खोलेर चार हज्जार रुप्पे लग्द्यो पुलिसले ।"

"काँ राख्या थौ बाजे ? खोपीमा लुका छैनथौ (थिएनौ) ?"

"काँ खोपी छ र नाति ! तालमा बाक्सामा थो । उस्क्यामा ... पुलिसले ।"

"किन दिन्थौ (दियौ) तो बाजे ?"

"काँबट दिनु ! ह्याँ सबैसबै हेरो । उपलताल हिनहिन भनो, बाक्सा खोल्न पठाओ, हट ता लगिलो नाति चार हजार रुप्पे नाति ... उस्क्यामा ... चार हजार रुप्पे नाति !"

कस्ता पापी पुलिस रहेछन् !

कामरेडहरूले हिजोसम्म त आफ्नै पार्टीको खान्थे; आज सबैको लागि मेरै चिनी र चियापत्ती खर्च गरेछन् !

चियापछि मलाई फेरि कोठामा फर्काए; ढोका थोरै खुला छोडिदिए । ऱ्यालबाट सूर्य नारायणको प्रवेश भयो । म प्रार्थना गर्न थालें ।

"एक किलो चामल च, यौटा कुखुरो किनुम् है सर ? पैसा बराबर बोकुम्ला।" प्रतीकले मलाई भने, "सय रुप्पे किलो च, जोखेर किन्ने त हो !"

आटो र सिस्नु खाँदाखाँदा दिक्क भइसकेकोले मैले "हुन्छ" भनिदिएँ।

उनीहरूले कताबाट कुखुराको व्वस्था गरेछन्। काटे, पकाए। उनीहरूले पल्लो कोठामै भात पनि पकाए। साढे बाह्र बजेतिर मलाई त्यहीँ फिकाए। घरका बूढा र जवान चाहिँलाई भनेर भात र मासु उतै पठाइदिए।

चार जनाले पेटभरि मासुभात खायौँ।

मेरो भागमा एकतीस रुपैयाँ परेछ। हिजोको साबुन आदि किन्दा एक सय चार रुपैयाँ लागेको रहेछ। सय रुपैयाँ दिएको थिएँ। नपुग चार रुपैयाँ र आजको समेत गरी चालीस रुपैयाँ दिएँ। पाँच रुपैयाँ फिर्ता गर्न नभएकोले उतै बाँकी रह्यो।

दिउँसो बन्द कोठामा सुत्नु र नानाभाँति चिन्तामा

रुमलिनुसिवाय के काम !

अपराह्न तीन बजेतिर चिया खाँदा प्रतीक र मुक्ति अनि त्यो घरका बूढा र म मात्र थियौँ। मुक्तिले खाजा तयार पारेछन्। अलिकति मकै-भटमास र चिया खाएँ। तर पनि पेट दुख्छ कि भन्ने डर लाग्यो। एक छिन घाम ताप्ने अनुमति पाएकोले आँगनमा निस्किएँ।

प्रतीक एक छिन खाली बस्दैनन्। आज पनि चिया-खाजापछि उनी फेरि कुशल हातले जाल बुन्न थाले। नाइलनको धागोको जाल आधा बुनिसकिएको छ।

"अब दुई-तीन दिनमै सक्नुहुन्छ कि ?" मैले सोधेँ।

"काँ सक्नु ? यसको मुख सानो हुन्च, बत्तीस गाँठाको, तर घर बराउँदै लानुपर्च। सकिने बेला एक सय नौ घर हुन्च। जति बढ्दै गो उति ठूलो हुँदै जान्च। त्यसपछि तल फलामका गेडी राख्नुपर्च।"

"पाँच-छ दिन लाग्ला।"

"अँ, फुर्सदसित लागिर'ने हो भने। भए 'नि देख्नुभा'कै च। कस बेला फुर्सद हुन्च र? यै एक छिन एक छिन बिसिएको बेला हो।"

उनले मलाई एउटा चुरोट दिए। आफूले एउटा सल्काए। यी कामरेडको सङ्गतले मलाई पनि चुरोटको बानी लाग्न थालिसकेको छ।

"खानुस् न के हुन्च र! मरेर लैजानु के च र! हामी त ऋन् जनयुद्धमा होमिएका मान्चे, आज हो कि भोलि, क्यै ठेगान चैन।"

"साँच्चै भाग्यको कुरा हो, होइन र कामरेड?"

"भाग्यै त भनुम्, एक-दुई ठाउँमा परियो, बाँचियो। मसित तालीम गरेर प्लाटुन कम्पनीसम्म गा'का कति साथीहरूले त शहादत प्राप्त गरिसक्नुभो। म भने माथि जानै सकिनँ।"

"किन र?"

"मेरो कोखामा बेथा च नि! अस्ति देख्नुभो ता

केर ! यो कुन बेला जाग्च कुन बेला, ठेगानै हुन्न । लडाइँको बेला जागो भने? यसै कारणले कामरेडहरूले चाहेर पनि, मैले चाहेर पनि माथि जान सकिएको चैन । खतरा हुन्च नि यस्तोले, पाटीलाई पनि, आफैँलाई पनि ।"

"अँ त, तपाईं २०५२ सालदेखि भूमिगत भएको मान्छे नत्र ... ।"

"हो, मैले तालीम गरा'र पठा'का केटाहरू कम्पनीसम्म पुगिसके । अब त ब्रिगेड बन्दै च हाम्रो पाटीको ।"

"ए हो र ! कति हुन्छन् यसमा मान्छेहरू ?"

"खै, सङ्ख्या त मलाई था चैन । एक ब्रिगेडमा हुँदा हुन् दश-बाह्र हजारजति ।"

"त्यत्ति धेरै !"

"चन् नि त । अरु तल कति हो कति ! सरकारको पनि ब्रिगेडसम्म मात्रै च रे, हाम्रो पाटीले पनि बराबरै पुरा'ने भो अब ।"

मैले आधा चुरोट दलानमा बसिरहेका बूढालाई दिएँ। हाम्रो चुरोटतिर बडो आशापूर्वक नजर लगाइरहेका बिचरा बूढा आँखा चहकिलो पार्दै मुस्काए।

"भाग्यमानी भए, बाँचिरहे !" बूढाले आशीर्वाद दिए, "तिम्ले 'नि सिगरेट खान्चौ र ?"

"अलिअलि बाजे।"

"अचेल ता माउवादीहरूले खान्नन् ए।"

उनले मलाई माओवादी नै सोचेका रहेछन्।

"हाम्रो पालोमा ता खर्से खान्थिम्। सिगरेट ह्याँ काँ पाउनु !"

दलानको तल्लो कुनामा ओछ्याइएको पुरानो भाङ्ग्रोमा बसिरहेका चौरासी-पचासी वर्षका यी बूढाको शरीरमा लँगौटी र बोदलो छन्। बोदलोभित्र घाँटीसम्मको पुरानै कालो भेस्ट लगाएका छन्। जुँगा-दाह्री पातला, फाट्टफुट्ट छन्, सेतै; फाटेको टोपीबाट देखिने कपाल भने अझै धेरैजसो कालै

रहेछ ।

"मुक्ति, कतै केरा किन्न पाइन्च कि, खोज्न जौ न ।" प्रतीकले भने ।

"काँ पाइएला र ?" मुक्तिले भने र बूढातिर फर्किए, "हँ, बाजे ? केरा पाइन्च ?"

"हँ ? के भनिस् नाति ?"

"केरा पाइन्च रे ? कल्ला ग्या (क्या) कल्ला ?"

"काँ पाइएला ? ह्याँ गाउँमा के पाउने ?"

मुक्ति ठट्टा गर्न सिपालु छन् । ऋट्टै घुलमिल हुन्छन् । शुरूमा त मलाई मन परेका थिएनन् । अब रमाइलो लाग्न थालेका छन् । उनी पनि चुरोट खान्छन् । हिजो खाने बेला पनि खूब हाँसो गर्दै थिए, बूढासँग ।

यही घरको ठिटो कताबाट हतारिँदै आइपुग्यो । उसले एउटा कागज प्रतीकलाई दियो । त्यो उनले हतारिँदै पढे; काम बन्द गरे; खुकुरी भिरे अनि "मुक्ति, म सेल्टरसम्म पुगेर आउँचु; खाना

खान आउँचु; पकाइराख्नू" भन्दै हिँडे ।

साँझ खाना घर-परिवारमै खुवाए । शायद मुक्तिले नै पकाएका थिए । थालमा कोदोको ढिँडो र तोरीको साग, छेउमा पानीको लोटा । बडो गजबको चलन ! आटो र साग खायो; थाल पानीले पखाल्यो; पुग्यो । यहाँ पकाउने भाँडो, कराही माझेको देखेको छैन । साँझबिहान त्यसैमा पकायो; राख्यो । कहिले-कसो पानी हालेर भिजायो, पखालपुखुल पारे भयो ।

साँझको खाना खाने टोली ठूलै थियो । पाँच-सात जना युवती, तीन-चार जना युवा, घरका दुई जना र म । प्रतीक आइनपुगेकाले उनको भाग भाँडोमै रह्यो ।

खाएपछि फेरि कोठाभित्र बन्द ।

१४

२०५८ जेठ ११, शनिबार

अबेला उठेँ। राति अबेलासम्म नीद लागेको थिएन। यही सानो ऋयालबाट बाहिर चियाउँदै निद्रा कुर्दाकुर्दै कति बेला निदाएछु !

नित्यक्रिया सकेपछि फेरि ओछ्यानमा पल्टेँ।

आफू माओवादी कब्जामा भएको थाहा पाएदेखि नै डायरी लेख्न पाए हुन्थ्यो भन्ने लागिरहेको छ। आफूसँग कापी-कलम नभएको, लेख्न पाइने हो कि होइन भन्ने थाहा नभएको, सोध्दा ऋन् बढी शङ्का होला भन्ने डर र गोप्य रूपले लेख्दा भेट्टाए भने बाँकी नराख्लान् भन्ने त्रासले साहस बटुल्न सकेको छैन। तर भविष्यमा कुनै दिन जीवितै बाहिर निक्लिन पाइएछ भने यस बेलाका अनुभव लेख्नुपर्ला भनेर शुरूकै दिनदेखिका घटना, वार्ता आदि दिनमा

तीन चोटि सम्झने गरिरहेको छु । आजसम्मका गते र बार फेरि सम्झिएँ । तेह्र दिनका घटनाहरू, बयानका प्रश्नोत्तरी फेरि क्रमैसँग स्मृतिपटलमा अङ्कित भए ।

दिउँसो एक छिन घाम तापिरहेको बेला हेलिकप्टरको आवाज सुनियो । मुक्तिले मलाई हत्तपत्त भित्र पठाए । उत्सुकतावश मैले ढोकाको चेपबाट चियाएँ । त्यो हेलिकप्टर उवा, गाम हुँदै त्यही पहिले भिडन्त भएको ठाउँसम्म पुग्यो र फर्किएर कता लाग्यो । "किन मलाई कोठाभित्र पठाएको ?" भन्दा मुक्तिले अर्थ्याए, "तपैँलाई था चैन, सेनाले दुर्बिनबाट हेरिरा हुन्च । हाम्लाई देखो भने बम, गोला वर्षाउँच । तपैँलाई चिन्न सक्च । सुरक्षा गर्नुपरो नि !"

साँझ खाना खाने बेला मैले यो प्रसङ्ग प्रतीकसँग उठाएँ । उनले भने, "ऐले तपैँको सुरक्षा गर्नु हाम्रो जिम्मेदारी हो । तपैँ सरकार पक्षको मान्छे, उसले तपैँलाई खोजिरा हुन सक्च । त्यसैले शङ्काको भरमा

हेलिकप्टर पठा'को हुन सक्च ।"

मलाई हाँसो लाग्यो । नेपालको अहिलेको अवस्थामा, राजा ज्ञानेन्द्र जस्ताको शासनको बेला म जस्तो मानिसलाई खोज्न पठाउनु ! क्या हौवा रहेछु म माओवादीलाई ! मैले उनको कुरा पत्याइनँ । हजारौँ नेपाली मर्दा-मार्दा गम्भीर नहुने राजाको सरकारले गर्छ मेरो खोजी !

१५

२०५८ जेठ १२, आइतबार

यिनीहरूलाई पार्टीले पहिलेको ठाउँमा जस्तो यहाँ चियाको सुविधा दिएको रहेनछ। मेरै चिया, चिनी प्रयोग गर्न थालेका छन्।

खानमा आटो र तिउन दिने गरेका छन्। त्यति रुच्दैन। विरक्त लाग्न थालेको छ। अस्ति त कुखुराको मासु र भात खान पाइएको थियो। त्यो दिन मलाई साइत राम्रो परेझैं लागेको थियो। तर एक छाकलाई रहेछ साइत ! त्यसपछि कोदो र मकैको आटो अनि माऱ्या सागको तिउन टुटेको छैन। धन्न, चियाले बचाएको छ !

१६

२०५८ जेठ १३, सोमबार

दिउँसो प्रतीकले ढोका खोलेर बाहिर बोलाए। लुङ्गी स्याहार्दै म निस्कँ। उनी एउटा झोला उचालिरहेका रहेछन्। मैले चिनिहालेँ– २०५६ सालमा जिल्ला शिक्षक प्रशिक्षकको लागि सानोठिमीमा पाठचक्रम विकास केन्द्रले तालीम गराउँदा दिएको श्री ५ को सरकार, शिक्षा मन्त्रालय आदि लोगो अङ्कित कालो ब्याग।

आफ्नो सामान आइपुगेको मैले थाहा पाइहालेँ।

"लौ सर, तपैँले मगा'नुभा'को सामान आइपुगो। तपैँले मगाएजति सबै आयो आएन, हेर्नुस्।"

चिठी झोलाबाहिरै स्टिच गरिएको रहेछ। कमलाले लेखेको चिठी! तत्कालै खोलेर हेर्न सकिनँ। मन असाध्यै ... असाध्यै भारी भएर आयो। प्रतीक तथा

अरू तीन-चार जना छापामार युवायुवती यहीँ छन् । त्यो अभिव्यक्ति देखाउन पनि नहुने, थाम्न पनि नसकिने !

चिठी फिकेर झोला खोलेँ । एउटा ऊनी बर्को, ट्र्याकसुट, गोल्डस्टार जुत्ता एक जोर, सानो रेडियो र एक जोर एक्स्ट्रा ब्याट्री, चस्मा खोलसहित, दाह्री फाल्ने सेट, एउटा मोटो कापी र एउटा डटपेन । पैसा चाहिँ रहेनछ ।

मैले भनेँ, "सबै छ प्रतीक कामरेड । तर पैसा आएनछ त ?"

"पैसा भोलिपर्सि आइपुग्च । पैसा जस्तो कुरो जसको मन लागो त्यसैको हातमा दे'र पठा'न नहुने । क्वै जिम्मेदार कामरेडसँग ह'ला । आउला । अरू सबै ठीक च ?"

दाह्री फाल्ने सामान भएको सानो ब्याग खोलेँ । ऐना, सेभिङ क्रिम, जिलेट ब्लेड र मेसिन, नेल कटर, पेस्ट, ब्रुस सबै रहेछ । सानो कैँची, सियो-

धागो पनि रहेछ। तर काइँयो चाहिँ रहेनछ। यो सब पठाउँदा कमलाको मन कस्तो भयो होला !

"जुत्ता ता दुई जोर भै गए सर। के गरी बोक्नुहुन्च ?" तुफान नामका छापामारले मेरा जुत्ता हेर्दै भने।

"सामान मगाउने बेला जुत्ता लेखिएछ, पछि काट्न बिर्सिएछु। अब बोकी-बोकी हिँड्नुपर्ला।"

"मलाई ठिक्क भए म लैजाम्ला नि सर !" आफ्ना गोडा घिच्याउँदै उनले भने। उनले लगाइहेरे, ठीक भयो। अनि उभिए, जाँच्नलाई हिँडेर हेरे। अनि खुशी हुँदै भने, "ठिक्क रैच, पैसा पो कति हो ?"

"सुल्चौरमा ढाई सय पर्च यो गोल्डस्टारलाई।" प्रतीकले भने, "लैजाने हो भने सुल्चौरकै मोल त हो नि, नाफा खाने कुरा भएन।"

उनले खोलेपछि प्रतीकले जुत्ता जाँच्दै भने, "ओर्जिनल रैच। नक्कली होइन्च (होइन रहेछ)।"

मेरो ध्यान भने चिठीमा छ; खोलेर पढ्न सकिरहेको छैन। मन व्यथित भइरहेको छ।

"तुफान, लैजाने हो ? दिनुस् सर। योसँग ऐले पैसा चैन। म जिम्मेदार हुन्चु तपैँको हिसाबमा मिलाम्ला।"

"हुन्छ। तपाईं जिम्मा भए भैहाल्यो नि।" मैले भनेँ।

तुफान खुशी भए। उनले जुत्ता प्लास्टिकभित्र राखे।

म सामान मिलाउन थालेँ। प्रतीकले मेरो रेडियो टिपे र बजाउन थाले। यही मौकामा म भित्र पसेँ। अनि सानो चिठी हेर्न थालेँ :

जेठ ८ गते

श्री प्रियतम,

तपाईंको २ गतेको पत्र बल्ल भरखरै अहिले पाएँ। पत्रवालाले तुरुन्त पाँच मिनेटभित्र सामान

तयार पारिदिनुस् भनेकोले हतारमा लेख्दै छु।

तपाईंको पत्रले ठूलो राहत दियो। आमा, म, छोरीहरू सबै ठूलो चिन्तामा थियौँ। आईसीआरसीबाट मानिस आएका थिए। आफ्नो स्वास्थ्यको ख्याल राख्नुहोला।

यहाँ जेजस्तो भए पनि हामी छौँ। चिन्ता नलिनुहोला। सामान र रु. ५००/- पठाएकी छु। अरू पछि।

कमला

के लेख्ने ? लेख्दा राम्रो हुने हो कि होइन ? उनलाई पनि यही चिन्ता लाग्यो होला। कम से कम यत्ति लेखे पनि सङ्केतसम्म होला भन्ने सोचिन् शायद।

पचासौँ आँखाबाट सेन्सर भएको यो चिठी नामको चिर्कटोको गहिरो माया लाग्यो।

१७

२०५८ जेठ १४, मङ्गलबार

रेडियो पाएकोले धेरै राहत भएको छ। तर यहाँ राम्ररी टिप्तो रहेनछ। धेरैजसो स्वाँस्वाँ गर्छ।

कमलाले पठाइदिएको कापी मोटो छ, इगल ब्रान्ड कापी। साथमा डटपेन पनि भएकोले अहिलेसम्मका भोगाइ लेखिहालुँ कि भनेर घरीघरी हात तुलबुल गर्छ। तर फेरि सतर्क भइहाल्छु।

साँझ खाना खाइसकेपछि मलाई साबिककै कोठामा हुलिदिए। नौ बजेतिर बाहिर हल्लाखल्ला सुनियो। अस्ति कतै गएको छापामार टोली आइपुगेको होला। सके खाना पकाउन लागे हुन्। कुहिएको मासुको गन्ध मेरो कोठामा पनि भरियो। म नाक थुनेर रेडियोको स्वाँस्वाँ र बाहिरको हल्लाखल्लामा रुमलिरहें।

निकै पछि भारत भन्ने छापामारले ढोका खोलेर भने, “सर, भैंसीको मासु पकाचम्, खानुहुन्च ?”

“गाईभैंसीको मासु मैले कहिल्यै खान्नँ, कामरेड ।”

उनी ढोका बन्द गरेर फर्किए ।

१८

२०५८ जेठ १५, बुधबार

एक-दुई दिनयता मुक्ति केही सतर्क भएछन्। चिया पकाउनुपर्दा मेरो पोकै बोक्ने उनले चिनी र चियापत्ती आवश्यकता अनुसार मात्र झिकेर लान थालेका छन्। बिहान छापामारहरू पनि भएको बेला अलि बढी लान्छन्। नत्र बिहान चियाका नियमित 'ग्राहक' मा दुई जना छापामार, घरबूढा र उनको कान्छो नाति जीव अनि म हुन्छौं। प्रतीक कहिले हुन्छन्, कहिले कता गइसकेका हुन्छन्। उनी हुँदा मलाई खुशी लाग्छ। आँगनमा बसेर घाम ताप्न दिन्छन्। नत्र भित्रै बन्दी कोठामा डल्लिइरहनुपर्छ।

१९

२०५८ जेठ १६, बिहीबार

साँझ रिजाल आए। उनले कम्मरपेटीको ब्यागबाट पाँच सयको नोट निकालेर "तपाईंको घरबाट आएको" भन्दै दिए। मैले तत्कालै हिमालको दुई सय रुपैयाँ उनैमार्फत तिरिपठाएँ। बाँकी पैसाबाट प्रतीकसँग चियापत्ती, चिनी, चुरोट आदिको हिसाब मिलान गरेँ।

हिजोआज छापामार टोलीमा सात युवक र छ युवती, प्रतीकसमेत चौध जना छन्। तीमध्ये धेरैजसो बिहान म नउठ्दै वा कहिले उठिसकेपछि कता लाग्छन् कुन्नि, एकै चोटि साँझ परेपछि आउँछन्। दुई जना कुरुवा बस्छन्। ती पनि फेरिइरहन्छन्। पालो बस्ने प्रायः गरेर एउटा युवक र एउटी युवती हुन्छन्। मुक्ति र प्रतीक प्रायः यहीँ हुन्छन्। बराबर पार्टीको काम, सम्पर्क, अह्रोटपरोट

गरिरहन्छन् । शायद पन्ध्र-बीस मिनेट टाढा कतै सेल्टर होला, बराबर जाने-आउने गरिरहन्छन् । खाना खाने, घाम ताप्ने र दिसा-पिसाब गर्ने गरेर दिनको सरदर दुई घण्टा मैले बाहिर बिताउन पाइरहेको छु ।

खाना सधैँजसो आटो खुवाइरहेका छन्– कहिले जौ र कोदो मिसाएको, कहिले मकै र कोदो मिसाएको । तरकारी उही तोरीको साग । आटो निल्न मैले पनि खुर्सानी टोक्न थालेको छु । खुर्सानी टोकेपछि त्यसको रागमा दुई-तीन गाँस आटो निल्न सजिलो हुँदो रहेछ ।

रेडियो आएकोले मलाई अलि त्राण भएको छ । साँझ समाचार सुनेँ, सङ्कटकाल फेरि थपिएछ । संसद् भग्न भएकोसम्म त सुनेको थिएँ । बीबीसी हिन्दी सेवा सुनेँ– पाकिस्तानमा एउटा अमेरिकी पत्रकारको अपहरण भएछ, आतङ्कवादीद्वारा । उसको खोजीको लागि अमेरिकी राष्ट्रपतिद्वारा नै हस्तक्षेप गर्न आह्वान गरिएको छ । यहाँ नेपालमा भने ...

२०

२०५८ जेठ १७, शुक्रबार

बिहान ट्वाइलेट जाने भनेर कराएपछि ढोका खोले । पालोमा तुफान रहेछन् । अरू दुई-तीन जना आँगनमा सुतेका थिए । तुफानले मसँग भने, "खै के गर्ने सर ! बम्बैमा तीन-चार वर्ष बसेर नोकरी गरेको हुम् । यति अल्का (अग्लो) ओछ्यानमा सुतिन्थो ! ब्यान उठ्नेबित्तिकै च्या ! सिरानमा बिजुली बत्ती फ्लिक्क ! आज ई यो भुइँमा सुत्न पर्‍या च ।"

उनी मौकामौकामा यस्तै असन्तुष्टिका कुरा फ्रिक्ने गर्छन् । मलाई चुरोट खाइरहन कर गर्छन्, "अर्को तान्नुस् सर । मरी लानु के च र ! दुई दिनको जिन्दगी हो ।"

तुफान म जस्तै दुब्ला पातला, मरन्च्याँसे छन् । सधैँ निराश, उदास !

२१

२०५८ जेठ १८, शनिबार

पहिलो चोटि नुहाएको झन्डै एक हप्तापछि, आज दिउँसो मलाई नुहाउन र लुगा धुन लगे, जानप्रसाद भन्ने नयाँ छापामार र मुक्तिले। जानप्रसाद बन्दुक समातेर अलि मास्तिर बसिरहे। मुक्तिले भने आफ्नो ऊनको पेटी जस्तो ब्याग झिके, सकेट बमको झोला, बन्दुक कान्लामा ठाडो पारे अनि मसँगै लुगा झिकेर नुहाउन-धुन थाले।

त्यही क्रममा मैले थाहा पाएँ, प्रतीक स्क्वाड कमान्डर रहेछन्। अर्थात्, कुनै एरियाको सम्पूर्ण सुरक्षाको जिम्मेदार छापामार समूहको नाइके। सामान्यतया चौध जनाको टोली हुँदो रहेछ। म जस्ता अपहरित र पार्टीले कारबाही गरेका व्यक्तिहरूलाई कारबाही चलाउने, थुन्ने, बन्दी बनाएर